# नेपाली संस्कृति (सांस्कृतिक संस्थान बुलेटिन)

वर्ष :२७ । अंकः १ । असार २०८३



**संरक्षक**

श्री किरण बाबु पुन

महाप्रबन्धक, सांस्कृतिक संस्थान

**प्रधान सम्पादक**

श्री किरण बाबु पन

**सम्पादक**

चक्र पाण्डे

**सहयोगी**

कलाकार सेवा र प्रशासन सेवा

अन्तर्गतका महाशाखा तथा शाखाहरू :

(क) कलाकार महाशाखा :

कार्यक्रम तथा योजना महाशाखा

गायन शाखा

वाद्यवादन शाखा

नृत्य शाखा

नाटक शाखा

श्रव्यदृश्य शाखा

(ख) प्रशासन महाशाखा :

प्रशासन शाखा

लेखा शाखा

हल शाखा

भण्डार शाखा

अभिलेख शाखा

बजार व्यवस्थापन शाखा

**डिजाइन**

सुमन राई (नाकिम)



**प्रकाशक**

सांस्कृतिक संस्थान

जमल, काठमाडौं

**सम्पर्क नं.** ०१-५३२११९४

**इमेल**

sanskritiksansthan@nepal.gov.np

**मुद्रण**

प्रज्ञा छापाखाना

कमलादी, काठमाडौं


## सम्पादकीय

६७ वर्षीय सांस्कृतिक विरासत (राष्ट्रिय नाचघर वि.सं.२०१६ देखि - हाल सांस्कृतिक संस्थान वि.सं. २०८३ सम्म) कायम राख्न सफल सांस्कृतिक संस्थान संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत संस्कृति प्रदर्शनी सम्बन्धी नेपाल सरकारको एकमात्र ज्येष्ठ निकाय हो। संस्थानले स्थापनाकालदेखि संस्कृति संरक्षण, संवर्द्धन, प्रवर्द्धन र पुस्तान्तरणका लागि नेपाल सरकारका राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका सभा, समारोह तथा उत्सवहरूमा राष्ट्रको पहिचान झल्किने सांस्कृतिक कार्यक्रमहरू प्रदर्शन गर्दै गौरवमय इतिहास कायम राखेको छ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधताभित्र एकता भएको राष्ट्र भएकाले देशको सांस्कृतिक अस्तित्वको रक्षार्थ सात प्रदेशको लापोन्मुख संस्कृति संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा पुस्तान्तरणका लागि विभिन्न नीति तथा कार्यक्रमहरू सम्पन्न गर्दै आएको छ । संस्थानका सांस्कृतिक गतिविधि सहित प्रदर्शनीयुक्त संस्कृतिलाई दस्तावेजीकरण गर्ने उद्देश्यकासाथ संस्थानले वि.सं.२०४२ सालदेखि नेपाली संस्कृति नामक बुलेटिन पत्रिका प्रकाशनको कार्य थालनी गरेको हो । तर वि.सं. २०५१ सालपछि प्रकाशनको क्रियाकलाप बन्द हुन गई फेरि वि.सं.२०५९ सालमा पुनः प्रकाशन थालनी गरिएको पत्रिका वर्ष-२४, अङ्क ३ सम्म प्रकाशन भई पुनः प्रकाशन कार्य हुन सकेन। त्यसपछि वि.सं.२०८१ सालमा महाप्रबन्धक श्री किरण बाबु पुनज्यूको नेतृत्वमा संस्थानले ५२ औं वार्षिकोत्सवको अवसरमा पुनः नेपाली संस्कृति पत्रिकालाई वर्ष : २५, अङ्क १ बाट प्रकाशन थालनी गरेको हो।

अन्ततः संस्कृति संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा दस्तावेजीरण सहित पुस्तान्तरणका लागि संस्थानका विभिन्न क्रियाकलाप समाहित बुलेटिन "नेपाली संस्कृति" वर्ष : २७, अङ्क १ प्रकाशन गर्न सफल भएका छौं। यस अवसरमा आगामी दिनहरूमा नेपाली संस्कृतिलाई निरन्तर प्रकाशन गर्ने प्रण सहित यहाँहरूको साथ, सद्भाव र सहयोगको अपेक्षा गर्दछौं।

**सांस्कृतिक संस्थान परिवार**

मा. खडक राज पौडेल 'गनेस'
मन्त्री
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

नेपाल सरकार

सिंहदरबार, काठमाडौं, नेपाल।
फोन नं.: +९७७-१-४२११८७९

पत्र संख्याः
चलानी नं.

## शुभकामना

वि.सं. २०१६ सालमा राष्ट्रिय नाचघर को रूपमा स्थापना भई वि.सं. २०२९ साल असार ५ गते परिमार्जित नामसहित पुनर्गठन भएको 'सांस्कृतिक संस्थान' नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गतको एक गौरवशाली एवं अग्रणी संस्था हो।

स्थापनाकालदेखि नै नेपाली मूर्त तथा अमूर्त सजीव कला, संस्कृति र रङ्गमञ्चको संरक्षण, संवर्द्धन एवं पुस्तान्तरणमा यस संस्थानले निर्वाह गरेको भूमिका प्रशंसनीय छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालको मौलिक पहिचान र अद्वितीय सांस्कृतिक विविधतालाई प्रवर्द्धन गर्दै संस्थानले तय गरेको ६७ वर्षको गौरवमय यात्रा आफैंमा एउटा ऐतिहासिक र महत्वपूर्ण उपलब्धि हो।

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विशेषताले सजिएको एक सुन्दर सांस्कृतिक उद्यान हो। यही भौगोलिक तथा सांस्कृतिक विविधताभित्रको सुदृढ एकतालाई आत्मसात् गर्दै अमूर्त सांस्कृतिक सम्पदाको दिगो विकासका लागि राज्यका नीति तथा लक्ष्यहरूलाई व्यवहारमा उतार्न संस्थानले सदैव उल्लेखनीय भूमिका खेल्दै आएको छ। यसै सन्दर्भमा, संस्थानको गौरवमय विरासतलाई जीवन्त राख्ने उद्देश्यका साथ यसका बहुआयामिक गतिविधिहरू र प्राज्ञिक विमर्शहरूलाई समेटेर मुखपत्र बुलेटिन "नेपाली संस्कृति" (वर्षः २७, अङ्कः १) प्रकाशन हुन लागेको थाहा पाउँदा म निकै हर्षित छु।

यो बुलेटिनले नेपाली कला, संस्कृति र नाट्य विधाको दस्तावेजीकरणमा महत्त्वपूर्ण योगदान पुऱ्याउने छ भन्ने पूर्ण विश्वासका साथ यस सुखद अवसरमा बुलेटिनको सफल प्रकाशनको कामना गर्दछु।

आगामी दिनहरूमा संस्थानले अझ बढी सिर्जनशील, रचनात्मक र समयसापेक्ष कार्यसम्पादनमार्फत 'संस्कृतिबाटै समृद्धिको यात्रा' तय गर्ने नयाँ युगको सूत्रपात गर्न सकोस् भनी हार्दिक शुभकामना व्यक्त गर्दछु।

जेष्ठ २९, २०८३
नेपाल संवत् ११४६, अनलागा

खडक राज पौडेल 'गनेस'
मन्त्री

# विषय–सूची


सांस्कृतिक संस्थानको परिचय ........ १
अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम भव्यताका साथ सम्पन्न ........ ४
कर्मचारी अभिमुखीकरण कार्यक्रम भव्यताका साथ सम्पन्न ........ ५
जेन जी सहिदको स्मृतिमा दीप प्रज्वलनः सांस्कृतिक संस्थान ........ ७
संविधान दिवस (राष्ट्रिय दिवस) विशेष कार्यक्रम सम्पन्न ........ ९
डिजिटल प्रविधिसँगै नयाँ शिराबाट सांस्कृतिक संस्थानको यात्रा ........ ११
नेपाली संस्कृति (सांस्कृतिक संस्थान बुलेटिन) ........ १२
वर्ष:२६ । अंकः १। भदौ २०८२, प्रकाशन ........ १२
चाडपर्व विशेष शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्नः सांस्कृतिक संस्थान ........ १३
सांस्कृतिक संस्थानको प्रस्तुति मौलिक “देउसी भैलो” गीतको श्रव्यदृश्य प्रकाशन ........ १८
तिहार विशेष कार्यक्रम सम्पन्नः सांस्कृतिक संस्थान ........ १९
कार्यालय प्रवेशद्वारमा विशेष क्षमता व्यक्तिमैत्री र्‍याम्प निर्माणः सांस्कृतिक संस्थान ........ २३
सांस्कृतिक संस्थान र काठमाडौँ महानगरपालिकाको सहकार्यमा
“पुस्तकरहित शुक्रबार Book Free Friday सम्बन्धी अभिमुखीकरण” कार्यक्रम सम्पन्न ........ २५
अनलाइन मार्फत हल बुकिङ सम्बन्धी व्यवस्था ........ २७
सांस्कृतिक संस्थान र काठमाडौँ महानगरपालिका बीच सम्झौता ........ २८
अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम भव्यताका साथ सम्पन्न ........ २९
स्वरसम्राट नारायण गोपालको ३५ औं स्मृति दिवस श्रद्धार्पणका साथ मनाइयो ........ ३१
संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (UNDP) र सांस्कृतिक संस्थान बीच सम्झौता (MOU) ........ ३८
एक चिहान नाटकको नयाँ अध्याय औपचारिक समुद्घाटनः सांस्कृतिक संस्थान ........ ४०
नेपाली शास्त्रीय संगीतको संस्कृति निर्माणार्थ अन्तरक्रिया कार्यक्रम सम्पन्नः सांस्कृतिक संस्थान ........ ४४
ई–बुकिङ नेपालको औपचारिक समुद्घाटन समारोह सांस्कृतिक संस्थानको प्रस्तुतिसँगै सम्पन्न ........ ४९
नेपाल मगर संघद्वारा आयोजित “माघे सकराती, २०८२” सांस्कृतिक संस्थानको सहकार्यमा सम्पन्न ........ ५१
चौथो राष्ट्रिय कृषि जैविक विविधता दिवस सांस्कृतिक संस्थानको प्रस्तुतिसँगै सम्पन्न ........ ५८
सांस्कृतिक संस्थान विशेष समारोह “वसन्त शास्त्रीय संगीत महा–उत्सव, २०८२” भव्यताका साथ सम्पन्नः
सांस्कृतिक संस्थान ........ ५९
स्वर किन्नरी तारादेवीको २० औं स्मृति दिवस श्रद्धार्पणका साथ मनाइयो ........ ७७

मनमनमा संस्कृति, ओठओठमा हाँसोः दोस्रो संस्करण" डिजिटल रूपमा नियमित प्रकाशन गरिनेः सांस्कृतिक संस्थान ........ ८२
अभौतिक सांस्कृतिक सम्पदा (संरक्षण) ऐन निर्माणार्थ बनेको विधेयक माथिको छलफलमा सांस्कृतिक संस्थानको धारणा ........ ८३
कला प्रशिक्षणका ३५ औं समूहका प्रशिक्षार्थी "दीक्षान्त समारोह" सम्पन्न ........ ८५
३६ औं समूहका प्रशिक्षार्थी स्वागत तथा अभिमुखीकरण कार्यक्रम सम्पन्नः सांस्कृतिक संस्थान ........ ८९
सांस्कृतिक संस्थान र काठमाडौँ महानगरपालिकाको सहकार्यमा आयोजित "Book Free Friday सम्बन्धी समीक्षा" कार्यक्रम सम्पन्न ........ ९०
सांस्कृतिक संस्थानको प्रस्तुति मौलिक गीत 'साइँलो साइँली' लोकप्रिय बन्न सफल ........ ९२
अभिभारा बमोजिम निरन्तर विविधि श्रव्यदृश्य सामग्री प्रकाशन गर्दै सांस्कृतिक संस्थान ........ ९३
नयाँ वर्षको अवसरमा "शुभारम्भ सांस्कृतिक साँझ- २०८३" भव्यताका साथ सम्पन्नः सांस्कृतिक संस्थान.... ९४
गैरआवासीय नेपाली संघ (एनआरएनए) का प्रवक्ता र सांस्कृतिक संस्थानका महाप्रबन्धक बीच शिष्टाचार भेटघाट ........ १०३
सांस्कृतिक संस्थान र काठमाडौँ महानगरपालिकाको सहकार्यमा आयोजित........ १०४
धन्यवाद तथा कदर पत्र वितरण कार्यक्रम सम्पन्न ........ १०४
"नेपाली उपशास्त्रीय संगीत समारोह -२०८३" भव्यताका साथ सम्पन्न ........ १०५
७३ औं अन्तर्राष्ट्रिय सगरमाथा दिवस विशेष कार्यक्रम भव्य रूपमा सम्पन्न........ ११३
उत्कृष्ट कार्यसम्पादन विशेष : सांस्कृतिक संस्थान इतिहासमै पहिलोपटक नाफामा ........ ११५
स्व. गणेश रसिकज्यूको पहिलो स्मृति दिवस श्रद्धार्पणका साथ मनाइयो ........ १२२
सांस्कृतिक संस्थान राष्ट्रिय दोहोरी गीत प्रतियोगिता-२०८३ को आयोजना गरिनेः सांस्कृतिक संस्थान........ १२६
अभौतिक सांस्कृतिक सम्पदा राष्ट्रिय सूचीमा ५ वटा सम्पदा सूचीकृतः सांस्कृतिक संस्थान........ १२७
सांस्कृतिक संस्थानको आ.व.२०८२/८३ को प्रगति प्रतिवेदन........ १२९
संगीतद्वारा उपचार पद्धती ........ १३६

# सांस्कृतिक संस्थानको परिचय

वि.सं. २०१६ सालमा स्थापित 'राष्ट्रिय नाचघर' लाई समग्र नेपाली संस्कृतिको संस्थागत विकासका लागि सञ्चार संस्थान ऐन, २०२८ अनुसार वि.सं २०२९ साल असार ५ गते नाम परिमार्जन सहित "सांस्कृतिक संस्थान" को रूपमा पुनर्गठन भएको हो । सांस्कृतिक संस्थान नेपालको पहिचानयुक्त सिर्जनशील कला सजीव रूपमा प्रदर्शनी गर्ने अभिभारा बोकेको संस्कृति सम्बन्धी नेपाल सरकारको एकमात्र ज्येष्ठ निकाय हो । नेपाल सरकारको पूर्ण स्वामित्व रहेको सांस्कृतिक संस्थानले स्थापनाकालदेखि संस्कृति संरक्षण, संवर्द्धन, प्रवर्द्धन र पुस्तान्तरणका लागि नेपाल सरकारका राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका राष्ट्रको पहिचान झल्किने लोकसंस्कृति सम्बन्धी कार्यक्रमहरू राज्यका महत्त्वपूर्ण कार्यक्रम, सभा, समारोह, पर्व एवम् अन्य विशेष अवसरमा प्रदर्शन गर्दै गौरवमय इतिहास कायम राखेको छ। सांस्कृतिक संस्थानको प्रमुख उद्देश्य सांस्कृतिक नवजागरण गराई सांस्कृतिक कार्यक्रम प्रस्तुत गरी सर्वसाधारणलाई स्वस्थ मनोरञ्जन उपलब्ध गराउनुका साथै नेपालको पहिचानयुक्त सजीव लोकसंस्कृतिलाई प्रस्तुतिका माध्यमबाट संस्थागत रूपमा संरक्षण तथा प्रवर्द्धन गरी नयाँ सभ्य संस्कृति निर्माण गर्नु हो । संस्थानले जागरणमूलक सांस्कृतिक अभियान मार्फत कुसंस्कार, कुप्रथा, विकृति, विसंगति, रूढिवादी सोच, अन्धविश्वास, भेदभाव, शोषण, दमन, हिंसा, अन्याय-अत्याचार तथा बेथिति निर्मूलनको लागि नैतिक शिक्षा सम्प्रेषण गरी सामाजिक तथा सांस्कृतिक रूपान्तरणमा विशेष योगदान पुऱ्याएको छ।

सांस्कृतिक संस्थानले विगतदेखि अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन, प्रवर्द्धन र पुस्तान्तरणका लागि गायन, वादन, नृत्य तथा नाट्य अभिनय जस्ता विधाहरूमा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आएको छ। संस्थानले उद्देश्य प्राप्तिका लागि विनियमावलीको कार्यान्वयन गरी कलाकार सेवा र प्रशासन सेवा अन्तर्गत दुई महाशाखाः कलाकार महाशाखा र प्रशासन महाशाखा अन्तर्गत कार्यक्रम तथा योजना शाखा, प्रशासन शाखा, गायन शाखा, वाद्यवादन शाखा, नृत्य शाखा, नाटक शाखा, हल शाखा, लेखा शाखा, भण्डार शाखा, अभिलेख शाखा, श्रव्यदृश्य शाखा र बजार व्यवस्थापन शाखा गरी १२ वटा शाखा स्थापना गरी आफ्ना नीति तथा कार्यक्रमहरू प्रभावकारी ढंगले सम्पादन गर्दै आएको छ। नेपाल सरकारको शिक्षालाई व्यावहारिक बनाउने, नीति तथा कार्यक्रमलाई सफल पार्नका निम्ति संस्थानले विगतदेखि विभिन्न तहका पाठ्यक्रममा आधारित नाटक, उपन्यास, कथा, एकाङ्की तथा काव्य रचनालाई नाटक एवम् गीति नाटकका रूपमा मञ्चन गरी प्रदर्शन गर्दै पनि आएको छ। संस्थानले सरकारी एवम् गैरसरकारी निकायसँग संस्थानको हित सम्बन्धी क्रियाकलापमा सहकार्यका नीति तथा कार्यक्रमहरूको समेत प्रबन्ध गर्ने गरेको छ।

सांस्कृतिक संस्थानसँग मेगा हल, मिनी हल, सेमिनार हल र अभ्यास कक्षहरू रहेका छन् । मेगा हलको सिट क्षमता ७०० भन्दा बढी, मिनी हलको सिट क्षमता १०४ सिट भन्दा बढी र सेमिनार हल तथा अभ्यास कक्षका सिट क्षमता ५० भन्दा बढी रहेको छ। संस्थानको प्रधान कार्यालय काठमाडौँ महानगरपालिका वडा नं.२७ जमलमा ५ रोपनी २ आना १ पैसाको क्षेत्रफलमा अवस्थित रहेको छ। समय, परिस्थिति, राज्यको मार्गनिर्देशन, विज्ञान-प्रविधिको विकास, जनचाहना अनुरूप सांस्कृतिक संस्थान रूपान्तरित भई छिटो-छरितो एवम् प्रभावकारी सेवा प्रवाहमा प्रतिबद्ध छ।

## सांस्कृतिक संस्थानको स्थापना र गठन

सञ्चार संस्थान ऐन, २०२८ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी वि.सं. २०२९ साल असार ५ गते राष्ट्रिय नाचघर सांस्कृतिक संस्थाको रूपमा पुनर्गठन भएकाले हरेक वर्ष यसै समयलाई स्थापना दिवसको स्वरूप वार्षिकोत्सव मनाउने गरिन्छ। संस्थानको सञ्चालक समिति देहाय बमोजिम हुने व्यवस्था रहेको छ-

(क) अध्यक्ष : नेपाल सरकारबाट नियुक्त
(ख) महाप्रबन्धक : नेपाल सरकारबाट नियुक्त
(ग) सदस्य : संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय प्रतिनिधि (उपसचिव)
(घ) सदस्य : अर्थ मन्त्रालय प्रतिनिधि (उपसचिव)
(ङ) सदस्य : नेपाल सरकारबाट नियुक्त

## सांस्कृतिक संस्थानको प्रमुख उद्देश्य

लोकसंस्कृति संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा पुस्तारणका लागि सांस्कृतिक नवजागरण गराउने तथा राष्ट्रको पहिचानयुक्त लोकसांस्कृतिक कार्यक्रम प्रस्तुत गरी सर्वसाधारणलाई स्वस्थ मनोरञ्जन उपलब्ध गराउनु संस्थानको प्रमुख उद्देश्य रहेको छ।

## सांस्कृतिक संस्थानको काम, कर्तव्य र अधिकार

देहाय बमोजिम संस्थानका काम, कर्तव्य र अधिकार रहेका छन् :-

(क) राष्ट्रियपन भएको लोकसांस्कृतिक कार्यक्रम तयार गरी त्यसको सजीव प्रदर्शनद्वारा जनसाधारणको लागि स्वस्थ मनोरञ्जन उपलब्ध गराउने।
(ख) नेपालको गौरवशाली संस्कृति र कलात्मक परम्पराको निर्वाह र विकास गर्ने तथा जनताको बौद्धिक आवश्यकता र स्वस्थ मनोरञ्जनको चाहना पूर्ति गर्ने खालको लोकसांस्कृतिक कार्यक्रम तयार गरी नेपाल सरकारको महत्त्वपूर्ण सभा, पर्व, समारोहमा प्रदर्शन गर्ने।
(ग) सांस्कृतिक कार्यक्रमको योजना, निर्माण र प्रदर्शनमा व्यावसायिक दृष्टिकोण अपनाउने।
(घ) सांस्कृतिक कार्यक्रमको लागि पटकथा, रंगमञ्च, कलाकार आदिको व्यवस्था गर्ने।
(ङ) नेपालको मौलिक लोकसंस्कृति संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा पुस्तान्तरणका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका कार्यक्रमका विविध नीति तथा कार्यक्रम तय गर्ने।
(च) जागरण कार्यक्रम मार्फत सामाजिक तथा सांस्कृतिक रूपान्तरण सहित नयाँ संस्कृति निर्माणमा जोड दिने।
(छ) देशभरका लोकसंस्कृतिकर्मी एवम् लोककलाकारलाई चलायमान बनाउने।
(ज) लोकगायन, लोकवादन, लोकनृत्य तथा लोकनाट्य अभिनय लगायतका विभिन्न विधामा प्रशिक्षण दिने।
(झ) प्रदर्शनीयुक्त लोकसंस्कृतिको खोज, अनुसन्धान, संरक्षण, संवर्द्धन, प्रवर्द्धन एवम् दस्तावेजीकरण सहित प्रदर्शनी गर्ने।
(ञ) नेपाली लोकसंस्कृतिको जगेर्ना गर्दै नेपालको पहिचान तथा अस्तित्वको रक्षा गर्ने।
(ट) नेपालसँग कूटनीतिक सम्बन्ध स्थापना भएका मुलुकसँग संस्कृति आदानप्रदान कार्यक्रम गर्ने।
(ठ) बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त राष्ट्र नेपालमा नेपालीहरूका बीच संस्कृतिभित्रको प्रस्तुतीजन्य सिर्जनशील कलाको माध्यमबाट सद्भाव, राष्ट्रिय एकता, समानता तथा समावेशीताको भावना अभिवृद्धि गर्ने।

(ड) संस्कृतिलाई उत्पादनतर्फ जोड दिई सांस्कृतिक पर्यटन एवम् सांस्कृतिक उद्योगको रूपमा विकास गरी आर्थिक समृद्धिको मार्ग तय गर्ने ।

(ढ) सभ्य समाज निर्माणका लागि सामाजिक तथा सांस्कृतिक रूपान्तरणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने लोक संस्कृति, परम्परागत संस्कृति, जागरण संस्कृति, श्रम संस्कृति, प्रगतिशील संस्कृति जस्ता संस्कृतिको अस्तित्वलाई अङ्गीकार गर्दै नेपालको संविधान तथा संघीय लोकतान्त्रिक गणतन्त्रको मूल मर्म अनुसारको नयाँ संस्कृति निर्माण गर्ने ।

(ण) डिजिटल युगसँगै लोकगीत, लोकवाद्य, लोकनृत्य, लोकनाटक र समग्र लोकसंस्कृतिमा देखिएको विकृति, विसङ्गतिले नेपालको पहिचान र अस्तित्व नै सङ्कटमा पर्ने खतरा बढेकाले त्यसको रोकथाम गर्न प्रचलित कानुन अनुसार कामकारबाही गर्नुका साथै सरोकारवाला संघसंस्था एवम् निकायलाई नियमन तथा अनुगमन गर्ने ।

(त) विभिन्न जातिको पहिचानयुक्त संस्कृतिलाई अभौतिक सांस्कृतिक सम्पदामा सूचीकरणका लागि पहल गर्ने ।

(थ) नेपाली संस्कृतिमा योगदान पुऱ्याउने संस्कृतिविद्, कलाकार, साहित्यकार एवम् समग्र श्रष्टालाई राष्ट्रिय सम्मानका कार्यक्रम गर्ने ।

(द) कलाकार प्रमाणीकरण सम्बन्धी कार्य गर्ने ।

(ध) गायन, वादन, नृत्य, नाटक तथा समग्र संस्कृति सम्बन्धी प्रतियोगितात्मक कार्यक्रम गर्ने ।

## संस्थानले प्रदान गर्ने सेवाहरू

देहाय बमोजिम संस्थानले प्रदान गर्ने अन्य सेवाहरू रहेका छन् :-

(क) प्रेक्षालय (हल) सेवा,

(ख) कला प्रशिक्षण कार्यक्रम,

(ग) कलाकार प्रमाणीकरण,

(घ) संस्कृति सम्बन्धी अडियो, भिडियो, टेली श्रृङ्खला, नाटक, वृत्तचित्र तथा समग्र सांस्कृतिक गतिविधिमूलक श्रव्यदृश्य निर्माण ।

## संस्थानको संरचना संक्षिप्त विवरण

अ) कलाकार सेवा

आ) प्रशासन सेवा

## कलाकार सेवा र प्रशासन सेवा अन्तर्गतका महाशाखा तथा शाखाहरू :

**(क) कलाकार महाशाखा :**

१.कार्यक्रम तथा योजना महाशाखा

२. गायन शाखा

३. वाद्यवादन शाखा

४. नृत्य शाखा

५. नाटक शाखा

६. श्रव्यदृश्य शाखा

**(ख) प्रशासन महाशाखा :**

१. प्रशासन शाखा

२. लेखा शाखा

३. हल शाखा

४. भण्डार शाखा

५. अभिलेख शाखा

६. बजार व्यवस्थापन शाखा

# अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम भव्यताका साथ सम्पन्न






२२ भदौ २०८२ काठमाडौँ ।

नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र सांस्कृतिक संस्थानको सहकार्यमा अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम भव्यताका साथ सम्पन्न भएको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले विनियोजन ऐन, २०८१ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी अभौतिक सांस्कृतिक सम्पदा (सूचीकरण तथा व्यवस्थापन) कार्यविधि, २०८१ लागू गरी नेपालमा पहिलोपटक अभौतिक सांस्कृतिक सम्पदा सूचीकरणको अभियान थालनी गरेको थियो । जसमा १०५ वटा अभौतिक सांस्कृतिक सम्पदाहरू सूचीकरणका लागि मन्त्रालयमा दर्ता भएको तर राष्ट्रिय सूचीकरणमा जम्मा १ वटा मात्रा छनौटमा परेको थियो । बाँकी छनौटमा नपरेका अभौतिक सांस्कृतिक सम्पदाको प्राविधिक पक्ष बारे अपुग भएकाले सो बारे अभिमुखीकरण गर्नुपर्ने भएकाले





सम्बन्धित संघसंस्था र व्यक्तित्वहरूलाई एकीकृत गरी सूचीकरण सम्बन्धी विभिन्न पक्ष बारे मन्त्रालयका संस्कृति महाशाखा प्रमुख श्री डा.सुरेश सुरश श्रेष्ठज्यूले जानकारी गराउनु भएको थियो ।

नेपालजस्तो संस्कृतिको धनी देशमा संस्कृतिबाटै समृद्धिको आधार दिशाबोध गर्न नेपालका सम्पूर्ण अभौतिक संस्कृतिहरू अभौतिक सांस्कृतिक सम्पदामा सूचीकरण हुनु आधारभूत शर्त हो । सूचीकरण पश्चात् सांस्कृतिक पर्यटनको विकास, स्वरोजगार सिर्जना र संस्कृतिबाटै समृद्धिको मार्ग प्रशस्त हुनेछ । अभौतिक सांस्कृतिक सम्पदा सूचीकरणलाई चुस्त, दुरुस्त एवम् प्रभावकारी ढंगले अगाडि बढाउन मन्त्रालय र मन्त्रालय अन्तर्गत संस्कृति सम्बन्धी ज्येष्ठ निकाय सांस्कृतिक संस्थानले अभिमुखीकरण कार्यक्रम आयोजना गरेको हो ।

## कर्मचारी अभिमुखीकरण कार्यक्रम भव्यताका साथ सम्पन्न

२२ भदौ २०८२, काठमाडौँ ।

नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत संस्कृति सम्बन्धी ज्येष्ठ निकाय सांस्कृतिक संस्थानले कर्मचारी आचरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम भव्यताका साथ सम्पन्न गरेको छ ।

सजीव कला प्रदर्शनी सम्बन्धी नेपाल सरकारको एकमात्र निकाय संस्थानको कार्यप्रकृति विशिष्ट प्रकृतिको हुने भएकाले कर्मचारी अभिमुखीकरण कार्यक्रम अपरिहार्य भएकाले सो कार्यक्रम आयोजना गरिएको हो । प्रशिक्षकका रूपमा पूर्वसचिव डा.तोया ज्ञवाली ज्यू हुनुहुन्थ्यो ।








संस्थानको कार्यसम्पादन चुस्त, दुरुस्त एवम् प्रभावकारी ढंगले सम्पन्न गर्न सबैभन्दा पहिले सम्बन्धित निकायमा कार्यरत कर्मचारीहरू निकायगत कार्यक्षेत्र, काम, कर्तव्य, अधिकार एवम् कर्मचारी आचरण सम्बन्धी स्पष्ट हुनुपर्ने आधारभूत शर्त भएकाले सो कार्यक्रम आयोजना गरिएको महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले जानकारी गराउनु भयो । कार्यक्रममा महाप्रबन्धकज्यूले प्रशिक्षक डा.तोया ज्ञवालीज्यूलाई धन्यवाद ज्ञापन गर्दै मायाको चिनो हस्तान्तरण गर्नुभएको थियो ।



# जेन जी सहिदको स्मृतिमा दीप प्रज्वलनः सांस्कृतिक संस्थान

१ असोज २०८२, काठमाडौँ ।

मिति २०८२ भदौ २३ र २४ गते भएको जेन जी आन्दोलनमा शहादत प्राप्त गर्नुहुने सहिदहरू सम्झनामा नेपाल सरकारद्वारा मिति २०८२ असोज १ गते शोक दिवस मनाउने निर्णय गरेसँगै सांस्कृतिक संस्थानद्वारा सहिदहरूको सम्झनामा दीप प्रज्वलन गरिएको छ। यस दुःखद घडीमा सहिदहरू प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना तथा घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गरिएको छ। दीप प्रज्वलन सहित










श्रद्धाञ्जली अर्पण गर्दै संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले लालीगुराँस मिडिया नेटवर्कसँग कुरा गर्दै भन्नुभयोः

आमाको अस्तित्व रक्षा गर्ने अभिभारा जेन जी पुस्ताको हातमा आएको यो परिवेशमा नेतृत्वमा नेपाल आमाको प्रतीक स्वरूप एक परिपक्व नारी (आमा) आउनुले साँच्चिकै जेन जी पुस्ताको आन्दोलनले सार्थकता पाउने आशा गरिएको बताउनु भयो। हालसम्म नियुक्त हुनुभएका मन्त्रीज्यूहरू समेत सामाजिक क्षेत्रमा राम्रो पहिचान बनाउनु भएका व्यक्तित्वहरू भएकाले सरकारले थप गति लिने विश्वास व्यक्त गर्नुहुँदै नेपाल संस्कृतिको धनी देश भएकाले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री संस्कृतिलाई राम्रोसँग बुझ्नसक्ने र संस्कृतिबाटै समृद्धिको आधार निर्माण गर्ने दीर्घकालीन योजना निर्माण गर्नसक्ने हुनुपर्ने धारणा राख्नुभयो। अबको समय हरनेपालीको साझा आवाज बोकेको, सार्वभौमसत्ता सम्पन्न जनतामा निहित संविधानलाई रक्षा गर्दै सुदृढीकरण लोकतन्त्रको पक्षमा यात्रा गर्दै युवा पुस्ताको मागसँगै स्थिर सुशासनयुक्त राज्य व्यवस्था निर्माण, भ्रष्टाचारमुक्त देश, प्रविधिमैत्री युवा रोजगार, प्राकृतिक तथा सांस्कृतिक स्रोतको उचित व्यवस्थापन र सांस्कृतिक पर्यटनको विकास सहित स्वरोजगारको मार्ग प्रशस्त गर्नतर्फ जेन जी पुस्ता अग्रसर हुनेछ भन्ने समेत विश्वास व्यक्त गर्नुभयो। साथै सांस्कृतिक संस्थानको वर्तमान नेतृत्वले बेथिति र भ्रष्टाचार विरुद्ध सशक्त ढंगले कदम चालेकै कारण देशैभरीका सामाजिक क्षेत्रका सार्वजनिक निकाय मध्ये संस्थानको मात्र ६९.४७ प्रतिशतले आयमा वृद्धि भएको समेत स्मरण गर्दै जेन जी पुस्ताको माग र संस्थानको नीति ऐक्यबद्ध भएको तर्क गर्दै यसलाई शत प्रतिशत कार्यान्वयन गर्न संस्थानको तर्फबाट प्रतिबद्धता व्यक्त गर्नुभयो।"

# संविधान दिवस (राष्ट्रिय दिवस) विशेष कार्यक्रम सम्पन्न

३ असोज २०८२, काठमाडौँ ।

सांस्कृतिक संस्थानद्वारा आफ्नो प्रमुख अभिभारा बमोजिम संविधान दिवस (राष्ट्रिय दिवस) विशेष कार्यक्रम सम्पन्न सम्पन्न गरिएको छ । मिति २०८२ भदौ २३ र २४ गते भएको जेन जी आन्दोलनमा शहादत प्राप्त गर्नुहुने सहिदहरू सम्झनामा नेपाल सरकारको निर्णय बमोजिम मिति २०८२ असोज १ गते शोक दिवस मनाइएको, देश यतिबेला शोकको घडी र संकटको घडीमा गुज्रिरहेकाले हर्षोल्लासका साथ संविधान दिवस मनाउनु पर्ने तर सो अवस्था नरहेकाले यस विषम परिस्थितिमा नेपाल सरकारबाट सामान्य ढंगले मनाउने जानकारी हुन आएकाले सोही बमोजिम सोही बमोजिम संस्थानले कार्यक्रम आयोजना गरेको हो ।





संस्थानको आ.व.२०८२/८३ नीति तथा कार्यक्रम अन्तर्गत समावेश समेत गरिएको संविधान दिवस विशेष कार्यक्रमलाई देशको परिस्थिति बमोजिम सहिदहरूको सम्झनामा मौन धारण, दीप्र प्रज्वलन, संविधानको महत्त्व विशेष बहस र संस्थानले तयार पारेको संविधान विशेष गीत हाम्रो संविधान विशेष गीत समेत सार्वजनिक गरिएको थियो ।








सो कार्यक्रममा महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले विशेष मन्तव्य राख्नुहुँदै "जनताको ठूलो त्याग र बलिदानले प्राप्त संविधान जारी भएको दिनको सम्झनामा मनाइने संविधान दिवस तथा राष्ट्रिय दिवसको गरिमा बारे चिन्तनमनन गर्नुपर्ने बताउनु भयो । वि.सं.२०७२ मा जारी भएको संविधान आज दश वर्ष पुरा गरेको छ । दशक मनाइ रहँदा संविधानको मूलमर्म बमोजिम व्यवस्था अगाडि बढ्यो त ? के संविधान जनापेक्षा बमोजिम कार्यान्वयन भयो त ? के संविधानमा सम्पूर्ण जनहित र देशको दीर्घकालीन हितको पक्ष समावेश भएको छ त ? के समयानुकूल संविधान संशोधन बारे हामीले बहस गऱ्यौं त ? यसबारे गम्भीर रूपमा समीक्षा गर्दै देश यतिबेला संकटको भुमरीमा पौडिरहेको बेला निकास दिनुपर्ने धारणा राख्नुभयो । सार्वभौम सत्ता सम्पन्न संविधानको रक्षा गर्दै संविधान कार्यान्वयन पक्षमा भएका गल्तीहरूको बडो गम्भीर ढंगले बहस गर्ने बेला आएकाले यसबारे राज्यका निकायले प्रमुख भूमिका निभाउनु पर्ने अत्यावश्यक छ । महान् व्यक्तित्व लेनीनले भन्नुभएको थियो कि कार्यनीति २४ घण्टामा बदलिन सक्छ । आज नेपालमा त्यही भएको छ । बदलिएको कार्यनीतिको अस्तित्वलाई स्वीकार्दै संविधानलाई कार्यान्वयन गर्न, समयानुकूल संशोधन गर्न अपरिहार्यता रहेको छ । अब जो जसले जहाँ-जहाँ गल्ती गरेको छ, त्यहाँ-त्यहाँ त्यही व्यक्तिले सच्याउने, सच्चिने कि सक्किने भन्ने अन्तिम शर्त अगाडि आएको तर्क गर्नुहुँदै परिवर्तनलाई कसैले रोक्न नसक्ने बताउनु भयो । युवा पुस्ताको जोश, जाँगर, श्रम, सीपलाई प्रविधिसँगै सही रूपमा सदुपयोग गरी समृद्ध राष्ट्र निर्माणमा लाग्नु नै अन्तिम शर्त रहेको बताउँदै कि गर्ने कि मर्ने भन्ने सिद्धान्त बोकेर आएको वर्तमान नेतृत्वले संस्थानको विकृति, बेथिति र भ्रष्टाचारलाई जरैदेखि निर्मूलन पार्ने प्रण गरी सुशासन स्थापना गर्दा ६९.४७ प्रतिशत आयमा वृद्धि भई देखिएको परिवर्तन र जेन जी पुस्ताको माग शत प्रतिशत ऐक्यबद्ध हुने भएकाले हाम्रो तालुक मन्त्रालयबाट सबैभन्दा पहिले चाहे एक तहको कर्मचारी किन नहोस् सम्पूर्ण कर्मचारी र नेतृत्वको संस्थान स्थापना भएदेखि हालसम्म अर्थात् वि.सं.२०२९ सालदेखि हालसम्मको यथाशीघ्र छानबिन कार्य संस्थानबाट थाल्नुपर्ने माग गर्नुभयो । सुशासनका लागि प्राणको दाउमा लाउन प्रतिबद्ध यो प्राणीलाई चाहे पूर्वनेतृत्व, चाहे पूर्वकर्मचारी, चाहे वर्तमान कर्मचारीदेखि सञ्चालक समिति वा जोसुकै विकृत मनस्थितिका व्यक्ति होस्, जसले मलाई विचलित पार्न खोज्छ, उसलाई अब विगत जस्तै माफी दिँदै हिँड्ने समय नभएकाले अन्तिम मौका कि सच्चिने कि सक्किने तर्फ तयार रहन समेत आह्वान गर्नुभयो । साथै संविधान मूल कानून भएकाले सोही बमोजिम बनेका हरेक कानून र संस्थानको विनियमावली शत प्रतिशत पालना गर्न सम्पूर्ण कर्मचारीलाई निर्देशन दिनुभयो । उहाँले आज यो विशेष




दिनमा म प्रण गर्छु कि भ्रष्टाचारमुक्त संस्थान, संस्थानको हित र कर्मचारीको वृत्तिविकासका लागि अझै सशक्त भएर काम गर्छु, तपाईंहरू सबैले पनि सत्कर्म गर्ने प्रण गर्नुपर्ने बताउनु भयो । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल मर्म अनुरूप बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त सारा नेपालीलाई राष्ट्रिय एकताको सूत्रमा बाँध्ने प्रमुख माध्यम संविधान भएकाले संविधानको रक्षा गर्दै भ्रष्ट संस्कृतिलाई निर्मूलन गरी दिगो शान्ति, आत्मनिर्भरता, प्रविधिमैत्री युवा रोजगार, सामाजिक न्याय र समृद्धिको मार्ग निर्माण संस्था प्रतिबद्ध हुनुपर्ने तर्फ जोड दिनुभयो । संविधान नरहे राष्ट्र रहन्न, राष्ट्र नै नरहे हामी रहन्नौं । तसर्थ बरु संविधानलाई समयको मागसँगै संशोधन गरी शत प्रतिशत कार्यान्वयन तर्फ लैजानुपर्ने समेत बताउनु भयो।"

कार्यक्रममा संस्थानका अध्यक्ष चन्द्र कुमार राई हतुवालीज्यूले मन्तव्य राख्नुहुँदै संविधानलाई बचाउनु पर्ने, दशकमा पुगेकाले संविधानको पुनरावलोकन गर्नुपर्ने, संस्थानका सम्बद्ध सबै जिम्मेवारी प्रति कर्तव्यनिष्ठ हुनुपर्ने बताउनु भयो। कार्यक्रम सञ्चालन संस्थानका कलाकार सेवाका कर्मचारी श्री रोहित सुवेदीज्यूले गर्नुभएको थियो।

# डिजिटल प्रविधिसँगै नयाँ शिराबाट सांस्कृतिक संस्थानको यात्रा







४ असोज २०८२, काठमाडौं ।

सांस्कृतिक संस्थानले आफ्नो अभिभारा बमोजिम सजीव कलाको प्रदर्शनी सम्बन्धी क्रियाकलापलाई डिजिटल प्रविधिसँगै नयाँ शिराबाट प्रकाशन गर्ने थालनी गरेको छ। संस्थानको आधिकारिक डिजिटल प्लेटफँम एकाउन्ट निर्माण गरी विश्वभरीबाट श्रव्यदृश्य सामग्रीलाई सजिलैसँग सुन्न तथा हेर्न सकिने व्यवस्था गरिएको छ। संस्थानको डिजिटल प्लेटफँम एकाउन्ट निर्माण भएसँगै अब विश्वभरीका कतचभकक्ष्लन उबितायचकक बलम कतयचभक हरू जस्तैः Spotify, Apple Music, Tidal, Deezer, Claro Música, Amazon Music, Audiomack, Boomplay, KKBox, Peloton, Pandora, iHeart Radio, Tencent, Rythm, FLO, Snapchat, Soundtrack Your Brand, Shazam, NetEase Cloud Music, MassiveMusic, JioSaavn, YouTube Music, Soundcloud, Anghami, Nuuday, YouTube Content ID, Instagram, Facebook, WhatsApp, TikTok लगायतका प्लेटफँम स्टोरहरू मार्फत संस्थानका श्रव्यदृश्य सामग्रीहरू विश्वको जुनसुकै कुनासम्म छरिएर रहनुभएका दर्शकश्रोता माझ सजिलैसँग पुग्नेछन् ।

# नेपाली संस्कृति (सांस्कृतिक संस्थान बुलेटिन)
# वर्ष:२६ । अंक: १। भदौ २०८२, प्रकाशन




५ असोज २०८२, काठमाडौँ ।

आवरण पृष्ठमा "सांस्कृतिक संस्थानको स्वर्णकाल (आ.व.२०८१/८२ को वार्षिक प्रगति विशेष" प्रमुख शीर्षक रहेको "नेपाली संस्कृति" (सांस्कृतिक संस्थान बुलेटिन) वर्ष:२६ । अंक: १ । भदौ २०८२ प्रकाशन भएको छ।

सांस्कृतिक संस्थानको (वि.सं.२०१६ - वि.सं.२०८२ सम्म) ६६ वर्षीय इतिहासमा स्वर्णकालको रूपमा आ.व.२०८१/८२ हुन सफल भएको छ । संस्थानको इतिहासमै कार्ययोजनामै सीमित रहेका तथा सम्पन्न हुन नसकेका निकायगत कार्यप्रकृति अनुसार अपरिहार्य श्रव्यदृश्य सामग्री उत्पादनका लागि रेकर्डिङ स्टुडियो निर्माण, सांस्कृतिक पर्यटनमैत्री सेमिनार हल निर्माण, प्रविधिको युगसँगै डिजिटल उत्पादनमैत्री संयन्त्र जस्तैः युटुब च्यानल मनिटाइज, एप-एप्लीकेशन मार्फत प्रकाशन गर्ने प्रणाली शुभारम्भ जस्ता कृतिमय क्रियाकलाप आ.व.२०८१/८२ सम्पन्न भएका छन् । अर्थ मन्त्रालयको "सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा - २०८२" प्रतिवेदन अनुसार देशैभरीका सामाजिक क्षेत्रका सार्वजनिक निकायहरू मध्ये सांस्कृतिक संस्थानले मात्र ६९.४७ प्रतिशतले आम्दानी वृद्धि गर्न सफल भएकाले विविध राष्ट्रिय पत्रपत्रिका, सञ्चार माध्यम तथा डिजिटल मिडियाद्वारा आ.व.२०८१/८२ लाई सांस्कृतिक संस्थानको स्वर्णकालको रूपमा उपमा दिइएको हो ।

# चाडपर्व विशेष शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्नः सांस्कृतिक संस्थान

१० असोज २०८२, काठमाडौं ।

संवत् २०८२ भदौ २३ र २४ को जेन जी आन्दोलनका कारण जनधनको क्षति हुँदा देश यतिबेला शोकमा छ । यतिबेला राष्ट्रमा हर्षोल्लासमय तवरले कार्यक्रम गर्न सकिने परिस्थिति छैन । तर पनि नजिकिँदै गरेका नेपालीहरूको महान् सांस्कृतिक चाडपर्वहरू दशैं, तिहार, नेपाल संवत् ११४६ र छठ पर्वको अवसरमा परिस्थिति बमोजिम सांस्कृतिक संस्थानले चाडपर्व विशेष शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रम जेन जी आन्दोलनमा शहादत प्राप्त गर्नुहुने सहिदहरू प्रति श्रदाञ्जली अर्पण गदै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना र शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना अर्पण गर्दै सामान्य ढंगबाट सम्पन्न गरिएको हो । कार्यक्रममा सांस्कृतिक संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुन ज्यू, नेपाल पर्यटन बोर्डका वरिष्ठ निर्देशक श्री हिकमत सिंह ऐर ज्यू, संस्थान सञ्चालक समिति सदस्य श्री पूजा श्रेष्ठ ज्यू, शाखा संयोजकज्यूहरू लगायत कर्मचारी तथा प्रशिक्षार्थीहरूको उपस्थिति रहेको थियो । गीत, नृत्य, नाटक जस्ता प्रस्तुतिजन्य क्रियाकलाप नगरी मात्र सिर्जनशील कृतिहरू विमोचन र चाडपर्व विशेष बहस गरी कार्यक्रम समापन गरिएको हो ।



कार्यक्रममा सांस्कृतिक संस्थानको क्रियाकलाप समेटिको बुलेटिन वर्ष २६, अंक १, भदौ २०८२ विमोचन गरिएको थियो । साथै, संस्थानका वाद्यवादन शाखाका कलाकारहरूले तयार पारेको समय सान्दर्भिक दशैं पर्व विशेष मालश्री धून विमोचन गरिएको थियो ।



त्यसैगरी चाडपर्व विशेष परिवेशमा सुहाउँदो लाखौं परदेशीहरू प्रति समर्पित नेपाल पर्यटन बोर्डका वरिष्ठ निर्देशक श्री हिकमत सिंह ऐरज्यूको रचना, संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूको सङ्गीत, महाप्रबन्धक श्री किरण बाबु पुन ज्यू र प्राज्ञ श्री टीका पुनज्यूको आवाजको मर्मस्पर्शी गीत "ए मेरी हजारी" को श्रव्यदृश्य सामग्री विमोचन गरिएको हो। गीतमा निर्देशन श्री माया थापा, सङ्गीत संयोजक/रेकर्डिष्ट/ध्वनि सम्पादक श्री प्रेम प्रकाश रामजाली, वाद्यवादकः श्री नरेश प्रजापति, श्री धर्म गन्धर्व, श्री रत्न बि.क, छायांकार श्री बि.एम मल्ल, दृश्य सम्पादक श्री मनिष कार्की, अभिनयः श्री गीता थापा घिमिरे, श्री अक्कल बहादुर पाखिन, श्री शेखर घर्ति, श्री बिना विश्वकर्मा , भेषभूषा श्री नारायणी पाण्डे र मेकअप सीता केसीको रहेको छ। संस्थानको आधिकारिक युटुब च्यानल मार्फत उक्त गीत सार्वजनिक गरिएको छ।





कार्यक्रममा शुभकामना मन्तव्य राख्नुहुँदै नेपाल पर्यटन बोर्डका वरिष्ठ निर्देशक श्री हिकमत सिंह ऐरज्यूले भन्नुभयोः- विषम परिस्थितिमा पनि संस्थानले मौलिक संस्कृति बचाउन शुभकामना आदानप्रदान कार्यक्रम आयोजना गरेकोमा खुशी व्यक्त गर्नुभयो । आफूद्वारा रचित "ए मेरी हजारी" बोलको गीत प्रकाशन गर्न साथदिनुहुने गीतसँग सम्बन्धित सम्पूर्णलाई आभार प्रकट गर्दै गीतको भाव पक्ष बारे ए मेरी हजारी नेपाल देशको परिवेश चित्रण गरिएको बताउनु भयो ।





संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले विशेष मन्तव्य राख्नुहुँदै भन्नुभयोः

नेपाल अहिले विषम परिस्थितिमा गुज्रिरहेको बेलामा पनि नेपालीहरूको महान चाडपर्वहरू आँगनीमै आएकाले संस्थानको अभिभारालाई शिरोधार्य गर्दै संस्थानको नीति तथा कार्यक्रम अन्तर्गत तय गरिएको कार्यक्रम भएकाले सामान्य ढंगले शुभकामना आदानप्रदान स्वरूप यो कार्यक्रम मनाउन गइरहेको बताउनु भयो । राष्ट्रिय एकताको भावना संस्कृति भित्रको प्रमुख अवयव विभिन्न चाडपर्व मार्फत झल्किने भएकाले परम्परागत मूल्य-मान्यता र रीतिरिवाज अनुसार चाडपर्व मनाउने संस्कृति नयाँ पुस्तामाझ सम्प्रेषण गर्नु अपरिहार्य रहेको बताउनु भयो । डिजिटल युग र वैश्वीकरणको प्रभावले चाडपर्वमा विकृतिसँगै आधुनिकताको नाममा चाडपर्वको मौलिकता संकटमा पर्न थालेको, मौलिक संस्कृति हराउँदै गएको परिवेशमा युवा पुस्तामाझ सही संस्कृति हस्तान्तरण गर्नु आजको आवश्यकता भएको तर्फ जोड दिनुभयो । उहाँले विगतको कुराहरू स्मरण गर्दै आफू नियुक्ति भएसँगै शाखा प्रमुखहरूले गर्नुभएका ब्रिफिङ कानमा गुञ्जिरहने तथा एक नेतृत्व, अभिभावक भएको नाताले हरक्षण सम्झिरहने बताउनु भयो । प्राय हरेक कर्मचारीको साझा आवाज थियो । हाम्रो सञ्चय कोष, नागरिक लगानी कोष जस्ता हाम्रो आधारभूत अधिकारमा समेत वर्षौंदेखि रकम जम्मा हुन सकेको छैन । हल शाखा प्रमुखको ब्रिफिङ थियो कि विविध सामर्थ्यको प्रयोग गर्दै हल चुहावट भइरहेकाले त्यसको व्यवस्थित हुन सकेन, अभ्यास कक्ष व्यवस्थित नहुँदा हल्ला भयो भनेर छिमेकीले सँधैं ढुंगा हान्ने समस्या छ । त्यस्तै कार्यक्रम तथा योजना शाखाको ब्रिफिङ थियो कि हाम्रा कलाकारले कला प्रदर्शन गर्ने वातावरण पाएका छैनन्, हरेक कार्यक्रममा अन्य कलाकारमात्रै समेटेर संस्थानका कलाकारलाई प्लेटफँम समेत नदिँदा आत्म सम्मानमा ठेस लागेको छ । त्यस्तै प्रशिक्षण इकाईबाट ब्रिफिङ थियो कि वर्षौंदेखि कार्यविधि विहीन प्रशिक्षण कार्यक्रम हुँदै आएको छ, व्यवस्थित गर्न सकिएको छैन । त्यस्तै सबैको साझा आवाज यो पनि थियो कि संस्थानको सांस्कृतिक सम्पत्ति दुरुपयोग हुँदै गएको छ, नेतृत्वको वरीपरी घुम्ने गलत प्रवृत्तिकाका केही कर्मचारीहरू स्वार्थगत हिसाबले परिचालित हुने र व्यक्तिगत लाभका कार्य गर्ने जसका कारण संस्थानको अहित भइरहेको छ आदि, आदि, समस्या कति हो कति............? आज म गर्वका साथ सोध्न चाहन्छु, के यी समस्याहरू विद्यमान छन् त ? तपाईंहरूका गुनासा र ब्रिफिङहरूलाई कार्यान्वयन गर्न नेतृत्व कतै चुकेको, झुकेको छ त ? के नेतृत्वको विचारगत दृष्टिकोणबाट परिचालित भई हरेक कार्यक्रममा आफ्नो सर्कलका बाहिरका कलाकारहरू ल्याएर हस्तक्षेप गर्ने, संस्थानका कलाकारमा आत्मसम्मानमा ठेस पुऱ्याउँदै आइएको प्रणाली कायम छ त ? आज एकएक गरी सबै समस्या समाधान भएका छन् । कर्मचारीको सेवा सुविधा आफै पुऱ्याउनुपर्ने यस निकायको प्रमुख आयस्रोतको माध्यम हलको चुहावट पूर्ण रूपमा निस्तेज पारिएको छ । वर्षौंदेखि ढुंगा हान्दै गरिने क्रियाकलाप रोकिएको छ किनकी हामीले अत्याधुनिक साउण्ड प्रुफ अभ्यास कक्ष निर्माण गरेका छौं । त्यतिमात्र कहाँ हो र निकायगत कार्यप्रकृति अनुसार अपरिहार्य सांस्कृतिक पर्यटनमैत्री सेमिनार हल समेत निर्माण गरेका छौं ।

कलाकारको खोल ओडेका बाहिरका कुतत्वको हस्तक्षेप पूर्णत निस्तेज पारी संस्थानका कलाकारले मात्र कार्यक्रम प्रदर्शन गरी आत्मसम्मान उच्च हुने वातावरण निर्माण भएको छ । त्यतिमात्र कहाँ हो र निकायगत कार्यप्रकृति अनुसार अपरिहार्य र संस्थानका कलाकारको सिर्जनशील क्षमता अभिवृद्धि हुने श्रव्य सामग्री उत्पादनको लागि अपरिहार्य रेकर्डिङ स्टुडियो निर्माण गरेका छौं । वर्षौंदेखि दुरुपयोग गरिएका सांस्कृतिक सम्पत्तिको खोजकार्यलाई तीव्र पारेका छौं । यसको उदाहरण गीति नाटक मुनामदन हो । कला प्रशिक्षण कार्यविधि निर्माण गरी नीतिगत हिसाबले क्रियाकलाप अगाडि बढाएका छौं । साथै जेन जी पुस्ताको माग र मेरो नीति एकाकार भएको तर्फ जोडदिँदै आफूले नेतृत्व सम्हालेसँगै संस्थानको बेथिति र भ्रष्टाचार विरुद्धको अभियान कडाईका साथ लागू गर्दा आज संस्थानले देशभरीकै सामाजिक संस्थानहरू मध्ये ६९.४७ प्रतिशतले आयमा वृद्धि गरेको बताउनुभयो । वर्तमान नेतृत्वको दीर्घकालीन नीति, सुशासन र आत्मनिर्भर नीतिलाई साथ दिनुहुने सबै कर्मचारी साथीहरूलाई हार्दिक आभार प्रकट गर्दै वर्तमान नेतृत्वमा कुनै पदीय लोभ नभएकाले जेन जी पुस्ताको माग र परिस्थिति बमोजिम संस्थानको नेतृत्व अघि बढ्न प्रतिबद्ध रहेको, संस्थानका बेथितिलाई छानबिन गर्न सघाउने र संस्कृतिबाटै समृद्धिको मार्ग निर्माण गर्ने वर्तमान नेतृत्वको दीर्घकालीन रणनीतिलाई समेत जेन जी पुस्ताबाट साथ रहनुपर्ने विश्वास व्यक्त गर्नुभयो । साथै आफ्नो कलाकारिताको पृष्ठभूमीलाई स्मरण गर्दै बाल्यकालदेखि नै विशेष गरी मर्मस्पर्शी भावपक्षको साङ्गीतिक पाटोलाई अंगीकार गर्दै आएकाले आफ्ना सिर्जना प्राय सोही अनुरूपमा बजारमा आएका र श्रोतादर्शकको मन जितेको बताउँदै हाल आफू संस्थानको नेतृत्व गरिरहँदा सिर्जनशील पाटोमा समय दिन नपाएको तर ए मेरी हजारीको ठेट नेपाली मार्मिक शब्दयुक्त रचनाले मनमस्तिष्क नै छोएकाले सङ्गीत भरेको र गाएको बताउनुभयो । नेपाल सरकारको संस्कृति सम्बन्धी ज्येष्ठ निकाय सांस्कृतिक संस्थानले संस्कृति भित्रको प्रमुख अवयव विभिन्न चाडपर्वको संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा पुस्तान्तरण गर्न सदा प्रतिबद्ध रहने समेत प्रण गर्दै सांस्कृतिक चाडहरू दशैं, तिहार, नेपाल संवत् ११४६ तथा छठ पर्वको शुभकामना व्यक्त गर्नुभयो ।



कार्यक्रममा स्वागत मन्तव्य संस्थानका कार्यक्रम तथा योजना शाखा संयोजक श्री रेखा कुमारी कटुवाल श्रेष्ठज्यूले राख्नुहुँदै देशको विषम परिस्थितिमा कार्यक्रम राख्नुको औचित्य बताउँदै संस्थानका वर्तमान महाप्रबन्धकज्यूको कुशल नेतृत्वका कारण संस्थानले प्रगतितर्फ गति लिएको र आगामी दिनमा महाप्रबन्धकज्यूको नेतृत्वमा संस्थानका कर्मचारीहरू थप जिम्मेवारीमा प्रतिबद्ध रहने बताउनुभयो । कार्यक्रम सञ्चालन श्री हरि पुन मगरज्यूले गर्नुभएको थियो ।

# सांस्कृतिक संस्थानको प्रस्तुति मौलिक "देउसी भैलो" गीतको श्रव्यदृश्य प्रकाशन




३१ असोज २०८२, काठमाडौँ ।

सांस्कृतिक संस्थानको प्रस्तुतिमा मौलिक देउसी भैलो गीतको श्रव्यदृश्य सामग्री प्रकाशन गरिएको छ । पछिल्लो समय संस्थानले आफ्नो काम, कर्तव्य, क्षेत्राधिकार र अभिभारा बमोजिम मौलिक गीतहरूको श्रव्यदृश्य सामग्री उत्पादन एवम् प्रकाशन गर्दै आइरहेको छ । यसै अनुरूप महान् सांस्कृतिक पर्व तिहारको अवसरमा मौलिक देउसी भैलो गीतको श्रव्यदृश्य सामग्री तयार पारेर प्रकाशन गरिएको हो ।

देउसी भैलो गीतको रचना र भाका संकलन संस्थानका कलाकार सेवामा कार्यरत श्री रोहित सुवेदीज्यूले गर्नुभएको हो । संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूको प्रमुख आवाज रहेको छ भने संस्थानका कलाकार सेवामा कार्यरत श्री राधिका भण्डारीज्यूले आवाजमा साथ दिनुभएको छ । त्यसैगरी संस्थानका कलाकारहरू श्री तिर्थराज पोखेल ज्यू, श्री दीपेन्द्र बज्राचार्य ज्यू, श्री विपिन घिमिरे ज्यू, श्री शीला विष्ट ज्यू, श्री सुशीला थापा ज्यू र सुक्रिमाया मोक्तानज्यूको सामूहिक कोरस आवाज रहेको छ ।

मौलिक देउसी भैलो गीत उत्पादन एवम् प्रकाशनका हुनका निम्ति महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने अन्य व्यक्तित्वहरूमा सङ्गीत संयोजक/रेकर्डिष्ट/ध्वनि सम्पादक श्री प्रेम प्रकाश रामजाली ज्यू, वाद्यवादकः श्री खर्क बहादुर बुढा मगर ज्यू, श्री दुर्गा प्रसाद खतिवडा ज्यू, श्री नरेश प्रजापति ज्यू र श्री हेमन्त कान्छा रसाइली ज्यू, निर्देशक श्री माया थापा ज्यू, अवधारणा श्री रोहित सुवेदी ज्यू, छायांकार श्री बि.एम मल्ल ज्यू, दृश्य सम्पादक श्री मनिष कार्की ज्यू, अभिनयः श्री दुर्गा प्रसाद खतिवडा ज्यू, श्री गीता थापा घिमिरे ज्यू, श्री सुशीला थापा ज्यू, श्री अक्कल बहादुर पाखिन ज्यू, श्री शेखर घर्ति ज्यू, श्री बिना विश्वकर्मा ज्यू लगायत संस्थानका सम्पूर्ण कर्मचारीहरू, भेषभूषा श्री नारायणी पाण्डे ज्यू र मेकअप श्री सीता तामाङ केसीज्यूको रहेको छ। मौलिक देउसी भैलो गीतलाई संस्थानको आधिकारिक युटुब च्यानल मार्फत सार्वजनिक गरिएको छ। सजीव कलाको माध्यमबाट नेपाली मौलिक संस्कृति संरक्षण, संवर्द्धन, प्रवर्द्धन र पुस्तान्तरण गर्ने प्रमुख अभिभारा बोकेको नेपाल सरकारको संस्कृति सम्बन्धी ज्येष्ठ निकाय सांस्कृतिक संस्थानले नेपालको पहिचानयुक्त सबै प्रकारका गीतहरू रेकर्डिङ गरी श्रव्यदृश्य सामग्री प्रकाशन गर्नतर्फ अग्रसर भएको छ। संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूको नेतृत्वमा निकायगत कार्यप्रकृति अनुसार अपरिहार्य संस्थानको रेकर्डिङ स्टुडियो निर्माण गर्न सफल भएकाले संस्थान श्रव्यदृश्य सामग्री उत्पादनतर्फ सक्रिय रूपमा अगाडि बढेको छ। संस्थानले निरन्तर सबै विधाका सबै प्रकारका गीतहरू उत्पादन गर्दै जाने प्रतिबद्धता व्यक्त गरेको छ।

## तिहार विशेष कार्यक्रम सम्पन्नः सांस्कृतिक संस्थान

२ कार्तिक २०८२, काठमाडौँ।

सांस्कृतिक संस्थानले आफ्नो अभिभारा बमोजिम महान् सांस्कृतिक पर्व तिहार विशेष कार्यक्रम सम्पन्न गरेको छ। संवत् २०८२ भदौ २३ र २४ को जेन जी आन्दोलनमा महान् शहीदहरूको मृत्युवरण गरेका थिए। सोही कारण






बदलिएको विषम परिस्थितिका कारण हर्षोल्लासमय तवरले सांस्कृतिक चाडपर्व विशेष कार्यक्रम प्रदर्शन गर्ने वातावरण छैन। तर पनि नजिकिँदै गरेका नेपालीहरूको महान् सांस्कृतिक चाडपर्वहरू तिहार, नेपाल संवत् ११४६ र छठ पर्व आजबाट क्रमशः सुरुवात हुँदैछ। सो अवसरमा परिस्थिति बमोजिम सांस्कृतिक संस्थानले तिहार विशेष शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रम जेन जी आन्दोलनमा शहादत प्राप्त गर्नुहुने सहिदहरू प्रति श्रदाञ्जली अर्पण गदै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना र शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना अर्पण गर्दै सामान्य ढंगबाट सम्पन्न गरिएको हो।

कार्यक्रममा सांस्कृतिक संस्थानका अध्यक्ष श्री चन्द्र कुमार राई हतुवाली ज्यू, महाप्रबन्धक श्री किरण बाबु पुन ज्यू, शाखा संयोजकज्यूहरू लगायत कर्मचारी तथा प्रशिक्षार्थीहरूको उपस्थिति रहेको थियो। गायन, वादन, नृत्य, नाटक जस्ता प्रस्तुतिजन्य क्रियाकलाप नगरी मात्र सिर्जनशील कृति विमोचन र चाडपर्व विशेष बहस गरी कार्यक्रम समापन गरिएको हो । कार्यक्रममा संस्थानले तयार पारेको तिहार पर्व विशेष मौलिक देउसी भैलो गीतको श्रव्यदृश्य सामग्री सार्वजनिक गरिएको थियो।

उक्त कार्यक्रममा संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले विशेष मन्तव्य राख्नुहुँदै भन्नुभयोः-

“भदौ २३ र २४ को जेन जी आन्दोलनका कारण देशमा भएको परिर्वतन र परिवेशलाई मध्यनजर गर्दै यो विशेष परिस्थितिमा समयानुकूल हाम्रा नीति तथा कार्यक्रमलाई अगाडि बढाउनु हाम्रो दायित्व हो । यो घडीमा पनि नेपालीहरूको महान चाडपर्वहरू मध्ये दशैं भर्खरै बिदाई भएको र तिहार, नेपाल संवत्, छठ जस्ता पर्व आँगनीमै आएकाले परिस्थिति अनुरूप मौलिक संस्कृतिको रक्षा गर्नु हाम्रो अभिभारालाई शिरोपर गर्दै संस्थानको नीति तथा कार्यक्रम अन्तर्गत तय गरिएको कार्यक्रम भएकाले सामान्य ढंगले शुभकामना आदानप्रदान स्वरूप यो कार्यक्रम मनाउन गइरहेका छौं । नीति तथा कार्यक्रम अन्तर्गत खासमा कार्तिक २ गते राष्ट्रिय नाचघरदेखि सांस्कृतिक संस्थानसम्म नामक कार्यक्रम थियो। जुन कार्यक्रममका राष्ट्रिय नाचघरदेखि संस्थानसम्म सिर्जनशील कला मार्फत योगदान दिई अवकाशप्राप्त कर्मचारीहरूको सम्मानार्थ उहाँहरूलाई सम्मिलित गराई कार्यक्रम गर्ने परम्परा गत आ.व.देखि प्रारम्भ भई त्यसैको निरन्तरता थियो । परिस्थितिवश त्यसको समय स्थानान्तरण गर्ने निष्कर्षमा हामी पुगेका छौं। त्यसैगरी कार्तिक ३ गते देउसी भैलो कार्यक्रम रहेकाले सो कार्यक्रमलाई १ दिन अगाडि सारेर परिस्थितिजन्य ढंगले न्यायोचित क्रियाकलाप समेटेर सामान्य तवरले हामी मनाउन गैरहेका छौं । तिहार नेपालीहरुको दाम्रो ठूलो महान् सांस्कृतिक चाड हो । कार्तिक कृष्ण त्रयोदशी देखि कार्तिक शुक्ल द्वितीयासम्मको अवधि तिहार हो । आज कार्तिक कृष्ण त्रयोदशी काग तिहार अर्थात् तिहारको पहिलो दिन हो। पाँच दिनसम्म मनाइने भएकाले यस पर्वलाई यमपञ्चक पनि भनिन्छ। किंवदन्ती अनुसार यमराजले आफ्नी बहिनी यमुनाका घरमा आतिथ्य ग्रहण गरेको पाँच दिनलाई यमपञ्चक भनिएको हो । यमुनाको व्यवहारले निकै प्रसन्न भई यमराजले बहिनी यमुनालाई वर माग्न अनुराध गर्दा यमुनाले हरेक वर्ष आजकै दिन आफूलाई भेट्न आउनु पर्ने, दिदीबहिनी र दाजुभाइ बीचको प्रेम सदा अटल रहिरहोस् तथा दाजुभाइको दीर्घायु होस् भन्ने वरदान मागेको भन्ने प्रसङ्ग छ । यसपश्चात् प्राचीनकालदेखि हालसम्म अविच्छिन्न रूपले यो पर्व मानिँदै आएको जनविश्वास रहेको छ। तिहारले एकातिर

मानव तथा पशुबीचको प्रगाढ सम्बन्धको चित्रण गर्छ भने अर्कोतिर दाजुभाइ तथा दिदीबहिनी बीचको आत्मीय र पवित्र स्नेह एवम् सम्बन्धलाई चित्रण गर्दछ। यमपञ्चकमा क्रमशः काग तिहार, कुकुर तिहार, गाई तिहार, लक्ष्मी पूजा, गोवर्द्धन पूजा र भाइटीका पर्दछन्। नेपाल कृषि प्रधान देश भएकाले तिहारको सांस्कृतिक पक्ष कृषिसँग जोडिएको पाइन्छ। आफ्नो मेहनतको फल अन्न भित्र्याउने समयको आगमनसँगै कृषकहरूमा खुशी-उमङ्गको सीमा हुँदैन। यस खुशीमा अन्न धेरै प्राप्ति होस् भनी धनकी देवी लक्ष्मीको पूजा आराधना गर्ने परम्परा रहेको छ। भाइटीका तिहारको अन्तिम दिन अर्थात् कार्तिक शुक्ल द्वितीया तिथिका दिन विशेष उत्साहका साथ मनाइन्छ। भाइटीकाको दिन दिदीबहिनीले दाजुभाइलाई विशेष मान-सम्मानकासाथ विधिपूर्वक पूजा गर्ने, दाजुभाइको सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् दीर्घायुको कामना गर्दै सप्तरङ्गी टीका र मखमली तथा सयपत्रीको माला लगाइदिने, मिष्ठान्न भोजन खुवाउने र दाजुभाइले दिदीबहिनीलाई आफ्नो गच्छेअनुसारको दान-दक्षिणा दिने प्राचीनकालदेखि नै सांस्कृतिक परम्परा रहेको छ। तिहारको पर्वको विशेष आकर्षण देउसी-भैलो पनि हो। देउसी भैलो सम्बन्धी थुप्रै किंवदन्तीहरू जस्तै : राजा श्रीरामको प्रसङ्ग, राजा बलिहाङको प्रसङ्ग आदि पाइन्छन्। देउसी-भैलो विशेषत : लक्ष्मी पूजाको दिन केटीहरूले भैली खेल्ने र त्यसको भोलिपल्टदेखि केटाहरूले देउसी खेल्ने सांस्कृतिक परम्परा भए पनि हाल सामाजिक तथा सांस्कृतिक रूपान्तरणसँगै केटाकेटीले सामूहिक रूपमा देउसी-भैली खेल्ने प्रचलन छ। समयसँगै सभ्य रूपान्तरण अपरिहार्य छ, तर रूपान्तरणका नाउँमा आजभोलि तिहार विशेष देउसी भैलोमा विकृति आउन थालेको छ। देउसीभैलो लक्ष्मी पूजा नगरी खेल्नुहुन्न भन्ने प्राचीनकालदेखिको संस्कृतिलाई समेत विकृत पारी तिहार सुरु हुनुपूर्व नै विभिन्न प्रसङ्ग जोडेर स्वार्थ केन्द्रित लाभदायक हेतुले देउसी भैलो खेलिनु संस्कृति माथि नै आघात पुऱ्याउनु हो। यस्तो क्रियाकलापबाट चाडपर्वको सही संस्कृति नयाँ पुस्तामाझ सम्प्रेषण हुन सक्दैन। डिजिटल युग र वैश्वीकरणको प्रभावले चाडपर्वमा विकृतिसँगै आधुनिकताको नाममा चाडपर्वको मौलिकता संकटमा पर्न थालेको छ। चाडपर्वको मौलिक संस्कृति हराउँदै गएको छ। नयाँ पुस्तालाई संस्कृतिको गरिमा बुझाउन र वास्तविक संस्कृतिको अनुभव गराउन सकेमात्र पुस्तौंसम्म हाम्रो संस्कृति हस्तान्तरण गर्न सकिन्छ। सांस्कृतिक चाडपर्वले समाजमा देखिने मतभेद अन्त्य गर्दै सौहार्दपूर्ण वातावरण निर्माण गर्दछ। संस्कृतिलाई जीवन्त राख्ने माध्यम नै चाडपर्व हुन्। परिवारको सुख, समृद्धि, ज्ञान अभिवृद्धि र सम्पत्ति लगायत भौतिक सुख प्राप्तिदेखि आध्यात्मिक शान्तिको कामना गर्दै आस्था र गच्छेअनुसार चाडपर्व मनाउनु पर्छ। चाडपर्वको मौलिक संस्कृति हराउँदै गएको छ। सांस्कृतिक पर्वहरुको संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा पुस्तान्तरणका लागि सांस्कृतिक संस्थान सदा प्रतिबद्ध छ। सम्पूर्णलाई तिहारको शुभकामना व्यक्त गर्दछु। साथै तिहार विशेष मौलिक देउसी भैलो गीतका रचनाकार एवम् भाका संकलक श्री रोहित सुवेदी ज्यू लगायत गीतसँग सम्बद्ध सबै प्रति आभार प्रकट गर्दछु। निकायगत कार्यप्रकृति अनुसार अपरिहार्य रेकर्डिङ स्टुडियो स्थापना गर्न सफल हुनु नै हाम्रो गौरवको विषय भएकाले अब यसैगरी श्रव्यदृश्य सामग्री उत्पादन तर्फ थप सक्रिय हुनुपर्ने छ। संस्थानका कर्मचारीहरू तिहार पर्वको गरिमा जस्तै सुशासनका लागि पवित्र बन्ने शक्ति मिलोस् भन्ने कामना सहित देउसी भैलो समर्पण गर्न चाहन्छु।

*भैलो भनः भैली रे*
*संस्थानकाः भैली रे*
*कर्मचारीमाः भैली रे*
*काम, कर्तव्यकोः भैली रे*
*जिम्मेवारीः भैली रे*
*बहन गर्नेः भैली रे*
*संस्कृति बनोस्ः भैली रे*
*खुराफात गर्नेः भैली रे*
*आफू नि नगर्नेः भैली रे*
*अरूलाई पनिः भैली रे*
*गर्नै नदिनेः भैली रे*

*कुसंस्कार हटोस्ः भैली रे*
*नेतृत्वकाः भैली रे*
*सुशासन नीतिः भैल भैली रे ि रे*
*आत्मनिर्भर नीतिः*
*समृद्धि नीतिः  भैली रे*
*संस्थान हित नीतिः भैली रे*
*वृत्ति विकास नीतिः भैली रे*
*कर्मचारीलेः  भैली रे*
*चिन्तन गर्नेः भैली रे*
*संस्कृति बनोस्ः भैली रे*

"काम, कर्तव्य बोध गरौँ सबले संस्थानमा समृद्धि थाल्नु छ

नियम अनुसार सुविधा खोजौं भ्रष्टाचारलाई जडबाटै फाल्नु छ"

अन्ततः नबिराउनु, नडराउनु मेरो स्पष्ट धारणा पुनः स्मरण गराउन चाहन्छु कि, संस्थानको हित र कर्मचारीको वृत्ति विकासका निम्ति 'म काम गर्छु, मलाई काम गर्न देउ'



कुनै किसिमका बाधाअड्चनले हामीलाई रोक्न सक्दैन । यो अभियानलाई सार्थकता दिनका लागि तिहार पर्वले तपाईंहरूमा सकारात्मक चिन्तन विकास गरोस् भन्ने शुभेच्छा प्रकट गर्दछु ।"

कार्यक्रम सञ्चालन संस्थानका कलाकार सेवामा कार्यरत श्री विपिन घिमिरेज्यूले गर्नुभएको थियो भने सभाध्यक्षता अध्यक्ष श्री चन्द्र कुमार राई हतुवालीज्यूले ग्रहण गर्नुभएको थियो ।



# कार्यालय प्रवेशद्वारमा विशेष क्षमता व्यक्तिमैत्री र्‍याम्प निर्माणः सांस्कृतिक संस्थान

सांस्कृतिक संस्थानको प्रवेशद्वारमा विशेष क्षमता भएका व्यक्तिमैत्री तथा ज्येष्ठ नागरिकमैत्री र्‍याम्प (सिँढी) निर्माण गरिएको छ । फरक क्षमता भएका व्यक्तिहरू तथा ज्येष्ठ नागरिकहरूले संस्थानबाट सेवा लिनुपर्दा र उहाँहरू सम्मिलित थुप्रै कार्यक्रमहरू भइरहने संस्थानका मेगा हल, मिनी हल एवम् सेमिनार हलमा आवत-जावत गर्दा कठिन परिस्थितिको सामना गर्नुपरेको थियो । तर अब र्‍याम्प निर्माण भएसँगै सहज हुने भएको छ ।

संस्थानका महाप्रबन्धक किरण बाबु पुन ज्यू नियुक्ति भएसँगै सेवा प्रवाहलाई चुस्त, दुरुस्त, पारदर्शी बनाउन हरेक समस्याको पहिचान गरी समाधान गर्नतर्फ अग्रसर रहेको पाइन्छ । विभिन्न कार्यक्रम भइरहने निकाय संस्थानमा दिनमै हजारौं मान्छेको आवत-जावत हुने गर्दछ । त्यसमा विशेष क्षमता भएका व्यक्तिहरू पनि हुने गर्दछन् । फरक क्षमता व्यक्तिमैत्री र्‍याम्प निर्माण गर्नुपर्ने संवेदनशील विषयमा पनि हालसम्म किन संस्थानले चासो नदिएको होला ? राष्ट्रिय नाचघरदेखि सांस्कृतिक संस्थानसम्मको ६६ वर्षीय इतिहासमा संस्थानको मुख्य प्रवेशद्वारमा फरक क्षमता भएका व्यक्तिहरू तथा ज्येष्ठ नागरिकहरूको लागि अपरिहार्य र्‍याम्प निर्माणमा ध्यानाकर्षण किन नभएको होला ? यसबारे संस्थानका महाप्रबन्धक किरण बाबु पुनज्यूले भन्नुभयो, "यस विषयमा संस्थानको भवन निर्माण गर्दैगर्दा नै र्‍याम्प बनाउनु पर्थ्यो । संस्थानको राष्ट्रिय नाचघरदेखि हालसम्मको इतिहासलाई फर्केर हेर्दा फरक क्षमता भएका व्यक्तिहरूको वकालत गर्ने निकायबाट पटकपटक सचेत बनाउँदा समेत त्यसको कार्यान्वयन भएको पाइएन । सायद कार्यान्वयन गर्न नसक्नु संस्थानका आन्तरिक समस्याहरूको कारण पनि हुनसक्छ । यो विषयमा संस्थान मात्रै नभएर हाम्रो देशकै समस्या जस्तो लाग्छ । किनकी हामीमा आवरणीय एउटा रूप र आन्तरिक कुरूप हुने प्रवृत्तिले यो समस्या आएको जस्तो लाग्छ । बाहिर चाहिँ फरक क्षमता भएका व्यक्ति हुन् सम्मान गर्नुपर्छ, अन्य व्यक्ति सरह समान व्यवहार गर्नुपर्छ भन्ने आन्तरिक चाहिँ अशक्त, असहाय व्यक्ति हुन् उहाँहरूका समस्या विस्तारै समाधान गरौंला नि भन्दै प्राथमिकता नदिने प्रवृत्ति हाबी हुँदा संवेदनशील विषयको समाधान गर्नतर्फ ध्यान नपुगेको हो कि ?





तर आफू नियुक्ति भएपश्चात् सम्बन्धित निकायबाट र्‍याम्प बनाउनुपर्ने विषय लिएर आएको पहिलो भेटमै आफूले गम्भीर ध्यानाकर्षण गरी संस्थानको वार्षिक नीति तथा कार्यक्रममै र्‍याम्प बनाउने पक्ष समेटेर कार्यान्वयन गरेको बताउनु भयो । साथै फरक क्षमता भएका दाजुभाइ तथा दिदीबहिनी र ज्येष्ठ नागरिक आमाबुवाहरूलाई आवत-जावत गर्न सहजीकरणका लागि तिहारको शुभकामना स्वरूप संस्थानको तर्फबाट र्‍याम्प निर्माण गर्न सफल भएकाले अब उहाँहरूको गुनासो दीर्घकालीन रूपमा समाधान भएको बताउनु भयो ।"



त्यसोत महाप्रबन्धक पुन नेतृत्वको संस्थानले विभिन्न कार्यकालका सञ्चालक समितिका निर्णयहरूमा मात्रै सीमित निकायगत कार्यप्रकृति अनुसार अपरिहार्य श्रव्यदृश्य सामग्री उत्पादनका लागि अत्याधुनिक डिजिटल रेकर्डिङ स्टुडियो निर्माण गर्न सफल भई पहिलोपटक सञ्चालनमा आएको छ। त्यसैगरी सांस्कृतिक पर्यटनमैत्री सेमिनार हल निर्माण गर्न सफल भई पहिलोपटक सञ्चालनमा आएको छ । त्यतिमात्रै नभई संस्थानका विभिन्न समस्याको समाधान गर्दै उत्पादनमैत्री क्रियाकलापलाई जोड दिई सुशासन स्थापना गर्दा महालेखा परिक्षकको कार्यालको रिपोर्ट अनुसार अर्थ मन्त्रालयले सार्वजनिक गरेको "सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०८२" को प्रतिवेदन अनुसार संस्थानले गत आ.व.को तुलनामा ६९.४७ प्रतिशतले आयमा वृद्धि गर्न सफल भएको छ।

# सांस्कृतिक संस्थान र काठमाडौँ महानगरपालिकाको सहकार्यमा "पुस्तकरहित शुक्रबार Book Free Friday सम्बन्धी अभिमुखीकरण" कार्यक्रम सम्पन्न

२३ कार्तिक २०८२ काठमाडौँ ।

सांस्कृतिक संस्थान र काठमाडौँ महानगरपालिकाको सहकार्यमा काठमाडौँ महानगरपालिकाको गौरवको योजना अन्तर्गतको पुस्तकरहित शुक्रबार (Book Free Friday) कार्यक्रम सञ्चालन सम्बन्धमा आयोजित "अभिमुखीकरण कार्यक्रम" सांस्कृतिक संस्थानको मिनी हल, जमल, काठमाडौँमा सम्पन्न भएको छ ।

कार्यक्रम सभाध्यक्षताः श्री केशव ज्ञवाली ज्यू (कामनपा शिक्षा विभाग निमित्त प्रमुख), प्रमुख अतिथिः श्री चिनकाजी महर्जन ज्यू (कामनपा शिक्षा स्वास्थ्य समिति प्रमुख), अतिथिहरूः संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुन ज्यू, नगर प्रमुखका सचिवालय सचिव श्री भुपदेव शाह ज्यू, सुशिल सुवेदी ज्यू (कामनपा शिक्षा विभाग वरिष्ठ शाखा अधिकृत) लगायत हुनुहुन्थ्यो भने कामनपाभित्रका विभिन्न सामुदायिक विद्यालयका प्रधानाध्यापकज्यूहरू, शिक्षक, कामनपा कर्मचारी, संस्थानका कर्मचारीको उपस्थिति रहेको थियो । बालबालिकाको भविष्यलाई मध्यनजर गर्दै शिक्षालाई व्यावहारिक बनाउने उद्देश्यका साथ काठमाडौँ महानगरपालिकाले सुरुवात गरेको पुस्तकरहित शुक्रबार Book Free Friday कार्यक्रमलाई चुस्त, दुरुस्त एवम् प्रभावकारी ढंगले सम्पन्न गर्नका लागि सो कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा प्रमुख अतिथि, अतिथिहरू तथा सभाध्यक्षबाट कार्यक्रम बारे धारणा राख्नुभएको थियो । सांस्कृतिक संस्थान र काठमाडौँ महानगरपालिका बीच G to G प्रणाली अन्तर्गत Book Free Friday अन्तर्गत सङ्गीत तथा नाट्य अभिनय सम्बन्धी प्रशिक्षण क्रियाकलाप सञ्चालन गरिने भएको छ ।








अभिमुखीकरण कार्यक्रम

अभिमुखीकरण कार्यक्रम

# अनलाइन मार्फत हल बुकिङ सम्बन्धी व्यवस्था



सांस्कृतिक संस्थानले डिजिटल प्रविधिसँगै विद्युतीय माध्यमबाट हल बुकिङ गर्न सकिने व्यवस्था गरेकाले देहाय बमोजिमको प्रणालीलाई आत्मसात गरी अनलाइन मार्फत हल बुकिङ गर्न सकिनेछः

- ✓ सांस्कृतिक संस्थानको आधिकारिक वेबसाइट www.sanskritiksansthan.gov.np लगइन गरी हल बुकिङ लेखेको अप्सनलाई क्लिक गर्ने,
- ✓ कुन हल बुकिङ गर्नुपर्ने हो सोही हलको "हल बुकिङ गर्नुहोस्" भन्ने अप्सनलाई क्लिक गर्ने,
- ✓ फोन नम्बर भन्ने अप्सनमा क्लिक गरी आफ्नो मोबाइल नम्बर राख्ने OTP को लागि अनुरोध गर्ने र मोबाइलको Message Box मा प्राप्त हुने OTP कोडलाई राखेर Send गर्ने,
- ✓ त्यसपछि व्यक्तिगत विवरण भन्ने अप्सनमा गएर त्यहाँ माग भए बमोजिमका विवरणहरू भरेर Next अप्सनलाई क्लिक गर्ने,
- ✓ त्यसपछि कार्यक्रमका विवरणहरू भन्ने अप्सनमा गएर त्यहाँ माग भए बमोजिमका कार्यक्रमको नाम, उपस्थित हुने संख्या, बुकिङ गर्न चाहेको मिति, समय, सिफ्ट र कति रुपैयाँ भुक्तानी गर्ने हो सो बारे सम्पूर्ण विवरणहरू भरेर Next अप्सनलाई क्लिक गर्ने,
- ✓ त्यसपछि अतिरिक्त सेवाहरू भन्ने अप्सनमा गएर यदि आफूलाई अतिरिक्त सेवा चाहिएको भए सो सेवाहरू बारे Yes वा चाहिएको छैन भने No भरेर Next अप्सनलाई क्लिक गर्ने,
- ✓ त्यसपछि नियम र शर्त भन्ने अप्सनमा Purpose अप्सनमा आफूले कुन प्रयोजनको लागि कार्यक्रम गर्न चाहेको सो बारे उल्लेख गरी I agree भन्ने अप्सनमा क्लिक गरेर Pay Booking Amount & Continue मा क्लिक गरी Khalti वा ConnectIPS प्रणाली मार्फत आफ्नो व्यक्तिगत खाताको विवरण भरेर send गर्ने Payment Successful भनेपछि तपाईंको बुकिङ भएको मानिनेछ।
- ✓ बुकिङ भइसकेपछि बुकिङ भएको विवरण डाउनलोड वा स्क्रिनशट गरी सो विवरण संस्थानलाई उपलब्ध गराउनु पर्नेछ।

# सांस्कृतिक संस्थान र काठमाडौँ महानगरपालिका बीच सम्झौता

२८ कार्तिक २०८२ काठमाडौँ ।

सांस्कृतिक संस्थान र काठमाडौँ महानगरपालिकाको बीच सम्झौता भएको छ । बालबालिकाको भविष्यलाई मध्यनजर गर्दै शिक्षालाई व्यावहारिक बनाउने उद्देश्यका साथ काठमाडौँ महानगरपालिकाको गौरवको योजना अन्तर्गत रहेको "गरी खाने शिक्षा, महानगरको इच्छा" श्लोकनका साथ महानगरले सुरुवात गरेको सामुदायिक विद्यालयमा पुस्तकरहित शुक्रबार Book Free Friday कार्यक्रमलाई चुस्त, दुरुस्त एवम् प्रभावकारी ढंगले सम्पन्न गर्नका लागि सांस्कृतिक संस्थान र काठमाडौँ महानगरपालिका बीच G to G प्रणाली अन्तर्गत Book Free Friday अन्तर्गत सङ्गीत (गायन, वादन, नृत्य) तथा नाट्य अभिनय सम्बन्धी प्रशिक्षण क्रियाकलाप सञ्चालनका लागि सो सम्झौता गरिएको हो ।



सांस्कृतिक संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुन ज्यू र कामनपा शिक्षा विभाग निमित्त प्रमुख श्री केशव ज्ञवालीज्यूले सो सम्झौतामा हस्ताक्षर गर्नुभएको हो । सम्झौता कार्यक्रममा कामनपा शिक्षा विभाग वरिष्ठ शाखा अधिकृत श्री सुशिल सुवेदी ज्यू, संस्थानका लेखा अधिकृत प्रेम ध्वज जि.सी ज्यू, गायन संयोजक श्री तिर्थराज पोखेल ज्यू, कलाकार सेवामा कार्यरत श्री रोहित सुवेदी ज्यू लगायतको उपस्थिति रहेको थियो । यस कार्यक्रमलाई प्रभावकारी ढंगले सम्पन्न गर्न सांस्कृतिक संस्थानले संस्थानकै सेमिनार हलमा एक कार्यक्रम आयोजना गरी प्रशिक्षकहरूलाई अभिमुखीकरण कार्यक्रम समेत सम्पन्न गरेको छ । संवत् २०८२ साल कार्तिक २८ गतेदेखि संस्थानले कामनपाका सामुदायिक विद्यालयहरूमा सो प्रशिक्षण कार्यक्रम सञ्चालन थालनी गरेको छ ।

# अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम भव्यताका साथ सम्पन्न






११ मंसिर २०८२ काठमाडौँ ।

नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको आयोजना र सांस्कृतिक संस्थानको सहकार्यमा अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम भव्यताका साथ सम्पन्न भएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले अभौतिक सांस्कृतिक सम्पदा (सूचीकरण तथा व्यवस्थापन) सम्बन्धी आन्तरिक दिग्दर्शन, २०८२ निर्माण गरी लागू गरी सोही बमोजिम यस वर्षका लागि संवत् २०८२ चैत १५ सम्म राष्ट्रिय सूचीकरणको आवेदन लिनेछ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले विनियोजन ऐन, २०८१ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी अभौतिक सांस्कृतिक सम्पदा (सूचीकरण तथा व्यवस्थापन) कार्यविधि, २०८१ लागू गरी नेपालमा पहिलोपटक अभौतिक सांस्कृतिक सम्पदा राष्ट्रिय सूचीकरणको अभियान



थालनी गरेको थियो । जसमा १०५ वटा अभौतिक सांस्कृतिक सम्पदाहरू राष्ट्रिय सूचीकरणका लागि मन्त्रालयमा दर्ता भएको तर जम्मा १ वटा मात्र छनौटमा परेको थियो । बाँकी छनौटमा नपरेका अभौतिक सांस्कृतिक सम्पदाको प्राविधिक पक्ष अपुग भएकाले सो बारे अभिमुखीकरण गर्नुपर्ने भएकाले सम्बन्धित संघसंस्था र व्यक्तित्वहरूलाई एकीकृत गरी सूचीकरण सम्बन्धी विभिन्न पक्ष बारे अभिमुखीकरण गरिएको हो । मन्त्रालयका संस्कृति महाशाखा प्रमुख श्री डा.सुरेश सुरश श्रेष्ठज्यूले विशेष अभिमुखीकरण गर्नुहुँदै नेपालको अभौतिक सांस्कृतिक सम्पदाको विस्तृत परिचय, राष्ट्रिय






तथा अन्तर्राष्ट्रिय स्तरमा अभौतिक सांस्कृतिक सम्पदा सूचीकरणका मापदण्ड, नेपालका अभौतिक सांस्कृति सम्पदा सूचीकरणका लागि हालसम्म भएका कार्यप्रगति तथा साङ्गोपाङ्ग विवरण जानकारी गराउनुहुँदै नेपालमा पहिलोपटक राष्ट्रिय सूचीकरण अभियान शुभारम्भ हुनु ऐतिहासिक कार्यको सुरुवात भएको तर्फ जोड दिँदै पहिलोपटक नै १०५ वटा अभौतिक सांस्कृतिक सम्पदा दर्ता हुनुले हामीले नेपालको पहिचान अभौतिक सांस्कृतिक सम्पदा बारे निकै चिन्तन गरेका छौं भन्ने प्रमाणित भएकाले निकट भविष्यमा नेपालका सम्पूर्ण अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण गर्न सफल हुनेमा विश्वस्त रहेको बताउनु भयो ।

सांस्कृतिक संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले स्वागत मन्तव्य राख्नुहुँदै अभौतिक सांस्कृतिक सम्पदा सूचीकरणको महत्त्व बारे बताउनु भएको थियो । उहाँले १५ जून २०१० मा युनेस्कोमा नेपाल पक्ष राष्ट्रको रूपमा रहँदै आएपनि नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले विनियोजन ऐन, २०८१ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी अभौतिक सांस्कृतिक सम्पदा (सूचीकरण तथा व्यवस्थापन) कार्यविधि, २०८१ लागू गरी पहिलोपटक नेपालले राष्ट्रिय सूचीकरण थालनी गर्नु नै ऐतिहासिक सांस्कृतिक राज्यनीतिको चरणमा नेपाल प्रवेश गर्नु भएकाले यो ऐतिहासिक परिवेशलाई हरेक नेपाली र संघसंस्थाले अपनत्व लिई अभौतिक सांस्कृतिक सम्पदा राष्ट्रिय सूचीकरण अभियानलाई सफल पार्नुपर्ने जोड दिनु भएको थियो । नेपालजस्तो संस्कृतिको धनी देशमा संस्कृतिबाटै समृद्धिको आधार दिशाबोध गर्न नेपालका सम्पूर्ण अभौतिक संस्कृतिहरू अभौतिक सांस्कृतिक सम्पदामा सूचीकरण हुनु आधारभूत शर्त हो । सूचीकरण पश्चात् नेपालको सांस्कृतिक अस्तित्व बच्नुका साथै सांस्कृतिक पर्यटनको विकास, स्वरोजगार सिर्जना र संस्कृतिबाटै समृद्धिको मार्ग प्रशस्त हुनेछ । अभौतिक सांस्कृतिक सम्पदा सूचीकरणलाई चुस्त, दुरुस्त एवम् प्रभावकारी ढंगले अगाडि बढाउन मन्त्रालयले आयोजना गरेको कार्यक्रमलाई मन्त्रालय अन्तर्गतको संस्कृति सम्बन्धी ज्येष्ठ निकाय सांस्कृतिक संस्थानले सहकार्य गरेको हो ।

# स्वरसम्राट नारायण गोपालको ३५ औं स्मृति दिवस श्रद्धार्पणका साथ मनाइयो

१९ मंसिर २०८२ काठमाडौँ ।

सांस्कृतिक संस्थानका पूर्वमहाप्रबन्धक स्वरसम्राट नारायण गोपाल गुरुवाचार्यज्यूको ३५ औं स्मृति दिवसको अवसरमा संस्थानले श्रद्धार्पणका साथ “सम्झनामा नारायण गोपाल साङ्गीतिक समर्पण कार्यक्रम, २०८२” सम्पन्न गरेको छ ।



संस्थानका अध्यक्ष श्री चन्द्रकुमार राई हतुवालीज्यूको सभाध्यक्षता, पशुपति क्षेत्र विकास कोषका नि.सदस्य सचिव तथा कार्यकारी निर्देशक श्री सुभाषचन्द्र जोशीज्यूको प्रमुख आतिथ्यता, संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुन ज्यू, संस्थान सञ्चालक समिति सदस्य श्री पूजा श्रेष्ठ ज्यू, नारायण गोपालज्यूको परिवारजनका सदस्य श्री निराल गोपाल गुरुवाचार्य ज्यू लगायतको आतिथ्यतामा संस्थानको मिनी हल, जमल, काठमाडौँमा सो कार्यक्रम सम्पन्न गरिएको हो । संस्थानका कलाकारद्वारा उच्च सम्मानका साथ श्रद्धार्पण भाव सम्प्रेषण हुने गरी स्वरसम्राट नारायण गोपालद्वारा स्वरबद्ध कालजयी गीतहरूको प्रस्तुतीकरणसँगै स्मृति दिवस मनाइएको हो ।







सिर्जनशील कला मार्फत राष्ट्रलाई अतुलनीय योगदान दिनुहुने राष्ट्रिय व्यक्तित्वहरूको सम्मानार्थ विभिन्न व्यक्तित्वहरूको स्मृति दिवस विशेष कार्यक्रम सांस्कृतिक संस्थानले गत आ.व.देखि आफ्नो वार्षिक नीति तथा कार्यक्रममा समावेश गर्ने प्रणाली विकास गरेको थियो भने आ.व.२०८२/८३ को नीति तथा कार्यक्रममा सोही क्रियाकलापलाई निरन्तरता दिएको हो । स्वरसम्राट नारायण गोपाल गुरुवाचार्यज्यूको सम्झनामा श्रद्धाञ्जली अर्पण गर्दै उहाँको तस्बिरमा माल्यार्पण तथा मौन धारण गरी कार्यक्रम सुरुवात गरिएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि, अतिथि लगायत सम्पूर्णलाई हार्दिक स्वागत सहित आभार प्रकट तथा पूर्वमहाप्रबन्धक स्वरसम्राट नारायण गोपाल गुरुवाचार्यज्यूलाई श्रदाञ्जली अर्पण गर्दै संस्थानका महाप्रबन्धक  किरण बाबु पुनज्यूले भन्नुभयो-



“अद्‌भुत क्षमता, बौद्धिकता, कौशलता र रचनात्मक क्रियाकलापद्वारा विभिन्न कला अभिव्यक्त गर्दै राष्ट्रिय अस्तित्वलाई बचाउने विशिष्ट एवम् लोकोत्तर प्राणी हो कलाकार । मानव जीवनका जन्मदेखि मृत्यु पर्यन्त क्रियाकलाप सम्बन्धी कुनैनकुनै कला, ज्ञान तथा सीप भएको सिर्जनशील प्राणी हो कलाकार । मरेर गएपनि आफ्ना कृतिहरू मार्फत अजरअमर रहिरहने, कहिल्यै नमर्ने प्राणी हो कलाकार । अभौतिक संस्कृतिभित्रको उच्चकोटिको कला मानिने सङ्गीत तथा नाट्य क्षेत्रमा अतुलनीय योगदान पुऱ्याउनु हुने राष्ट्रिय व्यक्तित्व अजरअमर व्यक्तित्व संस्थानका पूर्वमहाप्रबन्धक स्वरसम्राट नारायण गोपाल गुरुवाचार्यज्यूको ३५ औं स्मृति दिवसमा हामी छौं कि जसले बाँचुञ्जेली सिर्जनशील कला मार्फत यो देशको अस्तित्व बचाउन सारा जीवन समर्पण गर्नुभयो । साङ्गीतिक आकाशका एक नक्षेत्र, एक राष्ट्रिय धरोहर स्वरसम्राटलाई हरनेपाली तथा राज्यले सदा उच्च सम्मानका साथ खोजी गर्नुपर्छ । उहाँको योगदानको पुस्तौंपुस्तासम्म अक्षुण्ण रूपमा पुस्तान्तरण हुनुपर्छ । नेपाल सरकारको संस्कृति सम्बन्धी ज्येष्ठ निकाय सांस्कृतिक संस्थानले गत आ.व.देखि स्वरसम्राटको स्मृति दिवसलाई वार्षिक नीति तथा कार्यक्रममा समावेश गरेको हो भने आ.व.२०८२/८३ को वार्षिक नीति तथा कार्यक्रममा निरन्तरता दिएको छ भने निरन्तरता पाइरहनुपर्छ भन्ने कामना पनि छ । स्मृति दिवस भन्नु मृत्मात्माको उच्च सम्मान स्वरूप श्रद्धार्पण गर्नु हो । आजका प्रस्तुति मार्फत स्वरसम्राट प्रति उच्च सम्मानका साथ श्रद्धार्पण गरिनेछ । आज स्वरसम्राटज्यूको परिवारका सदस्य, खुनका नातेदार (Bloodline Relation) उहाँका सहोदर भाइ उहाँ आफैमा कलाकार पनि हो श्री लक्ष्मण गोपाल गुरुवाचार्यज्यूलाई हामीले परिवारजनको तर्फबाट सम्मान पनि गर्दै छौं । उहाँ स्वास्थ्य अवस्थाका कारण उपस्थित हुन सक्नु भएन त्यसैले उहाँको छोरा अर्थात् नारायण गोपाल गुरुवाचार्यज्यूको भतिजा श्री निराल गोपाल गुरुवाचार्य ज्यू हुँदै गर्दा म गम्भीर ध्यानाकर्षण सहित आह्वान गर्न चाहन्छु कि राष्ट्रिय व्यक्तित्व स्वरसम्राटलाई अजरअमर बनाउन, उहाँका कृतिहरू पुस्तान्तरण गर्न उहाँका कृतिहरूको प्रतिलिपि अधिकार, बौद्धिक अधिकारलाई संरक्षण गर्दै उहाँलाई राज्यबाट सदा शिष्टाचारको सम्मान दिलाउन तर्फ चिन्तन गर्न हुन जरुरी छ । यी विषयमा गम्भीरतापूर्वक चिन्तन गर्न सकेनौं भने

स्वरसम्राटको अस्तित्व संकटमा पर्नसक्छ। स्वरसम्राटका कालजयी कृतिहरूको रोयल्टीबारे वकालत कसले गर्ने ? हालसम्म प्राप्त रोयल्टी के कति छ ? कसले भोगचलन गर्दैछ ? उहाँको प्रतिलिपि तथा बौद्धिक अधिकारको रक्षा कसले गर्ने ? परिवारजनले रोयल्टी प्राप्त गरेका छन् कि छैनन् ? सम्बन्धित स्रष्टा मृत्यु पश्चात् ५० वर्षसम्म प्रतिलिपि तथा बौद्धिक अधिकार संरक्षित हुने व्यवस्था प्रतिलिपि अधिकार ऐनमै छ। यी बारे सत्यतथ्य खोज गरी स्वरसम्राटलाई न्याय दिनका लागि संस्थानले पछिल्लो समय छानबिन समिति नै तयार पारी अगाडि बढेको छ। यो अभियान सफल पार्न परिवारजनले साथ दिनुपर्ने छ। यहाँ एक स्रष्टालाई जानीजानी मार्ने भ्रष्ट मतिका व्यक्तित्वहरूको हाबी छ। उदाहरणको लागि महाकवि लक्ष्मिप्रसाद देवकोटा कृत संस्थानको ऐतिहासिक गीति नाटक "मुनामदन" जसलाई स्वरसम्राटज्यूले प्रमुख आवाज स्वरुप गाउनुभएको हो। त्यो कृति समेत मेटाउन यहाँ हरदम कोसिस गरिएको थियो। वर्षौंसम्म श्रव्य सामग्री हराएर अब कहिल्यै पनि नाटक मञ्चन तथा प्रदर्शन हुँदैन भन्ने अवस्था बनेको थियो। तर वर्तमान नेतृत्वको अथक प्रयासमा उत्खनन् गरी मरेको नाटकलाई पुनर्जन्म दिन सफल भएका छौं। एउटा कृति मेटिनु भनेको कृतिसँगै सम्बन्धित स्रष्टाको अस्तित्व मेटिनु हो। त्यसैले स्रष्टालाई अजरअमर बनाउन उसका कृतिलाई प्रतिलिपि तथा बौद्धिक अधिकार सहित बचाउन अपरिहार्य छ। आज पशुपति क्षेत्र विकास कोषका प्रमुख नै प्रमुख अतिथिको रूपमा पाउँदा कार्यक्रमको प्रकृति अनुसार सार्थकता पाएको मेरो बुझाई रहेको छ। किनकी हामी दुबै निकायको तालुक मन्त्रालय पनि एउटै र अभौतिक सांस्कृतिक सम्पदाको वकालत गर्नुपर्ने प्रमुख अभिभारा पनि एउटै भएकाले कार्य प्रकृतिगत हिसाबले पनि हामी एकीकृत हुन जरुरी छ। अभौतिक सांस्कृतिक सम्पदाभित्र भाषा, धर्म तथा समग्र जन्मदेखि मृत्यु पर्यन्तका सांस्कृतिक क्रियाकलाप पर्दछन्। त्यसमाथि संस्थानको अभिभारा अभौतिक सांस्कृतिक सम्पदाभित्रका चाडपर्व, अनुष्ठान, मौलिक कला (गायन, वादन, नृत्य, नाटक) सम्बन्धी कार्य गर्नु, गराउनु हो। धार्मिक हिसाबले बहुसंख्यात्मक हिन्दू धर्मलाई अंगिकार गर्ने नेपाली छौं। यति भन्दै गर्दा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त राष्ट्रको विशेषतालाई आत्मसात् गरी सबै धर्मलाई समान ढंगले वकालत गर्दै सांस्कृतिक ऐक्यबद्धता कायम राख्नु हाम्रो दायित्व हो। तर आजको प्रमुख पाहुना तथा उहाँ सम्बद्ध निकायको हिसाबले मात्रै म धारणा राख्न चाहेको छु। हामीले वकालत गर्ने अभौतिक सांस्कृतिक सम्पदाभित्रका प्रमुख चाडहरू र जन्मदेखि मृत्युसम्मका अनुष्ठानको वकालत गर्ने वर्तमान समयमा उहाँको नेतृत्वको उहाँ सम्बद्ध निकायले गर्दछ। साथै आजको यस स्मृति दिवस भन्नु अनुष्ठानको क्रियाकलाप हो। किनकी हरनेपालीले मरेर गएका आफन्तहरूको स्मृतिमा मृतात्माको चिर शान्तिको कामना गर्दै पितृ पूज्ने मौलिक संस्कृति छ। हो संस्थानको हिसाबले पूर्वमहाप्रबन्धक अभिभावक हो त्यसैले आज हामी उहाँको स्मृतिमा अनुष्ठानको क्रियाकलाप गर्दैछौं। तसर्थ मृतात्माको चिर शान्तिको कामना सहित श्रद्धापूर्वक साङ्गीतिक अनुष्ठान गरिने भएकाले यो कार्यक्रममा प्रमुख अतिथिको रूपमा पाल्नुहुने अनन्य मित्रको कारण कार्यक्रमले थप सार्थकता पाएको छ। दुबै निकायको अभिभारा नैतिक अनुशासन कायम गरी समाजलाई सकारात्मक दिशातर्फ डोऱ्याउनु भएकाले दुबै निकायको सहकार्य मजबुत पर्छ, त्यसका लागि संस्थानको प्रतिबद्धता व्यक्त गर्दछु। स्वरसम्राटको स्मृति दिवस देशैभरी तथा अन्तर्राष्ट्रियस्तरसम्म छरिएर रहेका नेपालीहरूले श्रद्धार्पण गरी मनाउने संस्कृतिको विकास हुनुपर्छ। सिर्जनशील प्राणी तथा संस्कृति सम्बन्धी वकालत गर्ने राज्यका हरेक निकायले आफ्नो अभिभारा, काम, कर्तव्य, नैतिक जिम्मेवारी कर्तव्यनिष्ठ भई वहन गर्ने नीतिगत प्रणालीलाई आत्मसात गर्नैपर्छ। कलाकारले राष्ट्रको अपनत्व गर्न जान्नुपर्छ र राज्यले कलाकारको संरक्षण गर्नुपर्छ। सिर्जनशील कला मार्फत राष्ट्रलाई

अतुलनीय योगदान पुऱ्याउने स्वरसम्राटजस्ता राष्ट्रिय धरोहरलाई युगौंयुग बचाउने स्पष्ट राज्यनीति हुनुपर्छ । फेरिपनि स्वरसम्राटज्यूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै आजका प्रमुख अतिथिज्यूप्रति आभार प्रकट गर्दै मेरा भनाई यहीँ अन्त्य गर्दछु । धन्यवाद ।"

कार्यक्रममा प्रमुख अतिथि श्री सुभाषचन्द्र जोशीज्यूले स्वरसम्राट नारायण गोपाल जस्तो राष्ट्रिय व्यक्तित्वको स्मृति दिवस कार्यक्रमको प्रमुख अतिथिको रूपमा सहभागी हुनुमा गर्वको अनुभुति भएको बताउनुभयो । उहाँले आफ्नो बुवाले पनि नारायण गोपालज्यूका कालजयी गीत सुन्ने गरेको, आफूले पनि सुन्दै आएको र आफ्नो आठ वर्षीय छोराले समेत सङ्गीतको सिक्दै गरेकाले भनै सुन्दै, गाउँदै आएकाले आफ्नै घरमा स्वरसम्राटज्यूको कृति पुस्तान्तरण भएको उदाहरण सुनाउनु हुँदै यो सबै नेपालीको घरघरको कहानी भएकाले स्वरसम्राट पुस्तौंपुस्तासम्म आम नेपाली माझ अजरअमर रहनेतर्फ विश्वास व्यक्त गर्नुभयो । साथै महाप्रबन्धक किरण बाबु पुनज्यूको भनाई प्रति सहमति जनाउँदै सांस्कृतिक संस्थान र पशुपति क्षेत्र विकास कोष बीच न् तय न् प्रणाली मार्फत तालुक मन्त्रालय एउटै संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय भएकाले अन्तर निकायगत सहकार्य मजबुत बनाउने तर्फ जोड दिनुहुँदै गत आ.व.देखि सहकार्यको यात्रा शुभारम्भ गरिएकाले यो सहयात्रालाई बलियो बनाउन आ.व.२०८२/०८३ देखि विकास कोषको वार्षिक नीति तथा कार्यक्रम अन्तर्गत नै सहकार्यलाई समेटिएकाले थप प्रभावकारी ढंगले सहकार्यलाई अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।





कार्यक्रममा संस्थानका कलाकारहरूद्वारा प्रस्तुत गरिएका गीतहरू यसप्रकार रहेका थिए:

१.भक्तिभावले ओतप्रोत गीतः सबलाई सुख होस् (प्रस्तुतिः तिर्थराज पोखेल)

(शब्दः लक्ष्मण लोहनी, सङ्गीतः नातिकाजी, स्वरः नारायण गोपाल)




२.लौ सुन म भन्छु (प्रस्तुतिः राधिका भण्डारी)

(शब्द/सङ्गीतः गोपाल योञ्जन, स्वरः नारायण गोपाल)



३.तुयुगु भ्वं जिगु जिन्दगी खः (प्रस्तुतिः दिपेन्द्र बज्राचार्य)

(शब्दः गिरिजाप्रसाद जोशी, सङ्गीत/स्वरः नारायण गोपाल)



४.झरेको पात झैँ (प्रस्तुतिः शिला विष्ट)

(शब्दः कालिप्रसाद रिजाल, सङ्गीत/स्वरः नारायण गोपाल)



५.मलाई नसोध (प्रस्तुतिः विपिन घिमिरे)

(शब्दः हरिभक्त कटुवाल, सङ्गीत/स्वरः नारायण गोपाल)



६.सिरिमा सिरी (प्रस्तुतिः सामूहिक गायन)

(शब्द/सङ्गीतः जनकवि केशरी धर्मराज थापा, स्वरः नारायण गोपाल र ज्ञानु राना)



वाद्यवादनमा संस्थानका कलाकारहरू श्री तिर्थराज पोखेल ज्यू, श्री दुर्गाप्रसाद खतिवडा ज्यू, श्री रोहित सुवेदी ज्यू, श्री नरेश प्रजापति ज्यू, श्री सितामैयाँ राजचल ज्यू, श्री दिपेन्द्र बज्राचार्य ज्यू, श्री शुक्रिमाया मोक्तान ज्यू र श्री लोकराज राईज्यूले साथ दिनुभएको थियो ।













कार्यक्रममा स्वरसम्राट नारायण गोपालको परिवारजनको तर्फबाट उहाँको सहोदर भाइ श्री लक्ष्मण गोपाल गुरुवाचार्यज्यूलाई सम्मान गरिएको थियो ।





कार्यक्रम सञ्चालन संस्थानका कलाकार श्री विपिन घिमिरेज्यूले गर्नुभएको थियो भने कार्यक्रमको संयोजन कार्यक्रम तथा योजना शाखा संयोजक श्री रेखा कुमारी कटुवाल श्रेष्ठज्यूले गर्नुभएको थियो । कार्यक्रम समापन गर्नुहुँदै संस्थानका अध्यक्ष श्री चन्द्रकुमार राई हतुवालीज्यूले सांस्कृतिक संस्थानले स्रष्टाहरूको सम्मानका लागि यसप्रकारका नीति तथा कार्यक्रमलाई निरन्तरता दिनुपर्ने तर्फ जोड दिनुभयो ।






# संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (UNDP) र सांस्कृतिक संस्थान बीच सम्झौता (MOU)

२३ मंसिर २०८२ काठमाडौँ ।

नेपाल पर्यटन बोर्ड र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (UNDP) को सहकार्यमा सञ्चालित दिगो पर्यटन परियोजना (Sustainable Tourism Project (STP) (प्रथम पक्ष) र सांस्कृतिक संस्थान (दोस्रो पक्ष) बीच "अपी साइपाल र कञ्चनजङ्घा पदमार्गहरूको दिगो पर्यटन परियोजना (STP) को लागि सांस्कृतिक प्रदर्शन प्याकेजको विकास" गर्नका लागि संस्थानले साझेदार संस्था (Implementation Partner) को जिम्मेवारी वहन गर्ने गरी सम्झौता गरिएको छ ।

नेपाल संस्कृतिको दृष्टिकोणबाट अत्यन्तै समृद्ध राष्ट्र भएकाले नेपालमा बसोबास गर्ने हरेक जातजातिहरूका पहिचानयुक्त प्रदर्शनीयुक्त कलालाई सांस्कृतिक प्रदर्शन प्याकेजको रूपमा ब्राण्डिङ गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरसम्म प्रवर्द्धन गर्नसकेपछि मात्र सांस्कृतिक पर्यटनको विकास र स्वरोजगारको विकास हुने आधारभूत शर्तलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्न दिगो पर्यटन परियोजनाको तर्फबाट राष्ट्रिय परियोजना निर्देशक श्री दिपकराज जोशी ज्यू, वरिष्ठ निर्देशक श्री हिकमत सिंह ऐर ज्यू, संयोजक श्री श्रद्धा श्रेष्ठ ज्यू, प्रबन्धक श्री धर्मराज दवाडी ज्यू र सांस्कृतिक संस्थानको तर्फबाट महाप्रबन्धक श्री किरण बाबु पुन ज्यू, लेखा अधिकृत श्री प्रेम ध्वज जिसी ज्यू, कलाकार श्री रोहित सुवेदीज्यूको सहभागितामा सो परियोजना सम्बन्धी सम्झौता गरिएको हो ।

संरचित हुन नसकेका सामुदायिक विविध प्रदर्शनीयुक्त कलाको सांस्कृतिक प्रदर्शन मोड्युलहरू विकास गर्नुले पिछडिएका समाज, जातिको अस्तित्व रक्षा हुने तथा उनीहरूमा स्वरोजगारका अवसरहरू सिर्जना हुने विश्वास लिइएको छ । साथै अभौतिक सांस्कृतिक









सम्पदाहरूभित्रका परम्परागत सीप, लोकगीत, लोकधून, लोकनृत्य, लोकनाटक, वाद्ययन्त्रहरू, अनुष्ठानहरू, चाडपर्वहरू, पोशाकहरू, मौखिक कथा वाचनको दस्तावेजीकरण हुने समेत विश्वास लिइएको छ। अपि साइपाल र कञ्चनजङ्घा क्षेत्रको लागि सांस्कृतिक रूपमा प्रदर्शन प्याकेज विकासका लागि आधारभूत आवश्यकता पहिचान गरी प्रभावकारी वातावरण सहित उत्पादनमैत्री क्रियाकलामा जोड दिनेतर्फ परियोजना केन्द्रित रहनेछ। अपि साइपल र कञ्चनजङ्घा क्षेत्र मात्र नभई देशैभरीका स्थानीय सांस्कृतिक सम्पदा प्रवर्द्धन, सांस्कृतिक पर्यटनको विकास र संस्कृति मार्फत सामुदायिक जीविकोपार्जनलाई टेवा पुराई आर्थिकस्तर मजबुत बनाउने उद्देश्य राखिएको छ। सम्झौता पश्चात् "सांस्कृतिक प्रदर्शन प्याकेजको विकास" सम्बन्धी आधारभूत क्रियाकलापको अध्ययन गर्न सांस्कृतिक संस्थानका कलाकारहरू श्री माया थापा, श्री रोहित सुवेदी र श्री गीता घिमिरे थापा अपि साइपल क्षेत्रमा प्रस्थान गर्नुभएको छ।



# एक चिहान नाटकको नयाँ अध्याय औपचारिक समुद्घाटनः सांस्कृतिक संस्थान


७ पुस २०८२ काठमाडौँ ।

सांस्कृतिक संस्थानले प्रगतिशील उपन्यासकार स्व.हृदयचन्द्रसिंह प्रधान कृत उपन्यास एक चिहानमा आधारित नाटक एक चिहानको नयाँ अध्यायको विशेष शो मार्फत औपचारिक रूपमा समुद्घाटन गरेको छ ।

संस्थानका अध्यक्ष श्री चन्द्र कुमार राई हतुवालीज्यूको सभाध्यक्षता, नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका संस्कृति महाशाखा प्रमुख (सहसचिव) श्री डा.सुरेश सुरश श्रेष्ठज्यूको प्रमुख आतिथ्यतामा उहाँकै हातबाट नाटकको औपचारिक समुद्घाटन गर्दै विशेष शो प्रदर्शन गरिएको हो । सो कार्यक्रममा संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुन ज्यू, सञ्चालक समिति सदस्य श्री पूजा श्रेष्ठ ज्यू, नाट्य रूपान्तरक श्री सन्तोष खनाल ज्यू लगायत विभिन्न विद्यालयका शिक्षक/शिक्षिकाको आतिथ्यता रहेको थियो ।

डिजिटल युगसँगै नाटकलाई समयानुकूल परिष्कृत गर्नु अपरिहार्य रहेकाले नयाँ सोच, परिकल्पना र समसामयिक परिवेशलाई समेत तादात्म्यता रहने गरी पुनः नाट्य रूपान्तरण र निर्देशन गरी मञ्चन गरिएको नाटक एक चिहानको नयाँ अध्याय संवत् २०८२ साल मंसिर ९ गतेदेखि नयाँ शिराबाट निरन्तर प्रदर्शन गर्न सुरुवात गरी २४ ओटा श्रृङ्खला भव्यताका साथ प्रदर्शन गरिसकिएको थियो भने सो नयाँ अध्यायको समुद्घाटन विशेष शो मार्फत संवत् २०८२ साल पुस ७ गते २५ औं श्रृङ्खला मार्फत औपचारिक हिसाबले समुद्घाटन गरिएको हो । विगतदेखि मञ्चन तथा प्रदर्शन हुँदै आएको नाटक एक चिहानलाई संस्थानको आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रममा समावेश गरी डिजिटल युगसँगै परिष्कृत संस्करण मञ्चन तथा प्रदर्शन थालनी गरिएको हो । नयाँ अध्यायको नाट्य रूपान्तरक श्री सन्तोष खनाल ज्यू, परिकल्पनाकार तथा निर्देशक श्री राम भजन कामत ज्यू, कलाकारहरूः श्री तिर्थराज पोखेल ज्यू, श्री दुर्गा प्रसाद





खतिवडा ज्यू, श्री सबनम सिलवाल ज्यू, श्री दीपेन्द्र बज्राचार्य ज्यू, श्री नरेश प्रजापति ज्यू, श्री सुशीला थापा ज्यू, श्री विपिन घिमिरे ज्यू, श्री अक्कल बहादुर पाखिन ज्यू, श्री शेखर घर्ती मगर ज्यू, श्री राधिका भण्डारी ज्यू, श्री सुक्रिमाया मोक्तान ज्यू, श्री बिना विश्वकर्मा ज्यू, श्री कल्पना राई ज्यू, श्री दिपक पौडेल ज्यू लगायत रहनु भएको छ भने बजार व्यवस्थापक श्री अनुपम शर्मा ज्यू, प्राविधिकहरूः श्री मनोज केसी ज्यू, श्री बल बहादुर अछामे ज्यू, श्री जसराज राई ज्यू, श्री ओम प्रकाश बानियाँ ज्यू, श्री भक्त सारु मगर ज्यू लगायत रहनु भएको छ। प्रगतिशील उपन्यासकार स्व.हृदयचन्द्रसिंह प्रधान कृत उपन्यास एक चिहान सामाजिक यथार्थवादी कृति हो । वि.सं २०११ सालतिरको निम्न वर्गीय नेवार समुदायको पारिवारिक परिवेश समावेश गरिएको यस उपन्यासमा तत्कालीन परिवेशको सामन्ती प्रथाले जड गाडेको समाजमा प्रगतिशील क्रान्तिमय आवाजलाई निकै सुन्दर तरिकाले प्रतिविम्बित गरिएको छ।

कार्यक्रममा प्रमुख अतिथि श्री डा.सुरेश सुरश श्रेष्ठज्यूले मन्तव्य राख्नुहुँदै भन्नु भयोः- “पाठ्यक्रममा आधारित उपन्यासलाई नाट्य रूपान्तरण तथा निर्देशन गरी संस्थानका कलाकारहरूद्वारा गरिने प्रदर्शन मार्फत शिक्षालाई सहज ढंगले विद्यार्थीले ग्रहण गर्ने व्यवस्था गर्नुका



साथै संस्कृति तर्फ चिन्तन राख्न युवालाई सांस्कृतिक सन्देस दिएको बताउनुभयो । उहाँले उपन्यासकारले वि.सं.२०११ सालतिरको हाम्रो समाजको यथार्थपरक कथा मार्फत परिवर्तनको आवाज बोकेकाले उपस्थित विद्यार्थी भाइबहिनीहरूको उमेर समूह जेन जी पुस्ता भएकाले विद्यमान परिवर्तनको आन्दोलनको आवाजसँग तादात्म्यता राख्दै यो नाटक हेरिनुपर्ने समेत बताउनु भयो । उहाँले युवा पुस्ताको संस्कृति प्रति चिन्तन हुनु अपरिहार्य भएकाले विद्यालयका पाठ्यक्रममा संस्कृति सम्बन्धी विषयक सामग्रीलाई जोड दिँदै नीतिगत ढंगले नै विकास गर्नुपर्ने तर्क राख्नुभयो । साथै संस्थानले वर्तमान महाप्रबन्धक श्री किरण बाबु पुनज्यूको नेतृत्वमा सिर्जनशीलतालाई जोड दिँदै संस्कृतिको गरिमा कायम राख्दै संस्थानको सांस्कृतिक विरासत बचाउन सफल भएकोमा मन्त्रालयको तर्फबाट आभार प्रकट गर्नुभयो।”



संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले स्वागत मन्तव्य राख्नुहुँदै भन्नु भयोः-

“नाटक उद्भव हुनुको मुख्य श्रेय प्रगतिशील उपन्यासकार स्व.हृदयचन्द्रसिंह प्रधान ज्यू प्रति उच्च सम्मानकासाथ हार्दिक श्रद्धाञ्जली अर्पण गर्नुहुँदै विगतदेखि नै मञ्चन तथा प्रदर्शन हुँदै आएको यस नाटकको पहिलो अध्यायले २०० औं श्रृङ्खला पार गर्न सफल भएकोमा पहिलो अध्यायका नाट्य रूपान्तरक श्री रमेस बिजी ज्यू, निर्देशक श्री वीरेन्द्र हमाल ज्यू तथा विभिन्न चरणहरूमा सम्बद्ध संस्थानका कलाकारहरूलाई हार्दिक आभार प्रकट

गर्नुभयो। शिक्षालाई व्यावहारिक बनाउने प्रमुख उद्देश्यका साथ संस्थानको आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रममा समावेश गरिएको नाटक एक चिहानलाई डिजिटल युगसँगै परिष्कृत गर्नुपर्ने अपरिहार्य देखिएकाले यस आ.व.देखि हामीले दीर्घकालीन सोच सहित नयाँ संकल्पका साथ समयको माग र समसामयिक परिवेशलाई मध्यनजर गर्दै नाटकको नयाँ अध्याय सुरुवात गरिएको बताउनु भयो। पृथक ढंगले नाट्य रूपान्तरण गर्नुहुने श्री सन्तोष खनाल ज्यू तथा झनै सशक्त ढंगले परिकल्पना तथा निर्देशन गर्नुहुने संस्थानका कलाकार श्री रामभजन कामत ज्यू लगायत नयाँ अध्यायमा सम्बद्ध संस्थानका सम्पूर्ण कलाकार, प्राविधिक तथा बजार व्यवस्थापक प्रति आभार प्रकट गर्नुभयो। कक्षा १२ को नेपाली विषयमा समाहित विद्यालयमा न्यूनतम १५ दिनसम्म पढाई हुने उपन्यासलाई समय सापेक्षिक परिष्कृत गर्दै २ घण्टाको नाटक मार्फत प्रस्तुत गरिनुले विद्यार्थीलाई पूर्ण रूपमा व्यावहारिक ढंगले ज्ञान प्राप्त हुनेछ भन्नेमा विश्वास व्यक्त गर्नुभयो। उहाँले तालुक मन्त्रालयका संस्कृति महाशाखा प्रमुख डा.सुरेश सुरश श्रेष्ठज्यूलाई आभार प्रकट गर्दै राष्ट्रको पहिचान तथा अस्तित्वसँग जोडिएको निकै संवेदनशील विषय संस्कृतिको वकालत गर्ने निकाय संस्थान नीतिगत समस्याले ग्रस्त हुँदा समेत यसलाई चलायमान बनाउँदै औचित्य पुष्टि गरेको तर्फ जोड दिँदै निकायगत स्थायित्व सहितको निरन्तरता र सिर्जनशील कला मार्फत संस्कृतिको प्राण भर्ने यी संस्थानका सिर्जनशील प्राणीहरूको वृत्ति विकास हुने गरी नीतिगत प्रणालीको विकास हुनु अपरिहार्य रहेकाले तालुक मन्त्रालयको विशेष ध्यानाकर्षण हुनुपर्ने बताउनु भयो। साथै जेन जी पुस्ताका विद्यार्थी भाइबहिनीहरूलाई अनुरोध गर्दै संस्कृति बिना कुनै पनि उद्देश्य हासिल गर्न असम्भव रहेकाले राष्ट्रियताको दृष्टिकोणबाट संस्कृति भन्नु नै नेपाल आमा भएकाले संस्कृतिको चिन्तन गर्दै संस्कृति मार्फत समृद्ध राष्ट्र निर्माण गर्ने म्यान्डेडमा केन्द्रित रहन अपिल गर्नुभयो।"



कार्यक्रम सञ्चालन संस्थानका कलाकार श्री दुर्गा प्रसाद खतिवडाज्यूले गर्नुभएको थियो भने कार्यक्रमको संयोजन संस्थानका कार्यक्रम तथा योजना शाखा प्रमुख श्री रेखा कुमारी कटुवाल श्रेष्ठज्यूले गर्नुभएको थियो। विभिन्न





सामुदायिक विद्यालयका कक्षा १२ मा अध्ययनरत विद्यार्थी तथा दर्शकहरूको बाक्लो उपस्थिति रहेको थियो ।





# नेपाली शास्त्रीय संगीतको संस्कृति निर्माणार्थ अन्तरक्रिया कार्यक्रम सम्पन्नः सांस्कृतिक संस्थान

१७ पुस २०८२ काठमाडौँ ।

सांस्कृतिक संस्थानले विगतदेखि नै सांस्कृतिक पर्व वसन्त पञ्चमी तथा सङ्गीत/विद्याकी देवी सरस्वती पूजाको अवसरमा आयोजना गर्दै आएको वसन्त शास्त्रीय सङ्गीत उत्सवलाई नेपाली शास्त्रीय सङ्गीतको संस्कृति निर्माणार्थ प्रभावकारी ढंगले नयाँ शिराबाट प्रदर्शन गर्ने उद्देश्यका साथ अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ। संस्थानको आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम अन्तर्गत समावेश गरिएको उक्त क्रियाकलापलाई व्यावहारिक बनाउन संस्थानको सेमिनार हलमा सो अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको हो । संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूको अध्यक्षतामा शास्त्रीय सङ्गीत क्षेत्रका दिग्गज धरोहरदेखि अनुजसम्मका व्यक्तित्वहरूको उपस्थितिमा सो कार्यक्रम सम्पन्न गरिएको हो ।



कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले भन्नुभयोः- “शास्त्र हराए संस्कार हराउँछ, संस्कार हराए संस्कृति हराउँछ, संस्कृति हराए राष्ट्र हराउँछ, राष्ट्र हराए मानवको अस्तित्व हराउँछ” भन्ने नेपाली जनमानसमा प्रचलित कथनबाट के प्रष्ट हुन्छ



भने शास्त्रबाट प्राप्त ज्ञानले संस्कार (आचरण) को जग बसाल्छ, संस्कारले हाम्रो जन्मदेखि मृत्यु पर्यन्त संस्कृतिलाई बचाउने चिन्तनको विकास गर्छ, संस्कृतिले राष्ट्रको अस्तित्व बचाउँछ, राष्ट्र बाँचेपछि मात्र मानव जातिको अस्तित्व रहन्छ । संस्कृति हराएमा मानवको अस्तित्व नै मेटिने भएकाले उक्त प्रचलित उक्तिबाट नेपाली समाजमा संस्कृति जोगाउन प्रेरित गर्ने एउटा महत्वपूर्ण सन्देश सम्प्रेषण हुने गर्दछ। संस्कृति हराउनु भनेको मानिस अविवेकी बन्नु हो । संस्कृतिबाट नै परिवार, समाज र राष्ट्र गतिशील भएको हुन्छ । संस्कृति बिना मानिस जंगली जनावरभन्दा पनि तल्लोस्तरको बन्न पुग्दछ। सभ्य संस्कृतिबाटै समाज सुसंस्कृत बन्दछ । मानव जातिको उत्पत्तिकालदेखि हालसम्म जीवन यापन गर्ने क्रममा जन्मदेखि मृत्यु पर्यन्त अङ्गीकार गरेका क्रियाकलापहरू मार्फत विभिन्न चरणहरूमा संस्कृति निर्माण भए, सोही संस्कृतिले नै राष्ट्रिय तथा मानवीय अस्तित्व बचाउँदै ल्यायो। यसर्थ संस्कृति शास्त्र सम्मत हुने तथा संस्कृतिले नै शास्त्रीय मूल्यमान्यतालाई जीवन्त बनाउने भएकाले नेपाली शास्त्रीय सङ्गीतको संस्कृति निर्माण नै आधारभूत शर्त जस्तो मलाई लाग्छ । यस्तो संस्कृति निर्माण गरौं

कि बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी साझा अस्तित्व कायम रहोस्, संस्कृति निर्माण पश्चात् नै हरनेपालीले स्वीकार्न सक्ने नेपालीपन भएको शास्त्रीय सङ्गीत विधाको विकास हुन्छ। नेपाली शास्त्रीय सङ्गीतको संस्कृति निर्माणको लागि आधारभूत शर्त नवजागरण नै हो। यस आ.व.को वसन्त शास्त्रीय सङ्गीत उत्सव, २०८२ मार्फत नेपालीहरू माझ नेपाली शास्त्रीय सङ्गीतको संस्कृति निर्माण हुने किसिमको नेपालीमन तथा नेपालीपन भएको सिर्जनशील शास्त्रीय प्रस्तुतिहरू प्रस्तुत गरी नवजागरण प्रवाह गरौं। विद्वत् वर्गहरूको प्रभावकारी सल्लाह सुझावको अपेक्षा गर्दछौं। हामी सबै विधाका कलाकार एक भएर राज्यसँग अधिकारका लागि जुट्नुपर्थ्यो तर विडम्बना हामी आफ्नै कलाकारको चियो चर्चो गर्दै अभ्यस्त भएका छौं फलानो यस्तो फलानो उस्तो, सबै विधाको एकाकारका लागि धेरै चुनौतिका पहाडहरू छिचोल्नु पर्नेछ। त्यसको आधार भनेको हरेक विधाको आन्तरिक एकता पूर्व शर्त हो। तसर्थ शास्त्रीय विधाका कलाकारमा एकता, सामूहिकता, एक-अर्काको अस्तित्व स्वीकार्ने साझा आवाज प्रवाह हुने संस्कृति निर्माण गरौं। कलाकारको प्रमुख समस्या नीतिगत हो। हामी कलाकार भन्ने नचाहिँदो क्षणिक मानमर्यादामा अभ्यस्त हुँदा देखावटी क्षणिक मानसम्मानले उपभोग्य साधनको रूपमा विगतदेखि आजसम्म प्रयोगका साधन भएका छौं। अब संकीर्ण सोचबाट माथि उठौं। उच्चकोटिको कला तथा कलालाई नीतिगत मार्गनिर्देशन गर्ने शास्त्रीय विधा र त्यसलाई पूजन गर्ने कलाकार मिलेर सबै नेपालीले आफ्नोपनको आभास सहित अङ्गीकार गर्ने सभ्य नेपाली शास्त्रीय सङ्गीतको संस्कृति निर्माणका लागि गोलबद्ध हुन आह्वान गर्दछु। हामीले नेपाली समाजमा प्रचलित सम्पूर्ण विधालाई समान रूपमा विकास गर्ने हेतुका साथ शास्त्रीय सङ्गीत विधालाई पनि विशेष प्राथमिकतामा राखेका छौं। यसर्थ यी कार्यक्रमको निरन्तरताको लागि संस्थानको वार्षिक नीति तथा कार्यक्रममा समावेश गरी वसन्त शास्त्रीय सङ्गीत उत्सवका अलावा गत आ.व.देखि नेपाली उपशास्त्रीय सङ्गीत समारोह (कोड नं.२२५५०) को पनि थालनी गरेका छौं। वर्तमान नेतृत्व र संस्थान परिवारको तर्फबाट नेपाली शास्त्रीय सङ्गीतको विकासका लागि प्रतिबद्धता व्यक्त गर्दछौं।"





कार्यक्रमा शास्त्रीय सङ्गीतका दिग्गज धरोहरदेखि अनुजसम्मका व्यक्तित्वहरूले प्रस्तुत गर्नुभएका धारणाहरूः



वरिष्ठ शास्त्रीय सङ्गीतक साधक तथा नेपाली शास्त्रीय सङ्गीतका शास्त्री श्री श्रीराम आचार्यज्यूले "स्वरहरू



उत्पत्ति विषयदेखि शास्त्रीय सङ्गीतको विकासक्रम बारे प्रष्ट पार्नुहुँदै मौलिकपन सहितको नेपाली शास्त्रीय सङ्गीतको विकासका लागि आफूले विगतदेखि नै पहल गर्दै पुस्तकहरू प्रकाशन गरेको बताउनुहुँदै संस्थानले आफूले चाहेजस्तो कदम चालेको प्रति आभार प्रकट गर्नुभयो । उहाँले हाम्रो सात प्रदेशका मौलिक संस्कृति नै रागमय भएकाले यसको पहिचान गर्नुपर्ने, राग पहाडीमा नेपाली लोकसङ्गीतको जग अडेकाले शास्त्रीय विधिसम्मत नेपाली लोकसङ्गीत छ भन्ने कुरा खोज गर्नुपर्ने, नेपाली शास्त्रीय सङ्गीतमा जनताका गीतहरूलाई पनि समेट्ने कार्यको थालनी गर्दै देशको पहिचानयुक्त राग पशुपतिनाथ, राग सगरमाथा आदि निर्माण गरेको बताउनुभयो । साथै वि.सं.२०१६ सालदेखि पटना विश्वविद्यालको पाठ्यक्रमलाई आधारित बनाएर नेपालमा सङ्गीत शिक्षा पद्धतिको सुरुवात गरिएको, सोही पाठ्यक्रम हालसम्म लागू भएकाले तुरुन्तै परिष्कृत गरी नेपालीपन भएको सङ्गीतको पाठ्यक्रम लागू गर्नतर्फ सबैले ध्यानाकर्षण गर्नुपर्ने बताउनुभयो ।"



वरिष्ठ शास्त्रीय गुरु श्री धन बहादुर गोपालीज्यूले "नेपाली शास्त्रीय सङ्गीतको विकासका लागि नौलो प्रकारको कार्यक्रम गरेकोमा संस्थानलाई आभार प्रकट गर्नुहुँदै रागको सौन्दर्य पक्षलाई मध्यनजर गरी नेपालीपन भएका बन्दीशहरू बनाउन सिर्जनशीलताको प्रयोग गर्न सबैलाई आह्वान गर्नुभयो । आफूले पुस्तक प्रकाशन गर्दा धार्मिक शब्दमात्रै रागमा हुन्छन् भन्ने भ्रमलाई चिर्दै मायाप्रीतिका शब्दहरू अधिकांश प्रयोग गरेकाले त्यसबाट युवाको राग गायनप्रति आकर्षण बढेको बताउनुभयो । साथै नेपाली शास्त्रीय सङ्गीतको संस्कृति निर्माणका लागि युवा आकर्षणको पक्षलाई जोड दिनुपर्ने बताउनुभयो ।"



वरिष्ठ उपशास्त्रीय गायिका श्री सङ्गीता प्रधान रानाज्यूले "नेपाली शास्त्रीय सङ्गीतको संस्कृति निर्माण हुनुपर्छ भन्ने पक्षमा पहिलेदेखि आफू प्रतिबद्ध रहेकाले सोही मर्म अनुकूलको कार्यक्रम आयोजना गरेकोमा संस्थानलाई आभार प्रकट गर्नुहुँदै नेपाली शब्द सहितको ठूमरी गायनलाई अगाडि बढाएकोमा अहिले गर्व महसुस हुने बताउनुभयो । नेपाली संस्कृति समेटेर बन्दीशहरू निर्माण गरी शास्त्रीय परम्परालाई शिरोपर गर्दै प्रस्तुत गर्ने प्रचलन सुरुवात गर्नुपर्ने बताउनुभयो ।"

वरिष्ठ साधक डा.रमेश पोखेलज्यूले "नेपाली शास्त्रीय सङ्गीतको संस्कृति निर्माणका लागि सान्दर्भिक कार्यक्रम आयोजना गरेकोमा संस्थान प्रति आभार प्रकट गर्दै संघीय राजधानीमा मात्रै केन्द्रीकरण नभई सातैप्रदेशका मुख्य स्थलहरूमा र पर्यटकीय स्थलहरूमा विदेशी



पर्यटक सहितको नेपाली शास्त्रीय सङ्गीतको जागरणमैत्री कार्यक्रम प्रस्तुत गर्नुपर्ने बताउनुभयो । नेपाली शास्त्रीय सङ्गीतलाई नीतिगत ढंगले लैजानुपर्ने तथा नयाँ पुस्तालाई शास्त्रीय सङ्गीतको गरिमा बारे ज्ञान बोध गराउनुपर्ने गरी सप्ताहव्यापी नेपाली शास्त्रीय महोत्सव प्रदर्शन गर्नुपर्ने बताउनुभयो ।"



ललितकला केन्द्रीय विभाग प्रमुख डा.अन्जु उप्रतीज्यूले "संस्थानले नेपाली शास्त्रीय सङ्गीतको संस्कृति निर्माणका लागि गरेको कार्यक्रम सान्दर्भिक लागरै यसप्रकारको कार्यक्रममा पहिलोपटक उपस्थित रहेको बताउनुभयो । उहाँले वसन्त शास्त्रीय उत्सवलाई एक दिवसीय होइन कम्तीमा दुईदेखि तीन दिवसीय बनाउनुपर्ने धारणा राख्नुभयो ।"

ललितकला केन्द्रीय विभागका प्राध्यापक श्री गोकुल लिम्बुज्यूले "संस्थान प्रति आभार प्रकट गर्नुहुँदै नेपाली सङ्गीतका हरेक विधाहरूको विकासका लागि खोज



नपुगेकोले त्यतातिर ध्यानाकर्षण गर्नुपर्ने जरुरी रहेको बताउनुभयो । उहाँले शास्त्रीय सङ्गीतको अपनत्व लिने चिन्तनको विकास नभएको प्रति दुःख व्यक्त गर्दै सम्पूर्ण शास्त्रीय साधकहरूले संकीर्ण चिन्तन त्याग्दै शास्त्रीय सङ्गीतका कार्यक्रममा सहभागी हुने बानी बसाल्न आह्वान गर्नुभयो । साथै वसन्त शास्त्रीय सङ्गीत उत्सवमा संस्थागत प्रतिनिधित्व हुने गरी जिम्मेवारी प्रदान गर्नुपर्ने, नेपाली लोकसङ्गीतका शास्त्रीय पक्षलाई खोज गरी नेपाली शास्त्रमा आधारित शास्त्रीय संस्कृतिको विकास गर्नुपर्ने बताउनुभयो ।"



वरिष्ठ साधक श्री चण्डीप्रसाद काफ्लेज्यूले "संस्थान प्रति आभार प्रकट गर्दै नेपाली संस्कृतिलाई झल्काउने किसिमका शब्दहरू प्रयोग गरी नेपाली शास्त्रीय सङ्गीतलाई प्रस्तुत गर्ने शैली ल्याउनुपर्ने बताउनुभयो । पाठ्यक्रम निर्माणमा विशेष ध्यान दिई मौलिक संस्कृतियुक्त शास्त्रीय पद्धतिको विकास गर्न सकिने बताउनुहुँदै शास्त्रीय सङ्गीतको रोग





एकले अर्कालाई स्वीकार्न नसक्ने प्रणालीको अन्त्य गरी शास्त्रीय सङ्गीतको विकासमा लाग्नुपर्ने बताउनुभयो।"

वरिष्ठ साधक एवम् ललितकला केन्द्रीय विभागका प्राध्यापक श्री श्री केसीज्यूले "संस्थान प्रति आभार प्रकट गर्नुहुँदै सङ्गीतको विश्वभाषा हुने भएकाले यसलाई कुनै परिधिभित्र बाँध्न नसकिने तर नेपालीपन भएको शास्त्रीय सङ्गीतको विकास अपरिहार्य भएकाले चरिया, डाफा जस्ता नेपाली शास्त्रीय सङ्गीत हुन् भनेर पहिचान गरी सोही बमोजिम स्थान दिनुपर्ने धारणा राख्नुभयो।"

वरिष्ठ वाद्यवादक श्री जीवन आलेज्यूले "संस्थान प्रति आभार प्रकट गर्नुहुँदै नेपाली शब्द सहित गायन, वादनमा पनि नेपालीपन ल्याउनुपर्ने धारणा राख्नुभयो । नेपाली शास्त्रीय सङ्गीतको विकासका लागि यस क्षेत्रमा लागेका व्यक्ति/संस्थाले नै नेपालीपनलाई प्राथमिकता दिनुपर्ने बताउनुभयो।"

युवा साधक श्री हेमराज पुन (आश्रम)ज्यूले "नेपाली शास्त्रीय सङ्गीतको संस्कृति निर्माण शीर्षकले नै अत्यन्तै लोभ्याएको तर्क गर्नुहुँदै संस्थान प्रति आभार सहित नेपाली शास्त्रीय साधकहरूमा सहिष्णुताको खडेरी लागेको बताउनुभयो । उहाँले शास्त्रीय सङ्गीतका साधकहरूमा धार्मिक भावना, सांस्कृतिक भावनाले प्रभावित पार्ने भएकाले एकअर्काको अस्तित्वलाई नस्वीकार्ने प्रथा हाबी भएकाले सबैले स्वीकार्ने नेपाली शास्त्रीय सङ्गीतको संस्कृति निर्माण गर्नुपर्ने बताउनुभयो।"

कार्यक्रममा श्री प्रतीक ढकाल ज्यू, श्री विकासनाथ योगी ज्यू, श्री नगेन्द्र राई ज्यू, श्री उमेश खड्का ज्यू, श्री यतिराज अधिकारी ज्यू र श्री माधव पाण्डेज्यूले पनि आ-आफ्ना सान्दर्भिक भनाई राख्नुभएको थियो।

कार्यक्रम सञ्चालन संस्थानका वाद्यवादन संयोजक श्री दुर्गाप्रसाद खतिवडाज्यूले गर्नुभएको थियो भने कार्यक्रमको संयोजन कार्यक्रम तथा योजना शाखा संयोजक श्री रेखा कुमारी कटुवाल श्रेष्ठज्यूले गर्नुभएको थियो।





# ई–बुकिङ नेपालको औपचारिक समुद्घाटन समारोह सांस्कृतिक संस्थानको प्रस्तुतिसँगै सम्पन्न




२९ पुस २०८२, काठमाडौं ।

नेपालका लागि पर्यटनका मुख्य तीन आधार सांस्कृतिक पर्यटन, प्राकृतिक पर्यटन र साहसिक पर्यटनलाई एकीकृत गरी डिजिटल युगसँगै 'हरेक यात्रा-एउटै प्लेटफँम' भन्ने मूल भावका साथ "पर्यटन प्रविधि सम्बन्धी सेवा प्रवाह" केन्द्रित ई-बुकिङ नेपालको औपचारिक समुद्घाटन भएको छ ।

सञ्चार तथा सूचना प्रविधि मन्त्री माननीय श्री जगदीश खरेलज्यूको प्रमुख आतिथ्यता सो कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा सांस्कृतिक संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुन ज्यू लगायतको विशिष्ट आतिथ्यता रहेको थियो । नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत संस्कृति र पर्यटन सम्बन्धी ज्येष्ठ निकायद्वय सांस्कृतिक संस्थान र नेपाल पर्यटन बोर्डको सो कार्यक्रममा ऐक्यबद्धता रहेको थियो ।

सांस्कृतिक पर्यटनको विकासका लागि संस्कृतिलाई प्रविधिमैत्री ढंगले डिजिटल उत्पादनमा जोड्ने सांस्कृतिक संस्थानको दीर्घकालीन सोच अनुरूप संस्थानका





कलाकारद्वारा सात प्रदेशको प्रतिनिधित्व हुने गरी मौलिक सांस्कृतिक प्रस्तुति सहित संस्थानले ऐक्यबद्धता प्रकट गरेको हो ।



प्रविधिमैत्री क्रियाकलाप मार्फत नेपाली संस्कृतिलाई उत्पादनसँग जोड दिई आन्तरिक एवम् बाह्य पर्यटन प्रवर्द्धनमा टेवा पुर्याउने नीति तथा कार्यक्रममा ई-बुकिङ नेपालसँग निरन्तर सहकार्य गर्ने सांस्कृतिक संस्थानले प्रतिबद्धता प्रकट गरेको छ ।






# नेपाल मगर संघद्वारा आयोजित "माघे सकराती, २०८२" सांस्कृतिक संस्थानको सहकार्यमा सम्पन्न





१ माघ २०८२, टुडिँखेल, काठमाडौँ ।

नेपाल मगर संघ केन्द्रीय समितिको आयोजना र नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत संस्कृति सम्बन्धी ज्येष्ठ निकाय सांस्कृतिक संस्थान लगायतका संस्थाको सहकार्यमा काठमाडौँको टुँडिखेलमा माघे सकराती २०८२ शुभकामना आदानप्रदान कार्यक्रम भव्यताका साथ सम्पन्न भएको छ ।

सांस्कृतिक संस्थानको आ.व.२०८२/८३ को नीति तथा कार्यक्रम अन्तर्गत रहेको सांस्कृतिक पर्व माघे संक्रान्ति विशेष कार्यक्रमलाई संस्थानले नेपाल मगर संघसँग सहकार्य गरेको हो । नेपाल सरकारका सम्माननीय प्रधानमन्त्री शुशीला कार्कीज्यूको प्रमुख आतिथ्यता, सञ्चार तथा सूचना प्रविधि मन्त्री माननीय श्री जगदीश खरेल ज्यू, सांस्कृतिक संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुन ज्यू, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका संस्कृति महाशाखा प्रमुख श्री सुरेश सुरश श्रेष्ठ ज्यू, राष्ट्रिय सभा सदस्य मा.श्री सुरेश कुमार आले मगर ज्यू, अन्तर्राष्ट्रिय मगर महासंघका अध्यक्ष श्री नविन रोका मगर ज्यू लगायतको विशिष्ट आतिथ्यता रहेको थियो । कार्यक्रमका सभाध्यक्ष नेपाल मगर संघ केन्द्रीय समितिका अध्यक्ष श्री ज्ञानेन्द्र पुन मगर ज्यू, कार्यक्रम सञ्चालक महासचिव श्री टेक बहादुर नाम्जाली मगर ज्यू, स्वागत मन्तव्य सहअध्यक्ष गंगा बहादुर थापा मगरज्यूले राख्नुभएको थियो । कार्यक्रममा मगर समुदाय तथा गैर-मगर समुदायको करिब २५ हजार भन्दा बढी सहभागिता रहेकोथियो ।

प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्रीज्यूले राख्नुभएको मन्तव्यः

"वर्तमान मुलुकको विशिष्ट परिस्थितिमा अझ बढी एकता, सहकार्य र आपसी विश्वासको खाँचो रहेकाले सांस्कृतिक चाडपर्वले त्यसलाई विशेष भूमिका निर्वाह गर्ने बताउनु हुँदै माघ १ गतेलाई माघी, मकर संक्रान्ति र माघे सकराती जस्ता विभिन्न नामले यो पर्व मनाइरहेका छौं । नाम फरक





भएपनि यसको आत्मा एउटै हो । यी पर्वहरूले हामी नेपाली बीच आपसी प्रेम, सद्भाव, सहिष्णुता र एकताको भावना मजबुत बनाउँदै आएका छन् । माघे सकरातीले हामी सबैलाई एकताबद्ध भएर शान्ति, स्थायित्व र समृद्धि तर्फ अघि बढ्न प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछु। मौलिक संस्कृति र परम्पराको संवर्द्धन गर्दै यसलाई पर्यटनसँग पनि जोड्नु पर्दछ । विश्वले नेपाललाई हेर्ने मुख्य कारण दुईवटा छन् हाम्रो अनुपम प्राकृतिक सौन्दर्य र यहाँ बसोबास गर्ने विविध जातजातिको समृद्ध संस्कार, संस्कृति र जीवनशैली। प्रकृति र संस्कृति यी दुवै कुरालाई हामीले पर्यटनसँग जोड्नुपर्छ। बहुजातीय र बहुसांस्कृतिक राष्ट्रको रूपमा हामीले हरेक समुदायको पहिचानलाई सम्मान गर्दै त्यसलाई पर्यटनको अभिन्न अंगका रूपमा विकास गर्न आवश्यक छ । समावेशी विकास नै दिगो विकास हो भन्ने मान्यतामा सरकार दृढ रहेको छ। हाम्रा संस्कृति र परम्परा पनि प्रकृतिसँग अभिन्न रूपमा गाँसिएको छ। नेपाली समाज मूलतः प्रकृति प्रेमी र प्रकृतिवादी हौं। हामी प्रकृतिलाई भगवान् मानेर पूजा गर्छौं। प्रकृतिको लय अनुसार आफ्ना आचार-व्यवहार र जीवनशैली निर्धारण गर्छौं। उधौली-उभौलीदेखि माघे सकरातीसम्मका पर्वहरू प्रकृतिसँग हाम्रो गहिरो सम्बन्धका जीवन्त उदाहरण हुन्। वि.सं.२०६५ सालमा नेपाल सरकार ले माघे संक्रान्ति पर्वलाई मगरहरूको राष्ट्रिय मौलिक चाडका रूपमा मान्यता दिई यस पर्वको अवसरमा सार्वजनिक बिदा दिँदै आएको पनि स्मरण गर्नुहुँदै यो पर्वको संरक्षणका लागि नेपाल सरकारको तर्फबाट प्रतिबद्धता व्यक्त गर्नुभयो।"





सो कार्यक्रममा नेपाल मगर संघका सहअध्यक्ष गंगा बहादुर थापा मगरज्यूले स्वागत मन्तव्य राख्नुहुँदै मगर समुदायका मौलिक चाड माघे संक्रान्ति मगर समुदायको प्रमुख चाड भएकाले यसको संरक्षणका लागि नेपाल सरकारको विशेष ध्यानाकर्षण गर्नुभयो । उहाँले मगर समुदाय संस्कृतिको धनी भएकाले नेपाल सरकारले सूचीकरणमा पनि विशेष प्राथमिकता दिनुपर्ने माग राख्नुहुँदै टुँडिखेलमा माघे सकराती मनाउने मगर समुदायको प्रमुख हक लाग्ने तर्फ जोड दिँदै यहाँ मनाउन नदिन विभिन्न प्रयास भएकाले खबरदारी समेत गर्नुभयो।







सञ्चार तथा सूचना प्रविधि मन्त्री माननीय श्री जगदीश खरेलज्यूले मगर समुदाय विशेष राष्ट्रिय सांस्कृतिक पर्वका रूपमा माघे संक्रान्तिलाई नेपाल सरकारले मान्यदा दिइसकेकाले अव यसको प्रवर्द्धनका लागि सबै एक भई लाग्नुपर्ने बताउनुहुँदै देशको विशेष परिस्थितिले युवाको नेतृत्व चाहेकाले मगर युवाहरूले यस्ता पर्वको संरक्षण गर्न नेतृत्व गर्नुपर्ने बताउनुभयो । राष्ट्रिय सभा सदस्य मा.सुरेश आले मगरज्यूले शुभकामना मन्तव्य राख्नुहुँदै मगर समुदायको पहिचान सहितको अधिकार र माघे सकराती जस्ता मौलिक चाडपर्वको संरक्षणका लागि राज्यसँग अझै पनि आन्दोलन जारी रहेकाले त्यस तर्फ एकाकार हुन सबैलाई आह्वान गर्नुभयो । अन्तर्राष्ट्रिय मगर महासंघका अध्यक्ष तथा नेपाल मगर संघका निवर्तमान अध्यक्ष श्री नविन रोका मगरज्यूले शुभकामना मन्तव्य राख्नुहुँदै मगर समुदायको सभ्यता सहितको संस्कृति संरक्षण तर्फ एक हुनुपर्ने, मगर समुदायको पहिचानको लागि संघर्ष गर्नुपर्ने तर्फ जोड दिनुहुँदै आदिवासी जनजाति मध्ये जनसंख्याको हिसाबले पहिलो स्थानमा रहेको मगर समुदाय भूमिको रक्षक भएकाले देश बचाउने तर्फ सदा एकबद्ध हुने तर देश जलाउनहरूसँग कहिले सम्झौता नगर्ने तर्फ विशेष ध्यानाकर्षण गराउनु भयो ।

नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका संस्कृति महाशाखा प्रमुख (सहसचिव) एवम् अभौतिक सांस्कृतिक सम्पदा सूचीकरणलाई नीतिगत हिसाबले अगाडि बढाउने प्रमुख नेतृत्वकर्ता श्री डा.सुरेश सुरश श्रेष्ठज्यूले शुभकामना मन्तव्य राख्नुहुँदै मगर समुदाय संस्कृतिको धनी हो भन्ने प्रमाण मगर समुदाय विशेष राष्ट्रिय सांस्कृतिक पर्व माघे संक्रान्तिभित्र प्रतिविम्बित अभौतिक सांस्कृतिक सम्पदाले पुष्टि गरेका छन् । उहाँले मगर समुदायको पहिचानको संरक्षण सहित समृद्धिका लागि नेपाल सरकारले पहिलोपटक सुरुवात गरेको अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण अभियानमा एकीकृत हुनु नै अनिवार्य आवश्यकता भएकाले सूचीकरण अभियानमा नवजागरण प्रवाह गर्नतर्फ जोड दिन नेपाल मगर संघ केन्द्रीय समितिलाई आह्वान गर्नुभयो । सूचीकरणका लागि सहजीकरण गर्न संस्कृति महाशाखादेखि तपाईंहरूकै भाइछोरा संस्कृति प्रति चिन्तन भएका व्यक्ति महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले नै नेतृत्व गर्नुभएको सांस्कृतिक संस्थानदेखि मन्त्रालयका संस्कृति सम्बन्धी सबै निकायले साथ दिने समेत बताउनुभयो ।






कार्यक्रममा चेली पूज्ने संस्कृतिदेखि विभिन्न अभौतिक सांस्कृतिक सम्पदाहरू प्रदर्शन गरिएको थियो भने सांस्कृतिक संस्थानका कलाकारहरूको विशेष प्रस्तुति रहेको थियो । सम्माननीय प्रधानमन्त्री शुशीला कार्कीज्यूले मगर माघे सकराती पर्व विशेषको मौलिक अभौतिक सांस्कृतिक सम्पदा धनुकाँड (तारो हान्ने) खेल र भूमे पर्वको अनुष्ठान ध्वजा टंगाई गरिने पूजामा स्वयं सहभागी भई कार्यक्रम समुद्घाटन गर्नुभएको थियो ।

कायक्रममा सांस्कृतिक संस्थानले आफ्नो अभिभारा बमोजिम मौलिक सांस्कृतिक चाडपर्वको संरक्षणका लागि सहकार्य गरेकोमा सञ्चार तथा सूचना मन्त्री माननीय श्री जगदीश खरेलज्यूको हातबाट संस्थानलाई कदर पत्र प्रदान गरिएको थियो ।

कार्यक्रमका सभाध्यक्ष नेपाल मगर संघ केन्द्रीय समितिका अध्यक्ष एवम् आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका सदस्य सचिव श्री ज्ञानेन्द्र पुन मगरज्यूले कार्यक्रम सम्पन्न गर्न साथ दिनुहुने प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथि, सम्पूर्ण सहकार्यात्मक संस्था, मगर संघका भातृ संस्था लगायत उपस्थित सम्पूर्ण जनमनलाई आभार प्रकट गर्दै मगर समुदायको प्रमुख सांस्कृतिक चाड माघे संक्रान्तिलाई संरक्षण गर्न सबै एक हुनुपर्ने बताउनुहुँदै मगर समुदायका अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण गर्न सबै आ-आफ्नो ठाउँबाट लाग्न आह्वान गर्नुभयो ।

माघे संक्रान्तिलाई मगर समुदायले माघे सकराती, माघ्या सकराटी, माघे संकराई आदि नाम दिएर मनाउने गरेको छ। मगर समुदायले माघे सकरातीलाई आदिवासी मुलवासी भएको प्रतीकका रूपमा सिकारी युगको झल्को दिने संस्कृति तथा कृषि युगको सुरुवात भएको झल्को दिने संस्कृति समेत प्रदर्शन गर्ने गर्दछ । यस पर्वलाई विभिन्न जातिले फरकफरक नाम दिएको पाइन्छ, जस्तैः मगर जातिले माघे वा माघ्या, थारु जातिले माघी । मगर, थारू लगायत थुप्रै जनजातिले विशेष रूपमा मनाउने



माघे संक्रान्ति पर्वलाई नेपालको हिमाल, पहाड, तराई एवम् सातै प्रदेशमा बसोबास गर्ने सबै जाति एवम् सम्पूर्ण नेपालीले आ-आफ्नो परम्परा अनुसार मनाउने गरेको पाइन्छ। ज्योतिषशास्त्र अनुसार सूर्यले धनु राशिबाट मकर राशिमा प्रवेश गर्ने हुनाले यस पर्वलाई मकर सङ्क्रान्ति भनिन्छ । सूर्यको उदय बिन्दू दक्षिणदेखि उत्तरतर्फ सर्ने भएकोले यस दिनबाट उत्तरायण सुरू हुन्छ । उत्तरायणको अवधिमा तुलनात्मक रूपमा दिन लामा हुने र तापक्रममा बृद्धि भई विस्तारै गर्मी मौसमको प्रारम्भ हुने गर्दछ। माघे संक्रान्तिका दिन विशेष गरी तरुल, पिँडालु, सेल रोटी, खिचडी, खुँदो, चिउरा, घिउ, चाकु लगायत विभिन्न परिकार खाने गरिन्छ। धार्मिक र सांस्कृतिक मात्र नभई वैज्ञानिक दृष्टिकोणबाट पनि यस पर्वको महत्त्व रहेको छ। माघेसंक्रान्ति जनजातिसँग विशेष सम्बन्ध राख्ने पर्व भएकोले यसबाट राष्ट्रिय एकता र सद्भावको सन्देश सम्प्रेषण हुने गरेको पाइन्छ। डा.मीन श्रीस मगरका अनुसार मगर संस्कृति अनुसार वर्षायाममा लगाइएको बालीनाली हिउँदयाममा पाक्छ । नयाँ अन्नबाट बनाइएको खिचडी, सेलरोटी, बारा आदि परिकार बनाइन्छ । तरुल, पिँडालु जस्ता परिकार पनि बनाइन्छ। मगरहरूले चेली सत्कारको पर्व वा चेली पूज्ने पर्वका रूपमा माघे सकरातीलाई लिने गरेको छ। माघेसंक्रान्तिका बेला चेलीबेटीलाई निम्तो गरेर मीठो खानेकुरा खुवाउने र टीका लगाई दिएर दक्षिणा दिने चलन छ । यसले दाजुभाइ र दिदीबहिनीका बीचमा प्रेम, सद्भाव, विश्वासको वातावरण तय गर्ने एउटा महत्वपूर्ण पर्वका रूपमा रहेको छ। यस चाडमा दाजुभाइले बिहे गरेर गइसकेका दिदीबहिनीलाई निम्ता दिन्छन्। माइत आएका दिदीबहिनीले सकरातीको दिन बिहानै नुहाइ धुवाई गरेर पँधेराबाट ल्याएको चोखो पानी र जौको जमराले घरको धुरीखाँबो पूज्ने गरिन्छ । त्यसपछि चेलीहरूलाई दाजुभाइले चामलको सेतो टीका र जौको जमरा लगाई




दिएर दक्षिणासँगै मिम्रा दिने गर्छन् । छोरीचेलीलाई दिइने तरुल, गिठा, भ्याकुर, पिँडालु, रोटी, खिचडी लगायतको परिकारलाई मिम्रा भनिन्छ । मगर समुदायले वर्षभरीको समयलाई दुई भागमा विभाजन गरी माघे संक्रान्तिदेखि असार मसान्तसम्म उभेली र साउने संक्रान्तिदेखि पुस मसान्तसम्म उधेलीका रूपमा लिने गरेका छन् । उभेली सुरु हुनुलाई नै मगरहरूले नयाँ वर्ष आरम्भको मान्यता दिने गरेको पाइन्छ । त्यसैले माघे सकरातीलाई मगर समुदायले नयाँ वर्षको रूपमा समेत मनाउने गरेको पाइन्छ । मगर संस्कृतिमा माघे संक्रान्तिको बेला तारो हान्ने खेल खेलिन्छ । प्रतियोगिता जित्नेलाई विभिन्न पुरस्कार दिइन्छ । पहिले पहिले तारो हान्ने खेल जितेर सालीलाई विवाह गर्ने समेत चलन थियो । कतिपय ठाउँमा तरुनीले तन्नेरीलाई निसाना बनाएर तारो हान्न चुनौती दिएर विवाह गर्ने शर्त राख्थे । तारो हान्ने बाजी जितेर विवाह भएका धेरै उदाहरण मगर समुदायमा पाइन्छ । तारो खेलले मगरहरू सिकारी जाति भएको संकेत दिन्छ । प्राचीन तथा मध्यकालमा बाबुबाजेले आफ्ना सन्तानलाई धनुकाँड चलाउन सिकाउने गरेको र कालान्तरमा त्यो खेलका रूपमा विकसित भएको पाइन्छ । सिकारी युगमा विभिन्न जनावरको सिकार गर्न र खतरनाक जनावरको आक्रमणबाट बच्न धनुकाँड चलाउने गरिन्थ्यो । धनुकाँड चलाउने सीप अघिल्लो पुस्ताले पछिल्लो पुस्तालाई सिकाउने चलन थियो । जुन माघे संक्रान्तिकै आसपासमा हुन्थ्यो । त्यसैकारण पछि आएर माघे सकरातीमा मगर समुदायमा खेलिने एउटा महत्त्वपूर्ण खेलका रूपमा यसको विकास भएको मान्यता छ ।

वरिष्ठ संस्कृतिविद् बम कुमारी बुढामगर (२०६५ः १७-३१) का अनुसार मगर जातिले परम्परागत रुपमा दुई वटा ऋतु मान्ने गर्दछन् । ती ऋतुलाई उधेली र उभेली भनिन्छ । दुईवटा ऋतु सावनदेखि पुषसम्म उधेली र माघदेखि असारसम्म उभेली ६/६ महिनाको दुई ऋतु मान्यता रहेको छ। किंवदन्ती अनुसार उधेली ऋतुमा गायन, वादन, नृत्यजस्ता संस्कृतिका रसहरू प्रदर्शन गर्न मिल्ने तर उभेली ऋतुमा प्रदर्शन नहुने मगर जनविश्वास रहेको छ । जव उधेली ऋतु सुरु हुन्छ, मगरहरूको प्रमुख बाजा मादल बाजा विधिवत रूपमा फुकाएर पूजा गरी बजाइन्छ । साउन १ गते साउने संकराई (साउने संक्रान्ति) का दिन भूमिको पूजा गरी मादल बाजा फुकाई ओखला पूजा गरी

गायन, वादन र नृत्यको शुभारम्भ गरिन्छ। उभेली ऋतुको सुरुवातसँगै माघ १ गते माघे संकराई (माघे संक्रान्ति) का दिन गायन, वादन र नृत्यजस्ता संस्कृतिका रसहरू प्रदर्शन गरी मगर बाजा मादललाई मान चाला बजाएर ध्वजा टंगाई विधिवत रूपमा बन्द गर्ने गरिन्छ। सहभागी कलाकारहरुको प्रतीकको रुपमा माघे संक्रान्तिको दिनमा व्याउली (पुतली) बनाएर जलाइन्छ। व्याउली (पुतली) जलाउने ठाउँमा युवतीहरुले वनभोजको आयोजना गरी दाजुभाइबाट विहानै खिञ्चरी भाग खाई वनभोजमा सामेल हुन्छन्। जहाँ उधेली ऋतुभरी ६ महिना सम्मको रसरङ्गको संस्मरण स्वरुपमा विधिवत रुपले नाच समापन गरीएको संस्कृति हो। जसलाई व्याउली हिप्न्या (पुतली पोल्ने) भनिन्छ। माघे सकराती मनाउने शैली र खानाका परिकारहरूका आधारमा यो चाडको विकास सिकारी युग (Hunting gathering age) मा भएको बुझिन्छ। माघे सङ्क्रान्तिमा धनुवाण खेल्ने, वनजंगलमा गएर तरुल, गिठा-भ्याकुर जस्ता कन्दमूल संकलन गर्ने परम्पराले सिकारी युगको झल्को दिन्छ भने बारीमा उम्रेका जौंका मुना (झोप्ल्यानी) उखेलेर पितृलाई चढाउने तथा मानिसले सिउरिने र दहीचामलको सेतो टीका लगाउने चलनले सिकारी युगबाट भर्खर कृषियुगमा प्रवेश गरेको समयलाई प्रतिविम्बित गर्दछ। रुकुमका मगरहरूले माघे सङ्क्रान्तिमा सिस्नो खेल्ने परम्पराले पनि सिकारी युगलाई नै संकेत गर्दछ। सिस्नोको जरा खान आएको बँदेललाई सिकार गर्ने क्रममा सिस्नोको झाङ हुँदै भागदौड हुने घटनालाई प्रतिविम्बित गर्न यो खेल वर्तमान समयमा मनोरञ्जनको माध्यम बनेको देखिन्छ। यसरी यी संस्कृतिबाट हेर्दा माघे सकरातीको प्रारम्भ मगर जातिबाटै भएको मान्न सकिने उहाँको तर्क छ।

मगर समाजमा माघे सङ्क्रान्तिलाई उभेलीको पहिलो चाड वा नयाँ वर्षको रूपमा मनाउने गरिएको पाइन्छ। मगरहरूले विशेषतः सांस्कृतिक चाडको रूपमा मनाउने गरेपनि कुलपितृको पूजा स्मरण गर्ने आफ्नै खाले धार्मिक विश्वास र मान्यता रहेको छ। मगर समाजमा हरेक चाडवाड एवम् संस्कारजन्य कार्यहरूमा सर्वप्रथम आफ्नै कुलपितृ र स्थानीय देवदेवीको आराधना गर्ने परम्परा रहेको पाइन्छ। माघे सङ्क्रान्तिको बिहानै स्नान गरी घर-आँगन सरसफाई गरेपछि कुलपितृलाई धूप, दीप, जल, ध्वजा र प्रसाद चढाएर सुख, शान्ति, सम्बृद्धि र सुस्वास्थ्यको निम्ति कामना गरिन्छ। डा.मीन श्रीस मगरका अनुसार बागलुङ गलकोट खुवाक्षेत्रका मगर हरूले पितृको नाउमा माघेको पातमा सुकुटी र घिउमा फुराएको चामल राखेर अगेनाको नजिक अम्टोमा र छानामा घुसार्ने गर्दछन्। गण्डकी प्रश्रवणक्षेत्रको मगर समाजमा माघेसक्रातिको विहानै घरमुलीले खोला वा पँधेरामा गएर स्नान गरी केराको पातमा एक/एक मुठी चामल र मासको दाल, अदुवाको टुक्रा, सिद्रा, फलफूल र जाँडरक्सी सात ठाउँमा राखेर धूपदीप सहित पितृलाई चढाउने चलन छ, जसलाई 'मुठी याहाके' (मुठी दिने) वा 'डी डाके' (पानी चढाउने) भनिन्छ। वरिष्ठ संस्कृतिविद् बम कुमारी बुढामगरका अनुसार रुकुम रोल्पाको मगर समाजमा छोरीचेलीहरूले बिहान स्नान गरी बारीमा उम्रेका जौंको झोप्ल्यानी (फूलको रूपमा प्रयोग गरिने जौंको पात) र दही चामलको सेतो टीकाले पँधेरो, धुरीखाँबो र अगेना पूजा गरी घर परिवारका सबै सदस्यहरूलाई टीका लगाइदिन्छन्। त्यसपछि छोरीचेलीहरूलाई मिसरा (चामल, तरुल, पिडालु, दाल र पैसा) दिइन्छ। माघे सङ्क्रान्तिका दिनमा गरिने यस प्रकारका रीथिथितिलाई मगर जातिको पितृ र प्रकृति पूजक धार्मिक परम्परा र मान्यताको रूपमा लिन सकिन्छ। माघे सकरातीको समयमा पिडालु, तरुल, अदुवा जस्ता कन्दमुलहरू एवम् मास, सिमी जस्ता गेडागुडी तयार हुने भएकाले नै मुख्य परिकारको रूपमा प्रयोग गरिएको पाइन्छ। माघे सकरातीमा तरुल खाएमा शरीरका रोगव्याधी पखालिने र वर्षभरी नै रोग नलाग्ने विश्वास पनि लिइन्छ।

# चौथो राष्ट्रिय कृषि जैविक विविधता दिवस सांस्कृतिक संस्थानको प्रस्तुतिसँगै सम्पन्न














१ माघ २०८२ काठमाडौं ।

कृषि तथा पशुपन्छी विकास मन्त्री माननीय श्री डा.मदन प्रसाद परियारज्यूको प्रमुख आतिथ्यतामा चौथो राष्ट्रिय कृषि जैविक विविधता दिवस, २०८२ सांस्कृतिक संस्थानका कलाकारद्वारा विशेष प्रस्तुति सहित मनाइएको छ । माघे सङ्क्रान्ति पर्वको अवसर पारी कृषि विभाग, बाली विकास तथा जैविक विविधता संरक्षण केन्द्रले माघ १ गते भृकुटीमण्डपको बगैचा परिसरमा कृषि विभागका महानिर्देशक प्रकाश सन्जेलको अध्यक्षतामा सो कार्यक्रमको आयोजना गरिएको छ ।

कार्यक्रममा माननीय मन्त्रीज्यूले कृषि जैविक विविधताको संरक्षण, उपयोग र प्रवर्द्धनमा युवाको सक्रिय सहभागिता अनिवार्य रहेको बताउनु भएको छ । कार्यक्रममा विभिन्न रैथाने बालिको प्रदर्शनी, रैथाने बालीका परिकारहरू, विभिन्न बालीका प्रजाति, स्थानीय उत्पादन लगायतको प्रदर्शनी गर्ने उद्देश्यले स्टलहरू राखिएका थिए । देशभर कृषि जैविक विविधताको महत्वबारे जनचेतना फैलाउने उद्देश्य सहित विभिन्न कार्यक्रम आयोजना गर्दै यस वर्षको राष्ट्रिय कृषि जैविक विविधता दिवस मनाइएको हो ।





# सांस्कृतिक संस्थान विशेष समारोह "वसन्त शास्त्रीय संगीत महा–उत्सव, २०८२" भव्यताका साथ सम्पन्नः सांस्कृतिक संस्थान





९ माघ २०८२, काठमाडौँ ।

सांस्कृतिक संस्थानको आयोजनामा सांस्कृतिक संस्थान विशेष समारोह "वसन्त शास्त्रीय सङ्गीत दुई दिवसीय महा-उत्सव, २०८२" भव्यताका साथ सम्पन्न गरिएको छ । सांस्कृतिक संस्थाने विगतदेखि नै सांस्कृतिक पर्व वसन्त पञ्चमी तथा सङ्गीत/विद्याकी देवी सरस्वती पूजाको अवसरमा आयोजना गर्दै आएको वसन्त शास्त्रीय सङ्गीत उत्सवलाई नेपाली शास्त्रीय सङ्गीतको संस्कृति निर्माणार्थ नयाँ शिराबाट सो महा-उत्सव आयोजना गरेको हो ।

संस्थानको आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम अन्तर्गत समावेश गरिएको उक्त क्रियाकलापलाई व्यावहारिक बनाउन संस्थानको सेमिनार हलमा संवत् २०८२ पुस १७ गते अन्तरक्रिया कार्यक्रम समेत सम्पन्न गरिएको थियो । संस्थानका अध्यक्ष श्री चन्द्र कुमार राई हतुवालीज्यूको सभाध्यक्षतामा ललितकला केन्द्रीय विभाग प्रमुख श्री डा.अञ्जु उप्रेतीज्यूको प्रमुख आतिथ्यता, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति माननीय श्री नारदमणी हार्तम्छालीज्यूको विशिष्ट आतिथ्यता, संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुन ज्यू, नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ श्री हिसन समाल ज्यू, संस्थान समिति सदस्य श्री पूजा श्रेष्ठ ज्यू, संयुक्त राष्ट्र संघ विकास कार्यक्रम राष्ट्रिय परियोजना प्रबन्धक श्री धर्मराज दवाडी ज्यू, शास्त्रीय सङ्गीतका धरोहरहरू श्री श्रीराम आचार्य ज्यू, श्री धन बहादुर गोपाली ज्यू, श्री मोहन प्रसाद जोशी ज्यू, श्री सङ्गीता प्रधान राना ज्यू, श्री डा.रमेश पोखरेल ज्यू, श्री गोकुल लिम्बु ज्यू, श्री श्री केसी ज्यू, श्री जीवन आले ज्यू, श्री मिलन-मिलेश तण्डुकार ज्यू, श्री सुदर्शन राजोपाध्याय ज्यू लगायत शास्त्रीय सङ्गीत क्षेत्रका दिग्गज धरोहरदेखि अनुजसम्मका व्यक्तित्वहरूको आतिथ्यता एवम् सहभागितामा सो महा-उत्सव सम्पन्न गरिएको हो ।

महा-उत्सव समुद्घाटन विशेष समारोहमा स्वागत सहित विशेष सम्बोधन गर्नुहुँदै महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले भन्नुभयो-



"आज मेरो लागि विशेष दिन, मैले पथभार ग्रहण गरेको दिन, मेरो कार्यकालको दुई वर्ष पुरा भएको दिन,२ वर्षे कार्यकालमा मैले देखेका, भोगेका कुराहरू विस्तार गर्ने हो भने त उपन्यास नै बन्छ होला । केही गर्नुपर्छ भन्ने हुटहुटी बोकेर प्रस्थान गरेको एउटा सच्चा प्राणीलाई यहाँ विचलित पार्न के कस्ता षड्यन्त्र, प्रपञ्च हुन्छन् ती कुराको विस्तार कुनै दिन उपन्यासमा लेख्ने धोको छ । सारमा भन्नुपर्दा केही गर्न सबैभन्दा पहिले सकारात्मक सोच सहित सम्बन्धित निकायको क्षेत्राधिकार पहिचान गरी सोही बमोजिम कर्तव्यनिष्ठ भई सत्कर्म गर्नु नै हो । नकारात्मक चिन्तनमा अभ्यस्त भएको निकायको परिवेशभित्र रहेर काम गरेर प्रतिफल दिनु निकै चुनौतीको विषय थियो । तर पनि मैले प्रण गरें कि म बिराउँदिन, डराउँदिन सुशासनको दियो बालेरै छोड्छु । मैले बारम्बार भन्दै आएको छु कि हर मानवका लागि संस्कृति सम्प्रेषण गर्ने पहिलो पाठशाला आमा हुन्, आमा नै संस्कृति हुन् जसले आफ्नो सन्ततिलाई सभ्य संस्कृति दिन्छिन्, यसर्थ राष्ट्रियताको दृष्टिकोणबाट हेर्ने हो भने संस्कृति भन्नु नेपाल आमा हुन् किनकी हरेक राष्ट्रको अस्तित्व संस्कृतिमै निहित हुन्छ । मलाई लाग्थ्यो यो संवेदनशील विषयको वकालत गर्ने निकाय सभ्य संस्कृतिमय छ होला, यहाँ कार्यत कर्मचारीहरू सुसंस्कृति छन् होला । तर विडम्बना मैले त्यसको उल्टो पाएँ । चरम बेथिति र नीतिगत त्रुटिले ग्रसित भई संस्थान मृत्युशैयामा छटपटाइरहेको थियो । त्यो छटपटाहटमा प्राण भर्ने भन्दापनि दोहन गर्नेहरूको हाबी







थियो। यस्तो बेथितिलाई अन्त्य गर्ने प्रण गर्नु आफैमा एउटा मूर्ख सपना थियो। तर मैले कर्तव्यनिष्ठ भई सुशासनको दिप जलाउने शंखघोष गरेँ। मैले बारम्बार गम्भीरतापूर्वक उठाउने प्रसङ्ग कि सिर्जनशील प्राणीहरूको मुख्य समस्या नै नीतिगत प्रणाली बुझ्न नसक्नु हो। नीतिगत प्रणालीको चेतना नहुँदाका परिणामः

क) राष्ट्रिय अस्तित्वसँग जोडिएको संस्कृति सम्बन्धीको संवेदनशील निकायमा कार्यरत सिर्जनशील कर्मचारी तथा नेतृत्व नीतिगत हिसाबले स्पष्ट हुन्थे भने भवन निर्माणार्थ नेपाल सरकारबाट अनिवार्य प्रदान गरिनुपर्ने अनुदान त्रुटिपूर्ण ढंगले ऋण हुन गई आज ४१ करोडको त्रुटिपूर्ण ऋणको कारण मृत्युशैयामा हुनु पर्थेन होला।

ख) सिर्जनशील प्राणीहरूको निकाय भएकाले यहाँ शैद्धान्तिकभन्दा व्यावहारिक अनुभवलाई प्रधानता दिई सोही बमोजिम सबैले स्वीकार्न सक्ने संगठन संरचना निर्माण गर्ने नीतिगत हिसाबको ज्ञान हुन्थ्यो भने आज सबै उच्च कला क्षमता भएका सिर्जनशील प्राणीहरू यहाँ अनुबन्धित हुन्थे होला।

ग) भिन्न प्रकृतिको निकाय भएकाले यसको छुट्टै ऐन आवश्यकता पर्छ भन्ने नीतिगत ज्ञान हुन्थ्यो भने आज ओ एण्ड एम, विनियमावली स्वीकृत नभई निरन्तरतामै प्रश्न उठ्ने वातावरण हुन्थेन होला।

घ) नेपाल सरकारको अनिवार्य दायित्व अवकाश प्राप्त कर्मचारीको उपदान सम्बन्धी छुट्टै कोषको विकास गरी कर्मचारी अवकाश प्राप्त हुनु ३/४ महिना पहिलेदेखि नै उसको उपदानको व्यवस्थापन बारे चिन्तन गरिसक्नुपर्छ भन्ने नीतिगत प्रणालीको विकास हुन्थ्यो भने आज करोडौंको उपदान दायित्वको समस्या हुन्थेन होला।

ङ) अन्य सार्वजनिक संस्थानमा नेपाल सरकारबाटै कर्मचारी सेवा सुविधा पुऱ्याइन्छ हाम्रो संस्थानमा पनि त्यसको कार्यान्वयन हुनुपर्छ भन्ने नीतिगत ज्ञान त भएन-भएन तर कम्तीमा आन्तरिक स्रोतबाटै कर्मचारीको तलब, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष जस्ता संवेदनशील विषयको व्यवस्थापन गर्नुपर्छ भन्ने सामान्य हेक्का राखी चरम दुरूपयोग हुँदा आवाज उठाउने नैतिकता हुन्थ्यो भने तलब सुविधा पुऱ्याउन गाह्रो हुने, सञ्चय कोष तथा नागरिक लगानी कोषमा करोडौं दायित्व सिर्जना हुन्थेन होला।

च) संस्थानको स्थापनाकालदेखि निकायगत कार्यप्रकृति तथा क्षेत्राधिकार बमोजिम अपरिहार्य श्रव्यदृश्य उत्पादनमैत्री रेकर्डिङ स्टुडियो जस्ता आधारभूत संरचना निर्माण गरी प्रकाशन गर्नुपर्छ भन्ने नीतिगत ज्ञान हुन्थ्यो भने आज संस्थानको कार्य सम्पादनमा प्रश्नको सामना गर्नु पर्थेन होला।

यी मात्रै प्रमुख उदाहरण हुन्। यी र यस्ता किसिमका अनेकौं नीतिगत समस्याबाट ग्रसित संस्थानमा केही गर्नु पक्कै फलामको चिउरा चपाउनु सरह चुनौती थियो। भनिन्छ कि जगबाटै घर बनाउन अत्यन्तै सहज हुन्छ तर बिग्रिसकेको

घर बनाउन बडो मुस्किल हुन्छ । नीतिगत हिसाबले नै क्षत-विक्षत भएको निकायमा मेरो २ वर्षे कार्यकाल भनेकै बिग्रे भत्केका खाडलहरू पुर्ने कार्यमै व्यतीत भयो । मैले भनिसकेँ मैले देखे, भोगेका कुराहरू विस्तार गर्ने हो भने उपन्यास बन्छ । चुनौतीलाई हाँसीहाँसी स्वीकार्दै हरेक परिस्थितिसँग लड्दैभिड्दै कहिल्यै नाश नहुने अजरअमर कृतिहरूका कार्य हामीले गर्न सफल भयौं । सुशासन सहितका सत्कर्महरू मार्फत बनेका कृतिहरूः

क) अर्थ मन्त्रालयको "सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा-२०८२" प्रतिवेदन अनुसार देशैभरीका सामाजिक क्षेत्रका सार्वजनिक संस्थानहरू मध्ये सांस्कृतिक संस्थानको मात्र ६९.४७ प्रतिशतले आम्दानी वृद्धि । साथै महालेखापरिक्षकको कार्यालयले भर्खरै सम्पन्न गरेको लेखा परिक्षण प्रतिवेदन अनुसार यस आर्थिक वर्षमा भनै संस्थानकै इतिहासमा रेकर्ड ब्रेक गर्दै हालसम्मको इतिहासमा कहिल्यै पनि नाफा हुन नसकेको संस्थान समग्र रूपमा नाफामा गएको छ ।

ख) संस्थानको स्थापनाकालदेखि हालसम्म निर्माण गर्न भनी निर्णयमै सीमित निकायगत कार्य प्रकृति अनुसार अपरिहार्य सांस्कृतिक संस्थानको रेकर्डिङ स्टुडियो निर्माण एवम् सञ्चालन ।

ग) निकायगत कार्य प्रकृति अनुसार अपरिहार्य सांस्कृतिक पर्यटनमैत्री सांस्कृतिक संस्थानको सेमिनार हल निर्माण एवम् सञ्चालन ।

घ) सजीव कला प्रदर्शनी सम्बन्धी क्ष्क्क्ल मान्यताप्राप्त अनुसन्धनात्मक जर्नल संस्कृति अध्ययन प्रकाशन प्रारम्भ ।

ङ) वर्षौंदेखि श्रव्य सामग्री हराएर प्रदर्शन हुनबाट वञ्चित ऐतिहासिक गीति नाटक मुनामदन पुनरुत्थान गरी प्रदर्शन प्रारम्भ तथा सांस्कृतिक सम्पत्ति उत्खनन समिति निर्माण गरी अन्य ऐतिहासिक कृतिहरू खोजी





कार्यलाई तीव्रता दिइएको ।

च) गाईजात्रा विशेष प्रहसन कार्यक्रम, मनमनमा संस्कृति-ओठओठमा हाँसो जस्ता संस्कृति संरक्षण सहित उत्पादनमैत्री कार्यक्रमहरू वार्षिक नीति तथा कार्यक्रममा समावेश गरी प्रदर्शन थालनी ।

छ) पहिलोपटक युटुब मनिटाइज तथा एप मार्फत सिर्जनशील क्रियाकलाप प्रकाशन गर्ने कार्यको शुभारम्भ गरी डिजिटल उत्पादनको कार्य थालनी ।

ज) व्यवस्थित (साउण्ड प्रुफ) अभ्यास कक्ष निर्माण ।

झ) संस्थानको प्रवेशद्वारमा विशेष क्षमतामैत्री र्याम्प निर्माण ।

ञ) संस्थानको नीतिगत प्रणालीलाई दीर्घकालीन रूपमा सुधार गर्ने अभिप्रायका साथ संस्थानको छुट्टै ऐन सम्बन्धी विधेयकको सैद्धान्तिक स्वीकृतिका लागि मन्त्रालयमा पेश ।

ट) संस्थानका हरेक सेवा प्रवाहलाई डिजिटल प्रणाली मार्फत हुनसक्ने व्यवस्था निर्माण ।

ठ) संस्थानको क्षेत्राधिकार बमोजिम सजीव कला प्रदर्शनी सम्बन्धी सबै विधालाई समान ढंगले दीर्घकालीन रूपमा अगाडि बढाउने उद्देश्यका साथ वार्षिक नीति तथा कार्यक्रमहरू बजेट सहित निर्माण गर्ने प्रणालीको विकास ।

ड) ज्यानको प्रवाह नगरी संस्थानलाई उपभोग्य साधनको रूपमा प्रयोग गर्ने प्रणालीलाई अन्त्य गरी सुशासन स्थापना गर्दा हल आम्दानीमा उल्लेखनीय वृद्धि ।

ढ) G to G प्रणाली अन्तर्गतका दीर्घकालीन नीति तथा कार्यक्रममा संस्थानको यात्रा तय जस्तैः काठमाडौं महानगरपालिकाका सामुदायिक विद्यालयमा पुस्तक रहित शुक्रबार कार्यक्रम, नेपाल पर्यटन बोर्ड तथा संयुक्त राष्ट्र विकास कार्यक्रमको दिगो पर्यटन परियोजनमा सांस्कृतिक पर्यटनका लागि सांस्कृतिक प्रदर्शन प्याकेजको निर्माण कार्यक्रम, पशुपति क्षेत्र विकास कोषसँग धार्मिक सांस्कृतिक कार्यक्रम आदि ।

ण) वर्षौंदेखि नीति विपरित संस्थानको प्राङ्गण प्रयोग गर्ने बेथितिलाई पूर्णतः बन्द गरी कानून सम्मत सम्बन्धित निकायसँग सम्झौता गरी संस्थानको आय स्रोतमा वृद्धि ।

त) सिर्जनशील क्रियाकलापयुक्त सांस्कृतिक सम्पत्ति संरक्षणका लागि सांस्कृतिक सम्पत्ति दस्तावेजीकरण तथा सर्वाधिकार सम्बन्धी प्रणाली, २०८१ नीतिगत प्रणाली निर्माण ।

थ) कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोष जस्ता अत्यन्तै संवेदनशील विषयमा समेत रकम जम्मा नहुँदा कर्मचारीहरू सम्बन्धित कोषबाट पाउने विभिन्न सुविधाहरूबाट वञ्चित हुनु परेको, वर्षौंदेखि रकम जम्मा हुन नसकेको करोडौं दायित्व जम्मा गरी हाल लगातार तलब भत्तासँगै जम्मा हुने प्रणालीको सुरुवात ।

द) नेपाल सरकारको अनिवार्य दायित्व अवकाश प्राप्त कर्मचारीहरूलाई प्रदान गरिने उपदान रकमको दायित्व समाधानका लागि नेपाल सरकारबाट प्राप्त अनुदान रकममा आन्तरिक आयमा वृद्धि हुन आएको रकम थप गरी हालसम्मकै बढी रकम एकैपटक एकजनालाई ४० लाखसम्मका दरले अवकाश प्राप्त कर्मचारीलाई वितरण गरिएको, दीर्घकालीन रूपमा

उपदानको समस्या समाधानको लागि संस्थानको विनियमावली संशोधन गरी स्वीकृतिका लागि मन्त्रालयमा पेश गरिएको ।

ध) 'मेरो दान, संस्कृतिलाई सम्मान' श्लोकन सहित दानपेटिका सहितको "सांस्कृतिक संस्थान कल्याणकारी कोष" स्थापना गरी संस्थानका कर्मचारी तथा अन्य संस्कृतिविद्, सिर्जनशील प्राणीलाई आपत्विपद् पर्दा मलमपट्टी स्वरूप सहायता मिल्ने व्यवस्था गरिएको ।

न) संस्थानका विभिन्न कार्यक्रममा अनावश्यक जनशक्तिलाई सहभागी गराई संस्थानका कलाकार सेवाका कर्मचारीको आत्मसम्मानमा आघात पुग्ने गरी सिर्जनशील कला प्रदर्शनी गर्ने वातावरणबाट वञ्चित गरिएको तथा क्षमता अनुरूपको स्थान नपाएर वञ्चित भएका प्रशासन सेवाका कर्मचारीलाई उपयुक्त वातावरण एवम् जिम्मेवारी प्रदान गरी आत्मनिर्भर नीतिमा केन्द्रित गरिएको ।

प) संस्थानका कर्मचारीहरूको सिर्जनशील क्रियाकलापलाई डिजिटल प्रविधि मार्फत प्रकाशन गरी विश्वभरी चलायमान हुने वातावरण निर्माण गरिएको ।

फ) संस्थानको नीति तथा कार्यक्रमलाई प्रभावकारी ढंगले सम्पन्न गर्न समय सूचकयुक्त वार्षिक नीति तथा कार्यक्रम समेटिएको भित्तेपात्रो निर्माण प्रणाली शुभारम्भ ।

ब) विविधतायुक्त नेपालको पहिचानलाई आत्मसात् गरी हरेक सांस्कृतिक चाडपर्वलाई वार्षिक नीति तथा कार्यक्रममा समावेश गरी स्थलगत रूपमै क्रियाकलाप सम्पन्न गर्ने प्रणालीको सुरुवात गरिएको साथै सबै विधालाई समान रूपमा विकास गर्ने उद्देश्यका साथ नेपाली शास्त्रीय सङ्गीतको संस्कृति निर्माणार्थ नेपालीपन भएको उपशास्त्रीय सङ्गीत समारोहलाई पहिलोपटक संस्थानको वार्षिक नीति तथा कार्यक्रममा समावेश गरिएको ।

बुझ्नेलाई श्रीखण्ड नबुझ्नेलाई खुर्पाको बिँड, यो निकाय यति सभ्य निकाय हो, नेपाल सरकारको एकमात्र निकाय जहाँ सिर्जनशील सजीव कलाको माध्यमबाट समाजमा नवजागरण प्रवाह गर्नु प्रमुख अभिभारा प्राप्त गरेको छ । नवजागरण प्रवाह गर्दै सभ्य संस्कृति निर्माण गर्ने अभिभारा प्राप्त यहाँका सिर्जनशील कर्मचारी सुसंस्कृत हुनुपर्ने आधारभूत शर्त होला नि ? तर विडम्बना यहाँ स्थापनाकालदेखि नै कुसंस्कृति हाबी भयो अहिलेसम्म



कायम रह्यो । यहाँ जो सिर्जनशील कलाको शैद्धान्तिक ज्ञान, प्रशासनिक ज्ञान, नीतिगत ज्ञान, शास्त्रीय ज्ञान आफूमा छ भन्ठान्छ, उही विधि विपरित, नीति विपरित, शास्त्र विपरित हिँडिरहेको छ, ऊ आफूलाई स्वयं कानून ठान्छ, गैरजिम्मेवारी, अव्यावहारिक, अप्राकृतिक संस्कार सम्प्रेषण गर्दै हिँड्छ, न आफू गर्छ, न अरूलाई गर्न दिन्छ । मानसिक हिसाबले क्षत-विक्षत भएपछि, लाज पनि लजाउने गरी अराजक क्रियाकलाप गरेपछि त्यस्ता प्राणीलाई रामराम भन्न बाहेक सत्कर्मको बाटोमा ल्याउन कदापि नसकिँदो रहेछ । तर केही कर्मचारीहरू मेरो दुई वर्षको स्कुलिङ र मेरो स्प्रीड बमोजिमको मूल भावलाई शिरोपर गरेर सिर्जनशीलतामा वृत्तिविकास भएको देख्दा खुशी पनि लाग्छ । तर केही त अब चाहेर पनि सत्कर्मको सोच आउन्न होला जस्तो लाग्छ । संस्थानलाई चरम दोहन गर्ने समूहको चङ्गुलमा नराम्रोसँग बाँधिएकाहरू संस्थानको प्रगति देखेर आत्तिएका छन् । म त्यस्ता कुसंस्कृत प्राणीलाई प्रश्न सहित खबरदारी गर्न चाहन्छु,

क) संस्थानको औचित्य समाप्त भयो भनी खारेजको प्रक्रियामा अगाडि बढाउँदा र संस्थानलाई दोहन गरी चरम बेथिति हुँदा के हेरेर बसेको ?

ख) निकायगत ढंगले कार्य सम्पादनका लागि अत्यावश्क संरचना जुन स्थापनाकालदेखि निर्माण गर्न भनी निर्णयमै सीमित रहेको रेकर्डिङ स्टुडियो, सांस्कृतिक पर्यटनमैत्री सेमिनार हल निर्माण नहुँदा मै विद्वान भन्ठान्नेहरूको विद्वता कहाँ थियो ?

ग) छुट्टै ऐन नहुनु, तालुक मन्त्रालयको स्वीकृतमा विनियमावली तथा ओ एण्ड एम नहुनु र अभिभारा बमोजिम कार्य सम्पादन नभई औचित्य पुष्टि गर्न नसक्दा संस्थानको निरन्तरता माथि प्रश्न उठ्दा चुप लाग्ने अनि संस्थानको अहित हुने कार्यमा विधि विपरित स्वयं विधिपद्धति हुँ भन्न सुशोभित हुन्छ हो ?

घ) विशेष क्षमतामैत्री र्‍याम्प बनाउन सम्बन्धित निकायबाट पटकपटक ध्यानाकर्षण गरी सचेत गराउँदा समेत किन कानमा तेल हालेर बसेको ?

ङ) तलब सुविधा समयमा नपाउँदा, सञ्चय कोष तथा नागरिक लगानी कोष जस्ता अत्यन्तै संवेदनशील विषयमा करोडौं दायित्व सिर्जना हुँदा काम, कर्तव्य र अधिकारका कुरा गर्दै स्वयं कानून बन्नेहरू यतिसम्म संवेदनशील अधिकारको हेक्का नराख्ने नैतिकता कहाँ थियो ?



च) अभ्यास कक्षमा साउण्ड प्रूफ नहुँदा दिनहुँ छिमेकीले ठूलो आवाज आयो भनेर ढुङ्गा प्रहार गर्दा त्यो ढुङ्गा भन्दा पनि कडा भएर राम्रो काम गर्दा प्रहार गर्नेहरूको प्रहार त्यो बेला कहाँ गुमराहमा थियो ?

छ) नीतिगत प्रणालीको विकास गरौं भन्दा नचाहिने आत्मसम्मानको तर्क गर्दै नीति विपरित चर्को अभिव्यक्ति दिने बोक्रे विद्वानहरू हिजो संस्थानका कर्मचारीको सिर्जनशील क्षमतालाई नै कुण्ठित पारी उत्पादनहीन कार्यक्रममा संस्थानलाई आर्थिक दायित्व मात्रै सिर्जना गर्ने हरेक कार्यक्रममा बाहिरका जनशक्ति प्रयोग गर्दै नैतिक रूपमा अपमान गर्दा र सम्पूर्ण कर्मचारीको मान मर्दन हुने गरी व्यवस्थापनको वरिपरि घुम्दै प्रशासनिक सेवा प्रवाहलाई आफ्नो वैयक्तिक लाभ अनुकूल निर्णय गर्न लगाउँदा समितिले नोट अफ डिसेन्ट लेख्दा समेत कुन दुलोमा लुकेका थिए ?

ज) वर्तमान नेतृत्वले संघीय लोकतान्त्रिक गणतन्त्रको मूल्य-मान्यतालाई शिरोपर गर्दै स्वतन्त्रता, समावेशीताई प्राथमिकता दिई व्यवस्थापनसँग सीधा पहुँचको वातावरण निर्माण गर्दा अराजकताको सीमा पार गर्नेहरू हिजो व्यवस्थापनसँग पहुँच त के निरंकुश प्रणाली जस्तै वातावरण हुँदा किन मुखमा पट्टी बाँधेको ?

त्यसैले म मनोरोगले आक्रान्त आदरणीय व्यक्तिहरूलाई म आह्वान गर्न चाहन्छु कि हाम्रा सुशासनका कृतिहरूले न निद न भोक नहुनुहोस् न आत्तिनुहोस् सक्नुहुन्छ साथ दिनुहोस् होइन भने व्यर्थमा समय नखर्चिनुहोस् । विभिन्न प्रपञ्चका प्रयास भइरहे हामी सत्कर्मको यात्रामा अक्षुण्ण लम्किरह्यौं । सत्कर्म दीर्घकालीन हुन्छ । सत्कर्म कृतिको रूपमा रहिरहन्छ । भोलि म जहाँ रहेपनि, यो संसारमै नरहेपनि यी सत्कर्मका कृतिहरू कहिल्यै मेटिने छैनन्, इतिहास बनेर रहिरहनेछन् । त्यसैले देशको वर्तमान परिवेश, समयको मागले पनि के भन्दैछ भने कि सच्चिनुहोस्, कि सक्किनुहोस् अब दुष्कर्म गर्नेलाई छुट छैन । सच्चिएर आफ्नो अभिभारा पहिचान गरी सत्कर्म गरी कृति छोड्ने काम गर्न म सबैलाई आह्वान गर्दछु ।

वसन्त शास्त्रीय सङ्गीत महा-उत्सव बारेमा मैले अन्तरक्रिया



कार्यक्रममा पनि यसको उद्देश्य बारे प्रकाश पारिसकेको छु। एउटा प्रचलित कथन छ, "कुनै पनि राष्ट्रको अस्तित्व मेटाउनु छ भने कुनै अस्त्र चाहिँदैन, उक्त राष्ट्रको संस्कृति मेटाइदिए पुग्छ ।" अर्को प्रचलित कथन छ, "शास्त्र हराए संस्कार हराउँछ, संस्कार हराए संस्कृति हराउँछ, संस्कृति हराए राष्ट्र हराउँछ ।" प्रचलित दुई कथनलाई गम्भीरतापूर्वक चिन्तन गर्ने हो भने यहाँ संसार अटाउने फराकिलो मार्गदर्शन सहितको ऊर्जा प्राप्ति हुन्छ । कि संसारमा सबैभन्दा अद्भुत-अलौकिक शक्ति संस्कृतिमै निहित हुन्छ, जुन शक्तिले समाजलाई मानवजातिको उत्पत्तिकालदेखि हालसम्म सत्मार्ग तर्फ डोऱ्याउँदै ल्याएको छ । मानव सभ्यताको विविध कालखण्डमा जन्मदेखि मृत्यु पर्यन्त भोगेका क्रियाकलापहरू मार्फत नयाँ पाठ सिक्दै निरन्तर संस्कारको रूपमा अङ्गीकार गर्दै विविध संस्कृतिको निर्माण हुँदै आए, जुन संस्कृतिले मानव जातिलाई राष्ट्रिय एकतामा बाँध्न प्रेरित गऱ्यो । संस्कृति विशाल छ। जहाँ जन्मदेखि मृत्यु पर्यन्त मानव जीवनका हरेक क्रियाकलापहरू अटाउँछन् । जब सभ्य संस्कृतिको निर्माण हुन्छ, तब समाजले सहजै स्वीकार्न सक्ने साझा अस्तित्वको पनि विकास हुनुका साथै युगौंयुगसम्म शास्त्रीय मूल्य-मान्यता स्वरूप जीवन्त रहन्छ। नेपालमा पनि समयको विकासक्रमसँगै विभिन्न संस्कृति निर्माण हुँदै नेपाली समाजले अङ्गीकार गर्दै आएको पाइन्छ। भनिन्छ, सङ्गीतको कुनै भूगोल, परिधि, सीमा हुँदैन अर्थात् यो विश्व भाषा हो। हो, विश्व परिवेशमा सङ्गीतको सूत्र एउटै भएतापनि यसलाई ग्रहण तथा अभिव्यक्त गर्ने हरेक राष्ट्रका आ-आफ्नै संस्कृति छन् । नेपाली साङ्गीतिक जगतमा विभिन्न सङ्गीत विधाका आ-आफ्नै संस्कृति छन् । जहाँ जुन विधाको संस्कृति नेपाली माटोको सुगन्धले सिञ्चित भए, ती विधाको लोकप्रियता आम जनमानसमा सहजै विस्तार भए र अक्षुण्ण रहिरहे । तसर्थ नेपाली शास्त्रीय विधालाई आम जनमानसमा विस्तार गर्न नेपालीपनको संस्कृति निर्माण हुनु आवश्यक छ। बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त नेपालको विशेषतालाई आत्मसात् गरी हरेक नेपालीले साझा रूपमा सहजै ग्रहण गर्नसक्ने "नेपाली शास्त्रीय सङ्गीतको संस्कृति निर्माण" हुनु आजको आधारभूत शर्त हो । नेपाली शास्त्रीय सङ्गीतको सभ्य संस्कृति निर्माणका लागि शास्त्रीय सङ्गीतका साधकहरू एक-अर्काको अस्तित्वलाई स्वीकार्दै एकै सूत्रमा गोलबद्ध भई सिर्जनशील कला मार्फत नवजागरण प्रवाह गर्नु आजको आवश्यकता हो ।

सांस्कृतिक संस्थानको आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम अन्तर्गत समावेश गरिएको "वसन्त शास्त्रीय सङ्गीत उत्सव - २०८२" मार्फत नेपाली शास्त्रीय सङ्गीतको संस्कृति निर्माणार्थ आधारभूत जग बसाल्ने हेतुका साथ संवत् २०८२ साल पुस १७ गते संस्थानको सेमिनार हलमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो । सो अन्तरक्रिया कार्यक्रमका अमूल्य सुझावलाई मध्यनजर गर्दै संस्थानले दुई दिवसीय वसन्त शास्त्रीय सङ्गीत महा-उत्सव मनाउने निर्णय गरेको हो । मलाई यसको निरन्तरताको चिन्ता छ । के शास्त्रीय विद्वान हुँ भन्ने साथीहरूको यस्तै अशास्त्रीय चिन्तनले यसले स्थायित्व पाउला त ? एकैपटक कायापलट हुने होइन सुरुवात हुनु नै इतिहास निर्माणको मार्गचित्रण हुनु हो । नेपालमा प्रचलित हरेक सङ्गीतका विधालाई समान ढंगले विकास गर्न सांस्कृतिक संस्थान प्रतिबद्ध प्रतिबद्धता प्रकट गर्दछ ।

मेरो धारणा शत प्रतिशत सही हो भन्ने दाबी होइन तर मैले गर्ने चिन्तनबाट प्रस्फुटन भएको मत राख्न चाहेको व्यहोरा स्पष्ट पार्न चाहन्छु । शास्त्रीय सङ्गीत र लोक सङ्गीत बीच युगौंदेखि मतभेद पाइन्छ । मलाई लाग्छ, यो मतभेद गर्नुपर्ने कुनै विषय नै होइन, चिन्तनको अभाव र गहन खोजको अभाव हो । लोक भन्नाले कुनैपनि राष्ट्रका समान संस्कृति, भावना र सामाजिक स्थिति भएका खास भौगोलिक एकाइमा रहने मानिसको समूह भन्ने बुझिन्छ । अर्थात् नेपालको परिवेशमा समग्रमा भन्ने हो विविधतायुक्त

विशेषतालाई आत्मसात् गरी बसेका हामी सबै नेपाली नै लोक हौं । लोक बीच मतभेद हुनु भनेको लोकले कुनैपनि विषयको संस्कृतिमा चिन्तन नगर्नु हो । उल्लेखित लोक सङ्गीत र शास्त्रीय सङ्गीत बीच मतभेद हुनुको दोषी तपाईं हामी नै हो । किनकी यी दुबै विधाको गलत संस्कृति निर्माण गर्दै त्यसैलाई अङ्गीकार गर्दै हामी आयौं । लोक र शास्त्रीय प्रति गहन चिन्तन नगरी मात्र आपसी मतभेद युगौंदेखि चलिरह्यो । यसलाई गहन ढंगले खोज गरी हिजोको सभ्य संस्कृतिलाई शिरोपर गरी साझा रूपमा स्वीकार्न सक्ने रूपान्तरित संस्कृति निर्माण गर्न सकेनौं भने यो मतभेद युगौंसम्म चलिरहनेछ । लोक सङ्गीत सहज, सरल, मौखिक, मौलिक आदि हो नै तर शास्त्रीय पद्धतिमा आधारित हुन्छ है भन्ने संस्कृति युगौंदेखि चलाएको भए सायद यो मतभेद हुन्थेन कि ? भन्ने प्रश्न विगतदेखि मेरो मानसपटलमा बडो गम्भीरतापूर्वक खडा भइरहन्छ । किनकी कुनैपनि देशको लोक संस्कृति भन्नु नै त्यस देशको जन्मदेखि मृत्युसम्मका क्रियाकलापहरूको समष्टि रूप हो । लोक संस्कृतिमा जति शास्त्रीय पद्धतिहरू पाइन्छ त्यो अन्त कहाँ पाइन्छ र ? जन्मदेखि मृत्यु पर्यन्त हरेक क्रियाकलापमा कठोरभन्दा कठोर शास्त्रीय विधिविधान हुन्छन् । लोक संस्कृतिकै एउटा सानो अंश हो - लोक सङ्गीत । मौलिक लोक सङ्गीतका कुरा गर्ने हो भने चाहे गायन, चाहे वादन, चाहे नृत्य होस् कठिनभन्दा कठिन शास्त्रीय नियमहरू पालना गरी अनुष्ठानीय कार्य सहित दिनरात २४ घण्टादेखि साता-महिनासम्म पनि प्रस्तुत गरिन्छ। उदाहरणको लागि भूमे नाचमा अत्यधिक शास्त्रीय नियमहरू छन् । जहाँ २२ चाला छन् । मौलिक शब्दमा चाला भनिएता पनि शास्त्रीय रूपमा ती भनेका मुद्राहरू हुन् । तर अशिक्षाको कारण र खोजको अभावका कारण यी मुद्राको रूपमा लिपिबद्ध हुने सकेनन् । यी र यस्ता लोक सङ्गीत (लोक गायन, लोक वादन र लोक नृत्य) नेपाली समाजमा कति होलान् कति तिनको खोज गर्नुपर्ने होला नि ? समयको विकासक्रमसँगै २४ घण्टादेखि साता-महिनासम्म प्रस्तुत गरिने लोक सङ्गीतलाई मेला, उत्सवमा शास्त्रीय नियम अभिव्यक्त नगरी त्यसको आकर्षक अंश मात्रै प्रस्तुत गर्न थालियो । त्यससँगै व्यावसायिक ढंगले रेकर्डिङ हुन थाल्दा झनै सानो आकर्षक अंश मात्रै रेकर्डिङ भएर श्रव्यदृश्यको रूपमा अभिव्यक्त भए । लोक सङ्गीतमा नेपालीपनको सुगन्ध थियो, नेपालीहरूले सहजै ग्रहण गरे । लोक सङ्गीत एउटा संस्कृति स्वरूप आम जनमानसमा विकास भयो । त्यसैगरी नेपालीपन भएको शास्त्रीय सङ्गीतको विकास गर्न आम जनमानसले सहजै ग्रहण गर्नसक्ने संस्कृति निर्माण गर्नु आधारभूत शर्त होला नि । नवजागरण अभाव, गहन खोजको अभावका कारण सिर्जित लोक सङ्गीत र शास्त्रीय सङ्गीत बीचको मतभेदलाई चिर्न सभ्य संस्कृति निर्माणको जरुरत छ । त्यसका लागि नवजागरण प्रवाह नै अनिवार्य शर्त भएकाले शास्त्रीयलाई अनुशरण गर्ने शास्त्रीय व्यक्तित्व अशास्त्रीय नभई एकले अर्काको अस्तित्व स्वीकार्दै एकबद्ध हुन म आह्वान गर्दछु । नवजागरण अभाव, गहन खोजको अभावका कारण सिर्जित शास्त्रीय र लोक संस्कृति बीचको मतभेदलाई चिर्न सभ्य संस्कृति निर्माणका लागि दीर्घकालीन सोच सहित वर्तमान नेतृत्वले चालेको कदमलाई निरन्तरता पाउनु पर्दछ भन्ने हो । किनकी म भोलि जहाँ रहुँला तर यहाँ कार्यरत शास्त्रीय पद्धतिलाई चिन्तन गर्ने सिर्जनशील कर्मचारी सर्वप्रथम कुसंस्कारबाट मुक्त भई मेरो स्प्रीड बमोजिम कायम राख्न जरुरी छ ।

मानव सभ्यताको विकास चरणलाई हेर्ने हो भने ढुङ्गे युग, कृषि युग, औद्योगिक युग र डिजिटल युगको संस्कृति एउटै भइदिएको भए अहिलेको परिवर्तन सम्भव थियो त ? डिजिटल युगसँगै वैश्वीकरणको प्रभावले पश्चिमा संस्कृति हाबी हुँदै गएको परिवेश, प्रविधिसँगै डिजिटल एल्गोरिदम र कृत्रिम बुद्धिमता (एआई) को शिकार हुँदै गएको नेपाली समाजमा हरेक क्षेत्रमा राष्ट्रिय अस्तित्व सहितको संस्कृति निर्माण गर्नु अत्यावश्यक छ । युग कहाँदेखि कहाँ पुगिसक्यो तर सभ्य संस्कृति निर्माणका लागि नवजागरण अपरिहार्यता भएको परिवेशमा

नवजागरणको प्रमुख स्रोत सिर्जनशील कला क्षेत्र र त्यसको प्रमुख दायित्व वहन गर्नुपर्ने सिर्जनशील प्राणीहरू अझै ढुङ्गे युगमा निर्मित संस्कृतिमै अभ्यस्त हुनु प्रमुख समस्या हो । यति भन्दै गर्दा मौलिक पहिचान सहितको प्राचीन सभ्य संस्कृतिलाई शिरोपर गर्दै कुप्रथालाई निर्मूलन गरी नयाँ संस्कृति निर्माण गर्नुपर्छ भन्ने हो । हामीले संवेदनशील विषय साङ्गीतिक शिक्षालाई समेत उपहास गरेका छौं । नेपालको सङ्गीतको पाठ्यक्रम कहिले निर्माण भएको, कहाँबाट ल्याइएको, अनि के नेपाली संस्कृति बमोजिम सुशोभित छ त ? यस विषयमा संवत् २०८२ साल पुस १७ गते भएको अन्तरक्रिया कार्यक्रममा नेपालको सङ्गीत पाठ्यक्रम वि.सं.२०१६ सालमा पटना विश्वविद्यालयबाट साभार गरेर बनाइयो त्यो हालसम्म कायम रहेको, नेपालीपनयुक्त सुशोभित तवरले परिवर्तन हुन सकेन भन्ने वहस भइसकेको छ । नेपालीपन सहित नेपालमा सङ्गीतको पाठ्यक्रम तुरुन्तै परिष्कृतको विकल्प छैन । फेरि पाठ्यक्रम परिष्कृतको नाउँमा २/४ वटा शब्द तलमाथि गरेर परिष्कृत गर्नुको औचित्य हुँदैन । पाठ्यक्रम परिष्कृत सहित त्यस सम्बन्धी अन्तस्करणको सामग्री समेत यस्तो हनुपर्छ भनेर हेरफेर गरी सम्बन्धित निकायले पारित गरेपछि मात्र लागू गर्ने प्रणाली विकास गरिनुपर्छ । नेपाली पहिचान सहितको शास्त्रीय विधिसम्मत नेपाली सङ्गीतको शिक्षण पद्धति देशैभरीका विद्यालय-क्याम्पसमा पठनपाठन हुने वातावरण गरिनुपर्छ । तसर्थ अब गम्भीर ढंगले अनुसन्धान गरौं, बहस गरौं, नेपालको लोक संस्कृति र शास्त्रीय पद्धति बीच नङमासुको सम्बन्ध छ भन्ने विषयक नवजागरण गरौं ।

मेरो बुझाइमा शास्त्रीय पद्धति भनेको लोकलाई उत्पत्तिकालदेखि अनुशासनमा बाँध्ने पवित्र ग्रन्थहरू तथा प्राचीन विधिविधान हो । लोकले नै उत्पत्तिकालदेखि मानव सभ्यताको विभिन्न चरणमा शास्त्रीय पद्धतिको विकास गरी अङ्गीकार गर्दै आए । लोक संस्कृतिबाटै शास्त्रको विकास भयो । शास्त्रीय भनेपछि शास्त्रीय सङ्गीत मात्र होकि भन्ने जस्तो संकीर्ण धारणाले कुण्ठित हुनु अर्को प्रमुख समस्या हो । शास्त्र जन्ममृत्युपर्यन्त हरेक क्रियाकलापमा रहेको हुन्छ । शास्त्र भनेको जीवनलाई सही मार्गमा डोऱ्याउने, ज्ञान दिने र अनुशासन सिकाउने लोकनिर्मित व्यवस्थित सिद्धान्त, नियम वा ग्रन्थहरूको समूह हो । व्यक्ति र समाजलाई सुव्यवस्थित, अनुशासित र उद्देश्यपूर्ण जीवन जिउन मार्गदर्शन गर्ने ज्ञानको भण्डार हो । जीवनका हरेक क्रियाकलाप प्रभावकारी ढंगले सम्पन्न हुनका लागि शास्त्रसम्मत अर्थात् विधिसम्मत हुनैपर्छ । शास्त्र मानव कल्याणको निम्ति लेखिएको ग्रन्थ हो । जस्तैः धर्मशास्त्र, समाजशास्त्र, मानवशास्त्र, आयुर्वेदीय शास्त्र आदि शास्त्रहरूको समाजमा विशेष चर्चा हुने गरेको पाइन्छ । ग्रन्थ चल सांस्कृतिक सम्पदा हो । भौतिक र अभौतिक सांस्कृतिक सम्पदाको योग संस्कृति हो । जन्ममृत्युपर्यन्त मानवीय क्रियाकलाप तथा सिर्जनशील कला र सिर्जनशील प्राणीहरूको क्रियाकलाप अभौतिक सांस्कृतिक सम्पदा हो । त्यसैले हामी अभौतिक सांस्कृतिक सम्पदाको बढी बहस गर्दछौं । विधिविधानयुक्त शास्त्रले धर्मको प्रतिनिधित्व गर्दछ । धर्म पनि अभौतिक सांस्कृतिक सम्पदा हो । विविध धर्मको फूलबारी नेपालमा धार्मिक सहिष्णुतालाई कायम राखी साझा रूपमा सबैले अङ्गीकार गर्ने लोकको मर्म अनुरूप नेपाली शास्त्रीय सङ्गीतको संस्कृति निर्माण प्रमुख शर्त हो । लोकले शास्त्रीय विधिविधानलाई अङ्गीकार नगरे, शास्त्रीय विधिविधान अनुसार लोक नचले यो सृष्टिको समेत अस्तित्व समाप्त हुन्छ । लोकले शास्त्रीय विधिविधान निर्माण नगरेको भए लोक असभ्य अराजकताको भुमरीमा हुन्थ्यो होला । लोकले नै समाज तथा राष्ट्रलाई सभ्य रूपमा सञ्चालन गर्नका लागि विविध शास्त्रीय पद्धतिको विकास गऱ्यो । जन्मदेखि मृत्यु पर्यन्त हरेक क्रियाकलाप सम्पन्न गर्न विविध शास्त्रीय विधिपद्धति पुरा गर्नुपर्छ भन्ने संस्कृति निर्माण गर्दै आजको युगसम्म समाजलाई संस्कृतिले नै डोऱ्याउँदै ल्यायो । त्यसैले हामी भन्न सक्छौं कि शास्त्रीय पद्धति प्रागैतिहासिक कालको उत्तरार्द्धदेखि

नै लोक संस्कृतिको ढुकढुकी बनेको हो । लोक संस्कृति शास्त्रीय पद्धति बिना जीवित रहन सक्दैन । अर्थात् लोक संस्कृतिको नीतिगत प्राण नै परम्परागत शास्त्रीय विधिविधान भएकाले एक पुस्ताबाट अर्को पुस्तासम्म सभ्य ढंगले संस्कृति पुस्तान्तरण हुनका लागि शास्त्रसम्मत नै लोक संस्कृति बाँधिनु अपरिहार्य हुन्छ । चाहे लोक सङ्गीत होस्, चाहे शास्त्रीय सङ्गीत होस् चाहे अन्य विधाको सङ्गीत होस् संस्कृतिभित्रकै स-साना अंशको रूपमा हामीले ग्रहण गरेका छौं, यी सबै विधाको मुहान एउटै हो - संस्कृति । यसर्थ पनि हामी भन्न सक्छौं कि लोक संस्कृतिमा शास्त्रीय विधिविधान छ भने लोक सङ्गीतमा पनि शास्त्रीय पद्धति शत प्रतिशत छ । मात्रै गहन खोज र चिन्तनको अभाव हो । तसर्थ लोक संस्कृति र शास्त्रीय पद्धति बारे गहन ढंगले बहस गरी सबै विद्वान् व्यक्तित्व, लेखक, संस्कृतिविद्, साहित्यकार, कलाकारदेखि सबै सिर्जनशील प्राणी एकीकृत भई साझा आवाज बनाई समाजमा नवजागरण गरौं । नेपाली शास्त्रीय सङ्गीतको संस्कृति निर्माणका लागि सबै एकीकृत हुन पुनः हार्दिक आह्वान गर्दै दुई दिवसीय महा-उत्सवको औचित्य पुष्टि हुने गरी सबै सहभागी हुन पनि अनुरोध गर्दछु ।''

**किरण बाबु पुन** (**महाप्रबन्धक**)

८ माघ २०८२ (ने.सं.११४६, सिल्लाथ्व चतुर्थी)





कार्यक्रमा नेपाली पहिचानयुक्त लोक सङ्गीतमा रहेको शास्त्रीय बिम्ब स्वरूप भूमे नाच र दाफा गायन प्रस्तुत गरिएको थियो भने शास्त्रीय सङ्गीतका दिग्गज धरोहरदेखि अनुजसम्मका व्यक्तित्वहरूले प्रस्तुति प्रस्तुत गर्नुभएको थियो ।

वरिष्ठ शास्त्रीय सङ्गीतक साधक तथा नेपाली शास्त्रीय सङ्गीतका शास्त्री श्री श्रीराम आचार्यज्यूले नेपाली रागहरू राग पशुपति, राग नरज्योती, राग सगरमाथा, राग नेपाल आदि गाउनुहुँदै नेपाली शास्त्रीय सङ्गीत बारे मौलिक धारणा समेत व्यावहारिक रूपमा प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा मन्तव्य राख्नुहुँदै वरिष्ठ शास्त्रीय गुरु श्री धन बहादुर गोपालीज्यूले "सङ्गीतमा जीवजन्तुदेखि वनस्पतिलाई समेत आकर्षित गर्ने शक्ति हुने भएकाले नेपाल विविधतायुक्त देश भएकाले नेपाली शास्त्रीय सङ्गीतको विकासका लागि सांस्कृतिक संस्थानले गरेको पहललाई साथ दिनुपर्ने बताउनुभयो । उहाँले महाप्रबन्धकज्यूले भनेजस्तो नेपाली लोक संस्कृतिमा अथाह शास्त्रीय पद्धति रहेकाले नेपाली शास्त्रीय सङ्गीतको संस्कृति निर्माण सम्भव रहेको बताउनुभयो ।"

वरिष्ठ साधक श्री डा.रमेश पोखेलज्यूले "मानव समाज शास्त्रसम्मत चल्ने भएकाले हरेक क्रियाकलाप शास्त्रसम्मत हुने तर्क गर्नुहुँदै शास्त्रीय सङ्गीतको विकास





लोकबाटै भएकाले नेपाली मूलका शास्त्रीय सङ्गीतको खोज गर्नुपर्ने बताउनुभयो । साथै उहाँले भूमे नाचको २२ मुद्राको उदाहरण दिँदै यस्ता किसिमका शास्त्रीय विधिविधानयुक्त नेपाली सङ्गीतको खोज गरी हरेक सङ्गीत शास्त्रसम्मत नै छ भनेर पुष्टि गर्दै नेपाली शास्त्रीय सङ्गीतलाई विकास गर्नुपर्ने बताउनुभयो ।"

शास्त्रीय सङ्गीत समाज नेपालका उपाध्यक्ष श्री जीवन आलेज्यूले "युवा पुस्ताले शास्त्रीय सङ्गीत प्रस्तुत गर्दा पुस्तान्तरण भएको महसुस भएको बताउनुहुँदै नेपालीपन भएको शास्त्रीय सङ्गीतको विकास गर्नुपर्ने बताउनुभयो ।" नेपाल मगर सांस्कृतिक संघका अध्यक्ष श्री नन्द घर्ती मगरज्यूले भूमे नाचको शास्त्रीय विधिविधान बारे नृत्य प्रस्तुत हुँदै गर्दा प्रकाश पार्नुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि ललितकला केन्द्रीय विभाग प्रमुख श्री डा.अन्जु उप्रतीज्यूले "सांस्कृतिक संस्थानले नेपाली शास्त्रीय सङ्गीतको विकासका लागि दुई दिवसीय महा-उत्सव गरेकोमा खुशी प्रकट गर्नुहुँदै सो महाकार्यमा आफू प्रमुख अतिथि बन्न पाउनु शौभाग्य रहेको बताउनुभयो । उहाँले नेपाली लोक संस्कृतिको जगबाटै नेपाली शास्त्रीय सङ्गीतको विकास हुने भएकाले यस तर्फ ललितकला केन्द्रीय विभागको तर्फबाट ऐक्यबद्धता प्रकट गर्नुभयो । साथै उहाँले लोक संस्कृतिमा रहेको शास्त्रीय विधिविधानलाई अङ्गीकार गर्दै नेपाली शास्त्रीय सङ्गीतको संस्कृति निर्माण गर्न र लोक-शास्त्रीय बीचको एकता कायम गर्नका लागि महा-उत्सव सेतु बनेको बताउनुभयो ।"

सांस्कृतिक संस्थान विशेष समारोह वसन्त शास्त्रीय सङ्गीत
















प्रमुख

दुई दिवसीय महाउत्सवमा प्रस्तुत गरिका प्रस्तुतिहरूः

क) ८ माघ २०८२ समुद्घाटन समारोहका प्रस्तुतिः

१. भूमे नाच (२२ मुद्रा शास्त्रीय विधिविधानयुक्त नृत्य): भूमे पर्व संरक्षण नेपाल



२. दाफा गायनः थबही त्वाः तजः



३. चर्या नृत्यः सांस्कृतिक संस्थान



४. सुमन खत्री सहितको समूह वृन्दवादनः अच्युतराम भण्डारी सङ्गीत प्रतिष्ठान



५. नेपालीपनयुक्त शास्त्रीय धूनः सांस्कृतिक संस्थान



६. ववितागोपालीको समूह कत्थक नृत्यः तिमिला एकेडेमी



७.शिव पौडेल नेपालीपनयुक्त शास्त्रीय गायनः महायोगी सिद्धबाबा आध्यात्मिक प्रतिष्ठान



८. हेमराज पुन (आश्रम) छोटा ख्यालः आश्रम सङ्गीत पाठशाला



९. मिलेश तण्डुकार सहितको समूह वादनः त्रिनेत्र सङ्गीत धुकु



१०. प्रमिला श्रेष्ठ रघुवंशीको समूह भरत नाट्यम बाल नृत्यः क्लासिक कल्चर सेन्टर



११. उमेश पण्डित, यतिराज अधिकारी जुगलबन्दीः शास्त्रीय सङ्गीत समाज



१२. नेपाली राग गायनः श्रीराम आचार्य



ख) ९ माघ २०८२ दोस्रो दिनका प्रस्तुतिः

१. सरस्वती वन्दनाः सांस्कृतिक संस्थान



२. सुदर्शन राजोपाध्यायः सरोद वादन



५. सामूहिक नृत्यः पद्मकन्या क्याम्पस



३. उमेशराज खड्का शास्त्रीय गायनः ईश्वरीय सङ्गीत पाठशाला



६. प्रशान्त पोखरेल ख्याल गायनः किराँतेश्वर सङ्गीत आश्रम



४. सानु तामाङ, गायत्री राना, रोशा फुयाँल र सपना मगर सहितको सामूहिक गायनः ध्रूपद सेन्टर



७. धन बहादुर गुरुङ सहितको समूह बाँसुरी वादनः यलमाया सङ्गीत पाठशाला



८. विपुल खतिवडा तवला वादनः नेपाल सङ्गीत विद्यालय



९. ध्रुपद गायनः श्री केसी (ललितकला केन्द्रीय विभाग)



कार्यक्रमका सभाध्यक्ष श्री चन्द्रकुमार राई हतुवालीज्यूले कार्यक्रम सफतापूर्वक समापन गर्न साथ दिनुहुने सबै प्रति आभार प्रकट गर्दै कार्यक्रम समापन गर्नुभएको थियो । कार्यक्रम सञ्चालन संस्थानका वाद्यवादन संयोजक श्री दुर्गाप्रसाद खतिवडा ज्यू र गायन शाखा संयोजक श्री तिर्थराज पोखेलज्यूले गर्नुभएको थियो भने कार्यक्रमको संयोजन कार्यक्रम तथा योजना शाखा संयोजक श्री रेखा कुमारी कटुवाल श्रेष्ठज्यूले गर्नुभएको थियो ।





# स्वर किन्नरी तारादेवीको २० औं स्मृति दिवस श्रद्धार्पणका साथ मनाइयो

९ माघ २०८२ काठमाडौँ ।

सांस्कृतिक संस्थानका पूर्वकर्मचारी स्वर किन्नरी तारादेवीज्यूको २० औं स्मृति दिवसको अवसरमा संस्थानले श्रद्धार्पणका साथ "सम्झनामा तारादेवी साङ्गीतिक समर्पण कार्यक्रम, २०८२" सम्पन्न गरेको छ । संस्थानका अध्यक्ष श्री चन्द्रकुमार राई हतुवालीज्यूको सभाध्यक्षता, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति माननीय श्री नारदमणी हार्तम्छालीज्यूको प्रमुख आतिथ्यता, संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुन ज्यू, संस्थान सञ्चालक समिति सदस्य श्री पूजा श्रेष्ठ ज्यू लगायतको आतिथ्यतामा संस्थानको मिनी हल, जमल, काठमाडौँमा सो कार्यक्रम सम्पन्न गरिएको हो । संस्थानका कलाकार तथा प्रशिक्षार्थीद्वारा उच्च सम्मानका साथ श्रद्धार्पण भाव सम्प्रेषण हुने गरी स्वर किन्नरी तारादेवीद्वारा स्वरबद्ध कालजयी गीतहरूको प्रस्तुतीकरणसँगै स्मृति दिवस मनाइएको हो ।





सिर्जनशील कला मार्फत राष्ट्रलाई अतुलनीय योगदान दिनुहुने राष्ट्रिय व्यक्तित्वहरूको सम्मानार्थ विभिन्न व्यक्तित्वहरूको स्मृति दिवस विशेष कार्यक्रम सांस्कृतिक संस्थानले गत आ.व.देखि आफ्नो वार्षिक नीति तथा कार्यक्रममा समावेश गर्ने प्रणाली विकास गरेको थियो भने आ.व.२०८२/८३ को नीति तथा कार्यक्रममा स्वर किन्नरी तारदेवीज्यूको स्मृति दिवस समेटेको हो ।





कार्यक्रम पूर्व सरस्वती पूजा गर्दै स्वर किन्नरी तारादेवीज्यूको सम्झनामा श्रद्धाञ्जली अर्पण गर्दै उहाँको तस्बिरमा माल्यार्पण तथा मौन धारण गरी कार्यक्रम सुरुवात गरिएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि, अतिथि लगायत सम्पूर्णलाई हार्दिक स्वागत सहित स्वर किन्नरीज्यूलाई श्रदाञ्जली अर्पण गर्दै संस्थानका महाप्रबन्धक  किरण बाबु पुनज्यूले भन्नुभयो-



"अद्‌भुत क्षमता, बौद्धिकता, कौशलता र रचनात्मक क्रियाकलापद्वारा विभिन्न कला अभिव्यक्त गर्दै राष्ट्रिय अस्तित्वलाई बचाउने विशिष्ट एवम् लोकोत्तर प्राणी हो कलाकार । मानव जीवनका जन्मदेखि मृत्यु पर्यन्त क्रियाकलाप सम्बन्धी कुनैनकुनै कला, ज्ञान तथा सीप भएको सिर्जनशील प्राणी हो कलाकार । मरेर गएपनि आफ्ना कृतिहरू मार्फत अजरअमर रहिरहने, कहिल्यै नमर्ने प्राणी हो कलाकार । अभौतिक संस्कृतिभित्रको उच्चकोटिको कला मानिने सङ्गीत तथा नाट्य क्षेत्रमा अतुलनीय योगदान पुऱ्याउनु हुने राष्ट्रिय व्यक्तित्व अजरअमर व्यक्तित्व संस्थानका पूर्वकर्मचारी तारादेवीज्यूको २० औं स्मृति दिवसमा हामी छौं कि जसले बाँचुञ्जेली सिर्जनशील कला मार्फत यो देशको अस्तित्व बचाउन सारा जीवन समर्पण गर्नुभयो । साङ्गीतिक आकाशका एक नक्षेत्र, एक राष्ट्रिय धरोहर स्वर किन्नरीलाई हरनेपाली तथा राज्यले सदा उच्च सम्मानका साथ खोजी गर्नुपर्छ । उहाँको योगदानको पुस्तौंपुस्तासम्म अक्षुण्ण रूपमा पुस्तान्तरण हुनुपर्छ । नेपाल सरकारको संस्कृति सम्बन्धी ज्येष्ठ निकाय सांस्कृतिक संस्थानले स्वर किन्नरीको स्मृति दिवसलाई आ.व.२०८२/८३ को वार्षिक नीति तथा कार्यक्रममा समेटेको छ, यसको निरन्तरताको पनि कामना गर्दछु । स्मृति दिवस भन्नु मृतात्माको उच्च सम्मान स्वरूप श्रद्धार्पण गर्नु हो । वर्तमान परिवेशमा डिजिटलयुगसँगै वैश्वीकरण (विश्वव्यापीकरण वा भूमण्डलीकरण) को प्रभावले संस्कृति हराउँदै गयो । कि स्मृति दिवस भनेको मृतात्माका चिर शान्तिका लागि सोही बमोजिमको क्रियाकलाप मार्फत श्रद्धार्पण गर्ने हो तर आजभोलि कताकता यो मर्म हराउँदै गएको महसुस हुन थालेको छ । संस्थानद्वारा कार्यक्रमको मूलमर्म बमोजिम आजका प्रस्तुति मार्फत स्वर किन्नरी प्रति उच्च सम्मानका साथ श्रद्धार्पण गरिनेछ ।





मैले बारम्बार एउटा एजेन्डा बडो गम्भीरतापूर्वक उठाउँदै आएको छु कि मृत्युवरण गरिसक्नुभएका सिर्जनशील प्राणीका कृतिहरूको प्रतिलिपि अधिकार, बौद्धिक अधिकारलाई संरक्षण गर्दै उहाँलाई राज्यबाट न्यायोचित शिष्टाचारको सम्मान दिलाउनु नै मुख्य शर्त हो । यी विषयमा गम्भीरतापूर्वक चिन्तन गर्न सकेनौं भने स्वर किन्नरी जस्ता थुप्रै राष्ट्रिय व्यक्तित्वहरूको अस्तित्व संकटमा पर्नसक्छ। स्वर किन्नरीका कालजयी कृतिहरूको रोयल्टी बारे वकालत कसले गर्ने ? हालसम्म प्राप्त रोयल्टी के कति छ ? कसले भोगचलन गर्दैछ ? उहाँको प्रतिलिपि तथा बौद्धिक अधिकारको रक्षा कसले गर्ने ? परिवारजनले रोयल्टी प्राप्त गरेका छन् कि छैनन् ? यी बारे सत्यतथ्य खोज गर्न संस्थान प्रतिबद्ध छ। यहाँ एक स्रष्टालाई जानीजानी मार्ने भ्रष्ट मतिका व्यक्तित्वहरूको हाबी छ । उदाहरणको लागि महाकवि लक्ष्मिप्रसाद देवकोटा कृत संस्थानको ऐतिहासिक गीति नाटक "मुनामदन" जसलाई स्वर किन्नरीज्यूले प्रमुख आवाज स्वरूप गाउनुभएको हो । त्यो कृति समेत मेटाउन यहाँ हरदम कोसिस गरिएको थियो । वर्षौंसम्म श्रव्य सामग्री हराएर अब कहिल्यै पनि नाटक मञ्चन तथा प्रदर्शन हुँदैन भन्ने अवस्था बनेको थियो। तर वर्तमान नेतृत्वले उत्खनन्



गरी मरेको नाटकलाई पुनर्जन्म दिन सफल भएका छौं । एउटा कृति मेटिनु भनेको कृतिसँगै सम्बन्धित स्रष्टाको अस्तित्व मेटिनु हो। त्यसैले स्रष्टालाई अजरअमर बनाउन उसका कृतिलाई प्रतिलिपि तथा बौद्धिक अधिकार सहित बचाउन अपरिहार्य छ । आज विशेष दिन सरस्वती पूजा तथा वसन्त ऋतुको प्रारम्भ भएको दिन, आजको विशेष दिनदेखि नयाँ कार्यको थालनीदेखि प्रकृतिमा नयाँ पालुवाको आगमन हुने, सिर्जनशील प्राणीले अनुष्ठान गर्ने सरस्वती पूजाको दिन भएकाले सबैले एउटा प्रण गर्नुहोस् कि आजबाट नयाँ जोश जाँगर सहित सत्कर्मको कार्य गर्न प्रतिबद्धता गर्नुहोस् । स्वर किन्नरी तारादेवीज्यूको स्मृति दिवस र सरस्वती पूजा संयोगले एकैदिन हुनुले पनि स्वर किन्नरी सरस्वतीकै प्रतिबिम्ब हुनुहुन्थ्यो भन्ने पुष्टि गरेको छ। सिर्जनशील कला मार्फत राष्ट्रलाई अतुलनीय योगदान पुऱ्याउने स्वर किन्नरी जस्ता राष्ट्रिय धरोहरलाई युगौंयुग बचाउने स्पष्ट राज्यनीति हुनुपर्छ। त्यसका लागि सरकारी तवरबाट नीतिगत आवाज उठाउने अभिभारा संस्थानको भएकाले यसबारे संकीर्ण सोचबाट माथि उठी गम्भीर ढंगले चिन्तन गर्न यहाँका कर्मचारी साथीहरूलाई अनुरोध गर्दछु। अन्ततः स्वर किन्नरीको स्मृति दिवस देशैभरी तथा अन्तर्राष्ट्रियस्तरसम्म छरिएर रहेका नेपालीहरूले श्रद्धार्पण गरी मनाउने संस्कृतिको विकास हुनुपर्छ । फेरिपनि स्वर किन्नरी तारादेवीज्यूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।"



कार्यक्रममा प्रमुख अतिथि माननीय कुलपति श्री नारदमणी हार्तम्छालीज्यूले सङ्गीतको उत्पत्ति, प्राचीन कालदेखि सङ्गीतका मूल्यमान्यताको वर्णन गर्नुहुँदै मातृ सङ्गीतको रूपमा सरस्वतीको पूजन गरिने दिन र आजकै दिन स्वर

किन्नरी तारादेवीको स्मृति दिवस हुनुले मातृ सङ्गीतको पूजन गर्नुको सार्थकता पुष्टि गरेको बताउनु भयो । उहाँले आलाप प्रधान मातृ सङ्गीत तथा ताल प्रधान पितृ प्रधान सङ्गीत भएको विभिन्न ग्रन्थ र इतिहासमा समावेश गरिएकाले सोही बमोजिम नेपाली सङ्गीतलाई पनि व्याख्या गर्ने हो भने मातृ सङ्गीतको खानीको रूपमा नेपाल रहेको बताउनु भयो । उहाँले हिमालको काखबाट बग्ने सङ्गीत पहाड हुँदै तराईसम्म पुग्दा भूगोल विशेष पर्यावरणीय भएको धारणा सहित उहाँ प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नुभयो । कार्यक्रममा प्रस्तुत भएका गीतहरूले साँच्चिकै श्रद्धार्पण भएको बताउनु हुँदै संस्थानले सङ्गीतलाई संस्थागत हिसाबले अगाडि बढाउन गरेको पहल प्रति उच्च सम्मान व्यक्त गर्नुभयो । उहाँले महाप्रबन्धक श्री किरण बाबु पुनज्यूको दीर्घकालीन रणनीति अनुसार संस्थानले पछिल्लो समय गति लिएकाले थप सफलताको शुभकामना व्यक्त गर्नुभयो ।




हिसाबले सङ्गीतको लबजमा विविधता पाइने बताउनु हुँदै स्वयंले गाएर उदाहरण समेत दिनुभएको थियो । स्वर किन्नरी साँच्चिकै नेपालका लागि सरस्वतीको प्रतिबिम्ब

कार्यक्रममा संस्थानका कलाकारहरूद्वारा प्रस्तुत गरिएका गीतहरू यसप्रकार रहेका थिए:

१.उकाली ओरालीहरूमा (प्रस्तुतिः प्रशिक्षार्थी)
(शब्दः चाँदनी शाह, सङ्गीतः नातीकाजी , स्वरः तारादेवी)



२.साँगुरी बारी नि हो (प्रस्तुतिः शिला विष्ट) (शब्दः पुण्यप्रसाद सुवेदी, सङ्गीतः नातीकाजी, स्वरः तारादेवी)



३.नौ सय खोला (प्रस्तुतिः राधिका भण्डारी) (शब्दःयादव खरेल , सङ्गीतः शिव शंकर, स्वरः तारादेवी)
४.उसको ममता मेरो हो (प्रस्तुतिः विपिन घिमिरे र शिला



विष्ट) (शब्दःलक्ष्मण लोहनी, सङ्गीतःनातीकाजी, स्वरः नारायण गोपाल र तारादेवी)



वाद्यवादनमा संस्थानका कलाकारहरू श्री तिर्थराज पोखेल ज्यू, श्री दुर्गाप्रसाद खतिवडा ज्यू, श्री रोहित सुवेदी ज्यू, श्री नरेश प्रजापति ज्यू र श्री शुक्रिमाया मोक्तानज्यूले साथ दिनुभएको थियो ।





कार्यक्रम सञ्चालन संस्थानका कलाकार श्री विपिन घिमिरेज्यूले गर्नुभएको थियो भने कार्यक्रमको संयोजन कार्यक्रम तथा योजना शाखा संयोजक श्री रेखा कुमारी कटुवाल श्रेष्ठज्यूले गर्नुभएको थियो । कार्यक्रम समापन गर्नुहुँदै संस्थानका अध्यक्ष श्री चन्द्रकुमार राई हतुवालीज्यूले





सांस्कृतिक संस्थानले स्रष्टाहरूको सम्मानका लागि यसप्रकारका नीति तथा कार्यक्रमलाई निरन्तरता दिनुपर्ने तर्फ जोड दिनुभयो ।

# मनमनमा संस्कृति, ओठओठमा हाँसोः दोस्रो संस्करण" डिजिटल रूपमा नियमित प्रकाशन गरिनेः सांस्कृतिक संस्थान

१५ माघ २०८२ काठमाडौँ ।

सांस्कृतिक संस्थानको प्रस्तुतिमा हास्य रस समिश्रण सहित नेपाली संस्कृति प्रवर्द्धनमूलक स्वस्थ मनोरञ्जनमैत्री सांस्कृतिक कार्यक्रम 'मन-मनमा संस्कृति, ओठ-ओठमा हाँसो' को दोस्रो संस्करण डिजिटल रूपमा सांस्कृतिक संस्थानको आधिकारिक युटुब च्यानल मार्फत नियमित प्रकाशन हुने भएको छ । पहिलो संस्करणले उद्देश्य केन्द्रित रही जनमनको मन जित्न सफल भएकाले दोस्रो संस्करण डिजिटल रूपमा प्रकाशन गरिने भएको हो ।

संस्थानले आ.व.२०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रममा पहिलोपटक समावेश गरी सो कार्यक्रम मिति २०८१ माघ ८ गते तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय श्री बद्री प्रसाद पाण्डेज्यूको हातबाट 'सांस्कृतिक संस्थान विशेष समारोह तथा सम्मान कार्यक्रम, २०८१' मार्फत समुद्घाटन गरिएको थियो भने आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रममा निरन्तरता दिएको हो । कार्यक्रम मिति २०८२ जेठ ३० गते पहिलो संस्करणको पहिलो एपिसोड संस्थानको आधिकारिक युटुब च्यानल मार्फत प्रसारण गरिएको थियो भने चारवटा एपिसोड प्रकाशन गरिएको थियो । दोस्रो संस्करणमा सात प्रदेशको प्रतिनिधित्व हुने गरी एपिसोड तयार पारिनेछ । संस्थानका कलाकारहरूद्वारा सात प्रदेशको प्रतिनिधित्व हुने गरी मौलिक गायन, वादन, नृत्य, नाटक र अन्य लोकप्रिय कलाकारद्वारा हास्य प्रस्तुति सहितको कार्यक्रम नियमित प्रसारण गरिने भएको हो । डिजिटल युगसँगै वैश्विकरणको प्रभावले नयाँ पुस्तामाझ नेपाली संस्कृतिको गरिमा बारे सभ्य ज्ञान सम्प्रेषण गर्नु अपरिहार्य रहेको परिवेशमा नयाँ पुस्तालाई मौलिक संस्कृति बारे ज्ञानबोध गराउन हास्य रस सहित मौलिक प्रस्तुति समेटेर कार्यक्रम तयार पारिएको हो । यस कार्यक्रम मार्फत नयाँ पुस्तामाझ नवजागरण प्रवाह हुने विश्वास गरिएको छ । साथै संस्कृति संरक्षण सहित उत्पादनमैत्री बनाउने उद्देश्यका साथ पनि सो कार्यक्रम नियमित प्रसारण हुनेछ । कार्यक्रमलाई आगामी दिनमा थप परिष्कृत गर्दै निरन्तर प्रदर्शन गरिने लक्ष्य राखिएको छ । संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूको नेतृत्वमा संस्थानले पछिल्लो समय डिजिटल युग सापेक्ष नयाँ शिराबाट दीर्घकालीन




हितमूलक नीति तथा कार्यक्रम तर्जुमा गर्दै संस्थान अगाडि बढेको छ । सोही कारण संस्थानमा हालसम्म हुन नसकेका निकायगत कार्य प्रकृति बमोजिम अपरिहार्य श्रव्यदृश्य सामग्री उत्पादनमैत्री रेकर्डिङ स्टुडियो जस्ता अत्यावश्यक संरचना निर्माण गरी संस्थानले आफ्नो अभिभारा बमोजिम नेपालको मौलिक संस्कृति प्रविधि मार्फत उजागर गर्ने तथा संस्कृतिलाई उत्पादनसँग जोड्ने डिजिटल रणनीति अपनाएको हो । समयको मागसँगै नियमित श्रव्यदृश्य सामग्री उत्पादन एवम् प्रकाशन मार्फत उत्पादन सहित संस्थानको हित तथा संस्थानमा कार्यरत सिर्जनशील कलाकार कर्मचारीको वृत्ति विकास हुने विश्वास गरिएको छ ।

# अभौतिक सांस्कृतिक सम्पदा (संरक्षण) ऐन निर्माणार्थ बनेको विधेयक माथिको छलफलमा सांस्कृतिक संस्थानको धारणा

२१ माघ २०८२ काठमाडौँ ।

राष्ट्रिय सभा नेपाल, विधायन व्यवस्थापन समितिको संवत् २०८२ माघ २१ गते बसेको बैठकमा सरोकारवाला विज्ञको प्रतिनिधित्व गर्दै सांस्कृतिक संस्थानको तर्फबाट सांस्कृतिक संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले आवश्यक धारणा मौखिक तथा लिखित रूपमा पेश गर्नुभएको छ ।

अभौतिक सांस्कृतिक सम्पदामध्ये प्रमुख अंग स्वरूप मानिने गायन, वादन, नृत्य र अभिनय सम्बन्धी प्रदर्शनी कला बारे स्पष्ट राज्यनीति निर्माणको रूपरेखा अभौतिक सांस्कृतिक सम्पदा (संरक्षण) सम्बन्धी निर्माण हुने ऐन मार्फत निर्धारण हुने हुनाले सो बैठकमा संस्थानले आफ्नो धारणा पेश गरेको हो । सजीव कला प्रदर्शनी मार्फत संस्कृति संरक्षण गर्ने अभिभारा बोकेको नेपाल सरकारको संस्कृति सम्बन्धी ज्येष्ठ निकाय सांस्कृतिक संस्थानले सिर्जनशील कलाको प्रभावकारी कानून अपरिहार्य भएको विषयमा पटकपटक ध्यानाकर्षण गराउँदै

आएको थियो । यस विधेयक मार्फत नेपालका मौलिक सिर्जनशील कलाको संरक्षण सम्बन्धी राज्यनीति निर्माण हुने संस्थानले विश्वास लिएको छ। नेपाल युनेस्कोमा १५ जून २०१० मा पक्ष राष्ट्रको रूपमा रहँदै आएतापनि नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले विनियोजन ऐन, २)८१ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी अभौतिक सांस्कृतिक सम्पदा (सूचीकरण तथा व्यवस्थापन) कार्यविधि, २०८१ लागू गरी नेपालमा पहिलोपटक सूचीकरणको महाअभियान थालनी गरेतापनि यस सम्बन्धी ऐन नहुँदा विभिन्न नीतिगत समस्या आइपरेकाले अभौतिक सांस्कृतिक सम्पदा संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्ने बनेको विधेयक मार्फत निर्माण हुने ऐन मार्फत नेपालका अभौतिक सांस्कृतिक सम्पदाहरू राष्ट्रिय रूपमा तथा अन्तर्राष्ट्रिय रूपमा (विश्व सम्पदा) सूचीकृत हुन गई संस्कृति संरक्षण सहित सांस्कृतिक पर्यटनको विकास, सांस्कृतिक रोजगार सिर्जना र सांस्कृतिक उद्योगको विकास हुने मार्ग निर्माण हुनेछ । अभौतिक सांस्कृतिक सम्पदा सम्बन्धी विधेयक विशेषतः बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त नेपालको विशेषतालाई



संविधानसम्मत युगौंयुगसम्म बचाउन हरेक समुदायका अभौतिक सांस्कृतिक सम्पदालाई सूचीकरण गरी राष्ट्रिय पहिचानलाई दीर्घकालीन स्थायीत्व प्रदान गर्दै सम्बन्धित समुदायलाई आफ्नो अभौतिक सांस्कृतिक सम्पदा मार्फत उत्पादनमैत्री बनाई स्वरोजगार सहितको आत्मनिर्भर नीतिमा अभिप्रेरित गर्नेतर्फ केन्द्रित रहने विश्वास गरिएको छ। तालुक मन्त्रालय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले अभौतिक सांस्कृतिक सम्पदाको सूचीकरण अभियान थालनी गरेसँगै अभियानलाई प्रभावकारी ढंगले सम्पन्न गर्न सांस्कृतिक संस्थानले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।



# कला प्रशिक्षणका ३५ औं समूहका प्रशिक्षार्थी "दीक्षान्त समारोह" सम्पन्न

२५ माघ २०८२ काठमाडौं ।



सिर्जनशील कला मार्फत शिक्षालाई व्यावहारिक बनाउने उद्देश्यका साथ सांस्कृतिक संस्थानद्वारा सञ्चालित कला प्रशिक्षण कार्यक्रम अन्तर्गत ३५ औं समूहका प्रशिक्षार्थी "दीक्षान्त समारोह, २०८२" संस्थानको मेगा प्रेक्षालय जमल काठमाडौँमा सम्पन्न गरिएको छ । संस्थानका अध्यक्ष श्री चन्द्र कुमार राई (हतुवाली) ज्यूको सभाध्यक्षतामा नेपालका लागि राष्ट्रिय गौरव सम्मानित व्यक्तित्व राष्ट्रिय गानका गीतकार तथा साहित्यकार श्री प्रदिप कुमार राई (व्याकुल माइला) ज्यूको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न गरिएको हो । कार्यक्रममा संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुन ज्यू, संस्थान सञ्चालक समिति सदस्य श्री पूजा श्रेष्ठ ज्यू लगायतको विशिष्ट आतिथ्यता रहेको थियो । संस्थानले हरेक आ.व.मा ६/६ महिने गायन, वादन, नृत्य र नाटक विधामा प्रशिक्षण क्रियाकलाप सञ्चालन गर्दै आइरहेको छ भने आ.व.२०८२/०८३ देखि नयाँ विधाहरू गीत रेकर्डिङ प्राविधिक तथा हार्मोनियम विधा थप गरेर सञ्चालन गरेको थियो ।



कार्यक्रममा प्रमुख अतिथि श्री प्रदिप कुमार राई (व्याकुल माइला) ज्यूले मन्तव्य मार्फत भन्नुभयो-



"संस्थानले आफ्नो अभिभारा बमोजिम सिर्जनशील कलाकारको कलालाई उत्पादनसँग जोड्ने माध्यम अपनाई कलाकारहरूको जीविकोपार्जनलाई सुदृढीकरण गर्नतर्फ जोडदिनुपर्ने बताउनुभयो । उहाँले संस्थानले आफ्नो विरासत जोगाउँदै बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त नेपालको विशेषतालाई आत्मसात् गरी संस्कृति संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा पुस्तान्तरण गर्नुपर्ने बताउनुभयो । साथै



राष्ट्रिय गानलाई प्रशिक्षार्थीहरूले प्रत्यक्ष लोकवाद्यवानको सामूहिक वादन (अर्केष्ट्रा) का साथमा प्रस्तुत गरेकोमा आभार प्रकट गर्नुहुँदै राष्ट्रिय गानका वरिष्ठ सङ्गीतकार स्व.अम्बर गुरुङज्यूको सपना नेपाली मौलिक बाजाहरूको प्रत्यक्ष सामूहिक वादन सहितको गायन मार्फत राष्ट्रिय गानलाई विमोचन गर्ने धोको रहेको तर त्यो पुरा हुन नसकेको स्मरण गर्नुहुँदै संस्थानका प्रशिक्षार्थीले प्रस्तुत गर्दा आफू हर्षित तथा भावुक भएको बताउनुभयो। उहाँले संस्थानको ३५ औं समूहका प्रशिक्षार्थीहरू विविध उमेर समूहका तथा विविध क्षेत्रका सहभागिता रहेको देख्दा कलालाई कुनै उमेर समूह तथा परिधिले छेक्न नसक्ने प्रमाणित गरेको बताउनुहुँदै संस्थानको कला प्रशिक्षण दीक्षान्त कार्यक्रम ३५ औं मात्र नभई ३५ औं हजारसम्म पुग्न सफल रहोस् भन्ने कामना व्यक्त गर्नुभयो । साथै उहाँले प्रशिक्षार्थीलाई दीक्षित गर्नुहुँदै प्रमाण पत्र वितरण सहित बधाई तथा उज्ज्वल भविष्यको कामना गर्नुभयो।"

कार्यक्रममा संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले स्वागत मन्तव्य राख्नुहुँदै भन्नुभयो:-

"संसारकै सबैभन्दा सर्वश्रेष्ठ प्राणी मानव भएको तथा मानवको सर्वश्रेष्ठताको पदवी सिर्जनशीलताकै कारण प्राप्त भएको बताउनुभयो। उहाँले सिर्जनशील क्षमतामध्ये पनि उच्चकोटिको दर्जा सङ्गीत (गायन, वादन, नृत्य) र अभिनयलाई लिइने किनकी सिर्जनशील कलालाई सजीव ढंगले अभिव्यक्त गर्न विशिष्ट क्षमता चाहिने बताउनुहुँदै





कला त्यो हो जुन सिर्जनशील क्षमता मार्फत अभिव्यक्त हुन्छ, कलाकार त्यो हो जो सँग मानव जीवनका जन्मदेखि मृत्युपर्यन्त अपरिहार्य हरेक सभ्य क्रियाकलापहरू मध्ये कुनै न कुनै क्रियाकलाप सम्बन्धी कला, ज्ञान र सीपको क्षमता हुन्छ । विशिष्ट कलाकारको दर्जाका हकदार सङ्गीत तथा अभिनय विधाका सिर्जनशील प्राणीहरूका साथै सङ्गीत (गायन, वादन, नृत्य) र अभिनयका लागि सिर्जनात्मक र साहित्यिक पक्षबाट भूमिका निर्वाह गर्ने सिर्जनशील प्राणी पनि विशिष्ट दर्जाका हकदार भएको दाबी गर्नुभयो । उहाँले हरमानवको ठूलो शत्रु उसको सोच भएको तर्क गर्नुहुँदै सकारात्मक सोचले नीतिगत चिन्तन सहित सत्कर्ममा लाग्न अभिप्रेरित गर्दछ भने नकारात्मक सोचले नीति विपरित चिन्तन सहित दुष्कर्मको मार्गमा अग्रसर गराउने भएकाले सिर्जनशील प्राणी कलाकार समाजको अग्रभागमा समेत हुने भएकाले सकारात्मक सोचका साथ नीतिगत प्रणाली बमोजिम

आफ्ना क्रियाकलाप अगाडि बढाउनु नै अनिवार्य शर्त भएको बताउनु भयो । ३५ औं समूहका दीक्षित हुने प्रशिक्षार्थीहरूलाई हार्दिक बधाई सहित सिर्जनशील कला मार्फत कृति सृष्टि गर्ने सत्कर्मको यात्राको कामना सहित उज्ज्वल भविष्यको समेत शुभकामना व्यक्त गर्नुहुँदै संस्थानबाट सिकेको सीप, ज्ञानलाई आफ्नो व्यावहारिक जीवनमा लाभदायक बनाउन र कलाको माध्यमबाट समाज जागरण सहित सभ्य राष्ट्र निर्माणका लागि समर्पण गर्नुहुनेछ भन्ने विश्वास लिएको बताउनुभयो । साथै प्रमुख अतिथि राष्ट्रिय गौरव सिर्जनशील प्राणी भएको र दीक्षान्त समारोह भनेकै कुनै कार्य सम्पादन पश्चात् प्रमाण पत्र वितरण गरी प्रमाणीकरण गरिने भएकाले सोही बमोजिमको क्रियाकलाप प्रस्तुत गरिएकाले कार्यक्रमले सार्थकता पाएको धारणा राख्नुहुँदै कहिल्यै नटुट्ने बन्धन भनेको सांस्कृतिक बन्धन भएकाले प्रशिक्षार्थी र संस्थानको सांस्कृतिक सम्बन्ध सदा रहिरहने विश्वास व्यक्त गर्नुहुँदै संस्थानका नीति तथा कार्यक्रममा आवश्यकता अनुसार प्रशिक्षार्थीलाई समेट्दै लैजाने तर त्यसका लागि सभ्य संस्कृतिलाई शिरोपर गर्दै प्रशिक्षार्थी अघि बढ्नुपर्ने बताउनुभयो । उहाँले कार्यक्रममा सहभागी प्रशिक्षार्थीका अभिभावकलाई सन्ततिको चाहना अनुरूप सिर्जनशील कलाको क्षेत्रमा उत्प्रेरणा प्रदान गर्नुहुन अनुरोध गर्नुहुँदै प्रशिक्षार्थीहरूलाई हौसला, प्रेरणा र आत्मबल प्रदान गर्ने हेतुले कार्यक्रममा उपस्थित हुनुहुने प्रमुख अतिथि लगायत सबैमा हार्दिक स्वागत सहित आभार प्रकट गर्नुभयो ।"

कार्यक्रम समापन गर्नुहुँदै अध्यक्ष श्री चन्द्र कुमार राई हतुवालीज्यूले संस्थानले निरन्तर कला प्रशिक्षण अभियान सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । कार्यक्रम सञ्चालन प्रशिक्षण इकाई प्रमुख श्री विपिन घिमिरेज्यूले गर्नुभएको थियो भने कार्यक्रम संयोजन संस्थानका कार्यक्रम तथा योजना शाखा संयोजक श्री रेखा कुमारी कटुवाल श्रेष्ठज्यूले गर्नुभएको थियो । कार्यक्रममा ३५ औं समूहका प्रशिक्षार्थीहरूद्वारा गायन, वादन, नृत्य समाहित गरी सामूहिक प्रस्तुति र नाटक प्रस्तुत गर्नुभएको थियो ।






सांस्कृतिक संस्थानको प्रस्तुति
दीक्षान्त समारोह-२०८२


सांस्कृतिक संस्थानको प्रस्तुति
दीक्षान्त समारोह-२०८२

# ३६ औं समूहका प्रशिक्षार्थी स्वागत तथा अभिमुखीकरण कार्यक्रम सम्पन्नः सांस्कृतिक संस्थान






१५ फागुन २०८२ काठमाडौं ।

सिर्जनशील कलाको माध्यमबाट शिक्षालाई व्यावहारिक बनाउने उद्देश्यका साथ नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत संस्कृति सम्बन्धी ज्येष्ठ निकाय सांस्कृतिक संस्थानद्वारा सञ्चालित कला प्रशिक्षण कार्यक्रम अन्तर्गत ३६ औं समूहका प्रशिक्षार्थी "स्वागत तथा अभिमुखीकरण कार्यक्रम, २०८२" सम्पन्न गरिएको छ ।



संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूबाट प्रशिक्षार्थी आचरण सम्बन्धी अभिमुखीकरण गरिएको हो। सो अभिमुखीकरण कार्यक्रममा महाप्रबन्धकज्यूले कला प्रशिक्षण कार्यक्रमलाई नीतिगत ढंगले अगाडि बढाउन कार्यविधि निर्माण गरी लागू गरिएकाले थप सुदृढीकरणका लागि पहल गरिने, प्रमाण पत्र वितरण गर्दा हाजिरी, शैद्धान्तिक र व्यावहारिक परिक्षाको आधारमा प्रदान गरिने, संस्कृतिजस्तो संवेदनशील विषयलाई सिर्जनशील कलाको माध्यमबाट सभ्य रूपमा समाजमा सम्प्रेषण गर्न प्रशिक्षकहरू-प्रशिक्षार्थीहरू सुसंस्कृत भई प्रशिक्षण क्रियाकलापलाई व्यावहारिक रूपमा अधिकतम लाभ हुने हुनेगरी प्रशिक्षकले कला, ज्ञान र सीप सञ्चारण गर्न तथा प्रशिक्षार्थीले शोखलाई भोकको रूपमा परिणत गरी फराकिलो एवम् सकारात्मक सोच राखी ग्रहण गर्न निर्देशन दिनुभयो । साथै उहाँले सिर्जनशील प्राणी नै आम जनमानसमा अग्रभागमा सार्वजनिक हुने क्षमता राख्ने भएकाले प्रशिक्षक र प्रशिक्षार्थी बीच सामाजिक तथा सांस्कृतिक मर्यादाक्रमलाई अङ्गीकार गरी मर्यादा पालन गर्न तथा कला प्रशिक्षण सम्बन्धी कार्यविधि पालन गर्न निर्देशन दिनुहुँदै विविध पक्ष बारे अभिमुखीकरण गर्नुभएको थियो।

कार्यक्रममा संस्थानका गायन, वादन, नृत्य र नाटक विधाका प्रशिक्षकज्यूहरू र ३६ समूहका प्रशिक्षार्थीको उपस्थिति रहेको थियो । कार्यक्रम सञ्चालन कला प्रशिक्षण इकाई प्रमुख श्री विपिन घिमिरेज्यूले गर्नुभएको थियो

# सांस्कृतिक संस्थान र काठमाडौँ महानगरपालिकाको सहकार्यमा आयोजित "Book Free Friday सम्बन्धी समीक्षा" कार्यक्रम सम्पन्न

०१ चैत २०८२ काठमाडौँ।

सांस्कृतिक संस्थान र काठमाडौँ महानगरपालिकाको सहकार्यमा काठमाडौँ महानगरपालिकाको गौरवको योजना अन्तर्गत "गरी खाने शिक्षा, महानगरको इच्छा" श्लोकनका साथ सञ्चालित पुस्तक रहित शुक्रबार (Book Free Friday) को "समीक्षा कार्यक्रम" सांस्कृतिक संस्थानको मिनी हल, जमल, काठमाडौँमा सम्पन्न भएको छ। कार्यक्रम संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूको सभाध्यक्षतामा श्री नमराज ढकाल (कामनपा शिक्षा विभाग प्रमुख), श्री सुशिल सुवेदी (कामनपा शिक्षा विभाग वरिष्ठ शाखा अधिकृत), श्री सुदर्शन भट्टराई (कामनपा प्रशासन वरिष्ठ अधिकृत), संस्थानका कर्मचारी तथा प्रशिक्षहरूको उपस्थितिमा सम्पन्न गरिएको हो।






बालबालिकाको भविष्यलाई मध्यनजर गर्दै शिक्षालाई व्यावहारिक बनाउने उद्देश्यका साथ काठमाडौँ महानगरपालिकाले सामुदायिक विद्यालयमा सुरुवात गरेको पुस्तक रहित Book Free Friday कार्यक्रमलाई चुस्त, दुरुस्त एवम् प्रभावकारी ढंगले सम्पन्न गर्नका लागि सो समीक्षा कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा कामनपाको तर्फबाट शिक्षा विभाग प्रमुख श्री नमराज ढकाल ज्यू र वरिष्ठ शाखा अधिकृत श्री सुशिल सुवेदीज्यूले धारणा राख्नुभएको थियो भने संस्थानको तर्फबाट महाप्रबन्धक श्री किरण बाबु पुन ज्यू र संस्थान कलाकार सेवामा कार्यरत श्री रोहित सुवेदीज्यूले धारणा राख्नुभएको थियो ।

कार्यक्रम सञ्चालन संस्थानका गायन शाखा संयोजक श्री तिर्थराज पोखेलज्यूले गर्नुभएको थियो । सांस्कृतिक संस्थान र काठमाडौँ महानगरपालिका बीच ¬ तय ¬ प्रणाली अन्तर्गत आ.व.२०८१/८२ देखि Book Free Friday अन्तर्गत सङ्गीत तथा नाट्य अभिनय सम्बन्धी प्रशिक्षण क्रियाकलाप सञ्चालन गरिँदै आइएको छ ।











# सांस्कृतिक संस्थानको प्रस्तुति मौलिक गीत 'साइँलो साइँली' लोकप्रिय बन्न सफल




२१ चैत २०८२, काठमाडौं ।

सांस्कृतिक संस्थानद्वारा आफ्नो अभिभारा बमोजिम मौलिक गीत "साइँलो साइँली" को श्रव्यदृश्य सामग्री सार्वजनिक गरिएको छ। गीतको रचना र भाका संकलन मौलिक स्रष्टा आदरणीय श्री टोपलाल सुवेदीज्यूले गर्नुभएको हो। संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुन ज्यू र लोकप्रिय मौलिक गायिका श्री देवी घर्तीज्यूको प्रमुख आवाज रहेको छ। सङ्गीत संयोजक/रेकर्डिष्ट/ध्वनि सम्पादक श्री प्रेम प्रकाश रामजाली ज्यू, वाद्यवादक श्री धर्म गन्धर्व ज्यू, निर्देशक श्री शेखर घर्ती ज्यू, अवधारणा श्री रोहित सुवेदी ज्यू, छायांकार श्री बि.एम मल्ल ज्यू, दृश्य सम्पादक श्री मनिष कार्की ज्यू, अभिनय सांस्कृतिक संस्थानका कलाकार, कारेश्वर भजन समूह र संस्थानका ३५/३६ औं समूहका प्रशिक्षार्थीहरू, भेषभूषा श्री नारायणी पाण्डे ज्यू र मेकअप श्री सीता तामाङ केसीज्यूको रहेको छ। गीतलाई छोटो समयमै अत्यधिक रूचाइएको छ।

मौलिक संस्कृतिलाई श्रव्यदृश्यको माध्यमबाट संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा पुस्तान्तरण गर्ने उद्देश्यका साथ संस्थानले पछिल्लो समय मौलिक गीतहरूको श्रव्यदृश्य सामग्री उत्पादन गर्दै संस्थानको आधिकारिक युटुब च्यानल तथा एप मार्फत प्रकाशन गर्दै आएको छ। सजीव कलाको माध्यमबाट नेपाली मौलिक संस्कृति संरक्षण, संवर्द्धन, प्रवर्द्धन र पुस्तान्तरण गर्ने प्रमुख अभिभारा बोकेको नेपाल सरकारको संस्कृति सम्बन्धी ज्येष्ठ निकाय सांस्कृतिक संस्थानले नेपालको पहिचानयुक्त सबै प्रकारका गीतहरू रेकर्डिङ गरी श्रव्यदृश्य सामग्री प्रकाशन गर्नतर्फ अग्रसर भएको छ। संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूको नेतृत्वमा निकायगत कार्यप्रकृति अनुसार अपरिहार्य संस्थानको रेकर्डिङ स्टुडियो निर्माण गर्न सफल भएकाले संस्थान श्रव्यदृश्य सामग्री उत्पादनतर्फ सक्रिय रूपमा अगाडि बढेको छ । संस्थानले निरन्तर सबै विधाका सबै प्रकारका गीतहरू उत्पादन गर्दै जाने प्रतिबद्धता व्यक्त गरेको छ।

# अभिभारा बमोजिम निरन्तर विविधि श्रव्यदृश्य सामग्री प्रकाशन गर्दै सांस्कृतिक संस्थान




२५ चैत २०८२ काठमाडौँ ।

सांस्कृतिक संस्थानले आफ्नो काम, कर्तव्य र अभिभारा बमोजिम नेपालको पहिचानयुक्त विविध गीतका श्रव्यदृश्य सामग्री उत्पादन गरी डिजिटल युगसँगै डिजिटल प्रविधि युटुब तथा एप मार्फत प्रकाशनको कार्यलाई निरन्तरता दिएको छ। नेपाली संस्कृतिको संरक्षण, संवर्द्धन, प्रवर्द्धन र पुस्तान्तरण गर्ने प्रमुख अभिभारा बोकेको नेपाल सरकारको संस्कृति सम्बन्धी ज्येष्ठ निकाय सांस्कृतिक संस्थानले नेपालमा प्रचलित पहिचानयुक्त सबै प्रकारका मौलिक गीतहरू तथा धूनहरू रेकर्डिङ गरी श्रव्यदृश्य सामग्रीका माध्यमबाट संस्कृति जगेर्ना गर्ने हेतुका साथ पछिल्लो समय संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूको नेतृत्वमा निकायगत कार्य प्रकृति अनुसार अपरिहार्य आफ्नै रेकर्डिङ स्टुडियो निर्माण गरी अगाडि बढेको छ।

संस्थानले निरन्तर सबै विधाका सबै प्रकारका गीतहरू र धूनहरू उत्पादन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दै भजन गीत, लोक गीत, दोहोरी गीत, आधुनिक गीत, लोक धून, चाडपर्व विशेष धून, राष्ट्रभावले ओतप्रोत गीत, सामुदायिक संस्कृतिमय गीत, गीति नाटक लगायत नेपालमा प्रचलित सम्पूर्ण विधाका गीत रेकर्डिङ तथा प्रकाशन गर्दै आएको छ।

# नयाँ वर्षको अवसरमा "शुभारम्भ सांस्कृतिक साँझ– २०८३" भव्यताका साथ सम्पन्नः सांस्कृतिक संस्थान

१ वैशाख २०८३ काठमाडौँ ।

नयाँ वर्ष - २०८३ सालको शुभकामना स्वरूप "सांस्कृतिक पर्यटन मार्फत नेपालको आयमा वृद्धि, अभौतिक सांस्कृतिक सम्पदा सूचीकरणबाटै समृद्धि" भन्ने मूल भावका साथ सांस्कृतिक संस्थानको आयोजना, नेपाल पर्यटन बोर्डको प्रवर्द्धन, नेपाल प्रज्ञा-प्रतिष्ठान र नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको सहकार्य, लालीगुराँस मिडिया नेटवर्क मिडिया पार्टनर, रैथाने कृषि एग्री प्रडक्टस्को फूड पार्टनरमा सांस्कृतिक पर्यटनमैत्री कार्यक्रम "शुभारम्भ सांस्कृतिक साँझ - २०८३" मिति २०८३ साल वैशाख १ गते सांस्कृतिक संस्थानको मेगा हल, जमल, काठमाडौँमा प्रतिनिधि सभा सदस्य माननीय श्री पुकार बमज्यूको प्रमुख आतिथ्यतामा भव्य रूपमा सम्पन्न गरिएको छ ।



संस्थानका अध्यक्ष श्री चन्द्र कुमार राई हतुवालीज्यूको सभाध्यक्षता रहेको कार्यक्रममा संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुन ज्यू, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव तथा संस्कृति महाशाखा प्रमुख श्री डा.सुरेश सुरश श्रेष्ठ ज्यू, नेपाल पर्यटन बोर्डका उपाध्यक्ष श्री राम प्रसाद सापकोटा (कमल) ज्यू,



नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका सदस्य सचिव श्री देवेन्द्र कुमार काफ्ले ज्यू, सांस्कृतिक संस्थानका समिति सदस्यद्वय श्री निर्मला न्यौपाने ज्यू र श्री पूजा श्रेष्ठ ज्यू, नेपाल सरकारका उपसचिवज्यूहरू, नेपाल पर्यटन बोर्डका वरिष्ठ निर्देशक श्री हिक्मतसिंह ऐर ज्यू, ललितकला केन्द्रीय विभागका प्राध्यापक श्री गोकुल लिम्बु ज्यू, समाजसेवीद्वय श्री हिमराज पौडेल ज्यू र श्री सावित्री अधिकारी ज्यू लगायत विविध सामुदायिक संघसंस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरूको आतिथ्यता रहेको थियो ।

नयाँ वर्षको आरम्भसँगै हरेक नेपालीमा नयाँ उमङ्ग र नयाँ सङ्कल्प सहित आपसी सद्भाव तथा राष्ट्रिय एकताको भावना सुदृढीकरण गर्दै अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण, सांस्कृतिक पर्यटनको विकास तथा सांस्कृतिक उद्योगको विकास सहित समृद्धिको आधार दिशाबोध गर्न नवजागरण प्रवाह गर्ने उद्देश्यका साथ सो कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा नेपाली संस्कृतिको समग्र प्याकेजः मौलिक गीत, धून, नृत्य, ललितकला, सांस्कृतिक तथा साहित्यिक पुस्तक, भेषभूषा, मिथकीय अनुष्ठान सहितको मञ्चन कला, रैथाने कृषि उत्पादन तथा सात प्रदेशको रैथाने खाद्यपरिकार, सांस्कृतिक सीपबाट उत्पादित सामग्री लगायतका अभौतिक सांस्कृतिक

सम्पदाको प्रदर्शनी र सांस्कृतिक संस्थानका कलाकार तथा अन्य लोकप्रिय कलाकारको प्रस्तुति प्रदर्शन गरिएको थियो ।









कार्यक्रममा प्रमुख अतिथि प्रतिनिधि सभा सदस्य श्री पुकार बमज्यूले मन्तव्य राख्नुहुँदै भन्नुभयोः-

"८२ सालको अन्तिम दिन संस्कृतिकै विषयमा सम्माननीय प्रधानमन्त्री ज्यू समक्ष छलफल गरिएको र ८३ को आरम्भको दिनपनि संस्कृतिकै कार्यक्रममा सहभागी हुन पाउनु आफैमा गौरवको विषय बनेको महसुस भएको छ । आज ३/४ वटा विविध कार्यक्रम भएकाले मैले एक घण्टाको लागि मात्रै भनेर यहाँ आएको थिएँ तर सात प्रदेशको प्रस्तुति प्रदर्शन हुने भनेपछि संस्कृतिलाई सबैभन्दा उच्च प्राथमिकतामा राख्दै सातै प्रदेशको संस्कृतिलाई समानपूर्वक सम्मान गर्नु मेरो अभिभारा सम्झेर मैले अन्य कार्यक्रममा जाने सेडुल रद्द गरेर पुरा कार्यक्रम अवलोकन गर्ने निर्णय गरेको हुँ । सात प्रदेशका प्रस्तुति तथा सांस्कृतिक संस्थानका कलाकारको प्रस्तुति हेर्दै गर्दा आफूले विगतका दिनहरू सम्झिएको भन्दै थुप्रै प्रख्यात कलाकारको नाम समेत लिँनुहुँदै कला क्षेत्रलाई नजिकबाट नियाल्ने अवसर प्राप्त गरेको तथा कला-संस्कृतिबाटै देशको पहिचान बोल्ने भएकाले कला-संस्कृतिको संरक्षण गर्नु अपरिहार्य रहेको बताउनुभयो । उहाँले कलाकारलाई राष्ट्रको गहणा भनेर सम्बोधन गरेतापनि व्यावहारिक हुन नसकेकाले देशमा सुशासन स्थापना गर्दै कला क्षेत्रमा राज्यनीति बनाउने विषयमा आफूले सकेको योगदान दिने प्रतिबद्धता व्यक्त गर्नुभयो । साथै उहाँले संस्थानका महाप्रबन्धकज्यूले राख्नुभएका संस्थानका समस्या समाधानको लागि म अहिले गर्नसक्छु भनेर आश्वासन दिन चाहन्न तर कुनैपनि विषयको काम हुन्छ भनेर अल्झाउने, कार्यान्वयन नहुने प्रणालीको अन्त्य गर्नु वर्तमान सरकारको आधारभूत लक्ष्य भएकाले संस्थानको विषयमा के-के गर्न सकिने भन्ने कुरा अध्ययन गरेर सकारात्मक ढंगले आफूले सकेको पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।"

कार्यक्रममा स्वागत मन्तव्य मार्फत संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले राख्नुभएको सारांशः

"नेपाली नयाँ वर्षको अवसरमा नयाँ ऊर्जा र जोश सहित





सुशासन तथा सभ्य संस्कृति सहितको समृद्धिका लागि सम्पूर्ण नेपालीहरूले नयाँ सङ्कल्पको साझा आवाज बनाउनुपर्दछ भन्ने नवजागरण प्रवाह गर्ने उद्देश्यका साथ नयाँ वर्षको शुभारम्भकै दिन "शुभारम्भ सांस्कृतिक साँझ" लाई नीति तथा कार्यक्रममा समेटेर आयोजना गर्दै आएको बताउनुभयो। उहाँले साँच्चिकै देशमा यतिबेला नयाँ युगको शुभारम्भ भएको बताउँदै विश्व परिवेशलाई नजिकबाट नियाल्दै परिवर्तनको मार्ग खोजिरहेका नेपाली जनताले सभ्य सुशासनयुक्त संस्कृतिसँगै उन्नत नेपाली सभ्यता निर्माणका लागि परिवर्तनका संवाहक युवा शक्तिलाई राज्यको अभिभारा सुम्पिएकाले राष्ट्रियताको सवालमा, सुशासनको सवालमा, आर्थिक समृद्धिको सवालमा, भ्रष्टाचार निर्मूलनको सवालमा, डिजिटल युगसँगै प्रविधिमैत्री स्वरोगारको सवालमा युवाको साझा आवाज हुनुपर्दछ भन्ने सन्देश प्रवाह गर्न तथा युवाशक्तिको जोश, जाँगर, श्रम-सीपलाई स्वदेशमै सभ्य ढंगले सदुपयोग गर्न युवाशक्तिको ऐक्यबद्धता हुनुपर्दछ भन्ने सन्देश सम्प्रेषण गर्न कार्यक्रम आयोजना गरेको बताउनु भयो। त्यतिमात्र नभई उहाँले विविधतायुक्त नेपालको विशेषतालाई आत्मसात् गरी हरेक जातजातिका सम्पूर्ण अभौतिक सांस्कृतिक सम्पदालाई विश्व सांस्कृतिक सम्पदामा सूचीकरण गरी राष्ट्रिय पहिचानलाई कायम गर्दै सांस्कृतिक पर्यटनको विकासलाई जोड दिन सक्यौंभने हरेक समुदाय आफ्नै संस्कृति मार्फत जीविकोपार्जन गर्नसक्ने तथा आत्मनिर्भर बन्ने लक्ष्यमा चुम्न सकिन्छ भन्ने नवजागरण प्रवाह गर्ने उद्देश्यले पनि यो कार्यक्रम आयोजना गरेको बताउनुभयो। उहाँले राष्ट्रको विभिन्न परिवर्तनका लागि अमूल्य जीवन दिनुहुने सम्पूर्ण सहिदहरूदेखि भर्खरै जेन जी आन्दोलनमा अमूल्य जीवन दिनुहुने सहिदहरूकै त्यागका कारण आज हामी यो परिवेशमा भएकाले सम्पूर्ण सहिद प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै सहिदको बलिदानलाई उच्च सम्मान गर्नेहरूलाई सत्मार्गमा लम्किने ऊर्जा प्राप्त हुने र सत्कर्म गर्नेहरूले समाजमा कृति छोड्ने काम गर्ने तथा

सहिदको बलिदानलाई अवमूल्यन गर्नेहरूलाई कुमार्गमा लम्किनुपर्ने तथा दुष्कर्मको फल भोग्नैपर्ने तर्फ जोड दिनुहुँदै सहिदको बलिदानलाई सदा उच्च सम्मान गर्दै सहिदको सपना साकार पार्न अरू केही गर्नु पर्दैन राज्यका जिम्मेवार व्यक्तिहरूले आफ्नो काम, कर्तव्य, जिम्मेवारी निष्ठापूर्वक पुरा गरिदिए पुग्ने बताउँदै संस्थानको वर्तमान नेतृत्व यी कुरामा स्पष्ट भई वैज्ञानिक ढंगले नीति तथा कार्यक्रम तर्जुमा गरी व्यावहारिक रूपमा पुष्टि गर्न तत्पर भएकै कारण देशैभरीका सामाजिक क्षेत्रका सार्वजनिक निकाय मध्ये मात्रै सांस्कृतिक संस्थानले अर्थ मन्त्रालयको समीक्षा प्रतिवेदन अनुसार आ.व.२०८१/८२ मा ७० पतिशत हाराहारीमा आयमा वृद्धि गर्न सफल भएको बताउनुभयो। साथै युवाहरू सत्यलाई शिरमा राखेर हरेक राम्रो पक्षको अस्तित्वलाई शिरोधार्य गर्दै सुशासनको संवाहक बन्नुपर्छ भन्ने कुरामा समेत स्पष्ट भई आफूले नेतृत्व सम्हालेसँगै आफ्नो ज्यानै दाउमा राखी संस्थानमा सुशासन स्थापना गरेको जसको प्रतिफल मृत्युशैयाको संस्थानमा मुठी प्राण भरिएको, कर्मचारी तलब सुविधा, सञ्चय कोष, नागरिक लगानी कोषमा समेत वर्षौंदेखि करोडौं दायित्वको समस्या समाधान गरेको, निकायगत कार्यप्रकृति बमोजिम श्रव्यदृश्य सामग्री उत्पादनका लागि रेकर्डिङ स्टुडियो निर्माण तथा सेमिनार हल निर्माण गरिएको, डिजिटल युगसँगै प्रविधिमैत्री संयन्त्र मार्फत डिजिटल आम्दानीको स्रोत निर्माण गरिएको बताउनु भयो। उहाँले आफूले सुशासन स्थापना गर्दा विचलित पार्ने कुप्रवृत्तिका मानवहरूले दुःख समेत दिएको बताउनुहुँदै परिआए सुशासनको सवालमा प्रमाण पेश गर्ने बताउनु भयो। उहाँले माननीय ज्यू मार्फत हाम्रो तालुक मन्त्रालय तथा सदनमा समेत संस्कृति सम्बन्धी दीर्घकालीन नीति तर्जुमा गर्न पहल हुने विश्वास व्यक्त गर्दै समृद्ध राष्ट्र निर्माणका लागि नेपालको मुख्य स्रोत मध्ये सांस्कृतिक स्रोत भएकाले एकपटक मात्र एकपटक संस्कृतिमा लगानी गरेर हेरौं, सम्पूर्ण सांस्कृतिक सीपहरू तथा अभौतिक सांस्कृतिक सम्पदालाई एकीकृत गरी सांस्कृतिक उद्योगको विकास गरी सांस्कृतिक रोजगार सिर्जना गर्ने वातावरण निर्माण गर्नसके देश समृद्धितर्फ जाने कुरामा ध्यानाकर्षण गरिदिनु हुन अनुरोध गर्नुभयो। त्यस्तै संस्कृति, सम्पदा, कला, संस्कृतिविद्, साहित्यकार, कलाकार तथा जन्ममृत्युपर्यन्त सभ्य क्रियाकलाप सम्बन्धी सांस्कृतिक सीप भएका सिर्जनशील प्राणीहरूका लागि छुट्टै ऐन, कानूनको तर्जुमा गरी लागू गर्नसके तथा संस्कृति तथा सम्पदा मन्त्रालय स्थापना गरी संस्कृति तथा सम्पदा सम्बन्धी सम्पूर्ण निकायलाई स्पष्ट क्षेत्राधिकार तोकेर कार्यसम्पादन गर्ने प्रणाली विकास गरे संस्कृतिबाटै समृद्धि सम्भव हुनसक्ने धारणा राख्नुभयो। संस्कृति सम्बन्धी निकायका नीतिगत सुधारलाई विशेष प्राथमिकता दिई तुरुन्तै समस्या समाधान गर्नुपर्ने तर्फ जोडदिँदै उदाहरणका लागि संस्कृति विभाग, राष्ट्रिय नाचघर हुँदै सांस्कृतिक संस्थानसम्म आइपुग्दा ६६ वर्षीय सांस्कृतिक विरासत बोकेको निकायले जति आम्दानी वृद्धि गरेतापनि संस्थानको भवन निर्माणार्थ नेपाल सरकारबाट अनिवार्य अनुदान प्राप्त हुनुपर्नेमा त्यसो नभई त्रुटिपूर्ण ढंगले ऋण हुन गएकाले सधैँ समस्याग्रस्त भएकाले तुरुन्तै नेपाल सरकारको अनुदानकै रूपमा परिणत गरी संस्थानको गरिमा बचाउनुपर्ने धारणा राख्नुहुँदै समस्या समाधानको लागि पहल गरिदिनुहुन अनुरोध गर्नुभयो। साथै संस्थानको इतिहास, क्षेत्राधिकार र कार्यप्रकृति अन्य कुनै निकायसँग तादात्म्यता नराख्ने भएकाले कसैसँग गाभेर पुनर्संरचना नभई छुट्टै ऐनका साथ नीतिगत पुनर्संरचना आवश्यकता रहेको बताउनु भयो। उहाँले माननीय प्रमुख अतिथिज्यूलाई विनम्रतापूर्वक अनुरोध गर्नुहुँदै हालसम्मको इतिहासमा सदनमा प्राथमिकताका साथ संस्कृतिको बहस नभएकाले संस्कृति सम्बन्धी बहसको विषय बन्नुपर्ने र सो विषयमा माननीयज्यूको आवाज सुन्न पाइयोस् भन्ने अनुरोध गर्नुभयो। संस्थानको निमन्त्रणालाई स्वीकार्दै पाल्नुहुने प्रमुख अतिथि ज्यू तथा सम्पूर्ण अतिथिज्यूहरू लगायत उपस्थित सम्पूर्णलाई नयाँ वर्षको शुभकामना तथा हार्दिक आभार प्रकट गर्दै जतिसुकै बाधाहरू आए पनि, परि आए ज्यानै दाउमा लाउन परे पनि, एक इन्च

पनि विचलित नभई वर्तमान सरकारले अघि सारेका सुशासनको नीतिलाई कार्यान्वयन गर्ने यात्रामा अक्षुण्ण लम्किने प्रतिबद्धता व्यक्त गर्नुभयो ।"

कार्यक्रममा सभाध्यक्ष संस्थानका अध्यक्ष श्री चन्द्र





कुमार राई हतुवालीज्यूले कार्यक्रम सम्पन्न गर्न सहयोग गर्ने सम्पूर्ण निकाय, प्रमुख अतिथि लगायत सम्पूर्ण प्रति आभार प्रकट गर्नुभयो । कार्यक्रम सञ्चालन हरि पुन मगरज्यूले गर्नुभएको थियो भने कार्यक्रम संयोजन संस्थानका कार्यक्रम तथा योजना शाखा प्रमुख श्री रेखा कुमारी कटुवाल श्रेष्ठज्यूले गर्नुभएको थियो ।

कार्यक्रमका प्रमुख उद्देश्यहरू यसप्रकार रहेका थिए:-

१.नयाँ वर्षको शुभारम्भकै दिन नयाँ संकल्प सहित संस्कृतिबाटै समृद्धिको आधार निर्माणका लागि सम्पूर्ण अभौतिक सांस्कृतिक सम्पदालाई सूचीकरण सहित संस्कृति सम्बन्धी स्पष्ट राज्यनीतिको आवश्यकता बारे सांस्कृतिक सन्देश सम्प्रेषण गर्नु,

२. नेपाली संस्कृतिको समग्र प्याकेज (मौलिक गीत, धून, नृत्य, ललितकला, सांस्कृतिक तथा साहित्यिक पुस्तक, भेषभूषा, मिथकीय अनुष्ठान सहितको मञ्चन कला, रैथाने खाद्य परिकार सुदूर पश्चिम प्रदेश - माडा, कर्णाली प्रदेश- कागुनोको खीर, लुम्बिनी प्रदेश- बटुक र चुकौनी, गण्डकी प्रदेश- सेल रोटी, बागमती प्रदेश- योःमरी, मधेश प्रदेश- आलु चप, कोशी प्रदेश- भक्का) प्रदर्शनी मार्फत सांस्कृतिक पर्यटनको विकास सहित सांस्कृतिक उद्योगको निर्माणको आधार निर्माण गर्नु,

३. सांस्कृतिक संस्थानको नीति तथा कार्यक्रमयुक्त समय सूचक भित्तेपात्रो विमोचन मार्फत तोकिएको समयसीमा भित्र चुस्त, दुरुस्त र पारदर्शी ढंगले कार्ययोजना सम्पन्न गर्नु,

४. डिजिटल युगसँगै संस्कृतिलाई प्रविधिमैत्री ढंगले उत्पादनमा जोड्नु,

५. डिजिटल युगसँगै वैश्वीकरणको प्रभावले नेपाली संस्कृतिको अस्तित्व संकटमा पर्ने जोखिम बढेकाले संस्कृतिको गरिमा बारे नयाँ पुस्तामाझ सांस्कृतिक सन्देश सम्प्रेषण गर्नु ।















कार्यक्रममा समावेश गरिएका प्रस्तुतिहरू-

१. मौलिक धून: सांस्कृतिक संस्थान



२. चण्डालीका नृत्य: सांस्कृतिक संस्थान



३. सुदूर पश्चिम प्रदेशको प्रस्तुतिः छलिया नाच




४. सांस्कृतिक प्रहसनः खड्ग बहादुर पुन मगर (खबपु) र दिनेश काफ्ले (हाउडे दाइ)



५. हिमाली भेगको प्रस्तुतिः वालुङ नृत्य



६. कर्णाली प्रदेशको प्रस्तुतिः मयुर नाच




७. पहाडी भेगको प्रस्तुतिः कोइञ्च काइश्य सिल




८. लुम्बिनी प्रदेशको प्रस्तुतिः झाङ्करी (झाँक्री) नाच



९. तराई भेगको प्रस्तुतिः झुमरा नाच



१०. गण्डकी प्रदेशको प्रस्तुतिः कौराहा नाच



११. बागमती प्रदेशको प्रस्तुतिः धिमे बाजा तथा नृत्य



१२. मधेश प्रदेशको प्रस्तुतिः झिझिया नाच



१३. कोशी प्रदेशको प्रस्तुतिः सेमुना सिली



वि.सं.२०१६ सालमा स्थापित 'राष्ट्रिय नाचघर' समग्र नेपाली संस्कृतिको संस्थागत विकासका लागि नाम परिमार्जन सहित वि.सं.२०२९ सालमा पुनर्गठन भएको

१४. नयाँ वर्ष विशेष गीतः सांस्कृतिक संस्थान





सांस्कृतिक संस्थान नेपाल सरकारको संस्कृति प्रदर्शनी सम्बन्धी ज्येष्ठ निकाय हो । अनेकन् समस्याले ग्रसित सांस्कृतिक संस्थान पछिल्लो समय महाप्रबन्धक श्री किरण बाबु पुनले नेतृत्व सम्हालेसँगै प्रगतितर्फ लम्किरहेको छ। आफ्नो ऐतिहासिक विरासत कायम राख्न सांस्कृतिक संस्थान पछिल्लो समय डिजिटल युगसँगै नयाँ शिराबाट अगाडि बढेको छ। सांस्कृतिक संस्थानले नेपाल सरकार अर्थ मन्त्रालयको "सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा - २०८२" को प्रतिवेदन अनुसार देशैभरीका सामाजिक क्षेत्र अन्तर्गतका संस्थानहरू मध्ये एकमात्र उत्कृष्ट निकायको रूपमा स्थापित गर्दै ६९.४७ प्रतिशतका दरले आम्दानी वृद्धि गर्न सफल भएको थियो । त्यसैगरी अर्थ मन्त्रालयको "सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा - २०८३" को प्रतिवेदन अनुसार २९ (रु.लाखमा) खुद नाफा हुन गई सांस्कृतिक संस्थानले पहिलोपटक गौरवमय इतिहास कायम राख्न सफल भएको छ।





# गैरआवासीय नेपाली संघ (एनआरएनए) का प्रवक्ता र सांस्कृतिक संस्थानका महाप्रबन्धक बीच शिष्टाचार भेटघाट







८ वैशाख २०८३ काठमाडौँ ।

सांस्कृतिक संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले गैरआवासीय नेपाली संघ (एनआरएनए) का प्रवक्ता श्री सोम सापकोटा ज्यू सँग संवत् २०८३ साल वैशाख ८ गतेका दिन संस्थानको कार्यालय जमल, काठमाडौँमा शिष्टाचार भेटघाट गर्नुभएको छ ।

भेटघाटमा संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले नेपालको गौरव संस्कृतिलाई अन्तर्राष्ट्रियस्तरमा प्रवर्द्धन गर्दै "अतिथि देवो भवः" को मूल भाव सहित विदेशी नागरिकलाई नेपाल भ्रमण गर्न प्रेरित गरी "सांस्कृतिक पर्यटन" विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने गैरआवासीय नेपाली संघ (एनआरएनए) प्रति आभार प्रकट गर्नुहुँदै संस्कृति आदानप्रदानको कार्यक्रमलाई डिजिटल प्रविधिमैत्री ढंगले दीर्घकालीन रणनीतिका रूपमा अगाडि बढाउनु पर्ने तथा गैरआवासीय नेपाली संघ (एनआरएनए) का करिब ९० वटा देशहरूमा स्थापना गरेका राष्ट्रिय समन्वय परिषद् (एनसीसी) को समेत सहकार्य रहने गरी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत नेपाल पर्यटन बोर्ड, सांस्कृतिक संस्थान, नेपाल नागरिक उड्डयन प्राधीकरण, नेपाल वायु सेवा निगम र नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान लगायतका सम्बन्धित निकायको सहकार्य हुनेगरी कम्तीमा पञ्च वर्षीय कार्ययोजना सहित सम्झौता गरी सांस्कृतिक पर्यटनका लागि प्रभावकारी नीति तथा कार्यक्रम तय गर्नुपर्ने धारणा राख्नु भएको थियो । गैरआवासीय नेपाली संघ (एनआरएनए) का प्रवक्ता श्री सोम सापकोटाज्यूले राष्ट्रिय नाचघर हुँदा आफूले गीति नाटक मुनामदन हेरेको संस्मरण गर्नुहुँदै नेपाल सरकारको उच्च गरिमा बोकेको सांस्कृतिक संस्थानसँग सहकार्य गरी

संस्कृति आदानप्रदानबाटै सांस्कृतिक पर्यटनको विकास हुने नीति तथा कार्यक्रम सु-सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

शिष्टाचार भेटघाटमा नेपाल पर्यटन बोर्डका कार्यवाहक सिईओ श्री हिकमतसिंह ऐर ज्यू, सगरमाथा फाउन्डेसनका अध्यक्ष समाजसेवी श्री सावित्री अधिकारी ज्यू र टिभी नेशनल नेटवर्कका अध्यक्ष श्री लक्ष्मण हुमागाईंको समेत सहभागिता रहेको थियो ।

# सांस्कृतिक संस्थान र काठमाडौँ महानगरपालिकाको सहकार्यमा आयोजित धन्यवाद तथा कदर पत्र वितरण कार्यक्रम सम्पन्न






११ वैशाख २०८३ काठमाडौँ ।

सांस्कृतिक संस्थान र काठमाडौँ महानगरपालिकाको सहकार्यमा काठमाडौँ महानगरपालिकाको गौरवको योजना अन्तर्गत "गरी खाने शिक्षा, महानगरको इच्छा" मूल भावका साथ सञ्चालित पुस्तक रहित शुक्रबार (Book Free Friday) क्रियाकलापमा सहभागी प्रशिक्षकहरूलाई "धन्यवाद तथा कदर पत्र वितरण कार्यक्रम" संस्थानको मिनी हल, जमल, काठमाडौँमा सम्पन्न भएको छ । कार्यक्रम संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूको सभाध्यक्षतामा श्री नमराज ढकाल (कामनपा शिक्षा विभाग प्रमुख), श्री सुशिल सुवेदी (कामनपा शिक्षा विभाग वरिष्ठ शाखा अधिकृत), संस्थानका कर्मचारी तथा प्रशिक्षहरूको उपस्थितिमा सम्पन्न गरिएको हो ।

बालबालिकाको भविष्यलाई मध्यनजर गर्दै शिक्षालाई व्यावहारिक बनाउने उद्देश्यका साथ काठमाडौँ महानगरपालिकाले सामुदायिक विद्यालयमा सुरुवात गरेको पुस्तक रहित Book Free Friday कार्यक्रमलाई चुस्त, दुरुस्त एवम् प्रभावकारी ढंगले सम्पन्न गर्नका लागि सो समीक्षा कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा कामनपाको तर्फबाट शिक्षा विभाग प्रमुख श्री नमराज ढकाल ज्यू र वरिष्ठ शाखा अधिकृत श्री सुशिल सुवेदीज्यूले धारणा राख्नुभएको थियो भने संस्थानको तर्फबाट महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले धारणा राख्नुभएको थियो । कार्यक्रम सञ्चालन संस्थानका कलाकार श्री रोहित सुवेदीज्यूले गर्नुभएको थियो । सांस्कृतिक संस्थान र काठमाडौँ महानगरपालिका बीच G to G प्रणाली अन्तर्गत आ.व.२०८१/८२ देखि द्ययपय Free Friday अन्तर्गत सङ्गीत तथा नाट्य अभिनय सम्बन्धी प्रशिक्षण क्रियाकलाप सञ्चालन गरिँदै आइएको छ ।









# "नेपाली उपशास्त्रीय संगीत समारोह -२०८३" भव्यताका साथ सम्पन्न

५ जेठ २०८३ काठमाडौँ ।

नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत सजीव कला प्रदर्शनी सम्बन्धी नेपाल सरकारको एकमात्र आधिकारिक निकाय तथा संस्कृति सम्बन्धी ज्येष्ठ निकाय सांस्कृतिक संस्थानको आयोजनामा नेपाली उपशास्त्रीय सङ्गीतको संस्कृति निर्माणार्थ नवजागरण प्रवाह गर्ने उद्देश्यका साथ आयोजित "नेपाली उपशास्त्रीय सङ्गीत समारोह - २०८३" सभ्य-भव्य रूपमा सु-सम्पन्न भएको छ ।मिति २०८२ जेठ ५ गते संस्थानको मिनी प्रेक्षालयमा सम्पन्न गरिएको उक्त कार्यक्रममा सभाध्यक्ष संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुन ज्यू, प्रमुख अतिथि वरिष्ठ उपशास्त्रीय गायिका श्री संगीता प्रधान राना ज्यू, अतिथिहरू ललितकला केन्द्रीय विभाग प्रमुख श्री डा.अञ्जु उप्रेती ज्यू, वरिष्ठ सितार वादक श्री प्रा.डा.ध्रुवेश चन्द्र रेग्मी ज्यू, वरिष्ठ शास्त्रीय गुरु श्री धन बहादुर गोपाली ज्यू, वरिष्ठ शास्त्रीय साधक श्री डा.रमेश पोखरेल ज्यू, वरिष्ठ शास्त्रीय साधक श्री श्री केसी ज्यू, प्राध्यापक श्री गोकुल लिम्बु ज्यू, समाजसेवी तथा सगरमाथा फाउन्डेशन अध्यक्ष श्री सावित्री अधिकारी ज्यू लगायत शास्त्रीय सङ्गीतका दिग्गजदेखि अनुजसम्मका व्यक्तित्वहरूको उपस्थिति रहेको थियो ।





कार्यक्रममा संस्थानका कलाकारको तर्फबाट गंगा माई गायन, उपशास्त्रीय विशेष धून र लहचारी गायन प्रस्तुति गरिएको थियो ।

काठमाडौँ विश्वविद्यालयको तर्फबाट वरिष्ठ सारङ्गी वादक श्री भरत नेपालीज्यूको समूहले सारङ्गीमा धून प्रस्तुत गर्नुभएको थियो ।

वरिष्ठ सितार वादक श्री प्रा.डा.ध्रुवेशचन्द्र रेग्मीज्यूले उपशास्त्रीय विशेष कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।
















सङ्गीत प्रविण नरराज ढकाल स्मृति प्रतिष्ठानको तर्फबाट वरिष्ठ शास्त्रीय सङ्गीतका साधकद्वय श्री प्रभुराज ढकाल र श्री प्रतीकराज ढकालज्यूको समूहबाट उपशास्त्रीय विशेष

ठुमरी गायन प्रस्तुत गर्नुभएको थियो ।





रत्नराज्यलक्ष्मी क्याम्पसको तर्फबाट शास्त्रीय तथा लोक सङ्गीतका साधक श्री अजर जंगमज्यूको समूहबाट उपशास्त्रीय विशेष गायन प्रस्तुत गर्नुभएको थियो ।






ललितकला केन्द्रीय विभागको तर्फबाट प्राध्यापक तथा लोक सङ्गीतका अनुसन्धानकर्ता श्री गोकुल लिम्बुज्यूको समूहबाट नेपाली उपशास्त्रीय विशेष मघौटामा मौलिक प्रस्तुति प्रस्तुत गर्नुभएको थियो ।






ध्रुपद सेन्टर नेपालको तर्फबाट वरिष्ठ शास्त्रीय साधक श्री श्री के.सी.ज्यूको समूहबाट नेपाली उपशास्त्रीय विशेष वसन्तमा उपशास्त्रीय गायन प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा सांस्कृतिक संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले स्वागत मन्तव्य राख्नुभएको थियो उहाँले








राख्नुभएको मन्तव्यको सारांशः- “हामीले संस्थानको आ.व.२०८१/८२ को नीति तथा कार्यक्रममा समावेश गरी पहिलोपटक नेपाली उपशास्त्रीय सङ्गीत समारोहलाई समेटेर गत वर्षदेखि कार्यक्रमको औपचारिक शिलान्यास गरेका हौँ ।संस्थानले आफ्नो नीति तथा कार्यक्रम तोकिएको समयसीमामै सम्पन्न गर्न वार्षिक नीति तथा कार्यक्रमयुक्त भित्ते पात्रो अनुसार नेपाली उपशास्त्रीय



सङ्गीत समारोह कार्यक्रमको मिति जेठ ५ गतेलाई स्पष्ट रूपमा उल्लेख गरेतापनि गत वर्ष पहिलोपटको कार्यक्रम भएकाले तयारीको गृहकार्य गर्नुपर्ने भएकाले ५ गते अन्तरक्रिया कार्यक्रम गरी संवत् २०८२ साल जेठ १२ गते सम्पन्न गरेका थियौं ।तर यसपटक हामीले तोकिएकै समयसीमामा कार्यक्रम सम्पन्न गर्ने जमर्को गरेका छौं ।जेठ ५ गते नै संस्थानमा उपशास्त्रीय सङ्गीतको कार्यक्रम हुन्छ भन्ने प्रणालीको विकास गरी एउटा ब्रान्ड स्थापना गर्न संस्थान प्रतिबद्ध छ ।उपशास्त्रीय सङ्गीत (अर्धशास्त्रीय सङ्गीत) भनेको शास्त्रीय सङ्गीत र लोक सङ्गीतलाई नङमासुको सम्बन्ध स्थापित गराउने सेतु भएकाले उपशास्त्रीय सङ्गीतको मूल मर्म नमर्ने गरी नेपालीपन भएको, नेपालीहरूले आफ्नोपनको आभास गर्नसक्ने नेपाली उपशास्त्रीय सङ्गीतको सत्यतथ्य खोज-अनुसन्धान गरी यसको वेग्लै संस्कृति निर्माण गर्नु नै अनिवार्य शर्त हो ।यो कार्यक्रमले त्यसतर्फ नवजागरण प्रवाह गर्नेछ भन्ने उद्देश्यका साथ नीति तथा कार्यक्रममै समावेश गरिएको हो ।

मैले बारम्बार उद्घोष गर्दै आएको छु, कि सिर्जनशील प्राणीको प्रमुख समस्या नीतिगत चेतनास्तरको विकास नहुनु हो ।हामी कलाकार भन्ने नचाहिँदो क्षणिक मानमर्यादामा

अभ्यस्त हुने प्रवृत्तिका कारण उपभोग्य साधनको रूपमा आजसम्म प्रयोग भएका छौँ ।तसर्थ नीतिगत चेतनास्तर अभिवृद्धि भएपछि मात्र कला सम्बन्धी स्पष्ट राज्यनीति सहितको अधिकार सुनिश्चित हुनसक्छ ।त्यसका लागि सिर्जनशील प्राणीको साझा आवाज आजको आवश्यकता हो ।सिर्जनशील प्राणीले आफ्नो सिर्जनामा संसार अटाउने सामर्थ्य राख्न सक्नुपर्छ ।तर विडम्बना सिर्जनशील प्राणीको नीतिगत चेतनामा दिनहुँ ह्रास हुँदै गएको छ ।सबैभन्दा ठूलो शत्रु भनेको मानवको सोच हो ।सकारात्मक सोचले शिखर चुमाउँछ, नकारात्मक सोचले आफ्नै अस्तित्व गुमाउँछ ।म कलाक्षेत्रकै पृष्ठभूमि भएको नाताले पनि मेरो चाहना यत्ति हो कि मैले यहाँ नेतृत्व गर्दैगर्दा नेपाली सङ्गीतका हरेक विधा बीचको अन्तर मतभेद अन्त्य गरी कलाको स्पष्ट राज्यनीति बनाउन सम्पूर्ण सिर्जनशील प्राणीहरूको साझा आवाजको लागि नवजागरण प्रवाह गर्नु हो ।नेपाली समाजले अंगीकार गर्दै आएका सङ्गीतका विधाहरूमा चाहे लोक, सुगम, पप, र्‍याप, चलचित्र, शास्त्रीय, उपशास्त्रीय लगायत भोलिका दिनहरूमा समेत निर्माण हुने अन्य विधाको अस्तित्वलाई स्वीकार्ने गरी हरेक लोकतान्त्रिक पद्धति अनुसार हरेक विधालाई समान ढंगले समावेश गरी वर्तमान नेतृत्वको पहलमा यस आ.व.मा ७१ भन्दा बढी वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरी अगाडि बढेका हौँ ।त्यतिमात्र होइन यी नीति तथा कार्यक्रमलाई प्रभावकारी ढंगले सम्पन्न गर्न निकायगत कार्यप्रकृति बमोजिम अपरिहार्य तथा सिर्जनशील प्राणीका लागि त झनै अपरिहार्य हालसम्मको इतिहासमा कार्ययोजनामै सीमित रेकर्डिङ स्टुडियो, सेमिनार हल, अभ्यास कक्ष, डिजिटल युगसँगै श्रव्यदृश्य सामग्री प्रकाशनका लागि युटुब, एप-एप्लिकेसन जस्ता प्रविधिको व्यवस्था गरी युगौंयुगसम्मका लागि वैज्ञानिक मार्गचित्रणको निर्माण गरेर अगाडि बढेका छौँ ।थाहा छैन यी नीति तथा कार्यक्रमले भोलि निरन्तरता पाउँछन् कि पाउँदैनन्, यी संरचना र प्रविधिले सार्थकता पाउँछन् कि पाउँदैनन् ?





आजको यही कार्यक्रमको मूल भावमा रहेर म यहाँ कार्यरत सिर्जनशील प्राणीहरूलाई भन्न चाहन्छु कि वर्तमान नेतृत्वले प्राणको दाउमा राखेर बडो मुस्किलले निकायगत कार्यप्रकृतिलाई शिरोधार्य गर्दै संस्थानको नीति तथा कार्यक्रममा समावेश गरिएको नेपाली उपशास्त्रीय सङ्गीत समारोह कार्यक्रमले भोलिका दिनमा निरन्तरता पाएन भने एकपटक आफ्नो अनुहार राम्रोसँग ऐनामा हेर्नु, ७१ भन्दा बढी नीति कार्यक्रम मध्ये जतिजति कार्यक्रमले निरन्तरता पाउँदैनन् त्यति नै पटक आफ्नो अनुहार ऐनामा हेर्नु त्यो भन्दा पनि हामीले निर्माण गरेका संरचना र प्रविधिले सार्थकता पाएनन् भने कम्तीमा हजारपटक आफ्नो अनुहार ऐनामा हेर्नु त्यति गर्दा पनि नीतिगत चेतनास्तरमा लागेको धूलो पहिचान गर्न नसकी ऐनालाई नै दोषी

बनाएर ऐना पुछ्ने तिरै लाग्नुभयो भने सिर्जनशील प्राणीको कलानीतिलाई राज्यनीति बनाउने कुरा त कुन चराको नाम ? नेपाल सरकारको सजीव कला प्रदर्शनी सम्बन्धी एकमात्र आधिकारिक निकाय जहाँ सिर्जनशील प्राणीहरू नै कर्मचारीको रूपमा कार्यरत हुन्छन् ।कलानीतिलाई राज्यनीति बनाउन कलाको औचित्य पुष्टि गर्दै नवजागरण प्रवाह गर्नु तपाईंहरू सिर्जनशील प्राणीहरूको प्रमुख अभिभारा भएकाले यी हाम्रा नीति तथा कार्यक्रमले निरन्तरता पाएभने तथा वैज्ञानिक ढंगले सार्थकता पाएभने मात्र एकदिन अवश्य कलाको स्पष्ट राज्यनीति निर्माण हुने दिशाबोध हुनसक्छ ।भोलिका दिनमा यदि यी नीति तथा कार्यक्रम यो या त्यो बहानामा मेटाइएछ भने किनकी यहाँ त फेरि मेटाउने र मेट्नेको प्रतिस्पर्धा चल्छ, त्यस्तो घडीमा यति बजेट कोडको यो नीति तथा कार्यक्रम खोई ? कार्यक्रमको औचित्य पुष्टि हुँदाहुँदै के कारण हटाइयो भनेर प्रश्न गर्ने नीतिगत चेतनास्तरको खोजी वर्तमान नेतृत्वले गरिरहेको छ ।फेरि पनि भन्छु स्मरण रहोस् दीर्घकालीन संस्थानको हित तथा स्पष्ट कलाको राज्यनीतिका लागि दिशाबोध गर्ने अभिप्रायका साथ वर्तमान नेतृत्वले आफ्नो ज्यान दाउमा राखेर तर्जुमा गरेका यी नीति तथा कार्यक्रम हुन् ।मैले कार्यभार सम्हालेसँगै मेरो काम तपाईंहरूलाई नीतिगत पक्षको कखरा अभिमुखीकरण गर्ने कार्यमै व्यतीत गरेको छु ।त्यसैले अब तपाईंहरूले थोरै भएपनि नीतिगत चेतनाको स्तर वृद्धि गर्नैपर्छ ।सम्झिनुहोस् ती दिनहरू मैले कार्यभार सम्हाल्नुपूर्वको अवस्था तपाईंहरूको सेवा सुविधा पुऱ्याउनै गाह्रो, वर्षौंदेखि सञ्चयकोष, नागरिक लगानी कोषमा करोडौं दायित्व सिर्जना भएको, उपदानको करोडौं दायित्वले संस्थान उठ्नै नसक्ने गरी थला परेको अनि फेरि तपाईंहरू मूकदर्शक भएर बस्ने ? यत्ति कुरा त स्मरण छ नि कि यहाँ हामीले आफै उत्पादन गरेर कर्मचारी सेवा सुविधा र नीति तथा कार्यक्रम सम्पन्न गर्नुपर्ने हुन्छ ।यस्ता किसिमका कठिन परिस्थितिको बाबजुद पनि वर्तमान नेतृत्वले संस्थानलाई वर्षौंदेखि अहिततर्फ लैजाने स्वार्थ समूहको जालोलाई भत्काउँदै सुशासन स्थापना गरी हरेक समस्याका समाधानका लागि पहल गरी ७१ भन्दा बढी नीति तथा कार्यक्रम सम्पन्न गर्ने कठोट गरेका छौं ।गरेपछि सम्भव छ भन्ने व्यावहारिक उदाहरण तपाईंहरूको सामू प्रमाणित भएको छ ।अबको युग सक्किनेहरू सक्किएरै जाने, सच्चिनेहरू सच्चिएरै जाने भएकाले सिर्जनशील प्राणीहरू नीतिगत ढंगले सच्चिएर नेपाली उपशास्त्रीय सङ्गीत समारोह सहित सम्पूर्ण नीति तथा कार्यक्रमले युगौंयुगको निरन्तरता पाउन् भन्ने कामना गर्दछु ।आजको दिन फेरिपनि म मेरा सम्पूर्ण गुरुवर्गलाई साक्षी राखेर भन्न चाहन्छु, हरेक समस्याले ग्रस्त निकायमा सुशासन स्थापना गरी प्राणको दाउमा राखेर हरेक समस्या समाधानतर्फ जोडदिँदै गत वर्ष झण्डै ७० प्रतिशत आयमा वृद्धि गर्नुले "सिर्जनशील प्राणीहरू इमानदार, कर्तव्यनिष्ठ र स्वाभिमानी हुन्छन् भन्ने एउटा सशक्त उदाहरण राज्यसामू खडा भएको छ।" सिर्जनशील प्राणीहरूको अधिकार सहितको स्पष्ट राज्यनीतिका लागि इमानदार, कर्तव्यनिष्ठ र स्वाभिमानी बनी नीतिपरक साझा आवाज अपरिहार्य छ भन्ने कुरालाई विशेष शिरोधार्य गर्नुहुन म सम्पूर्ण सिर्जनशील प्राणीलाई अनुरोध गर्दछु।"



कार्यक्रममा प्रमुख अतिथि श्री संगीता राना प्रधानज्यूले मन्तव्य राख्नुहुँदै नेपाली लोक सङ्गीत र शास्त्रीय सङ्गीतको मतभेदलाई अन्त्य गर्न नेपाली उपशास्त्रीय सङ्गीत समारोहले विशेष पहल गर्ने विश्वास व्यक्त गर्नुभयो ।नेपाली उपशास्त्रीय सङ्गीतमा शास्त्रीय सङ्गीतमा जस्तो कडा नियम पालना गर्नु नपर्ने भएतापनि यसको



वेग्लै संस्कृति भएकाले प्रस्तुतीकरणमा त्यसलाई विशेष ध्यान दिनुपर्नेतर्फ जोड दिनुभयो ।





कार्यक्रममा वरिष्ठ सितार वादक श्री प्रा.डा.ध्रुवेश चन्द्र रेग्मीज्यूले उपशास्त्रीय सङ्गीत विषयक कार्यपत्र प्रस्तुत गर्नुहुँदै सङ्गीतको कुनै भूगोल, परिधि तथा सीमा नहुने तर्फ विशेष जोड दिनुहुँदै फराकिलो सोचको विकास हुनुपर्ने बताउनु भएको थियो ।





शुभकामना मन्तव्य दिनुहुँदै प्राध्यापक एवम् लोक सङ्गीतका अनुसन्धानकर्ता श्री गोकुल लिम्बुज्यूले नेपाली उपशास्त्रीय सङ्गीतको मानक तयार गर्न गहन खोजको जरुरी रहेको बताउनुभयो ।

त्यस्तै शुभकामना मन्तव्य दिनुहुँदै वरिष्ठ शास्त्रीय सङ्गीतका साधक श्री डा.रमेश पोखरेलज्यूले नेपाली सङ्गीतका विधागत मतभेद अन्त्य गर्न संस्कृतिको दायराबाट गरिने विश्लेषण र राज्याधिकारको दायराबाट गरिने विश्लेषणलाई गहिरो ढंगले एकीकृत गरी बुझ्ने





चिन्तनको विकास हुनु अपरिहार्य रहेको बताउनुभयो ।

कार्यक्रम समापन गर्नुहुँदै सभाध्यक्ष तथा महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले उपस्थित सबैप्रति आभार प्रकट गर्नुभयो । साथै, उहाँले उपशास्त्रीय सङ्गीतलाई नीति तथा कार्यक्रम मार्फत समेट्नका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण गुरुहरूको स्मरण गर्दै उहाँहरूको मार्गनिर्देशनलाई शिरोधार्य गर्दै जतिसुकै बाधा अड्चन आएपनि त्यसको सामना गर्दै नयाँ नयाँ सिर्जनशील क्रियाकलापका नीति तथा कार्यक्रम आगामी दिनमा ल्याउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।कार्यक्रम सञ्चालन संस्थानका वाद्यवादन अधिकृत श्री दुर्गा प्रसाद खतिवडा ज्यू र संस्थानका कलाकार श्री दिपेन्द्र बज्राचार्यज्यूले गर्नु भएको थियो । कार्यक्रमको संयोजन संस्थानका कार्यक्रम तथा योजना शाखा संयोजक श्री रेखा कुमारी कटुवाल श्रेष्ठज्यूले गर्नुभएको थियो ।



# ७३ औं अन्तर्राष्ट्रिय सगरमाथा दिवस विशेष कार्यक्रम भव्य रूपमा सम्पन्न

१५ जेठ २०८३ काठमाडौँ ।

हरेक वर्ष मे २९ का दिन अन्तर्राष्ट्रिय सगरमाथा दिवस मनाइन्छ। सन् १९५३ मे २९ का दिन तेन्जिङ नोर्गे शेर्पा र एडमन्ड हिलारीले पहिलोपटक विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गरेको ऐतिहासिक दिनको सम्झना स्वरूप यो दिवस मनाउने गरिन्छ । विश्वको सर्वोच्च शिखर सगरमाथा नेपालको पहिचान, गौरव, साहस, शक्ति र एकताको प्रतीक हो । नेपालको दिगो पर्यटनका लागि सगरमाथा विश्वकै अमूल्य सम्पदाको रूपमा परिचित छ। पर्वतारोहणको इतिहासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने साहसी व्यक्तिहरू प्रति सम्मान प्रकट गर्ने तथा नयाँ पुस्तालाई सगरमाथाको गरिमा बारे नवजागरण प्रवाह गर्ने अवसरका रूपमा सगरमाथा दिवसलाई मनाइन्छ । नेपाल सरकारले २००८ देखि औपचारिक रूपमा सगरमाथा दिवस मनाउन थालनी गरेको हो । यस अवसरमा नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले विगतदेखि नै विविध कार्यक्रम आयोजना गरी सगरमाथा दिवस मनाउने गर्दछ। यसवर्ष पनि "विश्वको सर्वोच्च शिखर सगरमाथाः नेपालको पहिचान र गौरव" भन्ने मूल भावका साथ प्रभातफेरी कार्यक्रमसहित सांस्कृतिक संस्थानको मेगा हल, जमलमा माननीय मन्त्री श्री खडक राज पौडेल (गनेस) ज्यूको समुपस्थितिमा ७३ औं सगरमाथा दिवस विशेष कार्यक्रम भव्यताका साथ सम्पन्न गरिएको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय श्री खडक राज पौडेल (गनेस) ज्यूको अध्यक्षताको अन्तर र्ष्ट्रिय सगरमाथा दिवस मूल आयोजक समारोह समितिले बिहान ६:३० बजे प्रभातफेरी कार्यक्रम आयोजना गरेको थियो । प्रभातफेरी कार्यक्रममा कर्मचारी सञ्चयकोषको





कार्यालय ठमेलदेखि सांस्कृतिक संस्थान जमलसम्म विविध झाँकी सहितको पदयात्रा गरी कार्यक्रममा परिणत भएको थियो । कार्यक्रममा मन्त्रालयका कर्मचारीहरू, मन्त्रालय अन्तरनिकायका कर्मचारीहरू तथा पर्यटन सम्बन्धी निकायका व्यक्तित्वहरूको बाक्लो उपस्थिति रहेको थियो।

कार्यक्रमलाई माननीय मन्त्री श्री खडक राज पौडेल (गनेस) ज्यूले विशेष सम्बोधन गर्नुहुँदै "विश्वको सर्वोच्च शिखर सगरमाथाले नेपाल र नेपालीको पहिचान विश्वसामु उजागर गरेकाले यसको गरिमा थप विस्तार गर्न लागिपर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । जलवायु परिवर्तनका कारण





हिमालहरू संकटमा परेको प्रति चिन्ता व्यक्त गर्नुभयो । विश्वव्यापी तापमान वृद्धिका कारण हिमतालहरू पग्लिने, खानेपानीका मुहानहरू सुक्ने क्रम बढेको बताउनुहुँदै हिमालको सुरक्षामा विश्वको ध्यान आकर्षित हुनुपर्नेमा जोडदिनु भयो । नेपालको समृद्धिको प्रमुख आधार पर्यटन त्यसमा पनि हिमाल नै भएकाले राष्ट्रिय स्वाभिमान तथा गरिबी निवारणका लागि हिमाली पर्यटनको दिगो विकास आवश्यक रहेको धारणा राख्नुभयो । सगरमाथा आरोहण केवल भौतिक उपलब्धि मात्र नभई आन्तरिक यात्रा र मानवीय साहसको उच्चतम प्रतीक भएकाले हिमाल आरोहणलाई एउटा गहिरो साधनाको रूपमा लिनुपर्ने बताउनुभयो । आफूले हिमालको आरोहण नगरेतापनि साहित्यिक दृष्टिकोणबाट चिन्तन गर्नुपर्दा सगरमाथा चढ्नु भनेको आफ्नै श्वासप्रश्वासलाई बोकेर गरिने एक प्रकारको ध्यान भएको, हिमालको सम्मुखमा पुग्दा मानवीय अहंकार गौण हुने, मानिसले आफ्नो सक्षमता एवम् त्यागको वास्तविक प्रतिविम्ब देख्न पाउने, वाह्य संसारबाट आन्तरिक अनुभूतितर्फ लैजाँदै आध्यात्मिक शान्ति मिल्ने धारणा व्यक्त गर्नुभयो । हिमाल विश्वकै ठूलो खानेपानीको स्रोत तथा ईश्वरको बासस्थान भएकाले हिमालको संरक्षण बिना मानव अस्तित्व सुरक्षित नहुने बताउनुहुँदै पहिलोपटक सगरमाथा आरोहण गर्नुहुने तेन्जिङ नोर्गे शेर्पा र एडमन्ड हिलारी लगायत सम्पूर्ण हिमाल आरोहण गर्नुहुने दिवंगत आरोहीहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण तथा हालसम्म सगरमाथा आरोहण गर्नुहुने सम्पूर्ण विश्व कीर्तिमानी आरोहीहरू प्रति उच्च सम्मान व्यक्त गर्नुभयो । साथै, उपस्थित सम्पूर्ण प्रति हार्दिक आभार प्रकट गर्दै ७३ औं अन्तर्राष्ट्रिय सगरमाथा दिवसको शुभकामना व्यक्त गर्नुभयो ।”

उक्त कार्यक्रममा सांस्कृतिक संस्थानका कलाकारद्वारा मौलिक प्रस्तुति प्रदर्शन गरिएको थियो । साथै, पर्यटन विभागका महानिर्देशक श्री रामकृष्ण लामिछानेज्यूले स्वागत मन्तव्य राख्नुभएको थियो भने कार्यक्रम सभाध्यक्ष मन्त्रालयका श्रीमान् सचिव श्री मुकुन्द प्रसाद निरौलाज्यूले कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै कार्यक्रम विसर्जन गर्नुभएको थियो ।






# उत्कृष्ट कार्यसम्पादन विशेष
# सांस्कृतिक संस्थान इतिहासमै पहिलोपटक नाफामा



असार २०८३ काठमाडौं ।

संवत् २०८० साल माघ ३ गतेको नेपाल सरकारको मन्त्रिपरिषद्को निर्णयानुरूप सांस्कृतिक संस्थानको महाप्रबन्धक पदमा श्री किरण बाबु पुन ज्यू नियुक्ति हुनु भई माघ ८ गते पदभार ग्रहण गर्नुभएको हो ।उहाँले पदभार ग्रहण गरेसँगै पहिलो निर्णय “मिति २०८०/१०/०९ को महाप्रबन्धकस्तरीय निर्णयानुसार नेपाल सरकारको २०८०/१०/०३ को मन्त्रिपरिषद् निर्णयबाट नियुक्त भई मिति २०८०/१०/०८ गते पदभार ग्रहण गर्नु भएका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले सुशासन स्थापना गर्ने प्रणसहित प्रय मिति २०८०/१०/०९ गतेदेखि लागू हुनेगरी मेगा पेक्षालय, मिनी पेक्षालय तथा अभ्यास कक्षहरूमा छुट/सहुलियत कुनैपनि व्यक्ति, संघसंस्था, निकाय वा जोसुकैलाई व्यवस्था गरिने परम्परा खारेज गर्दै छुट/सहुलियत अन्त्य गरी सुशासन स्थापना गर्ने निर्णय गरियो ।” रहेको थियो ।



मिति २०८०/१०/०९

मिति २०८०/१०/०९ को महाप्रबन्धकस्तरीय निर्णयानुसार नेपाल सरकारको २०८०/१०/०३ को मन्त्रिपरिषद् निर्णयबाट नियुक्त भई मिति २०८०/१०/०८ गते पदभार ग्रहण गर्नु भएका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूले सुशासन स्थापना गर्ने प्रण सहित मिति २०८०/१०/०९ गते देखि लागू हुने गरी मेगा पेक्षालय, मिनी पेक्षालय तथा अभ्यास कक्षहरूमा छुट/सहुलियत कुनै पनि व्यक्ति, संघसंस्था, निकाय वा जोसुकैलाई व्यवस्था गरिने परम्परा खारेज गर्दै छुट/सहुलियत अन्त्य गरी सुशासन स्थापना गर्ने निर्णय गरियो ।


किरण बाबु पुन
महाप्रबन्धक
२०८०/१०/०९






अनेकन् समस्याग्रस्त निकायलाई सुधार गर्नु आफैमा चुनौती थियो ।त्यसैमा प्रत्येक्ष राजनैतिक हस्तक्षेपका कारण क्षतविक्षत भएको निकायको कुप्रथालाई जरैदेखि निर्मूलन गर्नु झनै चुनौती थियो । महाप्रबन्धक किरण बाबु पुनज्यूले पदभार ग्रहण गर्दैगर्दाको समयमा संस्थानमा कर्मचारीको नियमित सेवा सुविधा पुऱ्याउन कठिन भएको, कर्मचारीको तलब सुविधासँगै संस्थानले अनिवार्य जम्मा गर्नुपर्ने जिम्मेवारी भित्रको आधारभूत पक्ष कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोष जस्ता संवेदनशील कोषमा समेत वर्षौंदेखि रकम जम्मा हुन नसकी करोडौं दायित्व रहेको, नेपाल सरकारको अनिवार्य जिम्मेवारी भित्रको पक्ष अवकाश प्राप्त कर्मचारीलाई प्रदान गरिने उपदानको दायित्व करोडौं रहेको, जहाँ कलाकार नै कर्मचारी कार्यरत हुन्छन् त्यस्तो निकायमा निकायगत कार्यप्रकृति बमोजिम प्रभावकारी कार्यसम्पादन गर्न कुनै संरचना तथा वातावरण नभएको, वर्षौंदेखि विविध बहानामा संस्थानलाई दोहन गर्दै आएको विविध स्वार्थ समूहको कब्जामा संस्थान रहेको, संस्थानका सांस्कृतिक सम्पत्तिको दुरुपयोग भएको, संस्थानले आफ्नो अभिभारा बमोजिम आफ्नो औचित्य पुष्टि गर्न नसकी झन्डै खारेजकै अवस्थामा संस्थान पुगेको लगायतका अनेकन् नीतिगत समस्याले संस्थान ग्रस्त थियो ।यस्तो अवस्थामा रहेको संस्थानलाई सुधार गर्नु आफैमा चुनौती थियो भने त्यसैमाथि आयमा वृद्धि गर्नु तथा नाफामा लैजानु त फलामको चिउरा चपाए सरह चुनौती एवम् परिकल्पना बाहिरको कुरा थियो ।

आज कर्तव्यनिष्ठ भई जिम्मेवारी निर्वाह गरी आँट गरे पश्चात् असम्भव भन्नु के नै छ र ? भन्ने ऐतिहासिक उदाहरण कायम हुन सफल भएको छ । युवा ऊर्जाशील एवम् सम्बन्धित क्षेत्रको विषयविज्ञ नेतृत्व महाप्रबन्धक श्री किरण बाबु पुनज्यूको कार्यकालमा संस्थागत कार्यप्रकृति बमोजिम संस्थानको औचित्य पुष्टिलाई प्राथमिकतामा राखी डिजिटल युगसँगै प्रविधिमैत्री नीति तथा कार्यक्रम तर्जुमा गरी संस्थान सुधारका थुप्रै कार्यसम्पादन भएका छन् । उहाँको नेतृत्वको संस्थानको कार्यकाललाई विविध राष्ट्रिय पत्रपत्रिका तथा सञ्चार माध्यमले स्वर्णकालको उपमा दिएका छन् ।





एसईईमा वेद विद्या आश्रमको उत्कृष्ट प्रदर्शन : ८५ प्रतिशतभन्दा बढी विद्यार्थी ए प्लसमा










(विवरण स्रोतः समता कान्तिपुर दैनिक, लालीगुराँस मिडिया नेटवर्क र रातोपाती डटकम)

सांस्कृतिक संस्थानको तालुक मन्त्रालय संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले संवत् २०८२ भाद्र ५ गते प्रकाशन गरेको प्रेस विज्ञप्तिमा सांस्कृतिक संस्थानले उत्कृष्ट कार्यसम्पादन गरेर नाफामा गएको विषयलाई प्राथमिकताका साथ समेटेको छ।

अकल्पनीय ऋणमा डुबेको सांस्कृतिक संस्थान (राष्ट्रिय नाचघर) मा युवा नेतृत्व श्री किरण बाबु पुनज्यूले संस्थानको नेतृत्व सम्हालेसँगै राष्ट्रिय नाचघर (वि.सं.२०१६ साल) देखि हाल सांस्कृतिक संस्थानसम्मको इतिहासमै पहिलोपटक संस्थान नाफामा जान सफल भई ऐतिहासिक उपलब्धि हासिल गरेको छ । गत वर्षको अर्थ मन्त्रालयको सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा - २०८२ प्रतिवेदन अनुसार ६९.४७ प्रतिशतले सञ्चालन आयमा वृद्धि गर्न सफल संस्थानले यस वर्षको अर्थ मन्त्रालयको प्रतिवेदन अनुसार २९ (रु.लाखमा) खुद नाफा हुन गई संस्थानले पहिलोपटक गौरवय इतिहास बनाएको छ।




(विवरण स्रोतः समता प्रेस डटकम र अनलाइन खबर डटकम)

संस्थानमा विगत दुई वर्षदेखि महाप्रबन्धकको रूपमा कार्यरत श्री किरण बाबु पुनज्यूको नेतृत्वमा संस्थानको इतिहासमै निकायगत कार्यप्रकृति बमोजिम अपरिहार्य कार्ययोजनामै सीमित रहेका थुप्रै कार्ययोजनाहरू सम्पन्न गरी उत्कृष्ट कार्यसम्पादन भएका छन् । युवा सक्षम जनशक्तिलाई क्षमताको आधारमा पारदर्शी ढंगले “सही मान्छेलाई उपयुक्त स्थान” भन्ने जनताको आवाजलाई सम्बोधन गर्दै सम्माननीय प्रधानमन्त्री श्री वालेन्द्र शाह (वालेन) ज्यू नेतृत्वको सरकारले अध्यादेश मार्फत एकैपटक १५ सय भन्दा बढी राजनीतिक नियुक्ति खारेज गर्दा समेत युवा नेतृत्व किरण बाबु पुनको उत्कृष्ट कार्यसम्पादनलाई मूल्याङ्कन गरी निरन्तरता कायम गरेको छ ।यसबाट के स्पष्ट हुन्छ भने वर्तमान सरकार “युवा सक्षम नेतृत्वबाटै परिवर्तन सम्भव छ । राष्ट्रियताको

### नाफामा रहेका सार्वजनिक संस्थान

| सार्वजनिक संस्थान | खुद नाफा (रु. लाखमा) |
|---|---|
| नेपाल आयल निगम लिमिटेड | १३६,४३८ |
| नेपाल विद्युत प्राधिकरण | ६९,४४४ |
| नेपाल दूरसञ्चार कम्पनी लिमिटेड | ६०,०६७ |
| कृषि विकास बैंक लिमिटेड | ३७,३२४ |
| निक्षेप तथा कर्जा सुरक्षण कोष | ३३,६५४ |
| नेपाल बैंक लिमिटेड | ३०,७८० |
| राष्ट्रिय वाणिज्य बैंक लिमिटेड | २८,३६० |
| नेपाल स्टक एक्स्चेन्ज लिमिटेड | २२,७७१ |
| नेपाल नागरिक उड्डयन प्राधिकरण | २२,६०२ |
| नागरिक लगानी कोष | १६,६०२ |
| हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड | ९,३४३ |
| सीडीएस एन्ड क्लियरिङ लिमिटेड | ७,५१५ |
| राष्ट्रिय बीमा कम्पनी लिमिटेड | ४,२७६ |
| कृषि सामग्री कम्पनी लिमिटेड | ३,६८९ |
| गोरखापत्र संस्थान | १,८६६ |
| जनक शिक्षा सामग्री केन्द्र लिमिटेड | १,३४७ |
| विशाल बजार कम्पनी लिमिटेड | १,३१७ |
| नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड | ४८७ |
| विद्युत उत्पादन कम्पनी लिमिटेड | ४३८ |
| खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड | ३५७ |
| औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड | १७२ |
| राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड | १६७ |
| नेपाल वन निगम लिमिटेड | १२३ |
| नेपाल पूर्वाधार निर्माण कम्पनी लिमिटेड | ३९ |
| सांस्कृतिक संस्थान | २९ |
| जनकपुर चुरोट कारखाना लिमिटेड | १३ |
| राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेड | ५ |

सवालमा, सुशासनको सवालमा, राष्ट्रलाई समृद्ध बनाउने सवालमा युवाहरू एकै ठाउँमा हुनुपर्छ, भन्ने असल दूरदर्शी सोच सहित अगाडि बढेको छ।

महाप्रबन्धक श्री किरणब बाबु पुनज्यूको नेतृत्वमा भएका प्रमुख कार्यसम्पादनहरू देहाय बमोजिम उल्लेख गरिन्छ :-

१. यस वर्ष अर्थ मन्त्रालयले सार्वजनिक गरेको ‘सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा - २०८३’ प्रतिवेदन अनुसार सांस्कृतिक संस्थानको २९ (रु.लाखमा) खुद

नाफा हुन गई सांस्कृतिक संस्थानले पहिलोपटक गौरवमय इतिहास बनाउन सफल भएको छ।







(विवरण स्रोतः लालीगुराँस मिडिया नेटवर्क)

२. देशैभरीका सार्वजनिक निकायबाट अपेक्षित परिणाम नआएको परिवेश र अर्थतन्त्र नै संकटमा रहेको परिवेशमा गत वर्षको अर्थ मन्त्रालयले सार्वजनिक गरेको 'सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा - २०८२' प्रतिवेदन अनुसार देशैभरीका सामाजिक क्षेत्रका सार्वजनिक निकाय मध्ये सांस्कृतिक संस्थानले मात्र ६९.४७ प्रतिशतले सञ्चालन आयमा वृद्धि गर्न सफल भएको थियो।

३. वि.सं.२०१६ सालमा स्थापित राष्ट्रिय नाचघरदेखि नाम परिमार्जन सहित वि.सं.२०२९ सालमा स्थापित सांस्कृतिक संस्थान जहाँ कलाकार नै कर्मचारीको रूपमा कार्यरत हुने भएकाले निकायगत कार्यप्रकृति अनुरूप श्रव्यदृश्य सामग्री उत्पादनका लागि अपरिहार्य निर्माण गर्न भनी हालसम्म कार्ययोजनामै सीमित रहेको संरचना "रेकर्डिङ स्टुडियो" निर्माण गरी सञ्चालनमा ल्याउन संस्थान सफल भएको छ।

४. सांस्कृतिक संस्थानको कार्यप्रकृति अनुरूप सांस्कृतिक पर्यटनमैत्री कार्यक्रमका लागि अपरिहार्य निर्माण गर्न भनी हालसम्म कार्ययोजनामै सीमित रहेको "सेमिनार हल" निर्माण गरी सञ्चालनमा ल्याउन संस्थान सफल भएको छ।

५. सांस्कृतिक संस्थानको कार्यप्रकृति अनुरूप अपरिहार्य निर्माण गर्न भनी हालसम्म कार्ययोजनामै सीमित रहेको, अभ्यास गर्दा ध्वनि प्रदूषण भयो भनी पटकपटक संस्थानलाई सचेत बनाउँदा समेत हालसम्म निर्माण हुन नसकेको "साउण्ड प्रूफ सहित व्यवस्थित अभ्यास तथा प्रशिक्षण कक्ष निर्माण" गरी सञ्चालनमा ल्याउन संस्थान सफल भएको छ।

६. सांस्कृतिक संस्थानका हलमा हुने विविध कार्यक्रममा सहभागी हुन तथा संस्थानबाट प्रवाह हुने सेवाका लागि दिनहुँ थुप्रै विशेष क्षमतामैत्री व्यक्तित्व र ज्येष्ठ नागरिकहरूको आवतजावत भइरहने भएकाले अपरिहार्य एवम् वर्षौंदेखि सम्बन्धित निकायबाट बारम्बार सचेत बनाउँदा समेत निर्माण हुन नसकेको "विशेष क्षमता भएका व्यक्तित्व तथा ज्येष्ठ नागरिकमैत्री संस्थानको प्रवेशद्वारमा र्‍याम्प (सिँढी) निर्माण" गरी सञ्चालनमा ल्याउन संस्थान सफल भएको छ।

७. डिजिटल युगसँगै सांस्कृतिक संस्थानको कार्यप्रकृति बमोजिम अपरिहार्य श्रव्यदृश्य सामग्री प्रकाशनका लागि पहिलोपटक युटुब मनिटाइज तथा एप मार्फत

सिर्जनशील क्रियाकलाप प्रकाशन गर्ने कार्यको शुभारम्भ गरी "डिजिटल उत्पादन (आम्दानी) को कार्य प्रारम्भ" गर्न संस्थान सफल भएको छ।

८. वर्षौंदेखि सञ्चालन हुँदै आएको तर कार्यविधि विहीन "सांस्कृतिक संस्थान कला प्रशिक्षण कार्यविधि निर्माण" गरी लागू गर्न संस्थान सफल भएको छ।

९. सजीव कला प्रदर्शनी सम्बन्धी अपरिहार्य अनुसन्धनात्मक जर्नल "संस्कृति अध्ययन" प्रकाशन प्रारम्भ गर्न संस्थान सफल भएको छ।

१०. वि.सं.२०३२ सालदेखि प्रदर्शन प्रारम्भ गरिएको महाकवि लक्ष्मीप्रसाद देवकोटा कृत लोकप्रिय खण्डकाव्यमा आधारित ऐतिहासिक गीति नाटक "मुनामदन" को श्रव्य सामग्री वर्षौंदेखि हराएर प्रदर्शन हुनबाट वञ्चित भएको परिवेशमा पुनरुत्थान गरी पुनः प्रदर्शनमा ल्याइएको तथा सातै प्रदेशमा सफलतापूर्वक प्रदर्शन गर्न संस्थान सफल भएको छ।

११. डिजिटल उत्पादनमैत्री कार्यक्रमहरू गाईजात्रा विशेष प्रहसन कार्यक्रम, हास्य रस प्रदायक नवजागरण प्रवाहमैत्री कार्यक्रम मनमनमा संस्कृति-ओठओठमा हाँसो, सात प्रदेशको मौलिक खाद्य परिकार सहितको सांस्कृतिक पर्यटनमैत्री कार्यक्रम शुभारम्भ सांस्कृतिक साँझ, विविध सांस्कृतिक चाडपर्व विशेष स्थलगत सांस्कृतिक कार्यक्रम जस्ता थुप्रै कार्यक्रम वार्षिक नीति तथा कार्यक्रममा समावेश गरी प्रदर्शनमा ल्याउन संस्थान सफल भएको छ।

१२. तोकिएको समयसीमामै कार्यसम्पादन गर्न संस्थानको वार्षिक नीति तथा कार्यक्रमयुक्त समय सूचक भित्ते पात्रो निर्माण गर्ने प्रणाली प्रारम्भ गर्न संस्थान सफल भएको छ।

१३. डिजिटल युगसँगै सांस्कृतिक संस्थानका सेवा प्रवाहलाई चुस्त, दुरुस्त एवम् प्रभावकारी बनाउन प्रविधिमैत्री नीति तथा कार्यक्रम तर्जुमा गरी अनलाइन मार्फत हल बुकिङ, अनलाइन कलाकार प्रमाणीकरण, अनलाइन टिकट बुकिङ आदि प्रणाली लागू गरिएको,

१४. वर्षौंदेखि संस्थानको प्राङ्गण मनपरी प्रयोग गर्ने प्रथा निस्तेज पारी प्रयोग गरे बापत संस्थानलाई नियमानुसार भाडा उपलब्ध गराउने शर्त सहित सम्झौता गर्न संस्थान सफल भएको छ।

१५. संस्थानमा कार्यरत कर्मचारीको सञ्चय कोष तथा नागरिक लगानी कोषमा सिर्जना भएको वर्षौंदेखिको करोडौं दायित्व समस्या समाधान गरी मासिक रूपमा नियमित तलब भत्तासँगै जम्मा हुने व्यवस्था गर्न संस्थान सफल भएको छ।

१६. संस्थानका अवकाशप्राप्त कर्मचारीलाई प्रदान गरिने वर्षौंदेखि सिर्जना भएको करोडौं उपदान दायित्व समस्या समाधान गर्न नेपाल सरकारबाट प्राप्त हुने अनुदानमा संस्थानले वृद्धि गरेको आन्तरिक आम्दानी थप गरी हालसम्मको इतिहासमा सबैभन्दा बढी रकमका दरले वितरण गरी समाधानको संघारमा पुऱ्याउन संस्थान सफल भएको छ।साथै, आ.व.२०८३/८४ मा पूर्ण रूपमा उपदान समस्या समाधान गर्ने लक्ष्य राखिएको छ।

१७. तत्कालीन नगर प्रमुख तथा वर्तमान सम्माननीय प्रधानमन्त्री श्री बालेन्द्र शाह (बालेन) ज्यूको अवधारणामा सञ्चालित काठमाडौं महानगरपालिकाको गौरवको योजना अन्तर्गत सामुदायिक विद्यालयमा पुस्तकरहित शुक्रबार (Book Free Friday) कार्यक्रमलाई प्रभावकारी ढंगले सफल पार्न काठमाडौं महानगरपालिका र सांस्कृतिक संस्थानको सहकार्यमा ~ तय ~ प्रणाली अन्तर्गत सङ्गीत (गायन, वादन, नृत्य) र अभिनय विधाको प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने प्रणालीको विकास गर्न संस्थान सफल भएको छ।

१८. राष्ट्रिय नाचघरदेखि सांस्कृतिक संस्थानसम्मका सांस्कृतिक सम्पत्ति (श्रव्यदृश्य सामग्रीहरू) दुरुपयोग भएको पाइएकोले प्रतिलिपि तथा बौद्धिक अधिकारको संरक्षणका लागि सिर्जनशील कला (शब्द रचना, सङ्गीत रचना, कथा लेखन, गायन, वादन, नृत्य, अभिनय, कोरियोग्राफर, निर्देशन आदि) सम्बन्धी कार्य गर्नु, गराउनु संस्थानका कलाकार कर्मचारीको प्रमुख अभिभारा हुने भएकाले कार्यरत

अवधिभर संस्थानको नीति तथा कार्यक्रम अन्तर्गत रही कलाकार कर्मचारीहरूद्वारा गरिएका सिर्जनशील क्रियाकलापहरूको प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा ४० को उपदफा (१) बमोजिम आजीवन सर्वाधिकार नेपाल सरकारको नाममा हुने व्यवस्थालाई कार्यान्वयन गर्न 'सांस्कृतिक सम्पत्ति खोज तथा छानबिन समिति' गठन गरी सांस्कृतिक सम्पत्ति दस्तावेजीकरण तथा सर्वाधिकार सम्बन्धी प्रणाली, २०८१ लागू गर्न संस्थान सफल भएको छ।

१९. संस्थानका कर्मचारीलाई आपतविपद् पर्दा मलमपट्टी स्वरूप सहायता प्रदान गर्न सांस्कृतिक संस्थान कल्याणकारी कोष कार्यविधि, २०८१ तर्जुमा गरी 'मेरो दान, संस्कृतिलाई सम्मान' मूल भावका साथ दानपेटिका सहितको कल्याणकारी कोषको स्थापना गर्न संस्थान सफल भएको छ।

२०. वर्षौंदेखि आत्मसम्मानमा आघात पुग्नेगरी सिर्जनशील कला प्रर्दशनी गर्ने वातावरणबाट वञ्चित संस्थानका कलाकार कर्मचारीलाई संस्थानको कार्यप्रकृति बमोजिम भौतिक तथा डिजिटल संरचना निर्माण गरी सिर्जनशील क्रियाकलापलाई डिजिटल प्रविधि मार्फत प्रकाशन गरी विश्वभर चलायमान हुने वातावरण निर्माण गर्न संस्थान सफल भएको छ।

२१. नेपाल पर्यटन बोर्ड र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (ग्ल्मए) को सहकार्यमा सञ्चालित दिगो पर्यटन परियोजना [Sustainable Tourism Project - STP] र सांस्कृतिक संस्थान बीच दिगो पर्यटनका लागि सांस्कृतिक पर्यटनमैत्री सांस्कृतिक प्रदर्शन प्याकेज निर्माण गर्न सम्झौता गरी साझेदार संस्था (Implementation Partner) को रूपमा संस्थान रहन सफल भएको छ।

२२. वि.सं.२०१६ सालदेखि वि.सं.२०२८ सालसम्म नेपाल सरकारको संस्कृति विभाग अन्तर्गत राष्ट्रिय नाचघर व्यवस्थित रूपमा सञ्चालन भएको, नाम परिमार्जन सहित वि.सं.२०२९ सालमा सांस्कृतिक संस्थानको रूपमा पुनर्गठन भएसँगै नीतिगत ढंगले समस्याग्रस्त हुँदै गएको इतिहासलाई गम्भीरतापूर्वक अध्ययन गरी छुट्टै ऐन निर्माण गर्नुपर्ने अत्यावश्यक भएको तथा राष्ट्रिय नाचघरको नाम अन्तर्राष्ट्रिय रूपमा समेत ब्रान्डिङ भएको पक्षलाई मध्यनजर गरी "राष्ट्रिय नाचघर (सञ्चालन तथा व्यवस्थापन) विधेयक, २०८१" को सिद्धान्त स्वीकृतको लागि १२ बुँदे अवधारणा पत्र निर्माण गरी तालुक मन्त्रालय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा पेश गरिएको, हाल कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा रायका लागि पेश गरिएको, कार्यप्रकृतिगत संगठन संरचना स्वीकृतिका लागि मन्त्रालयमा पेश गरिएको तथा दीर्घकालीन हितमूलक व्यवस्था सहित विनियमावली संशोधन गरी स्वीकृतका लागि मन्त्रालयमा पेश गरिएको छ।

२३. निकायगत कार्यप्रकृति बमोजिम उत्कृष्ट कार्यसम्पादन गरी तालुक मन्त्रालयको गरिमा कायम राख्न सफल भएकै कारण संस्थानको हालसम्मको इतिहासमै नेपाल सरकारबाट प्राप्त हुने उपदान शीर्षकको बजेट सिलिङ वृद्धि हुन सफल भएको छ।

२४. नेपालको पहिचानयुक्त सजीव कला, साहित्य तथा संस्कृति सम्बन्धी पुस्तक अभिलेख गर्न, संस्थानको कला प्रशिक्षण क्रियाकलापका लागि अत्यावश्यक पाठ्यक्रम तथा पुस्तक अभिलेख गर्नका लागि पुस्तकालय अपरिहार्य रहेको, संस्थानको हालसम्मको इतिहासमा कार्ययोजनामै सीमित रहेको "पुस्तकालय निर्माण" गरी सञ्चालनमा ल्याउन संस्थान सफल भएको छ।

२५. हल सहयोगी कर्मचारीको जिम्मेवारी अन्तर्गत दैनिक कार्यसम्पादनका लागि हलमा प्रयोग हुने सामग्री व्यवस्थापन गर्न असहज भएको परिवेशलाई मध्यनजर गर्दै मेगा हलको स्टेज पछाडि "हल सामग्री व्यवस्थापन कक्ष निर्माण" गरी सञ्चालनमा ल्याइएको छ।

# स्व. गणेश रसिकज्यूको पहिलो स्मृति दिवस श्रद्धार्पणका साथ मनाइयो

१८ जेठ २०८३ काठमाडौँ ।

सांस्कृतिक संस्थानका पूर्वमहाप्रबन्धक स्व.गणेश रसिकज्यूको पहिलो स्मृति दिवसको अवसरमा संस्थानले श्रद्धार्पणका साथ "सम्झनामा गणेश रसिक साङ्गीतिक समर्पण कार्यक्रम, २०८३" सम्पन्न गरेको छ। संस्थानका कार्यक्रम तथा योजना शाखा संयोजक श्री रेखा कुमारी कटुवाल श्रेष्ठज्यूको सभाध्यक्षता, संस्थानका महाप्रबन्धक श्री किरण बाबु पुनज्यूको प्रमुख आतिथ्यता, संस्थानका शाखा संयोजकज्यूहरूको आतिथ्यतामा संस्थानका कर्मचारी, प्रशिक्षक तथा प्रशिक्षार्थीहरूको उपस्थितिमा संस्थानको मिनी हल, जमल, काठमाडौँमा सो कार्यक्रम सम्पन्न गरिएको हो । संस्थानका कलाकार तथा प्रशिक्षाथीहरूद्वारा उच्च सम्मानका साथ श्रद्धार्पण भाव सम्प्रेषण हुने गरी स्व.गणेश रसिकद्वारा स्वरबद्ध कालजयी गीतहरूको प्रस्तुतीकरणसँगै स्मृति दिवस मनाइएको हो ।

सिर्जनशील कला मार्फत राष्ट्रलाई अतुलनीय योगदान दिनुहुने राष्ट्रिय व्यक्तित्वहरूको सम्मानार्थ विभिन्न व्यक्तित्वहरूको स्मृति दिवस विशेष कार्यक्रम सांस्कृतिक संस्थानले गत आ.व.देखि आफ्नो वार्षिक नीति तथा कार्यक्रममा समावेश गर्ने प्रणाली विकास गरेको थियो भने यस आ.व.२०८२/८३ को नीति तथा कार्यक्रममा स्व.गणेश रसिकज्यूको स्मृति दिवस समावेश गरिएको हो ।

स्व.गणेश रसिकज्यूको सम्झनामा श्रद्धाञ्जली अर्पण गर्दै उहाँको तस्बिरमा माल्यार्पण तथा मौन धारण गरी कार्यक्रम सुरुवात गरिएको थियो ।

कार्यक्रममा स्व.गणेश रसिकज्यूलाई श्रदाञ्जली अर्पण गर्दै संस्थानका महाप्रबन्धक किरण बाबु पुनज्यूले





राख्नुभएको विशेष मन्तव्यको सारांशः-

"तत्कालीन सरकारको वि.सं.२०४० माघ ३ गते निर्णयानुसार श्री गणेश रसिक (गणेशकुमार राई) ज्यू संस्थानको महाप्रबन्धकमा नियुक्त हुनुभएको थियो । उहाँको नेतृत्वमा मिति २०४० माघ ९ गते समितिको पहिलो बैठक तथा मिति २०४७ साल असोज ३० गते अन्तिम बैठक बसेको तथ्यांक पाइन्छ । सिर्जनशील कला मार्फत राष्ट्र तथा संस्थानका लागि पुऱ्याउनुभएको अतुलनीय योगदानको उच्च सम्मान व्यक्त गर्दै पूर्वमहाप्रबन्धक स्व.गणेश रसिक ज्यू प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साङ्गीतिक आकाशका एक नक्षेत्र, एक राष्ट्रिय धरोहर स्व.गणेश रसिकलाई हरनेपाली तथा राज्यले सदा उच्च सम्मानका साथ खोजी गर्नुपर्छ । स्व.गणेश रसिकज्यूको स्मृति दिवस देशैभरी तथा अन्तर



ष्ट्रियस्तरसम्म छरिएर रहेका नेपालीहरूले श्रद्धार्पण गरी मनाउने संस्कृतिको विकास हुनुपर्छ । उहाँको योगदानको पुस्तौंपुस्तासम्म अक्षुण्ण रूपमा पुस्तान्तरण हुनुपर्छ । नेपाल सरकारको सजीव कला प्रदर्शनी सम्बन्धी एकमात्र ज्येष्ठ निकाय सांस्कृतिक संस्थानले संस्थान सम्बद्ध दिग्गज धरोहरदेखि राष्ट्रका मूर्धन्य स्रष्टाको स्मृति दिवसलाई नीति तथा कार्यक्रम मार्फत समेटेर अगाडि बढ्ने कोसिस गरेको छ । त्यसै अनुरूप यस आ.व.देखि गणेस रसिकज्यूको स्मृति दिवसलाई वार्षिक नीति तथा कार्यक्रममा समावेश गरेका छौं । मैले बारम्बार भन्दै अएको छु कि कार्यक्रमहरू कार्यकक्रमको मूल भाव बमोजिम रूपरेखा तयार पारि नुपर्छ । स्मृति दिवस भन्नु मृत्मात्माको उच्च सम्मान स्वरूप श्रद्धार्पण गर्नु हो । तर पछिल्लो समय स्मृति दिवस मनाउने संस्कृति विकृत हुँदै गएको देख्दा चिन्ता लाग्छ । स्मृति दिवस भन्नु शोक दिवस हो त्यसलाई सोही अनुरूप मनाउने संस्कृति निर्माण गर्नुपर्छ । आज उहाँका कृतिहरूलाई प्रस्तुत गरी स्व.गणेश रसिक प्रति उच्च सम्मानका साथ श्रद्धार्पण गरिनेछ । उहाँका कृति छन् र त श्रद्धार्पण गर्न पाइएको छ । उहाँले सत्कर्म गर्नुभएको थियो र त उहाँलाई हामीले उच्च सम्मान व्यक्त गर्न पाएका छौं । यदि उहाँको स्थानमा कृति बिनाको मान्छे भएको भए आज हामीले कुन माध्यमबाट श्रद्धार्पण गर्थ्यौं होला ? म जोड्न खोज्दैछु वर्तमान सरकारको लक्ष्य “सही ठाउँमा सही मानिस” अर्थात् निश्चित भूमिका, परिस्थिति वा वातावरणसँग पूर्ण रूपमा मेल खाने सीप, स्वभाव र अनुभव भएको व्यक्तिले नै राज्यका हरेक निकायमा स्थान पाउनु पर्दछ । त्यस पश्चात् मात्र योग्य व्यक्तिको क्षमता सही रूपमा सदुपयोग हुन्छ र उत्कृष्ट कार्यसम्पादन हासिल गर्न सकिन्छ । तसर्थ संस्थानको इतिहास हेर्दा यहाँ बाघको खोल ओडेर स्यालको रजाइँजस्तो भइरह्यो कि कलाको खोल ओडेका स्वार्थ समूहको चंगुलमा संस्थान फस्नाले संस्थान उठ्नै नसक्ने गरी थला पऱ्यो । तर वर्तमान नेतृत्वले प्राणको दाउमा राखेर सुशासन स्थापना गर्दा हाल संस्थानको प्राण भरिएको छ । इतिहासभरी सधैं घाटामा रहेको निकाय अर्थ मन्त्रालयको “सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०८३” प्रतिवेदन अनुसार २ ९ (रु.लाखमा) नाफा हुन गएको छ । यो संस्थानको ऐतिहासिक उपलब्धि हो । सम्बन्धित क्षेत्रको विषयविज्ञ नेतृत्वको पालामा मात्र संस्थानमा राम्रो कार्य भएको इतिहास पाइन्छ । स्व.गणेश रसिकज्यूको पालामा पनि थुप्रै सिर्जनात्क क्रियाकलाप सम्पन्न भएका छन् । त्यसैले म भन्न चाहन्छु, संस्थानमा कार्यरत सिर्जनशील प्राणीहरू कागले कान लियो भनेर कागको पछि नदौडिएर पहिले कान छाम्दै वैज्ञानिक ढंगले आत्मसमीक्षा गर्दै नीतिगत चेतनास्तरमा अभिवृद्धि गर्दै संस्थानमा सम्बन्धित क्षेत्रको





विषयविज्ञ नेतृत्व भएपछि मात्र संस्थानको स्थायित्व सम्भव छ भन्ने कुरा चिन्तन गर्न अनुरोध गर्दछु । मैले बडो गम्भीरतापूर्व उठाउने अर्को प्रसंग, वर्तमान परिवेशमा डिजिटलयुगसँगै वैश्वीकरणको प्रभावले संस्कृति हराउँदै गएको छ, मानिसमा असन्तुलित महत्त्वाकाङ्क्षा बढ्नाले समाजमा निराशाको बादलले ढाकेको छ, समाजमा अराजकता हाबी हुँदै गएको छ, युवापुस्तामा वितृष्णा बढ्दै गएको छ। यस्तो बेला सकारात्मक चिन्तन अभिवृद्धि गर्न नवजागरणको आवश्यकता छ, त्यो नवजागरण प्रवाह गर्ने शक्ति सिर्जनशील कलामा मात्र छ। नवजागरण प्रवाह गर्ने आधारभूत कर्तव्य नै संस्थानको भएकाले संस्कृतिलाई उत्पादनसँग जोड्दै समृद्ध राष्ट्रको निर्माण गर्ने नवजागरण प्रवाह गर्नतर्फ संस्थानका सिर्जनशील प्राणीहरू एकीकृत हुनैपर्छ। देशको विशेष परिस्थिति जहाँ वर्तमान परिवेशले देशको समृद्धमय परिवर्तन खोजेको छ । परिवर्तनका संवाहकहरूलाई जनताले जनमत दिएकाले यो विशेष परिस्थितिलाई सही ढंगले चिन्तन गर्दै कर्तव्यनिष्ठ भई जिम्मेवारी बहन गर्न सम्पूर्ण संस्थानका कर्मचारीलाई अनुरोध गर्दै निकायगत कार्यप्रकृति बमोजिम वैज्ञानिक संगठन संरचना निर्माण सहित संस्थानको दीर्घकालीन स्थायित्वका लागि संस्थानको वर्तमान नेतृत्व सदा प्रतिबद्ध छ। फेरिपनि उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै गर्दछु, धन्यवाद।"

कार्यक्रममा संस्थानका कलाकारहरूद्वारा प्रस्तुत गरिएका गीतहरू यसप्रकार रहेका थिए:

१.नुन जस्तै विल्ने (प्रस्तुतिः दीपेन्द्र बज्राचार्य)
(शब्द/सङ्गीत/स्वरः गणेश रसिक)



२. मसँग एउटा (प्रस्तुतिः विपिन घिमिरे)
(शब्दः बाँसु शसी, सङ्गीत/स्वरः गणेश रसिक)



३.धेरै सम्झे धेरै हुन्छ (प्रस्तुतिः तिर्थराज पोखेल)
(शब्द/सङ्गीत/स्वरः गणेश रसिक)



४. घरबेटी नानी (प्रस्तुतिः विपिन घिमिरे र शिला विष्ट) (सङ्कलनः रामशरण नेपाली, स्वरः गणेश रसिक र कमला श्रेष्ठ)



५. नखेल्नु जुवा र तास (प्रस्तुतिः प्रशिक्षार्थी) (शब्दः गणेश रसिक र हिरण्य भोजपुरे, सङ्गीतः गणेश रसिक, स्वरः गणेश रसिक, हिरण्य भोजपुरे र साथीहरू)




वाद्यवादनमा संस्थानका कलाकारहरू श्री तिर्थराज पोखेल ज्यू, श्री दुर्गाप्रसाद खतिवडा ज्यू, श्री रोहित सुवेदी ज्यू, श्री नरेश प्रजापति ज्यू, श्री सितामैयाँ राजचल ज्यू, श्री भरत सारु मगरज्यूले साथ दिनुभएको थियो ।

कार्यक्रम सञ्चालन संस्थानका कलाकार श्री विपिन घिमिरेज्यूले गर्नुभएको थियो ।

कार्यक्रम समापन गर्नुहुँदै संस्थानका कार्यक्रम तथा योजना शाखा संयोजक श्री रेखा कुमारी कटुवाल श्रेष्ठज्यूले स्व.गणेश रसिकज्यूको कार्यकालबारे आफूले सुनेका, जानेका प्रसंग राख्नुभएको थियो ।









# सांस्कृतिक संस्थान राष्ट्रिय दोहोरी गीत प्रतियोगिता–२०८३ को आयोजना गरिने: सांस्कृतिक संस्थान

१९ जेठ २०८३ काठमाडौँ ।

नेपाल सरकारको सजीव कला प्रदर्शनी सम्बन्धी एकमात्र आधिकारिक एवम् ज्येष्ठ निकाय सांस्कृतिक संस्थानले नेपाली लोक कला संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा पुस्तान्तरणका लागि नवजागरण प्रवाह गर्ने उद्देश्यका साथ सांस्कृतिक संस्थानको गरिमामय ५४ औं वार्षिकोत्सवको अवसरमा "सांस्कृतिक संस्थान राष्ट्रिय दोहोरी गीत प्रतियोगिता - २०८३" आयोजना गर्ने भएको छ । "नेपालको गौरवशाली लोक संस्कृति तथा लोक कलाको संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा पुस्तान्तरणका लागि लोकसांस्कृतिक कार्यक्रम तयार गरी प्रदर्शन गर्ने" प्रमुख अभिभारा बमोजिम संस्थानले सो प्रतियोगिता आयोजना गर्ने भएको हो ।

संस्थानले देशैभरीका प्रतिभालाई समेट्ने गरी कार्यक्रमको गुणस्तरीयतालाई कायम राख्न निश्चित मापदण्डहरू सहित इच्छुक कलाकारहरूलाई मिति २०८३ जेठ १५ गतेभित्र आवेदन दिनका लागि अनुरोध गरेको छ ।

कार्यक्रममा निर्णायक श्री दुर्गा रायमाझी, श्री चन्द्र शर्मा, श्री राधिका हमाल, श्री सीता थापा, श्री कृष्ण रेउले, श्री दिपक खड्का र श्री सुवास केसी रहनु हुनेछ भने उद्घोषण श्री बद्री पंगेनी र श्री मञ्जु पौडेलको रहनेछ। त्यस्ते विशेष प्रस्तुति श्री राजु परियार, श्री राजु ढकाल र श्री देवी घर्तीको रहनेछ भने कार्यक्रम समुद्घाटन समारोहमा प्रमुख अतिथि श्री नारायण रायमाझी रहनु हुनेछ।

पुरस्कार सम्बन्धी व्यवस्था:

क) विजेता: रु.२,००,०००/- (अक्षेरेपि दुई लाख)

ख) उपविजेता: रु.१,००,०००/- (अक्षेरेपि एक लाख)

ग) सर्वोत्कृष्ट गायक: रु.२५,०००/- (अक्षेरेपि पच्चीस हजार)




घ) सर्वोत्कृष्ट गायिका: रु.२५,०००/- (अक्षेरेपि पच्चीस हजार)

ङ) सर्वोत्कृष्ट भेषूषा तथा आभूषण: रु.२५,०००/- (अक्षेरेपि पच्चीस हजार)

च) सर्वोत्कृष्ट सांस्कृतिक भावयुक्त प्रस्तुतीकरण रु.२५,०००/-(अक्षेरेपि पच्चीस हजार)

साथमा, प्रमाण पत्र तथा मायाको चिनो प्रदान गरिनेछ । साथै सांस्कृतिक संस्थानको सर्वाधिकार रहनेगरी संस्थानकै रेकर्डिङ स्टुडियोमा विजेता तथा उपविजेतालाई १/१ वटा लोक तथा दोहोरी गीत रेकर्डिङ गर्ने व्यवस्था, विजेता, उपविजेता तथा सर्वोत्कृष्ट विधाका कलाकारहरूलाई

संस्थानको ६ महिने कला प्रशिक्षण अन्तर्गत गायन विधामा सहभागी हुने अवसर प्रदान गरिनेछ।

वि.सं.२०१६ सालमा स्थापित 'राष्ट्रिय नाचघर' लाई समग्र नेपाली संस्कृतिको संस्थागत विकासका लागि सञ्चार संस्थान ऐन, २०२८ अनुसार वि.सं २०२९ साल असार ५ गते नाम परिमार्जन सहित "सांस्कृतिक संस्थान" को रूपमा पुनर्गठन भएको हो। यसरी राष्ट्रिय नाचघरदेखि हेर्दा ६७ वर्षीय सांस्कृतिक विरासत बोकेको संस्थानदेखि हेर्दा ५४ वर्षीय सांस्कृतिक विरासत बोकेको संस्थानको गरिमामय ५४ औं वार्षिकोत्सवको अवसरमा संवत् २०८३ साल असार ३ र ४ गते संस्थानको मेगा हलमा सञ्चालन गरी असार ५ गते वार्षिकोत्सवका दिन समापन गर्ने गरी कार्यक्रम आयोजना गर्ने तय गरिएको हो। वार्षिकोत्सवको दिन नेपाल सरकारको तर्फबाट पाल्नुहुने प्रमुख अतिथिको हातबाट पुरस्कार वितरण गरिने संस्थानले जानकारी दिएको छ। ऐतिहासिक सांस्कृतिक विरासत बोकेको सांस्कृतिक संस्थान (राष्ट्रिय नाचघर) ले महाप्रबन्धक श्री किरण बाबु पुनले नेतृत्वले सम्हालेसँगै नयाँ शिराबाट उत्कृष्ट कार्यसम्पादन गर्दै आएको छ। गत वर्ष देशैभरीका सामाजिक क्षेत्रका सार्वजनिक निकायहरू मध्ये सांस्कृतिक संस्थानले मात्र ६९.४७ प्रतिशत आयमा वृद्धि गर्न सफल भई ऐतिहासिक गरिमा कायम राखेको थियो भने यस वर्ष इतिहासभरी सधैँ घाटामा रहेको निकाय अर्थ मन्त्रालयको "सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०८३" प्रतिवेदन अनुसार २९ (रु.लाखमा) नाफा हुन सफल भई पहिलोपटक ऐतिहासिक इतिहास कायम राख्न सफल भएको छ।

# अभौतिक सांस्कृतिक सम्पदा राष्ट्रिय सूचीमा ५ वटा सम्पदा सूचीकृत: सांस्कृतिक संस्थान

२८ जेठ २०८३ काठमाडौँ।

नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयद्वारा अभौतिक सांस्कृतिक सम्पदा (सूचीकरण तथा व्यवस्थापन) सम्बन्धी आन्तरिक दिग्दर्शन, २०८२ बमोजिम सूचीकृत भएका ५ वटा अभौतिक सांस्कृतिक सम्पदाको नामावली सार्वजनिक गरिएको छ। मन्त्रालयले मिति २०८३ साल जेठ २८ गते प्रेस विज्ञप्ति मार्फत सो नामावली सार्वजनिक गरेको हो।

उक्त प्रेस विज्ञप्ति अनुसार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले विभिन्न समुदायहरूको पहिचान एवम् अभिलेखीकरण मार्फत् अभौतिक सांस्कृतिक सम्पदाहरूको संरक्षण सम्बन्धित समुदायबाटै गर्ने कार्यलाई निरन्तरता दिन अभौतिक सांस्कृतिक सम्पदाहरूको राष्ट्रिय सूचीकरण कार्य थालनी गरेको, नेपालको सांस्कृतिक सम्पदा संरक्षण एवम् व्यवस्थापनमा यस किसिमको कार्यको सुरुवात भएको सन्दर्भमा अभौतिक सांस्कृतिक सम्पदा (सूचीकरण तथा व्यवस्थापन) सम्बन्धी आन्तरिक दिग्दर्शन, २०८२ मा भएको प्रावधान बमोजिम आ.व. २०८२/०८३ मा ५ वटा अभौतिक सांस्कृतिक सम्पदालाई नेपाल सरकार (मा. मन्त्रीस्तर) मिति २०८३/०२/२७ को निर्णयानुसार राष्ट्रिय सूचीमा सूचीकरण गरिएको व्यहोरा जानकारी गरिएको छ।

राष्ट्रिय सूचीमा सूचीकरण भएका ५ वटा सम्पदाको नामावली यसप्रकार छः

१.लदी (कोशी) पूजा

२.भूमे पर्व




३.जिब्रो छेड्ने जात्रा
४.श्रीनीलवाराही गण नाच
५.नचारू स्याईं नाच

मन्त्रालयले गत आ.व.देखि राष्ट्रिय सूचीकरणको अभियान थालनी गरेको हो भने गत वर्ष १०५ वटा अभौतिक सांस्कृतिक सम्पदाहरू राष्ट्रिय सूचीकरणका लागि मन्त्रालयमा आवेदन दर्ता भएको तर जम्मा १ वटा मात्र छनौटमा परेको थियो। यस वर्ष भने १२ वटा अभौतिक सांस्कृतिक सम्पदाहरूको आवेदन दर्ता भएकोमा ५ वटा सम्पदा सूचीकृत भएका छन् । जहाँ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत सांस्कृतिक संस्थानबाट संस्थानको अभिभारा बमोजिम सम्पदा सूचीकरण गर्न इच्छुक सम्बन्धित समुदाय/व्यक्तिलाई सहजीकरण गर्दै आएको थियो भने दुई वटा अभौतिक सांस्कृतिक सम्पदा क्रमशः भूमे पर्व र नचारू स्याईं नाच आवेदनका लागि मन्त्रालयमा संस्थानले सिफारिस गरेको थियो ।

नेपालजस्तो संस्कृतिको धनी देशमा संस्कृतिबाटै समृद्धिको आधार दिशाबोध गर्न नेपालका सम्पूर्ण अभौतिक संस्कृतिहरू अभौतिक सांस्कृतिक सम्पदामा सूचीकरण हुनु आधारभूत शर्त हो । सूचीकरण पश्चात् नेपालको सांस्कृतिक अस्तित्व बच्नुका साथै सांस्कृतिक पर्यटनको विकास, स्वरोजगार सिर्जना र संस्कृतिबाटै समृद्धिको मार्ग प्रशस्त हुनेछ । अभौतिक सांस्कृतिक सम्पदा सूचीकरणलाई चुस्त, दुरुस्त एवम् प्रभावकारी ढंगले अगाडि बढाउन मन्त्रालयले आयोजना गरेको कार्यक्रमलाई मन्त्रालय अन्तर्गतको संस्कृति सम्बन्धी ज्येष्ठ निकाय सांस्कृतिक संस्थानले सहकार्य गर्दै आएको छ ।

# सांस्कृतिक संस्थानको आ.व.२०८२/८३ को प्रगति प्रतिवेदन



## गत आ.व. र यस आ.व.को तुलनात्मक विवरण

संस्थानको लेखा परिक्षण प्रतिवेदन अनुसार महालेखा परिक्षकको कार्यालयले पेश गरेको तथ्याङ्क अनुरूप नेपाल सरकार अर्थ मन्त्रालयको "सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा - २०८२" को प्रतिवेदन अनुसार सामाजिक क्षेत्र अन्तर्गतका संस्थानहरू मध्ये सांस्कृतिक संस्थानको मात्र ६९.४७ प्रतिशतका दरले आम्दानी वृद्धि भएको व्यहोरा विदितै छ।

यस वर्ष अर्थ मन्त्रालयको "सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा - २०८३" प्रतिवेदन अनुसार अनुसार २९ (रु.लाखमा) खुद नाफा हुन गई संस्थानले इतिहासमै पहिलोपटक नाफामा जान सफल गौरवय इतिहास बनाएको छ।

## संस्थानका प्रमुख उपलब्धिहरू

### १. नीतिगत सुधार तर्फ

संस्थानलाई चुस्त, दुरुस्त, पारदर्शी एवम् व्यवस्थित रूपमा सञ्चालन गर्न संस्थानमा विभिन्न कार्यविधि निर्माण गरी नीतिगत प्रणालीको प्रारम्भ गरिएको छ । संस्थानमा सुशासन स्थापना सहित परिणाममुखी कार्यसम्पादन गर्ने उद्देश्य सहित आ.व.२०८२/८३ मा कार्यान्वयनमा ल्याइएका तथा स्वीकृतिको लागि अन्तिम चरणमा रहेका निर्देशिका तथा कार्यविधिहरू यसप्रकार छन् :-

- सांस्कृतिक संस्थान प्रेक्षालय सञ्चालन तथा व्यवस्थापन (संशोधन सहित) निर्देशिका, २०८१
- सांस्कृतिक संस्थान रेकर्डिङ स्टुडियो सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८१
- सांस्कृतिक संस्थान कला प्रशिक्षण कार्यविधि, २०८१
- सांस्कृतिक संस्थान कल्याणकारी कोष कार्यविधि, २०८१
- सांस्कृतिक संस्थान राष्ट्रिय सम्मान तथा पुरस्कार (संशोधन सहित) कार्यविधि, २०८१
- सांस्कृतिक सम्पत्ति दस्तावेजीकरण तथा सर्वाधिकार सम्बन्धी प्रणाली, २०८१
- संस्थानको नीति तथा कार्यक्रमयुक्त भित्तेपात्रो निर्माण प्रणाली शुभारम्भ
- वैज्ञानिक ढंगले नीतिगत सुधार गर्न संस्थान कर्मचारी सेवा शर्त सम्बन्धी (पहिलो संशोधन) विनियमावली, २०८३ स्वीकृतिको अन्तिम चरणमा
- संस्थानको ऐतिहासिक विरासत कायम राख्दै दीर्घकालीन हितमूलक छुट्टै ऐन निर्माण गर्ने हेतुका साथ "राष्ट्रिय नाचघर (सञ्चालन तथा व्यवस्थापन) विधेयक, २०८२" ऐन मस्यौदा सम्बन्धी अवधारणा पत्र निर्माण गरी स्वीकृतिका लागि मन्त्रालयमा पेश गरिएको ।

### २. नीति तथा कार्यक्रम तर्फ

- सांस्कृतिक संस्थानको विगतको प्रणालीलाई हेर्दा हरेक आर्थिक वर्षहरूमा बजेट विनियोजन गर्दा आयव्यय सहितको नेपाल सरकारका सभा, समारोह, उत्सव, पर्व सम्बन्धी भैपरी आउने कार्यक्रमलाई प्राथमिकता दिएको पाइन्थ्यो । तर संस्थानको आ.व.२०८१/८२ बाट दीर्घकालीन सोचयुक्त नीति तथा कार्यक्रम सहितको बजेट विनियोजन गर्ने प्रणाली थालनी गरिएको हो । त्यसैको निरन्तरता स्वरूप थप सुदृढीकरण गर्दै संस्थानको आ.व.२०८२/८३ को नीति तथा कार्यक्रममा पुँजीगत तर्फ, मर्मत सँभार तर्फ, सांस्कृतिक पर्यटनमैत्री कार्यक्रम तर्फ, राष्ट्रको पहिचानयुक्त मौलिक लोकसंस्कृति सम्बन्धी श्रव्यदृश्य सामग्री निर्माण तर्फ, हरेक जातजातिका मौलिक सांस्कृतिक चाडपर्व सम्बन्धी स्थलगत कार्यक्रम तर्फ, नयाँ प्रकृतिका डिजिटल प्रविधि मार्फत उत्पादन तर्फका समावेश थिए ।
- आ.व.२०८२/८३ मा देशको बदलिँदो परिस्थितिका कारण नीति तथा कार्यक्रमहरू सम्पन्न गर्न निकै कठिन वातावरण सिर्जना भएतापनि कार्यप्रकृतिगत ढंगले एकीकृत गर्न सकिने क्रियाकलापलाई एकीकृत गरी

आ.व.२०८२/८३ मा तर्जुमा गरिएका नीति तथा कार्यक्रमहरू लगभग शत प्रतिशत सम्पन्न भएका छन् । सुशासन स्थापना गर्दै संस्थानको आन्तरिक आयस्रोत जुटाउँदै एक/एक नीति तथा कार्यक्रम सम्पन्न गर्नुपर्ने भएकाले केही दीर्घकालीन सोचका नीति तथा कार्यक्रम बजेट अभावले प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकिएन ।

- आ.व.२०८२/८३ का नीति तथा कार्यक्रम मध्ये विशेषतः डिजिटल युगसँगै प्रविधि मार्फत उत्पादन तथा प्रकाशन गर्न सकिने कार्ययोजनाले संस्थानको आयमा वृद्धि तथा दीर्घकालीन आम्दानीको स्रोत हुनेतर्फ दिशाबोध गरेको छ । जस्तै : संस्थानको रेकर्डिङ स्टुडियोबाट विविध श्रव्य सामग्री उत्पादन गरी एप-एप्लीकेशन मार्फत प्रकाशन तथा डिजिटल उत्पादन, सांस्कृतिक पर्यटनमैत्री कार्यक्रम शुभारम्भ सांस्कृतिक साँझ, गाईजात्रा विशेष प्रहसन, युटुब मार्फत श्रव्यदृश्य सामग्री प्रकाशन गरी डिजिटल उत्पादन, डिजिटल उत्पादनमैत्री कार्यक्रम मनमनमा संस्कृति-ओठओठमा हाँसो आदि ।
- आ.व.२०८१/८२ देखि सांस्कृतिक संस्थान र काठमाडौँ महानगरपालिका बीच G to G प्रणाली मार्फत सञ्चालन गरिएको सामुदायिक विद्यालयहरूमा पुस्तकरहित शुक्रबार Book Free Friday कार्यक्रमलाई थप सुदृढीकरण गरी आ.व.२०८२/८३ सालमा सम्पन्न गरिएको ।
- नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले अघि सारेको ऐतिहासिक अभियान “अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण” अभियानलाई प्रभावकारी ढंगले सम्पन्न गर्न संस्थानले आफ्नो प्रमुख अभिभारा बमोजिम तालुक मन्त्रालयसँग सहकार्य गरी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको ।
- नेपाल पर्यटन बोर्ड र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (UNDP) को सहकार्यमा सञ्चालित दिगो पर्यटन परियोजना [Sustainable Tourism Project - STP] र सांस्कृतिक संस्थान बीच दिगो पर्यटनका लागि सांस्कृतिक पर्यटनमैत्री सांस्कृतिक प्रदर्शन प्याकेज निर्माण गर्न सम्झौता गरी संस्थान साझेदार संस्था (Implementation Partner) को रूपमा रहेको ।

### ३. पुँजीगत संरचना तर्फ

- आ.व.२०८१/८२ मा राष्ट्रिय नाचघरदेखि सांस्कृतिक संस्थानसम्म हालसम्मको इतिहासमा निर्माण गर्न भनी कार्ययोजनामै सीमित निकायगत कार्यप्रकृति बमोजिम अपरिहार्य श्रव्यदृश्य सामग्री उत्पादनका लागि रेकर्डिङ स्टुडियो, सांस्कृतिक पर्यटनमैत्री क्रियाकलापका लागि सेमिनार हल, साउण्डप्रूफ सहित व्यवस्थित अभ्यास कक्ष, अतिथि सत्कार (सोधपुछ) कक्ष निर्माण गरिएको थियो भने आ.व.२०८२/०८३ मा नेपालको पहिचानयुक्त सजीव कला, साहित्य तथा संस्कृति सम्बन्धी पुस्तक अभिलेख गर्न, संस्थानको कला प्रशिक्षण क्रियाकलापका लागि अत्यावश्यक पाठ्यक्रम तथा पुस्तक अभिलेख गर्नका लागि पुस्तकालय अपरिहार्य रहेको, संस्थानको हालसम्मको इतिहासमा निर्माण गर्न भनी कार्ययोजनामै सीमित सांस्कृतिक संस्थानको “पुस्तकालय” निर्माण गरिएको ।
- हल सहयोगी कर्मचारीको जिम्मेवारी अन्तर्गत दैनिक कार्यसम्पादनका लागि हलमा प्रयोग हुने सामग्री व्यवस्थापन गर्न असहज भएको परिवेशलाई मध्यनजर गर्दै संस्थानको मेगा हलको स्टेज पछाडि “हल सामग्री व्यवस्थापन कक्ष” निर्माण गरिएको ।
- सांस्कृतिक संस्थानका हलमा हुने विविध कार्यक्रममा सहभागी हुन तथा संस्थानबाट प्रवाह हुने सेवाका लागि दिनहुँ

थुप्रै विशेष क्षमतामैत्री व्यक्तित्व र ज्येष्ठ नागरिकहरूको आवतजावत भइरहने भएकाले संस्थानको प्रवेशद्वारमा अपरिहार्य एवम् वर्षौंदेखि सम्बन्धित निकायबाट बारम्बार सचेत बनाउँदा समेत निर्माण हुन नसकेको विशेष क्षमता भएका व्यक्तित्व तथा ज्येष्ठ नागरिकमैत्री र्‍याम्प (सिँढी) निर्माण गरिएको ।

## ४. संस्थान र कर्मचारी हित तर्फ

- कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषको पुरानो करोडौँ दायित्व जम्मा गरी हाल लगातार मासिक तलब भत्तासँगै जम्मा हुने प्रणाली सुदृढीकरण गरिएको ।
- नेपाल सरकारको अनिवार्य दायित्व अवकाश प्राप्त कर्मचारीहरूलाई प्रदान गरिने उपदान रकमको दायित्व समाधानका लागि नेपाल सरकारबाट प्राप्त अनुदान रकममा आन्तरिक आयमा वृद्धि हुन आएको रकम थप गरी हालसम्मकै बढी रकमका दरले अवकाश प्राप्त कर्मचारीहरूलाई वितरण गरी उपदान दायित्व समस्या आ.व.२०८३/८४ भित्र समाधान गर्ने लक्ष्य राखिएको ।
- 'मेरो दान, संस्कृतिलाई सम्मान' श्लोकन सहित दानपेटिका सहितको "सांस्कृतिक संस्थान कल्याणकारी कोष" स्थापना गरी संस्थानका कर्मचारीलाई आपत्‌विपद् पर्दा मलमपट्टी स्वरूप सहायता मिल्ने व्यवस्था गरिएको ।
- वर्षौंदेखि आत्मसम्मानमा आघात पुग्नेगरी सिर्जनशील कला प्रर्दशनी गर्ने वातावरणबाट वञ्चित संस्थानका कलाकार कर्मचारीलाई संस्थानको कार्यप्रकृति बमोजिम भौतिक तथा डिजिटल संरचना निर्माण गरी सिर्जनशील क्रियाकलापलाई डिजिटल प्रविधि मार्फत प्रकाशन गरी विश्वभर चलायमान हुने वातावरण निर्माण गरिएको,
- संस्थानको क्षेत्राधिकार र उद्देश्य केन्द्रित रही संस्थानको निरन्तरता तथा दीर्घकालीन हितमूलक छुट्टै ऐनको लागि सिद्धान्त स्वीकृतका लागि मन्त्रालयमा प्रक्रिया अगाडि बढाइएको, वैज्ञानिक ढंगले संगठन संरचना र विनियमावली संशोधन गरी स्वीकृतिका लागि मन्त्रालयमा पेश गरिएको ।

## ५. सेवा प्रवाह तर्फ

- डिजिटल युगसँगै सांस्कृतिक संस्थानका सेवा प्रवाहलाई चुस्त, दुरुस्त एवम् प्रभावकारी बनाउन प्रविधिमैत्री नीति तथा कार्यक्रम तर्जुमा गरी अनलाइन मार्फत हल बुकिङ, अनलाइन कलाकार प्रमाणीकरण, अनलाइन टिकट बुकिङ आदि प्रणाली लागू गरिएको ।
- संस्थानको कार्यप्रकृति अनुसार संस्थानमा हुने गतिविधि बारे यथार्थ एवम् न्यायोचित सूचना सम्प्रेषणका लागि उपयुक्त सूचना अधिकारी तोकिएको ।

## ६. सुशासन तर्फ

- अनेकन् समस्याका कारण मृत्युशैयामा पुगेको संस्थानको दीर्घकालीन हितका लागि विकृति, विसंगति तथा बेथितिलाई जरैदेखि निर्मूलन गर्न वर्तमान नेतृत्व सुशासनको यात्रामा प्रतिबद्ध भएको ।
- कर्मचारीको तलब भत्ता र नीति तथा कार्यक्रमका लागि आन्तरिक स्रोतबाट व्यवस्थापन गर्नुपर्ने भएकाले संस्थानको आम्दानीको मुख्य स्रोत हल तथा अभ्यास कक्षबाट हुने चुहावटलाई पूर्णतः निस्तेज पारिएको ।
- विभिन्न बहानामा संस्थानको प्राङ्गण प्रयोग गर्ने प्रणालीलाई पूर्णतः निस्तेज पारी कानून अनुरूप सम्झौता गरी संस्थानको आम्दानीमा वृद्धि गरिएको ।

### ७. सांस्कृतिक सम्पत्ति संरक्षण तर्फ

- राष्ट्रिय नाचघरदेखि सांस्कृतिक संस्थानसम्म कार्यरत पूर्वकर्मचारीहरू तथा नेतृत्व, वर्तमान कर्मचारीहरू तथा नेतृत्व र आगामी दिनमा समेत कर्मचारीहरू तथा नेतृत्वबाट हुने सिर्जनशील क्रियाकलापयुक्त सांस्कृतिक सम्पत्ति संरक्षणका लागि सांस्कृतिक सम्पत्ति दस्तावेजीकरण तथा सर्वाधिकार सम्बन्धी प्रणाली, २०८१ नीतिगत प्रणाली लागू गरिएको छ।
- सांस्कृतिक सम्पत्ति खोज तथा छानविन समिति गठन गरी संस्थानको ऐतिहासिक गरिमा कायम राख्न सफल हराएका सांस्कृतिक सम्पत्तिको खोजी कार्य तीव्र पारिएको छ।

### ८. संस्थानको आय तथा आम्दानीका स्रोत विस्तार तर्फ

- डिजिटल युगसँगै तयार पारिएका कार्ययोजना अनुरूप डिजिटल उत्पादनको शुभारम्भ गरी संस्थानको आयको स्रोत विस्तार गरिएको।
- गाईजात्रा प्रहसन, मनमनमा संस्कृति-ओठओठमा हाँसो, सांस्कृतिक पर्यटनमैत्री कार्यक्रम शुभारम्भ सांस्कृतिक साँझ, G to G प्रणाली अन्तर्गत सहकार्यमूलक कार्यक्रम Book Free Friday तथा UNDP र NTB को दिगो पर्यटन परियोजनाका लागि सांस्कृतिक प्याकेज निर्माण लगायतका थुप्रै उत्पादनमैत्री कार्यक्रम सम्पन्न गरिएको।
- वर्षौंदेखि नीति विपरित संस्थानको प्राङ्गण प्रयोग गर्ने बेथितिलाई पूर्णतः बन्द गरी कानून सम्मत सम्बन्धित निकायसँग सम्झौता गरी संस्थानको आम्दानीको स्रोत विस्तार गरिएको।
- वर्षौंदेखि निर्माण हुन नसकेका निकायगत अपरिहार्य संस्थानको रकर्डिङ स्टुडियो र सेमिनार हल निर्माण तथा सञ्चालन गरी आम्दानीका स्रोतहरू विस्तार गरिएको।
- साउण्ड प्रूफसहितका अभ्यास कक्ष निर्माण तथा सञ्चालन गरी आम्दानीको स्रोत विस्तार गरिएको।
- संस्थानको इतिहासमा पहिलोपटक प्रदर्शनीयुक्त संस्कृति सम्बन्धी ISSN मान्यताप्राप्त विज्ञसमिक्षक सहितको अनुसन्धनात्मक जर्नल "संस्कृति अध्ययन" प्रकाशनलाई निरन्तरता प्रदान गरी आम्दानीको स्रोत विस्तार गरिएको।

## समस्या, समाधान र निष्कर्ष

### १. संस्थानका समस्या

**(क) त्रुटिपूर्ण ऋणः**

नेपाल सरकारको पूर्ण स्वामित्व रहेको संस्थानको भवन निर्माणका लागि अनिवार्य अनुदान प्राप्त हुनुपर्ने तर वार्षिक बजेटको नाउँमा संस्थानलाई प्राप्त हुने अवकाश प्राप्त कर्मचारीलाई प्रदान गरिने नेपाल सरकारको अनिवार्य दायित्व उपदान समेत कट्टा गरी मिति २०५७/११/४ मा तत्कालीन सचिवस्तरीय निर्णय मार्फत त्रुटिपूर्ण ढंगले ऋणमा परिणत गरिएको, रु. १ करोड ५० लाख बाट सुरुवात भएको ऋण हाल साँवा, व्याज थपिँदै ३९ करोड २१ लाख ४४ हजार ३ सय ४८ रुपैयाँ पुगेको छ। नेपाल सरकारको पूर्ण स्वामित्व रहेको निकायमा सरकार आफै ऋणी र आफै साहु अकल्पनीय त्रुटि हुन गएकाले संस्थानले जति आयमा वृद्धि गरेतापनि ऋण भन्ने उपमा (त्बन) का कारण सधैं समस्याग्रस्त हुनु परेको छ।

### (ख) छुट्टै ऐन नहुनुः

सांस्कृतिक संस्थान स्थापना तथा गठन सञ्चार संस्थान ऐन, २०२८ अनुसार भएको तर संस्थान संस्कृति सम्बन्धी निकाय भएकाले तालुक मन्त्रालय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय हुने भएकाले संस्थानको आफ्नो छुट्टै ऐन नहुँदा नीतिगत रूपमा अनेक समस्या बेहोर्नु पर्ने बाध्यात्मक परिस्थिति रहेको छ।

### (ग) बजेट विनियोजन नहुनुः

संस्थानले कर्मचारीको सेवा, सुविधा र नीति तथा कार्यक्रमका लागि आन्तरिक स्रोतबाट व्यवस्थापन गर्नुपर्ने हुन्छ। नेपाल सरकारबाट संस्थानका लागि संस्कृति प्रवर्द्धन सम्बन्धी क्रियाकलापका लागि बजेट विनियोजन गर्ने परम्परा विकास नहुनु दुःखद हो।

### (घ) संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन (O&M Survey)ः

संस्थानको हालसम्मको इतिहासमा संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन (इ७ः क्गचखभथ) मन्त्रालयबाट स्वीकृत हुन सकेको छैन।

### (ङ) प्रशिक्षण कार्यक्रम सम्बन्धनः

अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन, प्रवर्द्धन, दस्तावेजीकरण, सूचीकरण तथा पुस्तान्तरणका लागि विगतदेखि संस्थानले सञ्चालनमा ल्याएको कला प्रशिक्षण कार्यक्रमलाई प्रभावकारी रूपमा अगाडि बढाउन कार्यविधि निर्माण गरिएतापनि थप आधिकारिक बनाउन सिटिइभिटी तथा विश्वविद्यालबाट सम्बन्धन प्राप्त हुन सकेको छैन।

## २. समस्या समाधानका उपाय

### (क) त्रुटिपूर्ण ऋण मिनाहाः

संस्कृति संरक्षणको विषय हो, बेचबिखनको विषय होइन। तसर्थ संस्कृति जस्तो राष्ट्रको अस्तित्वसँग जोडिएको संवेदनशील विषयमा गम्भीरतापूर्वक ध्यानाकर्षण गरी नेपाल सरकार बाट तुरुन्तै मिनाहा गर्नुपर्ने प्रशस्त आधारहरू रहेका छन्, जस्तै :

- विद्युत प्राधिकरणको ऋण मिनाहा गरिएको,
- नेपाल खाद्य संस्थानको ऋण समाधान गरिएको,
- वाणिज्य बैंक, नेपाल बैंक आदिको ऋण समाधान गरिएको,
- संस्कृति सम्बन्धी नेपाल प्रज्ञा प्रतिष्ठान लगायतका विभिन्न निकायका भवन अनुदानबाट निर्मित,
- संस्कृति जस्तो संवेदनशील विषयको ज्येष्ठ निकायलाई त्रुटिपूर्ण ढंगले नेपाल सरकार आफै ऋणी र आफै साहु हुनेगरी ऋण हुनु अकल्पनीय।

### (ख) ऐन निर्माण :

संस्थानको कार्यप्रकृति अनुसारको छुट्टै ऐन निर्माण गर्नु अपरिहार्य छ। छुट्टै ऐनका साथ संस्थानलाई संस्कृति विभागका

रूपमा क्षेत्राधिकार दिई सञ्चालन गर्नसके संस्कृतिबाटै समृद्धिको आधार निर्माण हुनेछ।

### (ग) निश्चित माइलस्टोन सहितका नीति तथा कार्यक्रम :

संस्कृति र प्रकृतिको संयोजनबाट सांस्कृतिक पर्यटनको विकाससँगै समृद्धिको मार्ग निर्माण गर्न निश्चित माइलस्टोन सहितका संस्कृति सम्बन्धी नीति तथा कार्यक्रमका लागि बजेट तर्जुमा अपरिहार्य छ।

### (घ) संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन (O&M Survey) स्वीकृत :

संस्थानको O&M हालसम्मको इतिहासमा मन्त्रालयबाट स्वीकृत भएको इतिहास भेटिँदैन। तसर्थ दक्ष सिर्जनशील जनशक्ति व्यवस्थापनका लागि स्पष्ट संरचना आवश्यक पर्ने भएकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन मन्त्रालयबाट स्वीकृत हुनु अपरिहार्य छ।

### (ङ) कला प्रशिक्षण सम्बन्धन :

हाल कला सम्बन्धी अध्ययन गर्न चाहने प्रशिक्षार्थीहरूका लागि स्नातकबाट मात्रै पढ्ने व्यवस्था भएकाले संस्थानको कला प्रशिक्षण कार्यक्रमलाई कुनै विश्वविद्यालय वा सिटिइभिटीबाट सम्बन्धन प्राप्त गराई प्लस टु सरह मान्यता प्राप्त हुनेगरी व्यवस्थित गर्नसके प्रशिक्षार्थीहरूले आधिकारिक रूपमा कला सम्बन्धी अध्ययन गर्ने वातावरणको विकास हुन्छ।

## ३. निष्कर्ष

नेपालको पहिचानयुक्त लोकसंस्कृतिलाई सजीव प्रदर्शनीका माध्यमबाट संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा पुस्तान्तरण गर्ने उद्देश्यका साथ वि.सं.२०१६ सालमा स्थापित राष्ट्रिय नाचघर नाम परिमार्जन सहित वि.सं.२०२९ सालमा सांस्कृतिक संस्थानको रूपमा पुनर्गठन भएको अवधिलाई हेर्ने हो भने ६७ औं वर्षीय सांस्कृतिक विरासत जोडिएको छ। सांस्कृतिक संस्थानलाई गम्भीरतापूर्वक चिन्तन गरिनु पर्ने बेला भएको छ। राष्ट्रिय नाचघरदेखि सांस्कृतिक संस्थानसम्मको सांस्कृतिक विरासतलाई बचाउन राज्यले गम्भीर भएर सोच्नु पर्ने बेला भएको छ। संस्थानको इतिहासलाई गम्भीरतापूर्वक हेर्ने हो भने जो संस्कृति सम्बन्धी ज्ञान भएको तथा सिर्जनशील कलासँग सम्बद्ध रहेको व्यक्ति संस्थानको महाप्रबन्धकमा नियुक्त भएको थियो, उसकै कार्यकालमा मात्र संस्थानको हित सम्बन्धी क्रियाकलाप सम्पन्न भएको स्पष्ट देखिन्छ। त्यसैले नियुक्ति हुने प्रणालीलाई थप सुदृढीकरण गरी सम्बन्धित क्षेत्रको विषय विज्ञता, अनुभव र योग्यतालाई प्राथमिकता दिई स्वस्थ प्रतिष्पर्धाबाट नियुक्त गरिने प्रणालीको विकास हुनु अपरिहार्य देखिन्छ। साथै, संस्थानमा कर्मचारीहरू नियुक्ति गर्दा समेत संस्थानको मूल मर्म र उद्देश्य केन्द्रित रही नेपालको अस्तित्व लोकसंस्कृतिभित्रको प्रदर्शनीयुक्त कला सम्बन्धी क्रियाकलाप गर्न शत प्रतिशत न्याय दिने र नेपाली समाजले सामाजिक तथा सांस्कृतिक रूपान्तरणसँगै अंगीकार गरेको संस्कृति सम्बन्धी विषय विज्ञ कर्मचारीहरू मात्रै नियुक्त गर्ने प्रणालीको विकास गरिनु अपरिहार्य छ। डिजिटल युगसँगै संस्थानले नवप्रवर्तमैत्री कार्ययोजना सम्पन्न गर्दै संस्थानको स्थायित्वमा विशेष चिन्तन गर्नु अत्यावश्यक छ।

# संगीतद्वारा उपचार पद्धती

## Music Therapy को आध्यत्मिक, मानसिक, र बैज्ञानिक पक्ष

संगीत मानव जीवनको केवल मनोरञ्जनको साधन मात्र होइन, यो मन, मस्तिष्क, शरीर र आत्मालाई स्पर्श गर्ने अद्भुत शक्ति हो । प्रचिन काल देखि नै संगीतलाई उपचारको माध्यमका रूपमा प्रयोग गरिदै आएको पाइन्छ । ऋषिमुनिहरूको मन्त्र, स्वर र राग मार्फत मानसिक शान्ति तथा आत्मिक उपचार गर्ने परम्परा विकास भै सकेको थियो । आज आधुनिक विज्ञानले पनि संगीत द्वारा उपचार अर्थात Music Therapy लाई प्रभावकारी उपचार पद्धतीको रूपमा स्वीकार गरी सकेको छ । सांगीतिक उपचार भनेको के हो? सांगीतिक उपचार भनेको स्वर, ताल, लय, राग, वाद्ययन्त्र तथा भिन्न भिन्न ध्वनिको प्रयोगद्वारा मानिसको मानसिक स्वास्थ, भावनात्मक अवस्था, शारिरीक स्वास्थ्य, आत्मिक सन्तुलन ल्याई उन्नती मा सुधार गर्ने प्रक्रिया हो।



सतिमैयाँ राजचल

यसमा संगीत सुन्ने, गाउने, वाद्य बजाउने, ध्यान गर्ने तथा ध्वनीको कम्पन अनुभव गर्ने कार्यहरू समावेश हुन्छन्।

पूर्वीय दर्शन अनुसारः

- सम्पूर्ण श्रृष्टी "नाद" अर्थात् ध्वनीबाट बनेको मानिन्छ।
- "ॐ" लाई आदिनाद मानिन्छ
- शरीरभित्र रहेका उर्जा केन्द्रहरू (चक्रहरू) को शुद्धिकरण

संगीतका स्वरहरू सँग जोडिएको हुन्छन् । त्यसैले सही स्वर र रागले शरीर भित्रको असन्तुलनलाई सन्तुलित गर्न सक्छ भन्ने वैज्ञानिक प्रमाण हो (विश्वास हो) ।

### संगितले मानव शरीरमा गर्ने प्रभाव

१. मानसिक प्रभावः संगीतले मस्तिष्कमा प्रत्यक्ष प्रभाव पार्छ । मधुर संगीत सुन्दा तनाब कम हुन्छ, डर चिन्ता घट्छ, मन शान्त हुन्छ, सकारत्मक सोच बढ्छ। त्यस्तै लाउड संगीत सुन्दा मस्तिष्कमा उत्तेजना बढाउन्छ, आबेग ल्याउन्छ र रीस उठाउन्छ तसर्थ लाउड म्यूजिक एरोविक्स गर्दा, शारीरिक व्यायाम गर्दा र उदास मनस्थिती भएको मानसिक अवस्थामा सुन्नु उपयुक्त हुन्छ । यस्तो संगीत ब्यस्त जीवनमा-हतार को बेला सुन्नु हुदैन। संगीतले मस्तिष्कमा डोपामिन र सेरोटोनिम जस्ता "खुसिदिने" रसायन सक्रिय बनाउछ।

२. भावनात्मक उपचारः कहिलेकाही मानिसले आफ्नो पिडा शब्दमा व्यक्त गर्न सक्दैन । त्यस्तो अवस्थामा संगीतले भित्री भावना बाहिर ल्याउन मद्दत गर्छ । विरह रसका संगीतले आँसु झार्न मद्दत गर्छ। भजनले आध्यात्मिक र आत्मिक सान्तवना दिन्छ, ध्यान संगीतले मनलाई स्थिर बनाउन्छ । यसरी संगीतले मनभित्र थुप्रिएको पीडा हल्का बनाउन्छ ।

३. शारीरिक प्रभावः बैज्ञानिक अनुसन्धान अनुसार संगीतले रक्तचाप नियन्त्रण गर्न, मुटुको धड्कन सन्तुलित गर्न, निन्द्रा सुधार गर्न, शरीरको थकान कम गर्न मद्दत पुर्‍याउन्छ । धेरै अन्तराष्ट्रिय अस्पतालहरूमा अहिले विरामीलाई शान्त संगीत सुनाउने चलन बढ्दो छ।

४. आत्मिक प्रभावः आध्यात्मिक दृष्टिले संगीत आत्माको भाषा मानिन्छ ।भजन, मन्त्र, ध्यान संगीत तथा शास्त्रीय रागहरूले ध्यानमा गहिराई ल्याउछ, आत्मिक शान्ती प्रदान गरी चेतनलाई शुद्धता प्रदान गर्दछ । साधकहरूले संगीत मार्फत ईश्वरसँग एकाकारको अनुभव गर्न सक्ने मान्यता राख्दछन् ।सात स्वरहरूलाई विभिन्न देवि देवताहरूको प्रतिकको रूपमा आराधना गर्दछन् ।

५. राग चिकिसा (Raga Therapy): शास्त्रिय संगीत शास्त्रमा प्रत्येक रागको निश्चित प्रभाव हुन्छ भन्ने मान्यता छ । उदाहरणको लागीः राग भैरब ले मानसिक शान्ति फोक्सो सम्बन्धि रोगहरू निर्मूल हुने बताएको छ । राग यमन ले मनको सन्तुलन, क्रियाटिभ क्वालिटीको विकास हुने, मधुमेह रोगहरू निर्मूल हुने बताएको छ । राग दरबारी, भैरबी रागहरूले तनाब कम गर्ने, आखाँ दुखेको निको पार्ने, स्मरण शक्ति बढाउने बताइएको छ। राग मालकौश, भटियारले ध्यानमा गहनता ल्याई आत्मिक उर्जा बढाउने बताइएको छ । यसलाई राग चिकित्सा भनिन्छ ।

६. बाद्य यन्त्र र उपचारः विभिन्न बाद्ययन्त्रको ध्वनिले फरक-फरक प्रभाव पार्छन् ।

- सितारः सितारको मधुर गहिरो ध्वनिले मनलाई शान्त बनाउँछ । ध्यान केन्द्रित गराउन्छ, भावनात्मक सन्तुलन दिन्छ । कलेजो, किड्नी सम्बन्धी रोग हरू निर्मूल बनाउन्छ ।
- सहनाइः सहनाइको मधुर ध्वनीले पोष्टेड ग्ल्याण्डेड सम्बन्धि रोगहरू निर्मूल बनाई मनलाई शुद्ध बनाई व्यक्तित्वमा Innocence ल्याउछ ।
- बाँसुरीः बाँसुरीको ध्वनिले थाइराइड छाला सम्बन्धि रोगहरू निर्मूल बनाई बाणीमा मधुरता ल्याउन्छ।
- तबला तथा छालाले मोडेकोः बाद्ययन्त्रहरू बाट शरिरको ऊर्जा प्रवाहलाई सक्रिय बनाई मुटु सँग सम्बन्धित रोहरूमा, ब्लड प्रेसर, T.V. रोग खोकि आयस्मा, जस्ता रोगहरू निर्मूल बनाउन्छ भनिएको छ ।
- जलतरंङ, काठ तरंङ्ग, Singing Bowl: ले शरीरको पाचन प्रणाली सँग सम्बन्धीत रोगहरू ग्यास्ट्रीक, अल्सर, पखाला, इत्यादी रोग हरू निर्मूल बनाई मानिसको आत्मिक, भौतिक, तथा मानसिक सन्तुष्टी प्रदान गर्दछ ।
- शंख, डमरू, घण्टी र मन्त्र ध्वनीलेः ध्यान गर्दा तथा नकारात्मक उर्जा नष्ट गर्न प्रयोग गरिन्छ। संगीत उपचार पद्धतीका विभिन्न तरिकाहरूः
- . श्रवण चिकित्साः भूमिको स्पर्श सहित दुबै हातले भूमि स्पर्श गरी शान्त प्रकृतिको संगीत श्रवणले मूलाधार चक्र सम्बन्धी रोगहरू निर्मूल हुने बताइएको छ ।

२. गायन चिकित्साः आफै गाएर हरेक स्वरलाई गम्भिरता पूर्वक साधना गरेर भावनात्मक तथा मानसिक रोगहरू निर्मूल हुन सक्छ ।

३. बादन चिकित्साः बाजा बजाएर मनको तनाब कम हुने तथा मनको निराशालाई हटाएर सकारात्मकता बढाउने गर्दछ ।

४. ध्यान चिकित्साः ध्यानका लागि मन्त्रहरू विशेष ध्वनी र भिन्न् भिन्न् शारिरीक समस्याका लागि भिन्न् भिन्न् बाद्य यन्त्र र रागहरू प्रयोग गरिन्छ । यस अन्तर्गत भूमि तत्व सँग सम्बन्धित शु बिटीङ्ग प्रक्रिया, अग्नि तत्व सँग सम्बन्धित क्यान्डल ट्रिटमेन्ट र ज्वानो कपुर ट्रिटमेन्ट, जल तत्व सँग सम्बन्धि नुन पानि प्रकृया फुड सोक-हायण्ड सोक ट्रिटमेन्ट, बायु तत्व सँग सम्बन्धि मकल ट्रिटमेन्ट र ध्यू कपुर ट्रिटमेन्ट, आकाश तत्व सँग सम्बन्धित ट्रिटमन्ट, हरू सम्पूर्ण नाडी तन्त्र र शारिरको नकरात्मक ऊर्जा नष्ट पार्न कागती चिल्ली ट्रीटमेन्ट, आवश्यक भन्दा बढी भविष्यको चिन्तन गर्ने र धेरै काम गर्ने व्यक्तिहरूमा कलेजो सम्बन्धि समस्या सुगर, जण्डीस जस्ता रोग हुने सम्भावना रहेको हुन्छ, सो को लागि आइस प्याक ट्रिटमेन्टहरु, बताइएको छ । स्थान विशेषको नकारात्मककतालाई नष्ट पार्न मट्का ट्रिटमेन्ट, आँखाको समस्याको तथा स्मरण शक्ति बलियो बनाउनको लागि क्यान्डल लाइट ट्रिटमेन्ट जस्ता उपचार पद्धती हरू बताइएको छ ।

निष्कर्ष संगीत केवल कानले सुन्ने ध्वनी मात्र होइन, यो आत्माले अनुभव गर्ने ऊर्जा हो । यसले शरीरलाई शान्ती, मनलाई सन्तुलन, भावनालाई अभिव्यक्ति र आत्मालाई उज्यालो दिन्छ । सही स्वर, सही राग र सही भावना मिल्दा संगीत औषधी बन्न् पुग्छ । त्यसैले संगीतलाई आत्माको उपचार पनि भनिन्छ । जहाँ शब्द र डाक्टर असफल हुन्छ । त्यहाँ संगीतको उपचार पद्धतीले अन्जाम पाउन्छ।

### बीजाक्षर मन्त्र र यसको प्रभावः

बीजाक्षर मन्त्र भनेको एक अक्षर वा छोटो ध्वनीमा आधारीत शक्तिशाली मन्त्र हो । जसलाई आध्यामिक ऊर्जा र चेतनाको श्रोत मानिन्छ । बीज अर्थात बीउ जसरी एउटा सानो बीउ भित्र बिशाल बृक्षको सम्भावना लुकेको हुन्छ । त्यसरी नै बीज मन्त्र भित्र गहिरो आध्यात्मिक शक्ति निहित हुन्छ । बीज मन्त्रको नियमित जपले मनलाई शान्त बनाउने एकाग्रता बढाउने आत्मबल जागृत गर्ने सकारात्मक ऊर्जा उत्पन्न् गरि विभिन्न् शारिरीक रोगहरू समेत निर्मूल हुने विश्वास गरिन्छ । ध्वनीको कम्पन द्वारा शरीरको विभिन्न् अंगहरूमा प्रभाब पारी शारीरिक तथा मानसिक समस्या शुक्ष्मरुपमा निर्मूल पार्न सहयोग पुर्‍याउन्छ ।

विशेषगरी ध्यान, योग र साधनामा बीजाक्षर मन्त्रलाई अत्यन्त महत्वपूर्ण मानिन्छ । श्रद्धा, सही उच्चारण र नियमित अभ्यासका साथ जप गर्दा मानिसको आन्तरिक चेतना उज्यालो तर्फ अग्रसर हुने आध्यात्मिक मान्यता रहेको छ ।

सात स्वर तथा सात चक्रको
बीज मन्त्र, बीज अक्षर हरू र फाइदा हरू

| क्र.सं. | स्वर | तत्व | इन्टालियन | रंङ |
|---|---|---|---|---|
| १. | सा | पृथ्वी तत्व | डो | सिम्रीक(सुन्तला) |
| २. | रे | अग्नी तत्व | रे | पहेलो |
| ३. | ग | जल तत्व | मी | हरियो |
| ४. | म | बायु तत्व | फा | रातो |
| ५. | प | आकाश तत्व | सोल् | निलो |
| ६. | ध | प्रकाश तत्व | ला | सेतो |
| ७. | नि | बिश्व ब्रम्हाण्डको | टी | सबै मिश्रीत् |

सबै तत्व

१) सा: मूलाधार चक्र: ताल: ४/४ मात्रा:
बीज मन्त्र: लम् लम् लम् लम्
बीज अक्षर: व श ष स
शरीरका अंङ्गहरू: पोष्टेड ग्ल्याण्डेड सँग सम्बन्धित रोगहरू, पायल्स, फिस्तुला, HIV, यौन सँग सम्बन्धित रोगहरू निर्मूल हुन सक्छ ।

२) रे: स्वाधिष्ठान चक्र: ताल: ६/६ मात्रा
बीज मन्त्र: वाम्, वाम्, वाम्,
वाम्, वाम्, वाम्
बीज अक्षर: ब भ म य र ल
शरीरका अंङ्गहरू मृगौला, कलेजो, पित्त थौली सँग सम्बन्धित रोगहरू stones, sugar, जन्डीस इत्यादी निर्मूल हुन सक्छ ।

३) ग: नाभी चक्त ताल: १० मात्रा
बीज मन्त्र: रम् रम् रम् रम् रम्
रम् रम् रम् रम् रम्
बीज अक्षर: ड ढ ण त थ द ध न प फ
शरीरका अंग हरू आमाशय, आन्द्रा पेट सँग सम्बन्धित रोहरूमा ग्यास्ट्रीक, अल्सर, इत्यादी रोगहरू निर्मूल हुनसक्छ ।

४)	मः	हृदय चक्र (अनाहत्त चक्र)	तालः	१२ मात्रा

बीज मन्त्रः	याम् याम् याम् याम्
याम् याम् याम् याम्
याम् याम् याम् याम्

बीज अक्षरः क ख ग घ ङ च छ ज झ ञ ट ठ

शरीरका अंङ्गहरू फोक्सो, मुटु, सँग सम्बन्धित रोगहरू श्वासप्रश्वास को गढबढीबाट हुने दम, खोकी, क्षयरोग, छाडेरोग, ब्लड प्रेसर मा समस्याहरू निर्मूल हुन सक्छ ।

५)	पः	बिशुद्धी चक्र	तालः	१६ मात्राः

बीज मन्त्रः	हम् हम् हम् हम्
हम् हम् हम् हम्
हम् हम् हम् हम्
हम् हम् हम् हम्

बीज अक्षरः अ आ इ ई उ ऊ ऋ ॠ ऌ ॡ ए ऐ ओ औ अं अः

अंङ्गहरूः घाँटी, छाला, सँग सम्बन्धित रोगहरू तान्सिल, थाइराइड, अंङ्गहरू senseless हुने, छालाहरू नराम्रोहुने घमौरा दाद हरू सँग सम्बन्धित रोगहरू निर्मूल हुन सक्छ ।

६)	धः	आज्ञा चक्र	तालः	२/२ मात्रा

बीज मन्त्रः	ॐ हम् क्षम्
ॐ हम् क्षम्

अंङ्गहरू आँखा, कान, दाँत, मस्तिष्कको आधा भाग सँग सम्बन्धित रोगहरू बिर्सिने रोग, आँखा कान दाँत कमजोर हुनु पिडा हुनु इत्यादी बाट निर्मूल हुन सक्छ ।

७)	निः	सहस्रार चक्र	तालः	सबै मिश्रित

बीज मन्त्रः	अ ऊ म् ॐ ॐ ॐ ॐ ॐ ॐ ॐ ॐ ॐ ॐ ॐ ॐ ॐ ॐ ॐ ॐ ॐ
ॐ ॐ ॐ ॐ ॐ ॐ ॐ ॐ ॐ ॐ ॐ ॐ ॐ ॐ ॐ ॐ ॐ ॐ ॐ
ॐ ॐ ॐ ॐ ॐ ॐ ॐ ॐ ॐ ॐ ॐ ॐ ॐ ॐ ॐ ॐ ॐ ॐ ॐ
ॐ ॐ

एक हजार पटक

शरीरको सबै अंङ्ग हरू शुद्धीकरण भई सबै रोगहरू निर्मूल हुनसक्छ ।